# विश्व सम्पदा सुचीमा सुचीकृत बौद्धनाथको अमूर्त साँस्कृतिक सम्पदाको अध्ययन

## अध्ययन प्रतिवेदन



श्री बौद्धनाथ क्षेत्र विकास समिति

बौद्ध–६, काठमाडौं

प्रस्तुतकर्ता

तामाङ अध्ययन प्रतिष्ठान

बौद्ध–६, काठमाडौं

# विषयसूची

**अध्याय १**

**अध्ययन परिचय**

१.१ पृष्ठभूमि........ १
१.२ अध्ययनको उद्देश्य........ ३
१.३ अध्ययन विधि........ ४
१.४ अध्ययनका उपलब्धीहरू........ ७
१.५ अध्ययनका सिमितताः........ ७
१.६ निश्कर्षः ........,....... ८

**अध्याय २**

**मौखिक परम्पराहरु तथा अभिव्यक्तिहरु**

२.१. बौद्ध महाचैत्य निर्माणसम्बन्धी मिथक तथा श्रुती परम्परा........ १०
१. तामाङ मौलिक जनश्रुती........ १०
२. हिमाली बौद्ध समुदायको जनश्रुती........ १६
३. पश्चिम भेगको तामाङ जनश्रुति........ २२
४. नेवारी समुदायमा प्रचलित श्रुती परम्परा........ २४
२.२. मामथान (ममो पुकासी, अजिमा) सम्बन्धी जनश्रुती........ ३३
२.३. बौद्ध निर्माण र तीनचुलीसँग सम्बन्धित जनश्रुती........ ३५
२.४ धुरठोइ........ ३७

**अध्याय ३**

**विश्वास परम्परा**

३.१ बौद्ध स्तूपसँग सम्बन्धित विश्वास परम्परा........ ३९
३.२ बौद्ध स्तूपको स्वरूप (संरचना) तथा सम्बन्धित विश्वास परम्परा........ ४०
३.३ मामथानसँग सम्बन्धित विश्वास परम्परा........ ४३

**अध्याय ४**

बौद्ध क्षेत्रका मौलिक नामको दस्तावेजीकरण........ ४६

**अध्याय ५**

**बौद्ध क्षेत्रको सामाजिक अभ्यास, संस्कार संस्कृति र चाडपर्व**

५.१ सांस्कृतिक चाड पर्व जात्रा.......................................................................... ५६
५.२ बौद्धका तामाङ समुदायको संस्कार र संस्कृति........................................................... ७१
५.३ पूजा तथा अनुष्ठानहरू..................................................................................... ७७
५.४ बौद्धस्थित गुठी............................................................................................. ८०
५.५ बौद्धमा चिनियाँ लामा परम्परा.............................................................................. ८७
५.६ स्थानीय तामाङ समुदाय र चिनियाँ लामा............................................................... ९०
५.७ भोइ समय ( पुस–माघको समय)........................................................................... ९२

**अध्याय ६**

**सल्लाह सुझाव**

निश्कर्ष तथा सल्लाह सुझाव.................................................................................. ९०

**सन्दर्भसूची**.................................................................................................. ९७

**परिशिष्ठ**...................................................................................................... १००

# अध्याय १

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

बौद्ध स्तूप काठमाडौँ उपत्यकाको पूर्वी उत्तर भागमा अवस्थित नेपालका प्रख्यात बौद्ध तीर्थस्थल मध्ये एक प्रमुख तीर्थस्थल हो। यो स्तूप संसारकै सबैभन्दा ठूला गोलाकार भएको स्तूप हो। सन् १९७९ मा युनेस्को विश्व सम्पदा सूचीमा सूचिकृत बौद्ध सम्पदा क्षेत्र अन्तर्गत बौद्ध स्तूप करिब ८२,१४० वर्ग फिट क्षेत्रफलमा फैलिएको छ। यस स्तूपको गर्भगृहको व्यास १०० फिट छ भने उचाइ १४१.२ फिट रहेको छ। (लामा, २०८१) बौद्ध क्षेत्र विशेषतः काठमाडौँ उपत्यकाभित्र तामाङ समुदायको आदिम कालदेखी बसोबास रहेको एवं बाहुल्यता रहेको तामाङ सम्पदा क्षेत्र हो। साथै, हाल यस क्षेत्रमा नेवार, तिब्बती, शेर्पा, लगायतका जातजातिको समेत बसोबास भएकोले यो क्षेत्र तामाङसँगै विविध जातजातीको साझा सम्पदाको रूपमा रहेको छ। यस स्तूपलाई तामाङ लगायत हिमाली बौद्ध समुदायहरूले खस्योर, झ्यारूङ खस्योर, खस्योर छयोर्तेन, नेवारी समुदायले खास्ती चैत्य एवम् आम रूपमा बौद्धस्तूप, बौद्ध चैत्य आदि विविध नामबाट पनि सम्बोधन गरिएको पाइन्छ। सप्त तथागतमध्ये एक काश्यप बुद्धको अस्तिधातु राखी निर्माण गरिएको विश्वास गरिने यस स्तूप विश्ववमा रहेका स्तूपहरूमध्ये सबैभन्दा विशाल स्तूप हो। त्रिकाल बुद्धको चित्तको प्रतीक मानिने यस स्तूपलाई भगवान् बुद्धले सम्यक् सम्बुद्धत्व लाभ गर्नुभएको घटनासँग सम्बन्धित बोधिचैत्य पनि भनिन्छ। महायान बौद्ध परम्पराको केन्द्रबिन्दुका रूपमा रहेको बौद्ध स्तूपलाई चिन्तामणिरत्न अर्थात जुनसुकै मनोकामना पुरा गर्ने रत्नको प्रतीक पनि मानिन्छ।

बौद्ध सम्पदा क्षेत्र अन्तर्गत बौद्ध स्तूपसँगै, मामथान (अजिमा), ग्योइलिसाङ, तीनचुले, धुरठोंइ लगायत अन्य सम्पदाहरू र ती सम्पदाहरूसँग सम्बन्धित स्थानीय तामाङ समुदायको स्मृति, आस्था एवम् विश्वास पद्धति, सामाजिक सांस्कृतिक जीवनपद्धतिको आधारमा निर्माण भएको जीवन्त सम्बन्धले यस क्षेत्रको सांस्कृतिक बैभवता र जीवन्त सांस्कृतिक सम्पदाको रूपमा विश्वमाझ परिचित रहेको छ। उल्लेखित सम्पदाहरूको आफ्नो छुट्टै ऐतिहासिकता, सामाजिक, सांस्कृतिक तथा धार्मिक विशिष्टता एवं महत्व रहेको छ जसले समग्र बौद्ध क्षेत्रको सांस्कृतिक, धार्मिक सम्पन्नता झल्काउँदछ। ती सम्पदाहरूको निर्माण सम्बन्धमा विभिन्न किम्बदन्ती, लोक मान्यता र लोक विश्वासहरू रहेका छन्। बौद्ध सम्पदा क्षेत्र अन्तर्गतका अन्य सम्पदाहरूसँग सम्बन्धित निर्माण तथा विकासक्रमको तथ्यहरू, घटनाक्रमहरूको अभिव्यक्ति विभिन्न किम्बदन्ती, लोक मान्यता र लोक विश्वासहरूमा व्यक्त भएको देखिन्छ। ती किम्बदन्ती, लोक विश्वास तथा मान्यताहरू, लोक कथाहरू, विभिन्न चाडपर्व तथा अवसरमा प्रस्तुत गरिने लोक गीतसंगीत लगायतका माध्यमहरूमार्फत पुस्तान्तरण हुँदै आइरहेका छन्। बौद्धनाथ क्षेत्रमा मनाइने जात्रा तथा पर्वहरू, त्यस अवसरमा गरिने वभिन्न अनुष्ठानहरू तथा दैनिक रूपमा स्थानीय तामाङ लगायत समुदायले गर्ने पूजा तथा अनुष्ठानहरूले यस सम्पदालाई जिवन्तता प्रदान गरिरहकेको छ । चैत्र पूर्णिमामा सम्पन्न हुने तेमाल जात्रा, भदौ पूर्णिमामा सम्पन्न हुने घोनाइ, माघ महिनामा मनाइने मामला जात्रा, लगायतका अन्य पर्वहरूको छुट्टै ऐतिहासिकता, सामाजिक, सांस्कृतिक तथा धार्मिक विशिष्टता एवं महत्व रहेको छ तथा ती पर्वहरूसँग सम्बन्धित विभिन्न किम्बदन्ती, लोक मान्यता र लोक विश्वासहरू

रहेका छन्। स्थानीय समुदायमा प्रचलित उल्लेखित किम्बदन्ती, लोक मान्यता तथा विश्वास र त्यस मान्यताको आधारमा स्थानीय तामाङ समुदायले इतिहासको विभिन्न कालखण्डमा निर्माण तथा सन्चालन गर्दै आएका दैनिक, मासिक तथा बार्षिक पूजा, अनुष्ठान, जात्रापर्व लगायतका बौद्ध स्तूप, विशेषत मम (अजिमा)सँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप बौद्ध स्तूप क्षेत्रका जीवन्त सँस्कृति हो। यस अध्ययनले उल्लेखित सांस्कृतिक अभिव्यक्तिहरूलाई विगतका अवशेषहरूका रूपमा मात्र नभई बौद्ध स्तूप तथा सम्बन्धित सम्पदाहरूसँग जोडिएका स्थानीय समुदायहरूको सामाजिक, सांस्कृतिक र आध्यात्मिक जीवनमा महत्त्वपूर्ण भूमिका खेल्ने जीवित परम्पराहरूको रूपमा संरक्षण गर्नुपर्ने महत्त्वपूर्ण सांस्कृतिक धरोहरको रूपमा व्याख्या गर्दै बौद्ध स्तूप लगायत स्तूपसँग सम्बन्धित अन्य सांस्कृतिक सम्पदाहरूको अमूर्त पक्षको बुझाइलाई फराकिलो बनाउँदै बौद्ध सम्पदा क्षेत्रको उल्लेखित जीवन्त संस्कृति अर्थात अमूर्त सांस्कृतिक सम्पदाको पहिचान तथा दस्तावेजिकरण गर्ने मूल उद्देश्य राखेको छ।

सांस्कृतिक सम्पदाको अर्थ स्मारक, पुराना भौतिक संरचना एवं देखिने वस्तुहरूका साथै मानव पुर्खाहरूबाट परम्परागत रूपमा सन्ततीहरूमा हस्तान्तरण हुँदै आएका मूलतः नदेखिने परम्परा एवं जीवन्त अभिव्यक्तिहरू, जस्तैः मौखिक परम्परा, प्रस्तुति कला, सामाजिक अभ्यास, रीति–रिवाज, चाडपर्व, प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सिपहरू पनि हुन्। जसलाई जीवन्त संस्कृति अर्थात अमूर्त सांस्कृतिक सम्पदा भनेर भनिएको छ। (UNESCO, 2003) २९ सेप्टेम्बर देखि १७ अक्टोबर, २००३ सम्म पेरिसमा भएको संयुक्त राष्ट्र शिक्षा, विज्ञान तथा संस्कृति संगठन (युनेस्को)को साधारण सभाको ३२ औँ सत्रमा अमूर्त सांस्कृतिक सम्पदा संरक्षण महासन्धि अङ्गीकार गरिएको थियो। सन् २०१० मा नेपालले पक्ष राष्ट्रको रूपमा उक्त महासन्धि अनुमोदन गरेपश्चात हाल राष्ट्रिय स्तरमै विशेषत नेपाल सरकार, संस्कृति पर्यटन तथा उड्ययन मन्त्रालय लगायतका सरकारी तथा गैरसरकारी निकायहरूले विविध जातजाती, समुदाय तथा सम्पदा स्थलसँग सम्बन्धित अमूर्त सम्पदाको पहिचान, खोज अनुसन्धान, संरक्षण संवर्दनको निमित्त निति तथा कार्यक्रमहरू सन्चालन भइरहेका छन्। महासन्धि अनुसार अमूर्त सांस्कृतिक सम्पदा भन्नाले समुदाय, समूह तथा व्यक्तिहरूले उनीहरूको सांस्कृतिक सम्पदाको अङ्गका रूपमा मान्यता दिएका उपकरण, वस्तु, कलाकृति तथा सांस्कृतिक स्थलहरू लगायत प्रतिनिधित्व, अभिव्यक्ति, ज्ञान एवं सिपहरूलाई बुझाउँछ जुन निम्न विधाहरूमा अभिव्यक्त भएको हुन सक्छः अमूर्त सांस्कृतिक सम्पदाको संवाहकका रूपमा भाषा सहित मौखिक अभिव्यक्ति तथा परम्पराहरू; प्रस्तुति कला; सामाजिक प्रचलन, रीतिरिवाज एवं चाडपर्वहरू; प्रकृति तथा ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू, परम्परागत शिल्पकारिता। यस प्रकारका अभौतिक सांस्कृतिक सम्पदा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै समुदायहरु र समूहहरुद्वारा तिनीहरुको वातावरण, प्रकृति तथा तिनका इतिहाससँगको अन्तर्कियाको प्रत्युत्तरमा निरन्तर रुपमा पुनरुत्पादन हुन्छ तथा तिनीहरुलाई परिचय र निरन्तरताको एउटा अनुभूति प्रदान गर्दछ।(UNESCO, 2003)

यस अध्ययनले बौद्ध स्तूप क्षेत्रको अमूर्त सांस्कृतिक सम्पदाअन्तर्गत बौद्ध स्तूप, मामथान लगायत अन्य सम्पदासँग सम्बन्धित स्थानीय तामाङ लगायत अन्य समुदायमा प्रचलित श्रुति परम्परामा आधारित लोक अभिव्यक्ति, मिथक, विश्वास प्रणाली, जीवन्त अनुभव, लोककथा, लोकगीत, चाडपर्वहरू र रीतिरिवाजहरूको पहिचान गरी दस्तावेजीकरण गरेको छ। बौद्ध स्तूपसँग सम्बन्धित उल्लेखित अमूर्त संस्कृति सम्बन्धी ज्ञाता तथा जानकार पुस्ता क्रमगत रूपमा कम

हुँदै गएको, ज्ञान पुस्तान्तरण हुनुपर्नेमा युवा पुस्तामा अरुचि देखिनु, जागरूकताको कमी लगायत विविध कारणले यस सम्पदाको अमूर्त पक्षको संरक्षण टड्कारो आवश्यक छ। पर्याप्त अध्ययन अनुसन्धान तथा दस्तावेजिकरणको अभाव, आधुनिकीकरण, सहरीकरण र सामाजिक गतिशीलताका कारण द्रुत रूपान्तरण लगायतका कारणले ती अमूर्त सम्पदाहरू ओझेलमा परेको तथा क्रमगत रूपमा लोप हुँदै जाने अवस्था सिर्जना भएको अवस्थामा तत्काल संरक्षण संवर्द्धन तथा दस्तावेजिकरण गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै यस अध्ययनले बौद्ध सम्पदा क्षेत्रमा आदिम कालदेखी बसोबास गर्दै आएका तामाङ समुदाय लगायत वरपरका समुदायहरूको दृष्टिकोणबाट बौद्ध स्तूप तथा सम्बन्धित सम्पदाहरूसँग सम्बन्धित श्रुति परम्परा, मिथकहरू, विश्वास प्रणालीहरू, जीवन्त अनुभवहरू, लोककथाहरू, सामाजिक रितिरिवाज, जात्रा, चाडपर्व र अनुष्ठानहरू अन्वेषण गर्ने उद्देश्य राखेको छ। यी सांस्कृतिक तत्वहरूलाई दस्तावेजीकरण गरेर अनुसन्धानले बौद्ध सम्पदा क्षेत्रको सामाजिक, सांस्कृतिक तथा धार्मिक महत्त्व एवं विशिष्टता र गतिशील रूपान्तरणको गहिरो बुझाइ प्रदान गर्ने तथा बौद्ध सम्पदा क्षेत्रको दिगो सांस्कृतिक संरक्षण संवर्दनको लागि आवश्यक मार्गनिर्देशन प्रदान गर्ने लक्ष्य राखेको छ ।

यस अध्ययनले बौद्ध स्तूपसँग सम्बन्धित अन्य सम्पदाहरू मामथान, तीनचुली, धुठोइ लगायतका अन्य सम्पदा स्थलहरू र बौद्ध निर्माण कालदेखी बसोबास गर्दै आएका स्थानीय तामाङ समुदाय र उक्त समुदायको बौद्ध स्तूप तथा सम्बन्धित अन्य सम्पदाहरूसँगको सम्बन्धको आधारमा निर्माण भएको विश्वास प्रणाली, सामाजिक, सांस्कृतिक चालचलन तथा व्यवहारहरू र सम्रग जीवन्त संस्कृतिलाई नै बौद्ध सम्पदा क्षेत्रको रूपमा व्याख्या गरेको छ। यस अध्ययनको निर्देशक सिद्धान्तको रूपमा संयुक्त राष्ट्र शिक्षा, विज्ञान तथा संस्कृति संगठन (यूनेस्को) ले २९ सेप्टेम्बर देखि १७ अक्टोबर, २००३ सम्म पेरिसमा भएको युनेस्कोको साधारण सभाको ३२ औँ सत्रमा अङ्गीकार गरेको अमूर्त सांस्कृतिक सम्पदा संरक्षण महासन्धिले गरेको अवधारणागत व्याख्यालाई लिइएको छ। हाल सम्म विशिष्ट समुदायहरूको अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन अनुसन्धान  प्रशस्त भएपनि सम्पदा क्षेत्रको अमूर्त सांस्कृतिक पक्षको अध्ययन भने निकै कम मात्र भएको देखिन्छ। साथै, यस सम्बन्धिको अध्ययन विधि प्रकृयाको बारेमा उपलब्ध स्रोतहरू पनि समित मात्र रहेको छ। तथापि हाल सम्म उपलब्ध स्रोतहरूको अधिकतम उपयोग गर्दै तथा सम्पदा संरक्षण क्षेत्रमा संलग्न विज्ञहरू सँगको परामर्शमा यस अध्ययन कार्य सम्पन्न गरिएको छ। अध्ययनले द्धितीय प्रकाशित श्रोतहरूभन्दा स्थानीय तामाङ समुदाय लगायतका बासिन्दाको स्मृति र जीवन अनुभव तथा आत्मगत अनूभुतीलाई मौलिक शब्दमा उल्लेख गरिएको छ। यस अध्ययनको प्रमुख ध्येय स्थानीय तामाङ समुदाय लगायत अन्य बासिन्दाको दैनिक जीवन र अनुभूतिमा बौद्ध स्तूपप्रतिको आत्मगत अनुभूति र बुझाइहरूको उजागर गर्नु हो।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य बौद्ध स्तूप क्षेत्रको अमूर्त सांस्कृतिक सम्पदाअन्तर्गत बौद्ध स्तूप, मामथान लगायत अन्य सम्पदासँग सम्बन्धित स्थानीय तामाङ लगायत अन्य समुदायमा प्रचलित श्रुति परम्परामा आधारित लोकक अभिव्यक्ति, मिथक, विश्वास प्रणाली, जीवन्त अनुभव, चाडपर्वहरू र रीतिरिवाजहरूको पहिचान गरी दस्तावेजीकरण गर्ने हो। यस अध्ययनले उल्लेखित सांस्कृतिक अभिव्यक्तिहरूलाई विगतका अवशेषहरूका रूपमा मात्र नभई बौद्ध स्तूप तथा

सम्बन्धित सम्पदाहरूसँग जोडिएका स्थानीय समुदायहरूको सामाजिक, सांस्कृतिक र आध्यात्मिक जीवनमा महत्त्वपूर्ण भूमिका खेल्ने जीवित परम्पराहरूको रूपमा संरक्षण गर्नुपर्ने महत्त्वपूर्ण सांस्कृतिक धरोहरको रूपमा व्याख्या गर्दै बौद्ध स्तूप लगायत स्तूपसँग सम्बन्धित अन्य सांस्कृतिक सम्पदाहरूको अमूर्त पक्षको बुझाइलाई फराकिलो बनाउँदै बौद्ध सम्पदा क्षेत्रको उल्लेखित जीवन्त सँस्कृति अर्थात अमूर्त सांस्कृतिक सम्पदाको पहिचान तथा दस्तावेजिकरण गर्ने उद्देश्य राखेको छ।

१. बौद्ध स्तूप लगायत सम्बन्धित सम्पदाहरूसँग सम्बन्धित स्थानीय तामाङ समुदाय लगायत अन्य बासिन्दाहरूमा प्रचलित जनश्रुति, मिथक, विश्वास प्रणाली, लोककथा, सामुहिक अभ्यासहरू, पूजा, अनुष्ठान र चाडपर्वहरूको समृद्ध संकथनहरूको सङ्कलन र दस्तावेजिकरण गर्ने।

२. बौद्ध क्षेत्रका स्थानीय बासिन्दाहरूको जीवन्त अनुभवहरू र स्मृतिहरूको संकलन गर्ने तथा बौद्ध स्तूप लगायत समग्र क्षेत्रको मौलिक बुझाइ तथा दृष्टिकोणको दस्तावेजिकरण गर्ने।

३. बौद्ध स्तूपसँग सम्बन्धित विश्वास प्रणाली तथा मिथकहरूको समष्टिगत बुझाइमा एकरूपता कायम गर्ने।

## १.३ अध्ययन विधि

यस अध्ययनले बौद्ध स्तूप तथा यस विश्व सम्पदा क्षेत्रसँग सम्बन्धित जीवन्त संस्कृति अर्थात अमूर्त सांस्कृतिक सम्पदालाई गहिरो रूपमा अन्वेषणका लागि गुणात्मक अनुसन्धानको बहुआयामिक दृष्टिकोणलाई अपनाएको छ। अमूर्त सांस्कृतिक सम्पदा विशेषतः मौखिक परम्परा, सामाजिक अभ्यास, विश्वास प्रणाली, अनुष्ठान, मिथक, लोक साहित्य र स्थानीय ज्ञान प्रणालीहरूमा आधारित हुन्छन्। यसैले, तथ्यको मात्रात्मक तुलनात्मकता भन्दा पनि जीवन्त अनुभव, आत्मगत स्मृति, सामाजिक अन्तर्क्रिया र सन्दर्भीय दृष्टिकोणहरूलाई समेट्न सक्ने गुणात्मक विधि नै यथार्थ अध्ययनको लागि उपयुक्त ठहरिएको हो।

गुणात्मक अनुसन्धान ढाँचामा सामान्यतया अर्ध संरचित अन्तर्वार्ता, सहभागी अवलोकन, समूह छलफल, मौखिक इतिहास संकलन, र दस्तावेज विश्लेषण विधिहरू मार्फत तथ्याङ्कहरू सङ्कलन गरिएका छन्। यी विधिहरूमार्फत अन्वेषकहरूले स्थानीय तामाङ समुदाय लगायतका अन्य बासिन्दाहरूको बौद्ध चैत्य तथा समग्र बौद्ध सम्पदा क्षेत्रसँग सम्बन्धित व्यक्तिगत तथा सामूहिक दृष्टिकोण, अनुभवहरू, र सन्दर्भहरूको बारेमा विस्तृत, वर्णनात्मक सूचना तथा जानकारी सङ्कलन गरिएको छ। बौद्ध क्षेत्रका स्थानीय तामाङ समुदाय लगायत अन्य समुदायका अग्रज, वुद्धिजीवी, सांस्कृतिक अभ्यासकर्ता लगायतको पहिचान गरी वहाँहरूको जीवन्त अनुभव, भोगाइ साथै बौद्धसँग सम्बन्धित स्मृति तथा दृष्टिकोणलाई केन्द्रमा राखी अध्ययन गरिएको छ।

**तथ्याङ्क सङ्कलन**

• **अन्तर्वार्ता:** अध्ययनको लागि प्राथमिक तथ्याङ्क संकलनका लागी बौद्ध स्तूप तथा यस क्षेत्रमा अवस्थित सांस्कृतिक, धार्मिक सम्पदाहरूसंग सम्बन्धित मिथक, किंवदन्ती, लोक मान्यता, विश्वास परम्परा, लोकगीत, लोक कथन, अनुष्ठान र वार्षिक जात्रा, पर्वहरूको विस्तृत संकथनहरू तथा जीवन्त अनुभव र स्मृतिहरू सङ्कलन गर्न बौद्धका स्थानीय तामाङ समुदाय लगायत अन्य बासिन्दाहरू, सांस्कृतिक अभ्यासकर्ताहरू (बौद्ध घ्याङ गुठी, तामाङ कल्याण गुठीमा अवद्ध लामा तथा धर्मगुरू), बौद्ध घ्याङ गुठी, तामाङ कल्याण गुठी, ओम तामाङ सुखदुःख सेवा गुठी, दे भ्वय गुठी, भज्यु गुठी, छोरङान महिला समाज लगायतका बौद्ध क्षेत्रमा क्रियाशील संघसंस्थाका नेतृत्वहरू, स्थानीय बुद्धिजीवी, विज्ञ आदिको पहिचान गरि अर्ध-संरचित अन्तर्वार्ताहरू सञ्चालन गरिएको छ।

• **सहभागी अबलोकन:** तथ्याङ्क संकलनका लागि यस अध्ययनमा संलग्न अनुसन्धानकर्ताले बौद्ध क्षेत्र र स्थानीय तामाङ समुदाय तथा अन्य समुदायमा हुने पूजापाठ, अनुष्ठान एवम् अन्य क्रियाकलापहरूमा प्रत्यक्ष सहभागी भइ दैनिक जीवन, धार्मिक अनुष्ठान, चाडपर्व तथा सामाजिक सांस्कृतिक अन्तरक्रियाहरूको अवलोकन गरिएको थियो। सहभागी अवलोनमार्फत अनुसन्धानकर्तालाई समुदायको आत्मगत पक्षहरू बुझ्न तथा सांस्कृतिक अभ्यासहको सजीव अनुभव गर्न मद्दत पुग्ने गर्दछ। यस अध्ययनको क्रममा अनुसन्धानकर्ताले बौद्ध स्तूपमा सम्पन्न विशेष जात्राहरू मामला जात्रा, तेमाल जात्रा, बुद्ध जयन्ती लगायत अन्य धार्मिक, सांस्कृतिक अनुष्ठानहरू, बौद्धका स्थानीय तामाङ समुदायको दैनिक दिनचर्या, सामाजिक गतिविधि तथा कार्यक्रमहरूमा प्रत्यक्ष सहभागी भइ तथ्याङ्कहरू संकलन गरिएको छ। सहभागी अवलोकनको क्रममा उल्लेखित जात्राहरू, पूजापाठ, अनुष्ठान तथा सामाजिक कार्यमा सहभागीहरूको प्रत्यक्ष अनुभव तथा उक्त अवसरसँग सम्बन्धित स्मृतिहरूको विवरण संकलन गरिएको थियो।

• **सामूहिक छलफल तथा अन्तर्क्रिया:** बौद्ध स्तूप उत्पत्तिको तथ्यगत इतिहास, यस क्षेत्रमा अवस्थित अन्य सांस्कृतिक, धार्मिक सम्पदाहरू सम्बन्धित विश्वास प्रणाली तथा मिथकहरूको समष्टिगत बुझाइमा एकरूपता कायम गर्न व्यक्तिगत रूपमा संकलन गरिएका तथ्याङ्कलाई अझ विश्वसनिय बनाउन तथा बौद्धसँग सम्बन्धित सामूहिक सम्झना र अनुभवहरू संकलन गर्न सम्बन्धित विज्ञ समुह, स्थानीय जानकार लगायतसँग सामुहिक छलफल तथा अन्तक्रिया गरिएको छ।

• **दस्तावेज संकलन तथा विश्लेषण:** बौद्ध क्षेत्र अन्तर्गतका सम्पदाहरूसँग सम्बन्धित ऐतिहासिक अभिलेखहरू, धार्मिक ग्रन्थ, गुठीका दस्तवेज, लोक साहित्य, अनौपचारिक लेखसामग्री तथा सञ्चार माध्यममा प्रकाशित सामग्रीहरू संकलन गर्ने तथा विश्लेषण गरिएको छ। व्यक्तिगत रूपमा संकलन गरिएका बौद्ध स्तूप तथा यस सम्पदा क्षेत्रमा अवस्थित सांस्कृतिक, धार्मिक सम्पदाहरूसँग सम्बन्धित मिथक, किंवदन्ती, लोक मान्यता, विश्वास परम्परा, लोकगीत, लोक कथा लगायतका मौखिक कथनहरूको संकलन गरी यथावत रूपमा यस अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ। बाहिरी रूपमा आम रूपमा बौद्ध स्तूपको बुझाइ तथा दृष्टिकोणभन्दा यहि स्थानमा हुर्किदैँ पूर्ण जीवन व्यतित गरेका समुदायको बौद्ध स्तूप लगायत सम्पदा क्षेत्रप्रतिको बुझाइ तथा दृष्टिकोणलाई यस अध्ययनले मुख्य आधारको रूपमा लिदैँ उपलब्ध दस्तावेजलाई अतिरिक्त स्रोतको रूपमा व्याख्या गरिएको छ।

## नमूना छनौट

बौद्धनाथ सांस्कृतिक सम्पदाको समृद्ध ज्ञान र अनुभव भएका सहभागीहरू चयन गर्न उद्देश्यपूर्ण नमूना विधि प्रयोग गरिएको छ। उद्देश्यपूर्ण नमूनाले उनीहरूका विशेषताहरू, ज्ञान, अनुभवहरू, वा केही अन्य मापदण्डहरूमा आधारित सहभागीहरूलाई जानाजानी चयन गर्नु हो। सुविधा नमूनामा मुख्य रूपमा व्यक्तिहरू उपलब्ध छन्, इच्छुक छन्, वा व्यावहारिक स्तरमा पहुँच गर्न वा सम्पर्क गर्न सजिलो छ। स्थानीय बासिन्दाहरू र बौद्ध स्तूप वरपरका समुदायहरूबाट विभिन्न दृष्टिकोणहरू समावेश छन् भनी सुनिश्चित गर्न यस अध्ययनको लागि उद्देश्यपूर्ण नमूना विधि अनुरूप नमूना छनौट विधि प्रयोग गरिएको छ। यस क्षेत्रका मिथक, विश्वास प्रणाली, लोककथा, रीतिरिवाज, र सांस्कृतिक अभ्यासहरू बारे गहिरो जानकार भएका सहभागीहरूलाई छनौट गर्न उद्देश्यपूर्ण नमूनाहरू प्रयोग गरिएको छ। यसमा बौद्ध सम्पदा क्षेत्रका स्थानीय वृद्धवृद्धा, महिला, वुद्धिजीवी, जानकार,  गुठी लगायत विभिन्न संघसंस्थामा संलग्न पदाधिकारी र परम्परागत मेला, जात्रापर्व तथा अनुष्ठानहरूको अभ्यासकर्ताहरू समावेश गरिएका छन्।

## तथ्याङ्क विश्लेषण

सङ्कलित तथ्याङ्कको मुख्य विषयवस्तु र ढाँचाहरू पहिचान गर्न विषयगत विश्लेषण प्रयोग गरिएको छ। गुणात्मक विश्लेषणले स्थानीय तामाङ समुदाय र वरपरका समुदायहरूको बौद्ध स्तूप तथा समग्र सम्पदा क्षेत्र अन्तर्गतका सम्पदाहरूसँग सम्बन्धित जीवित अनुभव, विश्वास, मिथक र अभ्यासहरूसँग गहिरो रूपमा संलग्न भई बौद्ध सम्पदा क्षेत्रसँग सम्बन्धित जटिल सांस्कृतिक तत्वहरूको अन्वेषणमा केन्द्रित गरिएको छ। यस अध्ययनले गहिरो अन्तर्वार्ता, समूह छलफल, र सहभागी अवलोकन सहित गुणात्मक विधिहरूको प्रयोग गरि स्थानीय तामाङ समुदाय लगायत अन्य बासिन्दाहरू, विशेषत बौद्ध सम्पदा क्षेत्रको लामो इतिहास तथा गतिशीलता प्रत्यक्ष अनुभव गर्दै आएका वृद्धवृद्धाहरू, महिला, स्थानीय जानकार, बुद्धिजीवी लगायतको आत्मगत अनुभूति तथा स्मृतिहरू मार्फत बौद्ध स्तूप तथा समग्र क्षेत्रको अमुर्त साँस्कृति सम्पदाको पहिचान, दस्तावेजिकरणको आधारभूत तथ्याङ्कको रूपमा अक्षरस प्रस्तुत गरिएको छ।। यी विधिहरू समुदायहरूले आफ्नो सांस्कृतिक सम्पदासँग जोड्ने व्यक्तिपरक अर्थ र मूल्यहरूको सूक्ष्म बुझाइको लागि हालसम्म प्रयुक्त प्रभावकारी अध्ययन विधि हो। साथै, समय अनुसार बौद्धको परिवर्तनशील संकथनहरू बुझ्न व्यक्तिगत कथाहरू र जीवन्त अनुभवहरूको विश्लेषण गरिएको छ। अमूर्त सांस्कृतिक सम्पदाको आधारभूत मान्यता तथा हालसम्मको अध्ययन अभ्यासको आधारमा उल्लेखित विषय (थिम) हरू १. मौखिम परम्पराहरू र अभिव्यक्ति २. विश्वास प्रणाली ३. मौलिक स्थान नाम ४. बौद्ध क्षेत्रको सामाजिक अभ्यास, संस्कार संस्कृति र चाडपर्वमा संकलित तथ्याङ्कहरूलाई प्रस्तुत गरिएको छ।

## १.४ अध्ययनका उपलब्धीहरू

यस अध्ययनका अपेक्षित नतिजाहरू बहुआयामिक छन्, जसले बौद्धनाथको सांस्कृतिक सम्पदाको तथ्यपरक बुझाइ र यसलाई संरक्षण गर्ने व्यावहारिक प्रयासहरूमा योगदान पुऱ्याउँनेछ। सबैभन्दा पहिले, अनुसन्धानले बौद्धनाथसँग सम्बन्धित मिथक, विश्वास प्रणाली, लोककथा, अनुष्ठान र चाडपर्वहरूको समृद्ध संकथनहरूको दस्तावेजीकरण गर्ने उद्देश्य राखेको छ, जसले भविष्यका पुस्ताका लागि स्रोतको रूपमा काम गर्न सक्ने विस्तृत अभिलेख उपलब्ध गराउँनेछ। यस दस्तावेजले स्थानीय र वरपरका समुदायहरूको अद्वितीय सांस्कृतिक अभिव्यक्तिहरूमा नयाँ अन्तर्दृष्टि प्रदान गर्दै, विद्यमान साहित्यमा अवस्थित रिक्तताहरू भर्ने अपेक्षा गरिएको छ। बौद्ध स्तूप तथा समग्र सम्पदा क्षेत्र सम्बन्धित विश्वास प्रणाली तथा मिथकहरूको समष्टिगत बुझाइमा एकरूपता कायम हुनेछ र बुझाईमा फराकिलो र गहिरोपन कायम हुनेछ।

**अपेक्षित परिणामहरू:**

१. बौद्ध स्तूप तथा सम्पदा क्षेत्रका सांस्कृतिक सम्पदाहरूसँग सम्बन्धित जनश्रुति, मिथकहरू, विश्वास प्रणालीहरू र लोककथन, लोकअभिव्यक्तिको समग्र बुझाइ तथा दस्तावेजिकरण।

२. स्थानीय बासिन्दाहरूको जीवित अनुभव र बौद्ध स्तूप तथा सम्पदा क्षेत्रको सांस्कृतिक सम्पदाको दस्तावेजीकरण।

३. बौद्ध स्तूप तथा सम्पदा क्षेत्रको अभिन्न लोककथा, लोकविश्वास, लोकगीत, चाडपर्वहरूको संग्रह तथा दस्तावेजिकरण।

## १.५ अध्ययनका सिमितताः

संयुक्त राष्ट्र शिक्षा, विज्ञान तथा संस्कृति संगठन (यूनेस्को) ले २९ सेप्टेम्बर देखि १७ अक्टोबर, २००३ सम्म पेरिसमा भएको युनेस्कोको साधारण सभाको ३२ औँ सत्रमा अङ्गीकार गरेको अमूर्त सांस्कृतिक सम्पदा संरक्षण महासन्धिले गरेको अवधारणागत व्याख्या विशेषत कुनै विशिष्ट समुदाय, समूह वा व्यक्तिको अमूर्त पक्षमा केन्द्रित छ। सम्पदा क्षेत्रको अमूर्त पक्षको बारेमा अध्ययन अनुसन्धान गर्न आवश्यक प्रवाधन तथा अवधारणागत व्याख्याको अभावका कारण यस अध्ययनले सम्पदा क्षेत्रको अमूर्त पक्षको विशिष्टकृत अवधारणा तथा व्याख्या गर्न असमर्थ भएको छ। नेपाल लगायत विश्व परिवेशमा हाल सम्म विशिष्ट समुदायहरूको अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन अनुसन्धान प्रशस्त भएपनि सम्पदा क्षेत्रको अमूर्त सांस्कृतिक पक्षको अध्ययन भने निकै कम मात्र भएको देखिन्छ। साथै, यस सम्बन्धिको अध्ययन विधि एवम् प्रक्रियाको बारेमा उपलब्ध स्रोतहरू पनि समित मात्र रहेको छ। यसका साथै, अध्ययनको क्रममा बौद्ध क्षेत्रमा लामो समय जीवनयापन गरेका वृद्धवृद्धाहरूको संस्मरण र अनुभवलाई संकलन गर्न उत्तरदाताको उमेरका कारण कतिपय स्मृतिहरू व्यक्त गर्न र सम्झिन असमर्थ भएका कारण पर्याप्त तथ्याङ्क संकलन नभएको हुनसक्छ। प्रतिवेदनमा प्रस्तुत विवरणहरू मुख्यतया मौखिक रूपमा व्यक्त हुदैँ आएका जनश्रुतीहरू, किंवदन्ती, मिथक र व्यक्तिगत अभिव्यक्तिको आधारमा प्रस्तुत गरिएको हुदाँ अध्ययन अनुसन्धानको स्थापित मान्यता अनुसारको तथ्यपरक विवरणको रूपमा व्याख्या गरिएको छैन।

## १.६ निश्कर्ष:

यस अध्ययनले बौद्ध स्तूपसँग सम्बन्धित अमूर्त सांस्कृतिक सम्पदाको बहुआयामिक स्वरूपलाई उजागर गर्दै यसको संरक्षण, संवर्द्धन र प्राज्ञिक अध्ययनको लागि आधार निर्माण गरेको छ। बौद्ध स्तूप लगायतका सम्बन्धित सम्पदा स्थलहरू केवल भौतिक संरचना होइन, तर त्यससँग सम्बन्धित स्थानीय तामाङ समुदाय लगायतका बासिन्दाहरूको जीवन्त अनुभव, परम्परा, विश्वास र सामाजिक सम्बन्धको संगम हो भन्ने कुरा यस अध्ययनले स्पष्ट रूपमा देखाएको छ। बौद्ध सम्पदा क्षेत्र अन्तर्गत बौद्ध स्तूपसँगै, मामथान (अजिमा), ग्योइलिसाङ, तीनचुले, धुर्ठोइ लगायत अन्य सम्पदाहरू र ती सम्पदाहरूसँग सम्बन्धित स्थानीय तामाङ समुदायको स्मृति, आस्था एवम् विश्वास पद्धति, सामाजिक सांस्कृतिक जीवनपद्धतिको आधारमा निर्माण भएको जीवन्त सम्बन्धले यस क्षेत्रको सांस्कृतिक बैभवता र जीवन्त सांस्कृतिक सम्पदाको रूपमा विश्वमाझ परिचित रहेको छ। गुणात्मक अनुसन्धान विधिको प्रयोगमार्फत समुदाय–केन्द्रित दृष्टिकोणलाई अग्रसर गराउँदै, सांस्कृतिक सम्पदालाई संरक्षणको विषय मात्र होइन, सामाजिक न्याय र सांस्कृतिक स्वायत्तताको प्रश्नसँग पनि जोडिएको विषयका रूपमा पुनःस्थापना गर्न मद्दत गरेको छ। यसले सम्बन्धित सरकारी निकाय, युनेस्को लगायत अन्तर्राष्ट्रिय संस्था, र शैक्षिक क्षेत्रलाई नीतिगत, व्यावहारिक र सैद्धान्तिक सन्दर्भमा योगदान दिने महत्वपूर्ण आधार प्रदान गर्नेछ।

यस अध्ययनले अमूर्त सांस्कृतिक सम्पदाको विद्यमान अवधारणगत व्याख्या र अनुसन्धान अभ्यासका आधारमा संकलित तथ्याङ्कहरूलाई १. मौखिम परम्पराहरू र अभिव्यक्ति २. विश्वास प्रणाली ३. मौलिक स्थान नाम ४. बौद्ध क्षेत्रको सामाजिक अभ्यास, संस्कार संस्कृति र चाडपर्व गरी चार शीर्षकमा प्रस्तुत गरिएको छ। मौखिम परम्पराहरू र अभिव्यक्ति शीर्षक अन्तर्गत बौद्ध स्तूप निर्माणसम्बन्धी मिथक तथा श्रुती परम्पराको उपशीर्षकमा तामाङ तथा हिमाली बौद्ध समुदायमा प्रचलित जनश्रुती, पश्चिम भेगको तामाङ जनश्रुति, स्थानीय नेवारी समुदायमा प्रचलित जनश्रुती तथा किंवदन्तीको उल्लेख गरिएको छ। त्यसैगरी यसै अध्यायको अर्को उपशीर्षकको रूपमा मामथानको निर्माण सम्बन्धी जनश्रुती र बौद्ध स्तूप र मामथान निर्माणसँग सम्बन्धित विशेष स्थानहरू तिनचुली र धुरठोइसँग सम्बन्धित मौखिक अभिव्यक्तिहरू प्रस्तुत गरिएको छ। विश्वास प्रणाली शीर्षक अन्तर्गत तेस्रो अध्यायमा बौद्ध स्तूपसँग सम्बन्धित विश्वास परम्परा, बौद्ध स्तूपको स्वरूप (संरचना) तथा सम्बन्धित विश्वास परम्परा र मामथानसँग सम्बन्धित विश्वास परम्परालाई प्रस्तुत गरिएको छ। मौलिक स्थान नाम अन्तर्गत बौद्ध क्षेत्रका विविध सम्पदा र प्राकृतिक स्थलहरूको स्थानीय तामाङ समुदायले परापूर्वकालदेखी निर्माण गरेका मौलिक स्थान नाम र ती स्थलहरूको वर्तमान अवस्थाको वर्णन गरिएको छ। अध्याय पाँच अन्तर्गत बौद्ध क्षेत्रको सामाजिक अभ्यास, संस्कार संस्कृति र चाडपर्व शीर्षकमा सांस्कृतिक चाड पर्व तथा जात्राहरू, बौद्धका स्थानीय तामाङ समुदायको संस्कार र संस्कृति, पूजा अनुष्ठानहरू, बौद्धमा चिनियाँ लामा परम्परा, स्थानीय तामाङ समुदाय र चिनियाँ लामा र भोइ समय (माघ पुस) महिनाको विवरण प्रस्तुत गरिएको।

यस अध्ययनले बौद्ध स्तूप तथा यस विश्व सम्पदा क्षेत्रको अमूर्त सांस्कृतिक सम्पदाको दस्तावेजीकरण र बुझाइमा रहेको खाडललाई पूरा गर्ने लक्ष्य राखेको छ, जुन मिथक, विश्वास प्रणाली, लोककथा, रीतिरिवाज र चाडपर्वहरूमा केन्द्रित छ जसले यसको स्थानीय र वरपरका समुदायहरूको पहिचानलाई परिभाषित गर्दछ। गुणात्मक अनुसन्धान विधि प्रयोगमार्फत यस अनुसन्धानले यी सांस्कृतिक तत्वहरूको गहिरो अन्वेषण गरेको छ। यस अध्ययनले यी सांस्कृतिक

अभिव्यक्तिहरूलाई विगतका अवशेषहरूका रूपमा मात्र नभई बौद्ध स्तूपसँग जोडिएका स्थानीय समुदायहरूको सामाजिक र आध्यात्मिक जीवनमा महत्त्वपूर्ण भूमिका खेल्ने जीवित परम्पराहरूको रूपमा संरक्षण गर्नुपर्ने महत्त्वपूर्ण सांस्कृतिक धरोहरको रूपमा व्याख्या गर्दै यहि मान्यतालाई स्थापित गर्न सम्बन्धित निकाय, नेपाल सरकार लगायत अन्तराष्ट्रिर्य निकायलाई यस प्रकारका सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन गर्नका लागि नीतिनिर्माण तथा व्यवहारिक कार्ययोजना तथा कार्यहरू तर्जुमा र संचालन गर्नका लागि आवश्यक मार्गनिर्देशनको रूपमा प्रदान गर्नेछ। अन्ततः यस अध्ययनले दिगो सांस्कृतिक संरक्षणमा थप योगदान स्वरूप प्राज्ञिक क्षेत्र र द्रुत रूपमा विकसित हुँदै गइरहेको नेपाल तथा विश्व समुदायमा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण गर्न भइरहेको व्यावहारिक प्रयासहरूमा टेवा पुर्याउन सक्ने बहुमूल्य अन्तर्दृष्टिहरू प्रदान गर्नेछ। यस अनुसन्धानले बौद्ध महास्तूपको अमूर्त सांस्कृतिक सम्पदाको बहुमूल्य अन्तर्दृष्टि प्रदान गर्नेछ, तथा यस सांस्कृतिक विरासतको संरक्षण र संवर्द्धनमा योगदान पुऱ्याउनेछ।

# अध्याय २
## मौखिक परम्पराहरु तथा अभिव्यक्तिहरु

### २.१ बौद्ध स्तूप निर्माणसम्बन्धी मिथक तथा श्रुती परम्परा

### १. तामाङ मौलिक जनश्रुती

बौद्ध स्तूप निर्माण सम्बन्धमा हालसम्म कुनै पनि तथ्यगत प्रमाण नपरेको अवस्थामा निर्माण सम्बन्धि जनश्रुतीमा आधारित विभिन्न व्याख्या र विश्लेषणहरू भने प्रशस्त मात्रामा पाइन्छ। विभिन्न इतिहासकार, अन्वेशक लगायतले प्रस्तुत गरेका व्याख्या तथा विश्लेषणहरू बौद्ध स्तूप निर्माणसम्बन्धी विभिन्न समय कालखण्डमा स्थानीय तामाङ लगायतका समुदायले निर्माण गरेका मिथक तथा श्रुती परम्परामा आधारित छन्। तसर्थ, बौद्ध स्तूप निर्माणसम्बन्धी मिथक तथा श्रुती परम्परालाई नै बौद्ध स्तूप निर्माण सम्बन्धी इतिहासको आधारको रूपमा लिइएको देखिन्छ। स्थानीय तामाङ समुदायको मान्यता अनुसार झ्याजिमाले तत्कालीन राजासँग चैत्य निर्माण गर्न जग्गा माग गरेको र राजाले चैत्य निर्माण गर्न अनुमति दिएपछि आफ्ना चार पतीहरू घोडा गोठालो, सुँगुर पालक, कुकुर पालक र कुखुरा पालकसँग विवाह गरी प्रत्येक श्रीमानबाट जन्मिएका चार छोराहरूसँग मिलेर चैत्य निर्माण गर्दै जाने क्रममा त्यहाँका स्थानीय धनीमानीहरूले गरीब विधवा आइमाइले विशाल चैत्य निर्माण गरेको देखेपछि आफ्नो इज्जत प्रतिष्ठामा आँच आउने देखी राजाकहाँ चैत्य निर्माण कार्य रोक्न निवेदन गरेको तर राजाले आफूले पहिल्यै बनाउनु भनी वचन फुस्किसकेको (तामाङ भाषामा खाको अर्थ वचन, स्योरको अर्थ फुस्किनु) कारण निर्माण कार्य रोक्न नमिल्ने भनेर फिर्ता पठाएका थिए। जमिन माग गर्ने बेलामा झ्याजिमाले भैसीको छालाले ढाक्ने जमिन माग गरेकोमा राजाले हुन्छ भनेपछि आमाछोराहरू मिलेर भैंसीको छाला डोरी जस्तै लामो गरी काट्दा धेरै लामो भएको र त्यहि अनुसार विशाल जमिन क्षेत्रफल ओगटेको क्षेत्रमा चैत्य निर्माण गरेकी थिइन। यसरी निर्माण गर्दा झ्या ल्हो अर्थात कुखुरा वर्षमा सुरू गरेर १२ वर्षमा झ्या ल्होमै सम्पन्न भएकोले स्तूपको नाम झ्यारूङ खस्योर भएको मान्यता स्थानीय तामाङहरू लगायत हिमाली बौद्ध समुदायमा प्रचलित छ। बौद्ध स्तूप निर्माणको समयमा स्थानीय तामाङ समुदायमा  मौखिक रूपमा प्रचलित यहि मिथकको आधारमा तिब्बतमा बौद्ध धर्मको विकास हुने क्रममा थप विवरण सहित गुरू पद्मसम्भव लगायत तिब्बतका अन्य प्रबुद्ध व्यक्तिहरू( राजा ठ्रिसोङ देउचेन, आचार्य शान्तरक्षिता, मन्त्री भामिटिसी)को पूर्व जन्मको कथा निर्माण गरी तेरमा (निधि)को रूपमा लिखित स्वरूपमा ल्याइएको देखिन्छ। (Dowman, 1973; Douglas & Bays, 1978; Dowman, 2002)

बौद्ध स्तूपको निर्माण र बनावटको शैलीको आधारमा अशोकाकालमा (ईशा पूर्व २६९-२३२) निर्माण भएको आकलन गर्न सकिन्छ। साथै, साक्य साङ्पोले बौद्धस्तूपको जीर्णोद्वारको क्रममा राजा अंशुवर्मा(६०५–६३१ शासनकाल) को अस्तिधातुलाई स्तूपको प्राणस्तम्भ (सोक्सिङ) मुनि भेटाएको तथ्यले अंशुवर्माको मृत्यु समयलगतै यसको विस्तारीत स्वरुप निर्माण भएको मान्न सकिन्छ ।(Ehrhard, 2013, p.100) यसर्थ, तिब्बतमा बौद्धधर्म फैलिनु अगावै बौद्ध स्तूपको

स्थापना र प्रतिष्ठान भईसकेको थियो।(तामाङ, २०८१) यसरी बौद्ध स्तूप निर्माण सम्बन्धी हाल हिमाली बौद्ध समुदायमा प्रचलित अवधारणा तथा ब्याख्याहरू बौद्ध स्थापना काल र त्यसपश्चातको विभिन्न कालखण्डमा स्थानीय तामाङ समुदायले मौखिक रूपमा विकास गरेका जनश्रुतिहरू हुन्। दक्षिण भारतवर्षमा वैदिककालमै स्तूपको आवधारणा विकास भएको देखिन्छ, जसको शाब्दिक अर्थ सञ्चित गर्नु, एकत्रित गर्नु, उठाउनु, स्मृति चिन्ह वा चिता हो।(रञ्जितकार, २०६८, पृ.४२) वैदिक कालमा मानिस मर्दा गाड्ने वा जलाउने दुवै प्रचलन थिए। विशिष्ट व्यक्ति जस्तै राजा महाराजा, साधु-सन्त आदि मर्दा गाड्ने वा उनीहरूको शरीर जलाई बाँकी हुन आएको अस्थिधातु खरानी गाडेर पुरेको भागमा मण्डलाकार ढिस्को जस्तो बनाई त्यसको मध्यभागमा एउटा बाँस वा सल्लाको काठ गाड्ने प्रचलन रहेको थियो। यसरी स्तूपको प्राचीन स्वरूप यही रहेको आकलन गर्न सकिन्छ। बौद्ध धर्मको विकास भएपश्चात यहि वैदिक परम्पराको आधारमा बौद्ध स्तूपको व्याख्या तथा निर्माण गर्ने मान्यता स्थापित भयो। बौद्ध परम्परामा स्तूप भनेको गुरु वा अर्हतहरूको स्मृतिलाई अमर बनाउन बनाइएको पवित्र संरचना हो। यस प्रकारको संरचना निर्माणको मुख्य उद्देश्य आफ्ना गुरू वा पूजनीय व्यक्तिहरूसँग सम्बन्धित पवित्र वस्तुहरूलाई सुरक्षित राख्नु हो। यी अस्तिधातु वा सामग्रीहरू जमिनको सतहमा राख्दा नष्ट हुने वा हराउने जोखिम हुँदा, तिनीहरूलाई दीर्घकालीन संरक्षण गर्न स्तूपहरूको निर्माण गरिएको हो।(दाहाल र खतिवडा, २०५५, पृ.५५) प्राचीन बौद्ध ग्रन्थ *महापरिनिर्वाण सुक्त* अनुसार बुद्धले महापरिनिर्वाणमा प्रवेश गर्नुभन्दा ठीक अघि उनका प्रिय शिष्य आनन्दले तथागत(बुद्ध)का कलाकृतिहरू र अवशेषहरूलाई कसरी सम्मान तथा सुरक्षित गर्ने भन्ने प्रश्नमा चक्रवर्ती राजाको लागि निर्माण गरिने स्तूप जस्तै चार राजमार्गहरूलाई जोड्ने चार सडकहरू मिल्ने चौबाटोमा स्तूप निर्माण गर्नु भनी उत्तर दिएका थिए।(Fatima, 2024, p.49) ८० वर्षको उमेरमा ई. पू. ४८३ मा भारतको कुशीनगरमा गौतम बुद्धको महापरिनिर्वाण भएपछि बुद्धको अस्तिधातुलाई विभिन्न महाजनपदहरूले आपसमा बॉडेर ८ वटा मुख्य स्तूप बनाएका थिए। (Karki & Shrestha, 2016)

सम्राट अशोकले बुद्धका अस्थिधातु समाधिस्थ गरिएका ८ स्तूपमध्ये ७ स्तूपको अस्तिधातुहरू निकाली ८४ हजार स्तूपहरू निर्माण गरी बौद्ध धर्मको प्रचारप्रसार गरेका थिए। आठ वटा मध्ये एउटा स्तूप नेपालस्थित रामग्राममा रहेको र उक्त स्तूप उत्खनन् गर्न खोज्दा जंगली हात्तीहरू र नागहरूले रक्षा गरिरहेको हुंदा उत्खनन गर्न सकेनन् भन्ने जनश्रुति छ। उक्त स्तूप बुद्धकालीन स्वरूप मध्ये एक मानिन्छ। सम्राट अशोकले ईसा पुर्व २५५ र २४९ मा लुम्बिनी र कपिलवस्तुको भ्रमण गरेका थिए। गौत्तम बुद्धको जन्मस्थल लुम्बिनीमा स्तूप निर्माणका साथै अशोक स्तभ खडा गरेका थिए र निगलिहावामा समेत स्तूप निर्माण गरेका थिए।(Karki & Shrestha, 2016, p.8) काठमाडौं उपत्यकामा प्रचलित मान्यता अनुसार सम्राट अशोक स्वयम्भू र पशुपतीस्थित गुह्येश्वरी मन्दिरको दर्शन गर्न छोरी चारूमती सहित इस्वीको तेस्रो शताब्दीको मध्यतिर नेपाल आएका थिए। उक्त समयमा मन्जुश्रीले बागमती र विष्णुमती नदिको संगममा बसालेको मन्जुपतन सहर मात्र अस्तित्वमा रहेको तथा अन्य सहरहरू अस्तित्वमा आइसकेको थिएन। उनले पाटनस्थित थुम्को र नयाँ सहर बसाली नगरको मध्य र चार दिशामा आदि बुद्धलाई समर्पित गरी स्तूप निर्माण गरेका थिए। तत्पश्चात उनी भारत फर्केपनि सँगै आएकी छोरी चारूमती नेपालमै भिक्षुणीको रूपमा बसीन् र पशुपती नजिकै चारू विहार निर्माण गरिन्।(Oldfield, 1880, pp.246-247) बौद्ध स्तूप निर्माण सम्पन्न भएपश्चात बाँकी रहेको ढुङ्गामाटोबाट यो स्तूप निर्माण गरिएको विश्वास गरिन्छ। यहि विश्वासका आधारमा तिब्बती लगायत हिमाली समुदायले यस स्तूपलाई 'सालक धोलक'को रूपमा वर्णन गर्छन्। यसर्थ, अशोक कालिन समयमा नै बौद्ध स्तूपको प्रारम्भिक संरचना निर्माण भएको

आकलन गर्न सकिन्छ। उक्त समयमा काठमाडौ उपत्यका लगायत बरिपरिका क्षेत्रमा किराँती शासन( ईसा पूर्व ८०० देखी ईसाको ३००) थियो।  त्यस पश्चात लिच्छवी कालमा अंशुवर्माको मृत्यु समयलगतै यसको विस्तारीत स्वरुप निर्माण भएको मान्न सकिन्छ। ईसापूर्व ८००मा विभिन्न हिमाली समुदायलाई एकिकृत गरी किराँती राजा नेपालका प्रथम शासकका रूपमा उदाएका थिए। ती समुदायहरूमध्ये तामाङ समुदाय उपत्यकामा किराँती समुदायको प्रवेश अगावै अस्तित्व रहेको आकलन गर्न सकिन्छ।

उत्तरी हिमाली समुदाय विशेषत तामाङ समुदायमा मानव सभ्यताको प्रारम्भिक कालखण्डमै विकास भएको बोन परम्परा अनुसार ब्रम्हाण्डको सृष्टिसँगै पहाड, पर्वत, थुम्का, जंगल, सिमसार लगायत प्राकृतिक स्थलमा झ्योझ्योमो, चान, ङ्याम्बु (देवदेवी) उत्पति भएको विश्वास अनुसार ती स्थानलाई ने अर्थात तीर्थस्थलको रूपमा सम्बन्धित देवीदेवताको नाममा ढुङ्गाहरू थुपारेर देउराली वा देवल (देवालाय) स्थापना गर्ने परम्पराको विकास भयो । प्रारम्भिक रूपमा बौद्ध स्तूप रहेको क्षेत्र थुम्काको रूपमा रहेको स्थानीय समुदायले झ्योमो (देवी), लु(नाग)को वासस्थान अर्थात नेको (तीर्थस्थल) रूपमा पवित्र स्थलको रूपमा पूजिदैँ आउने क्रममा सम्राट अशोकको समयमा उपत्यकमा फैलिएको बौद्ध दर्शन तथा स्तूपको अवधारणा अनुरूप स्थानीय महिलाले स्तूप निर्माण गरेको आकलन गर्न सकिन्छ। त्यसैगरी प्रारम्भिक समयमा झ्योमोको रूपमा पूजिदैँ आएको देवीलाई बौद्ध परम्परा अनुसार ममोको रूपमा पूजिन थालेको र त्यहि शब्द अपभ्रम्स भएर मामको रूपमा रहन गएको देखिन्छ। नेवारी समुदायले माम अर्थात बज्यैको नेवारीकरण गर्दा अजिमा रहन गएको देखिन्छ जसको शब्दिक अर्थ बज्यै नै हुन्छ।(लामा, २०८१) बौद्ध स्तूपको उत्तरी भागमा रहेको पानीका मुहानहरूलाई लुथान(नाग) को रूपमा स्थानीय तामाङहरू आजपर्यन्त पूज्दै आएका छन्। यसरी बौद्ध स्तूप निर्माण पूर्व यस स्थान स्थानीय समुदायको लागि झ्योमो(देवी)। लु(नाग) लगायतका देवदेवीको पवित्र स्थल रहेको थियो भन्ने अनुमान गर्न सकिन्छ।

स्थानीय बुद्धिजीवी तथा अध्येता टासी कुमार लामाका अनुसार बौद्ध स्तूपको मौलिक नाम खस्योर हो। बौद्धमा आदिम कालदेखी बसोबास गर्दै आएका तामाङ समुदाय लगायतका वरिपरिका समुदायहरूले पहिला खस्योर नै भन्ने गरेको इतिहास थियो। तर हाल झ्यारूङ खस्योरको नाम बढी प्रचलित भएको देखिन्छ। उहाँ थप्नुहुन्छ, “हामीले अहिले पुरानो नाम पहिचानका लागि वडा देखि महानगरपालिका सम्मका लागि खस्योर नै पहिचान गर्नु पर्छ भनि सुझाएका छौँ। अहिले पनि यस क्षेत्रका अन्य तामाङ वस्तीका तामाङहरूले बोद्धलाई खस्योर नै भनिएको पाइन्छ। जस्तै तिनुचली, आरूबारी र जोरपाटीका तामाङहरूले खस्योर नै भन्दछन्। तारेभिरका तामाङले पनि खस्योर नै भन्दछन्। उनीहरूले पहिला पहिला यहाँ दाउरा बेच्न ल्याउथ्यो। त्यसबाट के स्पष्ट हुन्छ भने यस्को नाम पनि खस्योर नै हो भन्ने हाम्रो दाबी हो। त्यसैले यो खस्योर नाम नै प्रचलित नाम हुन गएको हो। यहाँ ‘खस्योर’ भनेको राजाले बचन दिएको वा वचन फुत्किएको भन्ने अर्थमा बुझ्नुपर्छ। तामाङ भाषामा यहाँ ‘खा’ भनेको बचन र ‘स्योर’ भनेको फुत्किएको अर्थ जनाउँदछ। तिब्बतीहरूमा के विश्वास छ भने खस्योर प्रारम्भिक अवस्थामा तामाङले नै बनाएको भन्ने छ। तर हाम्रोमा चाही यसरी इतिहास लेखिने परम्परा नभएकोले सबै आधारहरू हुँदा सम्म पनि इतिहास लिखित नभएको देखिन्छ।”

स्थानीय लामा अनुपका अनुसार बौद्धको निर्माण सिद्धार्थ गौतम बुद्ध जन्मिनुभन्दा निकै अगाडी कस्यप बुद्धको अस्तिधातु राखेर निर्माण गरिएको हो। बौद्ध स्तूप निर्माण सम्पन्न भएपछि झ्याजिमाका चार छोराहरूले भविष्यमा बुद्ध(सिद्धार्थ गौतम) जन्मिनुहुन्छ र बुद्धको शासन फैलाउन सँकू भनि प्राणिधान गर्नुभएको र  त्यहि प्राणिधान अनुरूप

ठिसोक देउचेन, गुरू रिम्पोर्छे, आचार्य शान्तरक्षिता,लगायतका बुद्ध धर्मका प्रबर्दकको रूपमा जन्म भएको हो। इ्याजिमाले बौद्ध स्तूप निर्माण गर्न भैसीको छाला काटेर बनाएको डोरीले उत्तरमा बौद्धबाट तीनचुली निस्किने दोबाटो, पूर्वमा प्रचण्ड पथको गल्ली, दक्षिणमा अंगत धारा र पश्चिममा गधापाटी अर्थात हालको टुसाल चोकसम्मको चार किल्ला तोकि क्षेत्र रेखांकन गरेर बौद्ध स्तूपको क्षेत्र निर्धारण गरेका थियो। बौद्ध निर्माण भन्दा पहिला नमोबुद्धमा छयोर्तेन निर्माण भइसकेको थियो, बौद्ध निर्माण गर्नका लागि नमोबुद्धको छयोर्तेन हेर्नुभएर निर्माण गरिएको हो। बौद्ध निर्माण कार्य इ्याजिमाका चार छोरा लगायत विभिन्न जनवारसहित ३०००० जनाले श्रमदान गरेर निर्माण सम्पन्न गरिएको हो। ४ वर्षसम्म लगाएर बौद्ध स्तूपको गर्भसम्म निर्माण सम्पन्न भएपछि इ्याजिमाको मृत्यु भएको हो। उनको दाहसंस्कार बौद्ध मूलगेटसँगैको धूरठोइमा गरिएको थियो। इ्याजिमा मृत्यु भएको ३ वर्षमा बौद्ध निर्माण सम्पन्न भएको थियो। अनन्त कालमा सृष्टि पालन कर्ता चेङ्रेसीले मर्त्य लोकमा (मानव लोक) हेर्नुभयो, हेर्ने बेलामा मान्छेहरू बढ्दै गएको, साथै प्राणीहरूको दुःखकष्ट बढ्दै गएको देखेपछि प्राणीधान अर्थात प्रार्थना गर्नुभयो, अब चही ध्यानमा बसेर जति पनि मर्त्य लोकमा प्राणी छन् उनीहरूलाई अमिताभ बुद्धको पर्वता पोताला दरबारमा जन्म लिन सकुन भनी ध्यान बस्नुभयो। धेरै वर्षपछि आखाँ खोल्दा अब चाहि मर्त्य लोकका सम्पूर्ण प्राणी अमिताभ बुद्धको भुवनमा जन्म लिइसक्यो होला भनी हेर्दा झन मानवहरू दुःख कष्टमा बाचिरहेको देख्नुभयो, यस्तो दृश्य देखेपछि वहाँको आँसु झर्यो, झरेको दुइ थोपा आँसु अन्जुलीमा थाप्नुभयो र संकल्प गर्दै, "यो मेरो दुइ थोपा आँसु भविष्यामा मानव हितको लागि होस् !" भनी चढाउनुभयो। त्यो आँसु गएर देवराज इन्द्रको पत्नी सची महारानीको गर्भमा गइसकेपछि छोरीहरू ठूली पूर्णिमा र सानी पूर्णिमाको रूपमा जन्म भयो। स्वर्गको फूल चोरेको दण्ड स्वरूप स्वर्गबाट च्युत भइ सानी पूर्णिमा मानवलोकमा माघुता नामक देशमा इ्याजिमा (सुखोत्तमा देवी)को रूपमा जन्म लिएकी थिइन।

बौद्ध निर्माणसँग तीनचुलीको प्रसंग यहाँ उल्लेखनीय देखिन्छ। किंवदन्ती अनुसार बौद्ध निर्माणभन्दा अगाडि नै बौद्ध क्षेत्र विशेषत तीनचुली क्षेत्र लगायत आसपासमा ११ योगिनीहरू (इ्योमो) उत्पन्न भएका थिए। यसरी यो क्षेत्र अनन्त कालदेखी योगिनीहरूले बास गरेको पवित्र स्थलको रूपमा रहेको थियो। तीमध्ये तीनचुलीस्थित बंगला माम, काल माम र सावित्रीमाम सृष्टिकर्ता अमिताभ बुद्धको छोरीहरू हुन्। त्यसैगरी बौद्ध स्तूप निर्माण भएको स्थलमा तीन योगिनी मामो, सिद्धि र पुकासी, तीनचुली पिपलबोटस्थित इ्योमो (मामकाली), कोपिला माम, मंगला माम, चामुण्डा माम, कोकिला माम, यी ११ योगिनीहरू अनन्तकालदेखी नै बौद्ध क्षेत्रमा बिराजमान भएको विश्वास गरिन्छ। फर्पिङमा अवस्थित लामिन इ्योमो (महाकाली) जसको श्रीमान भक्तपुरस्थित अशापुरी हुन्, उनले आफ्नो जटा काटेर मानव कल्याणार्थ संकल्प गरी जटा उडाउनुभयो, उडेर आएर तीनचुले पीपलबोटमा इ्योमो (मामकाली) स्वरूप उत्पति हुनुभयो। बौद्ध मन्दिर निर्माण हुदाँ इ्योमोले (मामकाली) निर्माण कार्यमा संलग्न मजदुरहरूलाई खाना पकाएर खुवाउने भएको हो। इ्योमोको श्रीमान नगरकोटस्थित रत्नचण्डेश्वर महादेव हो। श्रृष्टिकर्ता अमिताभ बुद्धको तपस्या गरेर इ्योमोले छोराको रूपमा तारेभिरमा ब्रासिङग्याल्बो उत्पन्न गर्नुभयो। छोरा ब्रासिङग्याल्बोलाई आफूलाई छोरीको इच्छा रहेको व्यक्त गरेपछि तारेभिरको माटो दिनुभयो। त्यस माटोबाट इ्योमोले छोरी उत्पन्न गर्नुभयो। इ्योमोलाई तीनचुलीमा बौद्ध निर्माणमा संलग्न श्रमिकहरूलाई खाना पकाउन आवश्यक भाँडाकुडाहरू खड्कुलो, सुनको पन्यू, सुनको डाडु तारेभिरबाट छोरा ब्रासिङग्याल्बोले उपलब्ध गराउने गर्दथे। प्रत्येक दिन तारेभिरबाट भाँडाकुडा ल्याउने र खाना पकाइसकेपछि फिर्ता लानुपर्थ्यो। बौद्ध स्तूप निर्माण पश्चात पनि स्थानीय भज्युहरूले तारेभिरबाट विवाह, ब्रतवन्ध लगायत सामाजिक कार्यहरू संचालन गर्न

भाडाँकुडा ल्याउने गरेको किंवदन्ती रहेको छ। सुनमाया लामाका (९० वर्ष) अनुसार स्थानीय भज्यूहरूको भोजभत्तेर, विवाह ब्रतबन्ध हुदाँ त्यहिबाट भाँडाकुडा ल्याएर  कार्य सन्चालन गर्दथे। अघिल्लो दिन पूजापाठ गरेपछि भोलिपल्ट जाँदा चाहिने भाँडाकुँडा निकालेर दिइन्थ्यो। एकचोटी कुनै व्यक्तिले लोभमा फसेर सुनको डाडु लुकाइदिएपछि भने भाँडाकुडा दिन बन्द भएको थियो।

उपत्यकाको चार दिशामा अवस्थित पर्वतमा विराजमान चार इयोहो, इयोमोहरू, मणिशैल पर्वतमा अवस्थित बज्रयोगिनी (दोर्जेफामो), फूलचोकीस्थित तसिला(इयोमो), फर्पिङस्थित महाकाली (लामिन इयोमो) र तारेभिरस्थित ब्रासिङग्याल्बोलाई उपत्यकाको प्रमुख संरक्षकको रूपमा  हो। उपत्यकामा बसोबास गर्ने तामाङ समुदायले यी चारै इयोइयोमोलाई विशेष रूपमा कुलदेव देवी वा गाँउ तथा समग्र क्षेत्रको प्रमुख संरक्षक ज्योहो ज्योमोको रूपमा पूज्ने गर्दछन्। साथै, उल्लेखित चारै स्थानमा आदिम कालदेखी नै तामाङ समुदायको आवादी रहदै आएको  छ। यी चारै इयोहो, इयोमो लाई कुलको रूपमा, गाउँको प्रमुख संरक्षक रूपमा लिने गरिन्छ। बौद्ध तीनचुलीमा बसोबास गर्ने भज्यू खलकको भूमे थाननै तारेभिरस्थित ब्रासिङ्ग्याल्बो रहेको छ, साथै काठमाडौँ उपत्यकाको उत्तर पूर्वी तामाङ गाँउहरूको प्रमुख इयोहोमध्येको एक इयोहो (संरक्षक) रूपमा पूजिने गरिन्छ। उपत्यका तालको रूपमा रहेको समयमा नै यी थुम्काहरूमा मानव वस्तीहरू रहेको विभिन्न किंवदन्तीहरू रहेका छन्। मन्जुश्रीले चोभारको डाँडा काटेपछि  पुनः तिब्बत फर्किने क्रममा बज्रयोगिनी मन्दिरको परिक्रमा गरेको र त्यहि अन्तर्ध्यान भएको प्रचलित किंवदन्ती रहेको मन्दिरका पूजारी तेजराज बज्रचार्य उल्लेख गर्छन्। तिब्बतबाट मन्जुश्रीसँगै आएकाहरू मन्जुश्री बज्रयोगिनीको परिक्रम गर्ने क्रममा अन्तर्ध्यान भएपछि त्यहि स्थानमा बसेको र ती ब्यक्तिहरू नै हालका बज्रयोगिनी मन्दिरका पूजारी बज्रचार्यहरूको पूर्खा रहेको उनको दावी छ। प्रकाशमान श्रेष्ठका अनुसार काठमाडौं उपत्यकाको स्थापनाकालसित सम्बद्ध सबै सामग्रीले वज्रयोगिनी देवी आरम्भदेखि नै अस्तित्वमा रहेको वर्णन गर्छन्। वज्रयोगिनीले बोधिसत्व मञ्जुश्रीलाई उपत्यकाबाट पानी बाहिर पठाउन शक्ति दिएकी, मञ्जुश्रीले उपत्यकाको पानी बाहिर पठाइसकेपछि उनै देवीको दर्शन गर्न गएका अनि मञ्जुश्री त्यहीं स्थापित भएको विश्वास गरिन्छ। हाल वज्रयोगिनी मन्दिर परिसरमा नै उनको मन्दिर रहेको छ। महामञ्जुश्रीले राजा बनाएर गएका धर्माकरले नित्य वज्रयोगिनीको दर्शन-सेवा गरी मञ्जुपत्तन राज्यलाई वैभवशाली राखेको वर्णन पनि बौद्ध पुराणले गरेको छ। मणिशैल महावदान ग्रन्थ अनुसार वज्रयोगिनीले आफ्ना नवौं पुस्ताका पुजारी जोगदेव वज्राचार्यलाई कलिगत संवत् १८०१ मा नगर तयार पार्न लगाई त्यसमा अयोनिज पुत्र शंखलाई राज गराइन्। त्यसैले उक्त नगरको नाम शंखपुर रह्यो। उक्त क्षेत्रमा पहिलेदेखि नै अस्तित्वमा रहेका सात गाउँ नागाँचा, गुलिमा, सास, च्वबही, गुदेख्वा, गागल र पावनालाई सम्मिलित गरी शंखपुर नगर बनाइएको थियो। शंखपुरको आधुनिक नाम साँखु हो। ग्रन्थ अनुसार  तीन हजार ३०० वर्षअघि साँखु बस्ती बसेको हो।(मानन्धर, २०२०, पृ.२६) यहाँ उल्लेखित शंखपुर नगरको वरिपरि रहेका सात गाँउहरू नागाँचा, गागल लगायतका गाँउमा आदिम कालदेखी नै तामाङहरूको मात्र बसोबास रहेको थियो। यस प्रसंगबाट काठमाडौं उपत्यका तालको रूपमा रहेको समयमा नै उल्लेखित थुम्काहरूमा मानव बसोबासको सम्भावना देखाउँछ। अर्थात काठमाडौं उपत्यकाको सभ्यताको प्रारम्भ यिनै थुम्काहरूबाट प्रारम्भ भएको हुनसक्ने र ती स्थानहरू तामाङ समुदायको आदिम भूमि भएको कारण उपत्यकाको सभ्यताको सुरूवातमा तामाङहरूकै आवादी थियो भन्ने अनुमान गर्न सकिन्छ।

बौद्ध निर्माण सम्बन्धि प्रसंगमा ब्रासिङग्याल्बोको महत्वपूर्ण भूमिका देखिन्छ। यिनै ब्रासिङग्याल्बो उपत्यका वरिपरि बसोबास गर्ने तामाङ समुदायले आफ्नो प्रमुख संरक्षक झ्योहोको रूपमा पूजिने परम्परा रहेको छ। उपत्यका वरिपरिको थूम्कोहरूमा विराजमान झ्योहोहरूमध्ये प्रमुख झ्योहोको रूपमा लिने गरिन्छ। यसरी उपत्यकामा सभ्यताको विकासको प्रारम्भबाटै तारेभिरस्थित ब्रासिङग्याल्बो, बौद्ध स्तूपको निर्माणमा तामाङ समुदायको विशेष सम्बन्ध देखिन्छ। बौद्ध निर्माणको क्रममा तीनचुलीमा खाना पकाउने महिला तामाङ माम रहेको स्थानीय वृद्धवृद्धाहरू जिकिर गर्छन्।। तीनचुली क्षेत्रका भज्यूहरूको आदिम पूर्खा थुइ रिम्बोर्छे बौद्ध निर्माण कालभन्दा निकै अगाडि नै यस क्षेत्रका योगिनीहरूको आपसी वैमनस्यता र झगडाका कारण यहाँबाट विस्थापित भएको र कालान्तरमा यिनै योगिनीहरूको वाचा पुरा गर्न उनका सन्तानहरू यहि भूमिमा फर्किएको किंवदन्ती छ। यसरी बौद्ध क्षेत्र लगायत समग्र उपत्यकाको आदिम बासिन्दा तामाङ समुदाय नै थिए भन्ने आधारहरू देखिन्छ।

बौद्ध स्तूप निर्माण भन्दा पहिला नमोबुद्धमा छयोर्तेन निर्माण भइसकेको र बौद्ध निर्माण गर्नका लागि नमोबुद्धको छयोर्तेनको नमूनाको आधारमा निर्माण गरिएको हो। त्यसैगरी बौद्ध स्तूप निर्माण सम्पन्न भएर प्राणप्रतिष्ठा गरेको भोलिपल्ट बौद्धको माटो लगि स्वयम्भूमा स्तूप निर्माण गरिएको किंवदन्ती अनुसार नमोबुद्ध, बौद्ध र स्वयम्भूको विशेष सम्बन्ध रहेको देखन्छ। तामाङ समुदाय लगायत हिमाली बौद्ध समुदायहरूले यी तीनै धार्मिक स्थललाई विशेष 'ने' अर्थात तीर्थस्थलको रूपमा लिने गर्दछन्। तामाङ विश्वास अनुसार बौद्ध तीर्थ गर्दा सम्पूर्ण मनोकामना पूरा हुने, स्वयम्भूले दिर्घायु प्रदान गर्ने र नमोबुद्धले पाप, क्लेशबाट मुक्ति दिन्छ भन्ने विश्वास रहेको छ। यी तीन स्थलको निर्माण कालबाटै विशेष सम्बन्ध रहनु र तामाङ समुदायले यी तीनै तीर्थलाई तामाङ संस्कार संस्कृतिको अभिन्न अंगको रूपमा लिने गरिन्छ। यसरी बौद्ध, स्वयम्भू र नमोबुद्धको स्थापनाकालदेखी नै तामाङ समुदायको विशेष सम्बन्ध रहेको देखिन्छ।

विभिन्न कालखण्डमा लेखिएका वंशावलीहरूमा राजा, महाराजाहरूले बौद्ध स्तूप निर्माण गरेको उल्लेख गरिएपनि ती श्रुती परम्पराबाटै आएको किंवदन्तीको आधारमा लेखिएको देखिन्छ। स्थानीय बुद्धजीवी तथा लेखक टासी कुमार लामा अनुसार बौद्ध स्तूप कुनै राजा वा महाराजाले बनाएको होइन, यसको निर्माण साधारण व्यक्तिले व्यक्तिगत रूपमै गरेको हो। त्यसैले यसको स्वामित्व कसले लिने भन्ने भएको कारणले पनि लामो समयसम्म एकदमै व्यवारिसे हुन पुग्यो। मा झ्याजिमाले व्यक्तिगत प्रयासमै बनाएको भन्नेमा दुइ मत नरहेको उनको दावी छ। तसर्थ बौद्ध निर्माण सम्बन्धीको तामाङ जनश्रुती अनुसार झ्याजिमाले निर्माण गरेको हो भन्न सकिन्छ। र तत्कालीन समयमा त्यहाँ तामाङ समुदायकै आवादि रहेको आकलन गर्न सकिन्छ।

## २. हिमाली बौद्ध समुदायको जनश्रुती

बौद्ध स्तूप निर्माणसम्बन्धी हिमाली बौद्ध समुदायहरूमा प्रचलित मिथक तथा जनश्रुतीहरूमध्ये प्रचलित तिब्बती इतिहासमा झ्यारूङ खाश्योर स्तूपको पहिलो उल्लेख सन् ७७५ मा तिब्बतको बिहार साम्ये गोन्पाको निर्माण सम्पन्न भई सकेपछि राजा ठिसोङ देउचेन (ई.सं. ७४२ –७९७) र अन्य पच्चीस शिष्यहरूलाई अति गुह्य गुरु चित्त साधना (लामा याङसाङ थुग् क्यी डुब्पा) को अभिषेक दिने क्रममा गुरु पद्मसम्भवको मुखारविन्दबाट भएको विश्वास गरिन्छ। राजा ठिसोङ देउचेनलाई उहाँहरूको पूर्व जन्मको बयान गर्ने क्रममा झ्यारूङ खाश्योर स्तूपको वृत्तान्तलाई पद्मसम्भवले सविस्तार बयान गरेका थिए। यो प्रसङ्गलाई विभिन्न कालखण्डका निधि प्रकाशक (तेर्तोन) ले प्रकाशमा ल्याएका छन्। गुरु पद्मसंभव (गुरु रिन्पोछे) ले आठौँ शताब्दीमा तिब्बतका राजा, रानीलगायतका शिष्यहरूलाई बताएका कुरा येशे छोग्यालले डाकिनी गूढ लिपिमा लेखेर निधि (तेर्मा) को रूपमा राखी दिएकी थिइन्। गुरु पद्मसंभवका आठौँ शताब्दीका चेलाहरू नै  पछिल्ला जन्महरूमा निधि प्रकाशक (तेर्तोन) को रूपमा प्रकट भई गुरु पद्मसंभवका वचनहरूलाई पुनः प्रकाशमा ल्याएका थिए भन्ने विश्वास रहेको छ। बौद्ध स्तूप सम्बन्धि हिमाली बौद्ध समुदायमा प्रचलित सबै प्रसङ्गहरू निधि (तेर्मा) वाङ्मयमै आधारित छन्। बाह्रौँ शताब्दीका प्रसिद्ध निधि प्रकाशक तथा लेखक न्याङराल न्यीमा होसेर (सन् ११२४-११९२) को गुरु पद्मसंभवको जीवनी ग्रन्थ साङ्लीङ्गा (ताम्रद्वीप) को बाह्रौँ अध्यायमा झ्यारूङ खाश्योरको बयान छ। तथापि, उक्त तेर्मा (*ञङ् ग्रल ञिमा होएसेर साङ् लिङ्गा*) मा बौद्ध स्तूपलाई गुरु पद्मसम्भवसंग सम्बन्धित तीर्थस्थलका रूपमा प्रस्तुत गरिएको छैन । अझ झ्यारुङ खास्योर स्तूपको शिलान्यास भारतको मगध प्रान्तमा भएको हो भन्ने उल्लेख छ।(बौद्ध महास्तूपको संक्षिप्त इतिहास,२०६४) यस ग्रन्थमा गुरू पद्मसम्भव, खेन्पो बोधिसत्व(आचार्य शान्तरक्षिता) तिब्बतस्थित साम्ये गुम्बाको निर्माण सम्पन्न भएपश्चात भारत फर्किने मनसायका साथ गुरू पद्मसम्भवले राजा ठिसोङ देउचेनसँगको कुराकानीको क्रममा आफूहरूको पूर्वजन्मको सम्बन्धको बारेमा व्याख्या गरेका छन्। जस अनुसार पहिलो जुनीमा उनीहरू तीनै जना भारतको मगधमा भिन्न कुलमा जन्मिएका दाजुभाई भएपनि मिलेर स्तूप निर्माण गरी प्राणीधानको फलस्वूरूप यस जन्ममा गुरू पद्मसम्भवको जन्म उडड्यन, खेन्पो बोधिसत्व(आचार्य शान्तरक्षिता) साहोर र राजा देउचेनको तिब्बती भूमीमा जन्म भएको बताउँछन्। पूर्व जन्ममा गुरू पद्मसम्भव तान्त्रिक योगीको रूपमा, खेन्पो बोधिसत्व ब्राम्हण र राजा देउचेन ऋषिमुनीको कुलमा जन्मिएका थिए।(Yeshe Tsogyal, 1999, p.75) यहाँ उल्लेखित मगधस्थित स्तूपले सम्राट अशोकले ईसापूर्वको तेस्रो शताब्दीमा मगध राज्यमा निर्माण गरेको धर्मराजिका स्तूप इंगित गरेको देखिन्छ।

पराजुली(२०७४) का अनुसार नेपालको राष्ट्रिय अभिलेखालयमा मात्र उपलब्ध न्याङराल न्यीमा होसेरद्वारा लिखित मध्यम साङलीङ्गा जीवनी ग्रन्थको सुरुवातमै झ्यारूङ खाश्योर स्तूपको विस्तृत बयान छ। उक्त ग्रन्थमा झ्याजिमाका चार छोराको अलावा एक छोरीको पनि उल्लेख गरिएको छ । उक्त छोरीले स्तूप निर्माण पछि दाजुभाइहरूले प्रणिधान गर्दा केही पनि प्रणिधान नगरेको हुनाले पछिल्लो जीवनमा फर्पिङमा एक गाईको रूपमा जन्म लिएको उल्लेख छ। स्तूपको नाम 'झ्यारिन खास्योर' छ जसको अर्थ कुखुरा (झ्या) बेचेर कमाएको धन (रिन) बाट बनाएको खास्योर स्तूप भन्ने हुन्छ

। अन्य सबैजसो स्रोतहरूमा राजाले आज्ञा दिएर बनाएको भन्ने प्रसङ्ग भए पनि यसमा नयाँ प्रसङ्ग छ । झ्याजिमाका ती चार भाइ छोरा मध्ये ख्यीजीबु (कुकुर पालक) बाट जन्मेका छोरा पद्मसंभवको जीवनी यहाँ छ भनेर बताइएको छ । पद्मसंभवको जीवनी बयान गर्ने क्रममा झ्यारूङ खास्योरको प्रसङ्ग दिइएको छ ।

तिब्बतमा बौद्ध स्तूपसम्बन्धी निधि ग्रन्थहरू प्रकाशन अगावै भोटका प्रसिद्ध अनुवादक ङोग् लोदेन शेराव (सन् १०५९-११०९) भारतमा पढ्न जाने क्रममा नेपालका पाँच ठाउँहरूको तीर्थ यात्रा गर्ने क्रममा झ्यारूङ खाश्योरको भ्रमण गरेको कुरा उनको जीवनी ग्रन्थमा लेखिएको छ। त्यसैगरी, आचार्य अतीश दीपंकर (सन् ९८२ – १०५५) का शिष्य यी लोचावाले भयारुङ खाश्योर भ्रमण गरेको देखिए पनि अतीश तथा अन्य भोटका लोचावाहरू यो स्तूपमा आएको वर्णन देखिदैन। उक्त समयताका नेपालमा आठ वर्ष बसेका धर्मस्वामीले बौद्ध स्तूपको बयान गरेका छैनन् । पन्ध्रौँ शताब्दीमा नेपाल आएका थाङ्तोन ग्याल्पोले यो स्तूपको भ्रमण गरेको कुरा चाहिँ उनको जीवनी ग्रन्थमा लेखिएको छ। तिब्बती समाजमा आठौँदेखि पन्ध्रौँ शताब्दीसम्म पनि बौद्ध स्तूपको प्रसंग व्यापक रूपमा उल्लेख भएको देखिदैन । सोह्रौँ शताब्दी पछि मात्र तिब्बती भाषाका नेपाल सम्बन्धित ग्रन्थहरूमा यसको व्यापक उल्लेख पाइन्छ ।( पराजुली, २०७४)

न्याङराल न्यीमा होसेरले १२ औं शताब्दीमा गुरू पद्मसंभवको जीवनी प्रकाशनमा ल्याएको दुई शताब्दीपछि मात्र १४औं शताब्दीका निधि प्रकाशक उर्गेन लिङ्पा (सन् १३२३-१३६०) को विश्वप्रसिद्ध गुरू पद्मसंभवकै जीवन वृतान्त उर्ग्येन लिङ्पाको *पेमा काथाङ शेल् ड्राग् मा* मा झ्यारुङ खास्योर लाई काठमाण्डौमै अबस्थित भएको उल्लेख गरिएको छ। यस ग्रन्थमा बौद्ध स्तूप निर्माण सम्पन्न भएपछि चार भाइहरूले गरेको प्राणीधान(प्रार्थना) अनुरूप गुरू पद्मसंभव, राजा ठिसोङ देउचेन, आचार्य संतरक्षिता र मन्त्री ठिशेरको जन्मसम्बन्धको वृतान्त रहेको छ। तसर्थ, बौद्ध स्तूपको तिब्बती सम्बन्ध १४औं शताब्दीदेखी मात्र सुरूवात भएको देखिन्छ। यहि समयमा तिब्बती सिद्ध र सेतु निर्माता थाङ् तोङ्ग्याल्पोले बौद्धस्तूपको भ्रमण गरेको र स्तूपमा उम्रिराखेको घाँस झारपातहरू उखेलेको ग्याल्पोले स्मरण गरेका थिए भन्ने भनाइ पाइन्छ।(बौद्ध महास्तूपको संक्षिप्त इतिहास,२०६४) त्यस पश्चात १६औं शताब्दीका निधि प्रकाशक योल्मोवा शाक्या साङ्पोले पूरा ग्रन्थ नै निधि (तेर्मा) को रूपमा निकालेको *छोर्तेन छेन्पो झ्यारूङ खाश्योर घी लोग्यु थोपे ढोल्वा (श्रुति मुक्ति नामक महान स्तूप भयारुङ खाश्योरको वृत्तान्त)*मा पेमा काथाङमा उल्लेखित गुरू पद्मसम्भव लगायतको बौद्ध स्तूपसंग सम्बन्धित पूर्वजन्मको प्रसंगलाई परिमार्जनसहित बौद्ध स्तूपको जीर्णद्वार सम्बन्धीको भविष्यवाणी लगायत अन्य विवरणहरू समावेश गरिएको छ। बौद्ध स्तूप निर्माण सम्बन्धि हिमाली बौद्ध समुदायमा प्रचलित जनश्रुतीहरू यीनै निधि ग्रन्थहरूमा आधारित रहेका पाइन्छन्।(पराजुली,२०७४)

उर्गेन लिङ्पाको विश्वप्रसिद्ध गुरू पद्मसंभवको जीवनी ग्रन्थ *पेमा काथाङ*को अन्ठाउन्नौँ अध्यायमा बोधिसत्व खेन्पोले राजा ठ्रिसोङ देउचेनलाई पद्मसम्भवको भविष्यवाणीबारे वर्णन गर्ने क्रममा बौद्ध स्तूप निर्माण र आफू स्वयम, राजा र पद्मसम्भवको पूर्वजन्मको सम्बन्धको बारेमा व्याख्या गर्दछन्। उनका अनुसार एक पटक, अवलोकितेश्वरले पोतालाको उचाइमा रहेको आफ्नो दरबारबाट दृष्टिगोचर गर्दा सम्पूर्ण प्राणीहरू विचारशून्य र पछि आगमन भएकाहरू उनीहरूभन्दा अघिकाहरू जत्तिकै निर्दयी देखे। संसारमा कहीँ भलाइ छैन भन्ने ज्ञात भएपछि उनले आँखाबाट दुई थोपा आँसु झारे र 'भविष्यका युगहरूमा यी दुई थोपा आँसुहरूले प्राणीहरूको उद्देश्यलाई सुनिश्चित गरून्!' भनी प्रतिज्ञा गरे र आफ्नो

औंलाले पुछे। यो प्रतिज्ञा देव लोकमा गरिएको कारण ती दुइ थोपा आँसु राजा इन्द्रको छोरी देवी गाङ्गा र गांङ्छुङ्को रूपमा जन्मिए। इन्द्रकी छोरी गङ्छुङ्ले दिव्य फूलहरू चोरेपछि दण्डस्वरूप मानव लोकमा उज्वल नामको कुखुरा पालककी छोरी साम्वरीको रूपमा जन्म लिइन्। उनले क्रमशः घोडा पालक, सुँगुर पालक, कुकुर पालक र कुखुरा पालकसँगको विवाहबाट चार छोरा जन्माइन र आफ्नो परिश्रमको फल जम्मा गरेर इ्यारूङ खास्योर (बौद्ध स्तूप, काठमाण्डौ) बनाउन सुरू गरिन्। स्तूप आधा बन्दै गर्दा, कलशलाई शीर्षमा राख्नु अघि नै उनको मृत्यु भयो र त्यहि समयमा उनले बुद्धत्व लाभ गरिन्। त्यसपछि चार भाइहरूको आमाले छोडेको अधुरो काम, चैत्यमा कलश स्थापना गरे र प्रत्येकले आफ्नो प्रणिधान (इच्छा) बनाए। जेठो, घोडा पालकको छोराले भूमिको गुरू र कालो टाउकेहरूको राजा हुने इच्छा व्यक्त गरेको हुनाले राजा ठ्रिसोङ देउचेनका रूपमा जन्म लिएको बताए। सुँगुर पालकको छोराले पुण्य र ज्ञान वाहकहरू र मायाकारहरूले ध्यान गरेर शुद्ध तन्त्रहरूद्वारा म आविर्भावद्वारा जन्मिएर देवता, प्रेत र मानिसलाई परिवर्तन गर्न सकुँ ! भनी इच्छा व्यक्त गरे अनुरूप पद्मसंभवको रूपमा जन्म लि । त्यसैगरी कुकुर पालकको छोरोले बुद्धको उपदेशको आधार, गुम्बाको एकजना प्रतिष्ठित सदस्य हुन सकुँ !भनी इच्छा व्यक्त गरे बमोजिम भिक्षु बोधिसत्वको रूपमा जन्मिएको बताए । र अन्त्यमा कुखुरा पालकको छोराले आफ्नो तीनै जना दाजुभाइहरूको लागि सन्देशवाहकको कार्यालयको कार्यभार लिन सकुँ ! भनी इच्छा व्यक्त गरेका कारण बा नामक ठाँउको यार्लुङको मन्त्री ठिशेरको रूपमा जन्म भयो। (Douglas & Bays, 1978,p.361-363)

सोह्रौँ शताब्दीका निधि प्रकाशक योल्मोवा शाक्या साङ्पोले निधि (तेर्मा) को रूपमा निकालेका ग्रन्थ *छोर्तेन छेन्पो इ्यारूङ खाश्योर घी लोग्यु थोपे ढोल्वा (श्रुति मुक्ति नामक महान स्तूप भयारुङ खाश्योरको वृत्तान्त)* मा *पेमा काथाङ* मा उल्लेखित कथालाई थप परिमार्जित र विस्तृत रूपमा व्याख्या गरिएको पाइन्छ। पाँच खण्डमा लेखीएको यस वृतान्तको पहिलो परिच्छेद बौद्ध स्तूपको निर्माण तथा प्रतिष्ठाको बारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ। यस परिच्छेदमा काठमाडौं उपत्यकामा अवस्थित ज्यारुङ खाश्योर अर्थात बौद्ध स्तूपको निर्माण र प्रतिष्ठासँग सम्बन्धित धार्मिक तथा ऐतिहासिक महत्वका घटनाहरू समावेश गरिएको छ। यो स्तूप बौद्ध धर्मको एक प्रमुख तीर्थस्थल हो भने यसको निर्माण काश्यप बुद्धको समयदेखि सम्बन्धित रहेको उल्लेख गरिएको छ। "महान स्तूप कश्यप बुद्धको समयमा निर्माण गरिएको थियो जब मानव जीवनको अवधि २०,००० वर्ष थियो र शुद्ध शिक्षा अझै पनि सम्पूर्ण मानवताले सुन्न सक्थे। बुद्ध शाक्यमुनिको जन्म मानव जीवन एक सय वर्ष हुँदा भएको थियो। उहाँले कलियुगको प्रारम्भिक चरणहरूमा रहने सिद्धान्त सिकाउनुभयो।"(Dowman & Mchog-Gyur-Gliṅ-Pa,1973,p.7) थेरावाद बौद्ध परम्पारा अनुसार सप्त तथागतमध्ये भद्र कल्पको तेस्रो बुद्ध काश्यप बुद्धको अवशेषहरूद्वारा बौद्ध स्तुप बनाइएको भन्ने किंवदन्ती पनि रहेको छ। ईसापूर्व पहिलो र दोस्रो शताब्दीमा लेखिएको मानिने पाली बौद्ध धर्मग्रन्थ *बुद्धवंश* को अध्याय २४ मा काश्यप बुद्धको जीवनी वर्णन गरिएको छ। थेरवाद बौद्ध परम्परा अनुसार, काश्यप बुद्ध उनन्तीस नामित बुद्धहरू मध्ये सत्ताइसौं, पौराणिक कालका सप्त तथागत मध्ये छैटौं तथागत बुद्ध हुन्। वर्तमान कल्प जसलाई महाभद्रकल्प (महान शुभ युग) भनिन्छ, यस कल्पका पाँच बुद्धहरू मध्ये तेस्रो हुन्। वर्तमान कल्पका पाँच बुद्धहरू क्रकोछन्द (भद्रकल्पका पहिलो बुद्ध), कनकमुनी (भद्रकल्पका दोस्रो बुद्ध), काश्यप (भद्रकल्पका तेस्रो बुद्ध), गौतम (भद्रकल्पका चौथो र वर्तमान बुद्ध), मैत्रेय (भद्रकल्पका पाँचौं र भविष्यका बुद्ध) हुन्। (Dhakal, 2019) यस ग्रन्थमा उल्लेख गरिएको मघुता देश बाह्रौं शतब्दीमा

न्याङराल न्यीमा होसेरद्वारा लिखित गुरु पद्मसंभवको जीवनी ग्रन्थ *साङ्लीङ्गा* (ताम्रद्वीप)मा उल्लेखित मगध देशको परिमार्जित रूप रहेको आकलन गर्न सकिन्छ। यो ग्रन्थभन्दा अगाडी प्रकाशित उर्गेन लिङ्पाको गुरू पद्मसंभवको जीवनी ग्रन्थ *पेमा काथाङ*मा झ्यारूङ खस्योरलाई नेपालमा अवस्थित रहेको विवरण छ।

कथा अनुसार काठमाडौंको मघुता क्षेत्रमा बसोबास गर्ने सुखोत्तमादेवी (दे छयोगमा) नामकी एक गरिब कुखुरा पाल्ने आइमाईले आफ्ना चार छोराहरूलाई हुर्काएर बचत गरेको धनले यो स्तूप बनाउने प्रण गरिन्। उनले राजासँग अनुमति लिई आफ्ना छोराहरूको सहयोगमा स्तूप निर्माण गर्न थालिन्। तर, स्थानीय धनीमानी, साहुमाहाजनले गरिब आइमाईले यस्तो ठूलो स्तूप बनाउन पाउँदा आफ्नो सामाजिक प्रतिष्ठा हानि हुने भन्दै विरोध गरे। यद्यपि, राजाले आफ्नो अनुमति फिर्ता नलिँदै स्तूप निर्माण जारी राख्न आदेश दिए। सुखोत्तमादेवीको मृत्युपछि उनका छोराहरूले निर्माण कार्य पूरा गरेर काश्यप बुद्धका अवशेष स्तूपमा प्रतिष्ठापन गरेको प्रशंग रहेको छ। उक्त परिच्छेदको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ।

अनगिन्ती कल्पहरू अघि, बोधिसत्त्व अवलोकितेश्वरले तथागत अमिताभ बुद्धको समक्ष एक महान् प्रतिज्ञा गर्नुभयो— "म सम्पूर्ण प्राणीहरूलाई संसारिक दुःख, पीडा र मोहको समुद्रबाट मुक्त पार्नेछु। यदि म यो कार्य पूरा गर्न असमर्थ भएँ भने, मेरो टाउको हजार टुक्रामा विभाजित होस् र म आफ्नो जीवन त्यागुँ।" यो महान् प्रणिधान पछिको अनगिन्ती कालखण्डमा उहाँले अनगिन्ती जीवहरूलाई उद्धार गर्नुभयो। जब उहाँ पोताला पर्वतको शिखरमा पुग्नुभयो, उहाँलाई लाग्यो—"अब सायद संसारमा उद्धार गर्न बाँकी कोही छैन। तर, जब उहाँले पुनः संसारको छ दृष्टिकोणले अवलोकन गर्नुभयो, उहाँले देख्नुभयो कि प्राणीहरू अझै पनि अज्ञान, तृष्णामा बाँधिएका छन्। यो देखेर उहाँको हृदय पुनः भरियो र दुःखले उहाँका आँखाबाट दुइ थोपा आँसु खस्न पुगे। ती आँसुका थोपाहरूलाई औंलाले समात्दै, उहाँले फेरि एउटा करुणापूर्ण प्रण गर्नभयो, "यी दुई थोपाले पनि प्राणीहरूको कल्याण गरून्, उनीहरूलाई मुक्ति दिन सकून्। यो अन्तिम करुणा–वाणीबाट देवलोकमा राजा देवेन्द्रका दुइ छोरीहरूका रूपमा गङ्गा र गङ्छुङ्गा जन्मिए। तर अवलोकितेश्वरको प्रारम्भिक प्रतिज्ञा अधूरो रहेछ भन्ने महसुस भएपछि, उहाँले भन्नुभयो, "यदि मैले आफ्नो प्रतिज्ञा पूरा गर्न सकिन भने, मेरो टाउको चारैतिर चिरिएर फुटोस्।" त्यसै बमोजिम उहाँको शिर चिरिँदै नौ भागमा विभाजित हुन पुग्यो। त्यही क्षण, तथागत अमिताभ बुद्ध प्रकट भई सम्झाउनुभयो र अवलोकितेश्वरलाई हजार हात र हजार नेत्रहरूको वरदान दिनुभयो । यसले उहाँलाई एकैपटक चारैतिर फैलिएर सबै प्राणीहरूको उद्धार गर्न सक्ने शक्ति प्रदान गर्‍यो। त्यसैबेला अमिताभ बुद्ध स्वयं बोधिसत्त्वको शिरमा विराजमान भए।

स्वर्गलोकका राजा देवेन्द्रकी कान्छी छोरी गङ्छुङ्गाले एक दिन आफ्नै दिदीको फूल चोरेर देवताको नियम उल्लंघन गरिन्। त्यस कार्यको परिणामस्वरूप उनलाई स्वर्गबाट मानव लोकमा खसालियो। मानव जन्ममा उनी काश्यप बुद्धको समयको नेपाल क्षेत्रको मगुता नामक स्थानमा एउटा सामान्य परिवारमा जन्मिइन्। आफ्नो जीवनयापनका लागि उनले लामो समयसम्म कुखुरा चराउने (गोठाल्नी) काम गरिरहिन्। समय बित्दै जाँदा, उनले चार जना पुरुषसँग विवाह गरिन्। ती सबै जनाको पेशा अलग–अलग थियो: घोडा गोठालोबाट जन्मिएको छोरा — तजीयिबु, सुंगुर गोठालोबाट जन्मिएको छोरा — फगजीयिबु, कुकुर गोठालोबाट जन्मिएको छोरा — ख्यीजीयिबु, कुखुरा गोठालोबाट जन्मिएको छोरा — ज्यजीयिबु। यसरी चारवटा फरक फरक पेशाका श्रीमानहरूसँग उनको १-१ गरि चार जना छोराहरु जन्मिए।

जब आमा देछोग (झ्याजिमा देछोग) का चारै छोराहरू हुर्केर आ–आफ्नो घरबारमा लागे, उनले जीवनभरको कमाइबाट केही सम्पत्ति जोगाएकी थिइन्। अब आफ्नालागि केही चाहिएन। त्यसैले उनले बचेको सम्पत्ति धर्मकर्ममा लगाउने सोच बनाइन्। उनको मनमा सम्पूर्ण प्राणीहरूको कल्याणको लागि एक पवित्र स्तूप निर्माण गर्ने महान् संकल्प जाग्यो।

यस कार्यका लागि उनले राजदरबार पुगेर राजासँग बिन्ती गरिन्—"मलाई एक छालाले ढाकिने बराबरको जमिन दिनुहोस्, जहाँ म स्तूप निर्माण गर्न सकूँ।" राजाले सानो टुक्रो छाला देखेर सहर्ष अनुमति दिनुभयो। तर देछोगले त्यो छालालाई सानो डोरीजस्तै लामो टुक्रामा काटेर, गोलो आकारमा चारैतिर फैलाईन्। यसरी सानो देखिने छालाले ठूलो क्षेत्र ओगट्यो। त्यसपछि छोराहरूको साथमा उनले स्तूपको निर्माण कार्य सुरु गरिन्। जब राजा दरबारबाट हेर्दै गर्दा स्तूप ठुलो जमिनमा फैलिएको देख्नुभयो, उहाँले आश्चर्यचकित भएर देछोगलाई बोलाउनुभयो। देछोगले सम्पूर्ण सत्य बिस्तारमा सुनाइन्। यो सुनेर सबै उपस्थित स्तब्ध भए, तर राजा आफ्ना वचनबाट पछि हट्न सक्दैनथे। त्यसैले उनले स्तूप निर्माणलाई निरन्तरता दिन लगाए। यस महान कार्यमा केवल देछोग र उनका छोरा मात्र नभई, गधा, हात्ती, र अन्य पशुहरू समेत ढुंगा, माटो, इँटा ओसारपसारमा जुटेका थिए। चार वर्षसम्म लगातार परिश्रम गरेपछि स्तूपको चौथो तह (तल्ला) निर्माण सम्पन्न भयो। त्यसबेला आमा देछोगले संसार त्याग गरिन्। मृत्युपूर्व, उनले चारैजना छोराहरूलाई अन्तिममा भनिन्: तिमीहरुले स्तूपको निर्माण सम्पन्न गरि स्तूपभित्र तथागत काश्यप बुद्धको शरीर धातु राखी प्राणप्रतिष्ठा गरेमा मेरो र समस्त बुद्धको मनोशाय पूरा भई तिमीहरुको पनि यस लोक र परलोक दुवै अर्थपूर्ण रहने बताइन्। छोराहरूले तीन वर्ष प्रयास गरी सात वर्षमा स्तूप निर्माण सम्पन्न गरे। त्यसबेला आकाशबाट बाजा गुन्जियो,  फूल वर्षा भयो, इन्द्रेणीका रङ्ग चम्किए। ती शुभ संकेतहरूबीच आमा देछोगले 'समय-देवी प्रमोह' रूपमा बुद्धत्व प्राप्त गर्नुभयो।

आमा देछोगको मृत्यु पछि उनका चार छोराहरूले एक आपसमा सल्लाह गरे। उनीहरूले स्मरण गरे—"हाम्रो आमा त सामान्य कुखुरा गोठाल्नी थिइन्, तर उनले हामी चार जना छुट्टाछुट्टै बुवाबाट जन्मिएका छोराहरूलाई सुसंस्कार दिएर, अंशबन्डा मिलाई, बाँकी सम्पत्तिबाट यस्तो अपूर्व र दुर्लभ स्तूप निर्माण गरिन्, जुन सम्पूर्ण जम्बुद्वीपमै अनुपम छ।" त्यसैले, आमा प्रती कृतज्ञता प्रकट गर्दै, उनीहरूले निर्णय गरे—"अब हाम्रो कर्तव्य छ, यस स्तूपको पूर्ण प्रतिष्ठा गर्नु।" त्यसपछि, पहिलेझैं, नोकरहरूको सहयोगमा हात्ती र गधाको प्रयोग गरी पुनः काम अघि बढाइयो। स्तूप निर्माण सुरु गरेको सातौं वर्षमा, अन्ततः चैत्य पूर्णरूपमा तयार भयो। त्यसपछि उनीहरूले तथागत काश्यप बुद्धको शरीरधातु मगधबाट मगाई एक द्रोण र अक्ष (स्रोग-शिङ) मा राखी पूजा–अर्चना गरी प्रतिष्ठा आरम्भ गरे। फूल अर्पण गर्दै पूजा सुरु भएको क्षणदेखि नै दिव्य घटनाहरू घट्न थाले:आकाशमा स्वयं काश्यप तथागत आफ्नो परिवारसहित प्रकट भए, अरू पाँच गोत्रका तथागतहरू र तीन गोत्रनाथहरू, साथमा शान्त–क्रोध रूपका देवगणहरू पनि प्रकट भए। आकाशबाट पुष्प वर्षा, दिव्य बाजा बज्न थाल्यो, र सबै दिशामा सुगन्धित धूपको सुवास फैलियो, पृथ्वी हल्लिन थाल्यो र बुद्ध गणको शरीरबाट अनन्त ज्ञानको ज्योति विकीरण हुन थाल्यो। पाँच दिनसम्म दिन–रातको भेद हरायो, चारै तिर अद्भुत प्रकाशमय वातावरण छायो। बुद्ध र बोधिसत्त्वहरूको यो ज्ञान–प्रकाशको तेज त्यस स्तूप भित्रको सुरूङसम्म पस्दा, यसलाई पछि "साङ्गे थाम्जे दुइवे छ्योर्तेन्" भनेर चिनिन थालियो, जसको अर्थ हुन्छ—"सबै तर्फ ज्ञान फैलिने, दुर्लभ एवं अत्यन्त शक्तिशाली स्तूप।" यस घटनाको बर्णन गरिएको ग्रन्थको दोस्रो अध्यायमा, स्तूप प्रतिष्ठाको बेला गरिएका विभिन्न प्रणिधानहरू (प्रार्थनाहरू) पनि उल्लेख गरिएको छ। जसमा, देछोगका चार छोराहरू र निर्माणमा योगदान गर्ने अरू सबैले आ–आफ्ना मनोकांक्षा

अनुरूप बिन्ती गरे। बुद्ध र बोधिसत्त्वहरूले यस स्तूपलाई "सर्वबुद्धात्मक स्तूप" घोषणा गर्दै आशीर्वाद दिए कि— यहाँ गरिएका सबै सच्चा प्रणिधानहरू अवश्य पूरा हुनेछन्। त्यही अनुसार, सबै सहभागीहरूले गरेका सच्चा प्रणिधानहरू भविष्यमा साकार भए। यही पुण्यले स्तूपलाई एक अद्वितीय, शक्तिशाली र सम्पूर्ण बुद्धहरूको प्रतिनिधि चैत्य बनाएको हो।

स्तूप निर्माण सम्पन्न भएपछि, अनन्त बुद्ध र बोधिसत्त्वहरू एकैसाथ प्रकट भई बोले, हे सौभाग्यशाली कुलपुत्रहरू! तिमीहरूले अत्यन्त पवित्र चित्त (अधिचित्त विशुद्धि) द्वारा त्रिकालका सबै बुद्धहरूको अद्वितीय धर्मकाय स्वरूप बोकेको यो उत्तम स्तूप निर्माण गरेकाले अब तिमीहरूले जे–जस्ता शुभ प्रणिधान गऱ्यौ भने ती सबै पूर्णरूपमा साकार हुनेछन्। त्यसै अनुरूप, चारै छोराहरूले सल्लाह गरी आ–आफ्ना गहन प्रणिधान गरे।

आमाको पुण्य कर्मको आधारमा मैले स्तूपमा कुम्भ स्थापना गरेकाले, भविष्यमा जहाँ हिमाली पहाड र हिउँले भरिएको देश हुनेछ, जहाँ वर्षायाममा जलपंक्षीहरूको डुबान हुनेछ र हिउँदमा हिमले ढाकिने मैदानहरू हुनेछन् — त्यहीँ बुद्ध शाक्यमुनिको शासनकालमा म जन्म लिऊँ। त्यहीँ बोधिसत्त्व अवलोकितेश्वरको विनय क्षेत्र बन्ने भविष्यवाणी पूरा गर्दै म धर्मको स्थापना गर्ने धर्मपाल सम्राट बन्न पाऊँ।" भनी गरेको प्रणिधानको फलस्वरूप तिब्बतमा राजा ठिचेन देवचेन को रूपमा जन्म लिए।

जेठा दाजुले धर्म स्थापना गर्नुहुने छ। त्यसका लागि संघ (संघीय समुदाय) को स्थापना आवश्यक हुने हुँदा म एक परम भिक्षुका रूपमा जन्म लिऊँ। सम्पूर्ण संघलाई प्रव्रजित गराउने 'महोपाध्याय' बनूँ।" भनी फगजीयिबुले गरेको प्राणिधानको फलस्वरूप महान विद्वान शान्तारक्षित (खेन्पो बोधिसत्त्व) को रूपमा जन्म भए।

साइलो ख्यीजीयिबुले दाजुहरूले धर्मको स्थापना र संरक्षण गर्दा म कुनै गर्भबाट नभई, कमलको फूलबाट चमत्कारी रूपमा जन्म लिऊँ। मेरो आयु सूर्य–चन्द्र जस्तै अमर होस्, र म देव, मानव तथा पिशाचहरूको दमन गर्ने शक्तिशाली तान्त्रिक गुरुको रूपमा जन्म लिऊँ।" भनी गरेको प्राणीधानको फलस्वरूप गुरु पद्मसम्भव (गुरु रिन्पोछे) को रूपमा कास्मिर दक्षिणपश्चिमको दूध कुण्डमा अवतरित भए।

कान्छो भाइले दाजुहरूका पुनर्जन्म फरक–फरक स्थानमा हुने हुँदा, म तिनलाई एकसाथ भेट गराउने दूतको रूपमा जन्म लिऊँ।"भनी प्राणीधान गरेको फलस्वरूप तिब्बतमा मन्त्री भामिटिसी को रूपमा जन्म भए।

तर स्तूप निर्माणमा ईंटा, माटो र ढुङ्गा बोक्ने पशुहरू (हात्ती, गधा) भने असन्तुष्ट भए। हात्तीले गुनासो गर्दै भने—"हामीले धेरै श्रम गऱ्यौं तर कुनै प्रणिधानमा हामीको नाम छैन! त्यसैले, हामी धर्मको विनाश गराउने पात्रका रूपमा जन्म लिऊँ।" फलस्वरूप, तिब्बतमा धर्म नष्ट गर्ने राजा लाङधर्म को रूपमा जन्म भए। गधाले पनि त्यही भावना बोकेर, "मन्त्रीको रूपमा जन्मिएर धर्म नष्ट गर्न पाऊँ," भनी प्रणिधान गरे। फलस्वरूप धुईलोन मस्यात थोम्वे को रूपमा जन्म लिए। यी नकारात्मक प्रणिधानहरू एक कागले सुने। कागले ती शब्दहरू सुनी, "म यी धर्मनाशक पात्रहरूलाई नष्ट गर्न सक्ने शक्तिशाली मन्त्रीको रूपमा जन्म लिऊँ," भनी प्रणिधान गरे।फलस्वरूप लालाङ पाल्दोर, मन्त्री धुईलोनको भाइको रूपमा जन्म लिए। त्यस्तै, धर्मको रक्षा गर्न पशु गोठालाहरूले पनि प्रणिधान गरे। फलस्वरूप छयोलेन गोही पेमाचेन को रूपमा पुनर्जन्म भए।धर्म लेखन र संरक्षणको लागि विशेष जन्म छोङपुर च्यान र सरमे नाम गरेका दुई ब्राह्मणले स्तूपमा प्रार्थना

गरे—"हामीले धर्म ग्रन्थ लेख्न पाऊँ" भनेर। फलस्वरूप उनीहरू कावापाल्चेक र लुईग्याल्छेन को रूपमा जन्मिएर काङग्युर लेखनमा संलग्न भए। त्यस क्रममा नेपालका दुई राजकुमारीहरूले पनि प्रार्थना गरिन्—"हामी धर्मको सेवा गरौँ" भनेर। तिनले तिब्बतमा देनमा चेमाङ र लेजिक डिमा को रूपमा जन्म लिएर धेरै धार्मिक पुस्तकहरू लेखे। (परिशिष्ट १)

हेनरी एम्ब्रोस ओल्डफिल्डले सन् १८८० मा प्रकाशित गरेको पुस्तक *स्केच फ्रम नेपाल* मा बौद्ध स्तूप निर्माणको कुनै तथ्यगत प्रमाण नभएपनि चिहानमाथि बनेको र स्तूपको गर्भगृहमा तिब्बती लामा खासाको अस्तिधातु र खरानी राखेर स्तूप निर्माण गरीएको विश्वास रहेको उल्लेख गरेका छन्। ल्हासाबाट तिर्थाटनका लागि नेपाल आएका खासा नाम भएका तिब्बती लामाको नेपालमै मृत्यु भएको र उनलाई यहि स्थानमा गाढिएको वा जलाइएको थियो। (Oldfield,1880/2005, p.261)

फ्राँन्सेली विद्वान सिल्भाँ लेभीद्वारा लिखित पुस्तक *नेपाल* 'दोस्रो खण्ड' मा काठमाडौं उपत्यकाका स्मारकहरूको परिचय दिने क्रममा बौद्धस्तूपको पनि चर्चा गरेको छ जुन तत्कालीन समयको स्थानीय समुदायमा प्रचलित जनश्रुतीहरूमा आधारित रहेको देखिन्छ। उनी सन् १८९५ मा नेपाल आएर तत्कालीन समाजको अध्ययन गरेका थिए। उनले तिब्बती समुदायमा प्रचलित तेर्माको वृतान्तलाई यहाँ फरक ढंगमा प्रस्तुत गरेका छन्। जस अनुसार बौद्ध निर्माण पश्चात गरिएको प्राणीधान स्वरूप एक छोरा तिब्बतमा थोनमि सम्भोटाको रूपमा जन्म लिएको, अर्को छोरा सन्तरक्षिता रहेको उल्लेख छ। साथै, निर्माण कार्यमा सामग्री बोकेको हात्तीले आफ्ना लागि कुनै प्राणीधान नगरेको आक्रोशमा बदलभावसहित लाङधार्माको रूपमा जन्म लिएका र अन्य तीन छोराहरू लाङधार्माको संहरकको रूपमा जन्म लिए भन्ने कथन छ। अवलोकितेश्वरको आँखाबाट खसेको दुई थोपा आँसुबाट स्वर्गमा दिदीबहिनीको जन्म भएको र बहिनीले स्वर्गको फूल चोरे पश्चात दण्डस्वरूप पृथ्वीस्थित नेपालको सुँगुरपालकको घरमा जन्मिएकी थिइन। ठूली भएपछि उनले विवाह गरिन र हाँस पालनबाट मनग्य आम्दानी गरिन। धनसम्पत्ती कमाइसकेपछि उनले पुण्य कमाउन चैत्य निर्माण गर्ने सोच बनाइन र राजाला छालाले ढाक्ने जत्ति जमिन मागिन। राजाले सहमति जनाएपछि छालालाइ मसिनो गरी काटिन् र लामो डोरी बनाइ ठूलो क्षेत्रफल रेखांकन गरे। यस कार्यबाट आत्तिएका मन्त्रीहरूले काम रोक्न राजासमक्ष बिन्ति गर्दा राजाले वचन दिइसकेको हुदाँ रोक्न नमिल्ने बताए। स्तूप निर्माण सम्पन्न हुनु अगावै आमाको मृत्यु भएपछि छोराहरूले निर्माण कार्यलाई पूर्णता दिए र उनीहरूले कश्यप बुद्धको अस्तिधातु राखी स्तूप निर्माण गरेका थिए।(Levi,1990, pp.36-37)

## ३. पश्चिम भेगको तामाङ जनश्रुति

बौद्ध स्तूप निर्माण सम्बन्धी काठमाडौं उपत्यकाको पश्चिम भेग विशेषत तामाङ बाहुल्य नुवाकोट, रसुवा, धादिङ लगायतको क्षेत्रमा प्रचलित किंबदन्ती अनुसार बौद्ध स्तूप निर्माणकर्ता झ्याजिमालाई तामाङ समुदायको प्रमुख कुलदेवता मध्ये एक झ्याङ्सारको छोरीको रूपमा चित्रण गरिएको छ र बौद्ध निर्माण उनै झ्याङ्सारको योजना अनुसार नै भएको किंवदन्ती रहको छ। यहाँ विस्तृत रूपमा नुवकोटका विरध्वज तामाङले सुनाउनु भएको बौद्ध निर्माण सम्बन्धि काठमाडौं उपत्यका पश्चिम तामाङ समुदयामा प्रचलित किंवदन्ती प्रस्तुत गरिएको छ।

झ्याङसार (तामाङ समुदाय विशेषत थिङ लगायतको प्रमुख कुलदेवता) देवलाई फुल अर्पण गर्न छोरीहरू झ्याज्युरमु र इज्युरमु (दिदीबहिनी), देवलोकबाट मानव लोकमा आउँनुभयो। दिदी झ्याज्युरमुले अग्लो रूख चढ्दै राम्रोराम्रो फक्रेको

फुलहरू टिप्नुभयो भने बहिनी इज्युरमुले फुलको कोपिला मात्र टिप्नुभयो। दुवैले आफुले टिपेको फुलहरू छुट्टाछुट्टै टोकरीमा राख्नुभयो। देउतालाई फक्रेको फुल चढाउन नहुने, माथि देवलोकमा पुग्दा सम्म फुल ओइलिसक्ने, फक्रेको फुलमा रस नहुने, किराफट्यांग्रको जुठो हुने मान्यता अनुसार झ्याङसार देवलाई फुलको कोपिला मात्र चढाइन्छ। दिदीबहिनी देवलोक फर्किने क्रममा माथि जाँदै गर्दा बहिनी इज्युर्मुले टिपेको फुलहरू फक्रिदै आयो भने दिदी झ्याज्युर्मु टिपेको फुलहरू ओइलाउदैँ जान थाल्यो। आफूले टिपेका फुलहरू ओइलाउदैँ जान थालेपछि दिदी झ्याज्युर्मुले बहीनीको फुल साट्न बहिनी इज्युर्मुलाई एकछिन कपालमा जुम्रा हेरौ भन्नुभयो। बहिनी इज्युर्मुले दिदिको झ्याज्युर्मुको कपालमा जुम्रा हेर्दै गरेको मौका छोपि दिदीले आफ्नो फूलको टोकरी बहिनीको टोकरीसँग साट्नुभयो। त्यसपछि दिदी झ्याज्युर्मुले अब उडेर जाऔँ भन्दा दिदी झ्याज्युर्मुले फूलको टोकरी साटेर गरेको पापको फल स्वरूप बहिनी इज्युर्मु मात्र उडेर देवलोक फर्किनुभयो, दिदी झ्याज्युर्मु देवलोक फर्किन सक्नुभएन। आफ्नो जेठी छोरी देवलोक फर्किन नसकेपछि झ्याङसारले उपाय स्वरूप छोरीलाई मानव लोकको कल्याणको लागि माने निर्माण गर्न सके पापबाट मुक्त हुने तथा देवलोकमा पुन फर्किन सकिने आकाशवाणी गर्नुभयो। त्यसपछि झ्याङसारले योजना मुताबिक छोरीको विवाह क्रमशः झ्या छवै (कुखुरा पालक), ता छवै (घोड पालक), खि छवै (सुंगुर पालक), लाङ छावै (गाइ पालक) गराइ प्रत्येक श्रीमानबाट एक एक छोराहरूको जन्म भयो, झ्या छवैबु, ता छवैबु, खि छवैबु र लाङ छवैबु। माने निर्माण गर्न चार छोरहरूले तात्कालिन राजालाई जमिन माग्दा, हुन्छ कति चाहिन्छ भनि सोध्नुभयो। जवाफमा उनीहरूले भैँसीको छाला बराबरको जमिन दिए पुग्छ भनी विन्ती बिसाउदाँ राजाले हुन्छ भन्नुभयो। यसरी राजाको वचन अर्थात खा स्योरजि (तामाङ) फुस्कियो। त्यसपछि ती चार छोरहरूले रातभर भैँसीको छाला काट्दै लामो डोरी बनाएर राजाको सामु ल्याउनुभयो र त्यहि डोरीको लम्बाइ अनुसार बौद्ध निर्माणका लागि जग्गा प्राप्त गर्नुभयो। निर्माण कार्य गर्न सामग्री बोक्नका लागि चार छोरहरूले लाङधार्मोलाई भन्नुभयो र लाङधार्मोले हुन्छ भनी सम्पूर्ण निर्माण सामग्री माटो, ढुङ्गा बोक्ने तथा चार भाइछोरले निर्माण गर्नुभयो। झ्या ल्हो (चरा वर्ग) बाट निर्माण कार्य सुरू भएको बौद्ध स्तूप अर्को झ्यालोमा मात्र समापन भयो। १२ वर्षमा सम्पन्न भएको माने आमा झ्याज्युर्मुको मुक्तिको लागि चार भाइछोराले निर्माण गरेको हो। माने निर्माण कार्य बीच खण्डमा पुग्दा आमा झ्याज्युर्मु साङ्घेवा अर्थात मोक्ष प्राप्त गर्नुभयो र देवलोक फर्किनुभयो। तर बौद्धको गजुर राख्ने बेलामा गजुर राख्नु अगावै भाले बाँसे पुन आमा झ्याज्युर्मुलाई मोक्ष प्राप्त नहुने र मानव लोकमा नै फर्किनुपर्ने भएको कारण चार भाइछोराले चाँडोचाडो भुम्बा (गजुर) राख्ने बेलामा गजुर अलि ढल्किएको हो। यसरी बौद्ध निर्माण कार्य सम्पन्न भएको प्रसंग सम्बन्धित गाँउमा प्रचलित गीत यस्तो छ, *''झ्याज्युरमुथेन इज्युरमुसे स्हेङबाला झ्यारूङ खास्योरला छेला भुम्बा ह्युरमुल, ए देन ङाला तिगामुला ? ''( झ्याज्युरमु र इज्युरमुले निर्माण गर्नुभएको झ्यारूङ खास्योरको टुप्पोको कलश ढल्केको छ, तिमी र मेरो के छ?)*

''झ्याज्युरमुको मोक्षको लागि निर्माण गरिएको, झ्या ल्होबाट सुरू भएर झ्या ल्होमै सम्पन्न भएको तथा राजाको खा स्योरबा (वचन फुस्किएको) कारण झ्यारोङ खस्योर भनिएको हो।''

आमा झ्याज्युर्मुलाई मोक्ष प्राप्त पश्चात चार भाइछोरा पनि मोक्षको मार्ग रोज्ने क्रममा जेठो छोरा उत्तर दिशामा, माइलो छोरो पूर्व, साइला पश्चिममा प्रस्थान गरेपछि, कान्छो भाइले अरू दाजुहरू राम्रो दिशामा प्रस्थान गरेपछि म कहाँ जाने भन्ने प्रश्न गर्दा दाजुहरूले दक्षिण दिशामा घ्यागार ह्युल (मधेस)मा महापण्डितको रूपमा जन्म दिनेछौ भनी अशीर्वाद

दिनुभयो। यसरी ठूला विद्वान र पण्डितहरू तल अर्थात भारतवर्ष तिरै हुन्छन्। यसरी चार भाइछोर मोक्ष प्राप्त गरेपनि बौद्ध निर्माणमा भूमिका खेल्ने लाङधार्मोले आफूले पनि चार भाइ जत्तिकै दुःख गरेको तर मोक्ष प्राप्त नभएको रिसले दिनको एक जना मान्छेलाई खान थाल्नुभयो। त्यसैक्रममा एकदिन दुई जिउकी गर्भवती महिलाको पालो पर्यो। खानुअघि लाङधर्मोले ती गर्भवती महिलालाई जुम्रा हेर्न लगाउनु भयो, जुम्रा हेर्ने क्रममा गर्भवती महिला रून थालिन र आँसु खसेको देखेपछि किन रोएको भनी सोध्दा महिलाले तपाईको वचन अनुसार दिनको एक जना मात्र खाने हो तर मेरो शरीरमा त अर्को ज्यान पनि छ भन्दा, म तिमीलाई आज खान्न कसैलाई नभन्नु भनी छोडिदिनुभएछ। कसैलाई नभन्नु भनेको कुरा ती महिलाले धर्ती मातालाई माटो खनेर प्वालमा मुख छोपेर सुनाएछ। धर्ती मातालाई सुनाए पश्चात धर्तीबाट "लाङधार्मोले मान्छे खायो, लाङधार्मोले मान्छे छोड्यो" भन्ने आवाजले जमिन नै डगमगायो र माथि देवलोकसम्म थर्कियो। पछि गुरू रिम्बोर्छेले अवतार ग्रहण गरी लाङधार्मोसँग युद्द गर्नुभयो तर कुनै हालतमा पनि लाङधार्मोलाई हराउन सक्नुभएन। केहि उपाय नलागेपछि गुरू रेम्बोर्छेले अब बिना कुनै हतियार लडौ भनेपछि लाङधार्मो बिना हतियार लड्न तयार भए तर गुरू रेम्बोर्छेले भने छल गरेर लामो कपडामा धनुकाँड लुकाएर राख्नुभयो र लाङधर्मोले आँखा चिम्लेको मौका छोपेर धनुकाँड प्रहार गर्नुभयो र लाङधर्मोलाई मार्नुभयो। त्यसपछि लाङधार्मोको खप्परको कचौरा, रगतको निङ्गार (जाँड), मेरूदण्डको छयाङ्दे (परम्परागत टेबल) बनाउनुभयो। यहाँ उल्लेखित गुरू रेम्बोर्छे ८ औ शताव्दीको गुरू पद्मसम्भव नभइ त्यो भन्दा धेरै अगाडिको हो।  त्यसपछि वहाँ अन्तरध्यान हुनुभएको हो। हालको गुरू पद्मसम्भव होइन।

## ४. नेवारी समुदायमा प्रचलित श्रुती परम्परा

काठमाडौँ उपत्यका विशेषगरी नेवारी समुदायमा बौद्ध स्तूपलाई खस्ती चैत्यको रूपमा लिने गरिन्छ। नेवारी शब्द 'खासु'को अर्थ शीत हो भने 'ती'को अर्थ निचरेर आएको पानी हो। यसरी खासुती अर्थात शीतको पानी संकलन गरी बनाएको चैत्य भएर खास्ती चैत्य नामाकरण भएको हो, अपभ्रम्स भएर खास्ती भएको हो मान्यता रहेको देखिन्छ। नेवारी किंवदन्तीहरूको पनि विभिन्न सँस्करणहरू उपलब्ध छन्। सामान्यत ती कथाहरूमा लिच्छवीकालीन राजाले राज्यमा आएको संकट समाधान गर्न आफू स्वयम् बली दिन तयार भई आफ्नो छोरालाई आदेश दिएको तर बली दिने व्यक्ति स्वयम आफ्नै बुबा भएको थाहा पाएर पितृहत्याको महापापबाट मुक्ति पाँउन साखुँस्थित बज्रयोगिनी देवीको शरणमा विलाप गर्दा बज्रयोगिनी देवीले पितृहत्याबाट मुक्ति पाउन चैत्य निर्माण गर्न दिइएको निर्देशन अनुसार चैत्य निर्माण गरिएको तर निर्माण गर्ने समयमा बाह्र बर्षसम्म खडेरी परेपछि रातभरि फिजाइराखेको कपडामा जम्मा भएको शीत निचोरेर आएको पानीले निर्माण सम्पन्न गरेको कथन छ।  केइथ डाउमेनद्वारा लिखित *The Great Stupa of Boudhanath* मा यस प्रकारको नेवारी समुदायमा प्रचलित किंवदन्ती बर्णन गरिएको छ। लिच्छवि वंशका प्रथम राजा विक्रमाजितको शासन कालमा (करिब ४ औँ शताब्दी), नारायण हिटी( काठमाडौँ स्थित राजदरबारको पुरानो गेट अगाडिको ढुङ्गेधारा) सुख्खा भएपछि सम्पूर्ण राज्यमा पानीको हाहाकार भयो। राजाले ब्राम्हण ज्योतिषीहरूसँग समस्या समाधानको लागि परामर्श गर्दा भगवानलाई बत्तीस लक्ष्यणयुक्त मानिसको नरबली दिए मात्र राज्यमा पानी पर्छ भन्ने सुझाव दिए। राजाले सम्पूर्ण राज्यभर खोज्दा स्वयम् आफू र आफ्नो छोरो मात्र बत्तिस लक्ष्यणयुक्त रहेको पत्ता लाएपछि आफैँ बली चढ्ने

मनसायले छोरलाई औँसीको चकमन्न मध्यरातमा नारायणहिटीमा सुतिरहेको कपडाले छोपिएको स्वरूपको टाउको छिनाउनु भनी आदेश दिए। बुबाको आदेश अनुरूप छोरा मानदेवले कार्य गर्दा लाशबाट आफ्नै बुबाको टाउको निस्केर पूर्व दिशातिर उडेको देखे। उडेर गएको टाउको साँखुस्थित  बज्रयोगिनी मन्दिरमा पुगेको थाहा पाए। बज्रयोगिनी माता स्वयमले उनलाई पितृहत्याको दोशबाट मुक्त पाउन कुखुरा उडाउन र जहाँ कुखुरा बस्छ त्यहि स्तूप निर्माण गर्न आदेश दिनुभयो। स्तुप निर्माणको क्रममा बाह्र बर्ष पानी परेन, पानीको आवश्यकता परिपूर्ती गर्न कपडाहरू फिजाँउने र रातीको सीतले भिजेपछि निचोरेर जम्मा भएको पानीले काम सन्चालन गरिएको थियो। निर्माणको क्रममा हरेक दिन इट्टाहरू बनाएर राख्यो भोलिपल्ट सुँगुरहरूले भत्काएर दुःख दिएपछि तन्त्रमन्त्रद्वारा यसप्रकारको विघ्न बाधा हटाएको किंवदन्ती छ भनी उल्लेख गरिएको छ। (Dowman, 2002)

**स्थानीय नेवारी समुदायको जनश्रुती**

उल्लेखित बौद्ध निर्माण सम्बन्धीको प्रसंग अध्ययनको क्रममा संकलन गरिएको बौद्धका स्थानीय नेवारी समुदायको प्रतिनिधि जनश्रुती हो। विवरण अनुसार राजा विक्रमादित्यका छोरा राजकुमार(नाम उल्लेख नभएको)ले आफ्ना पिताको अनजानमा भएको पितृहत्याको पापमोचनको लागि बज्रयोगिनीको पुकार गर्दा देवीले कुखुरा उडाइदिन्छु, त्यो जहाँ बस्छ त्यहि बौद्ध स्तूप निर्माण गर्नू भनी आदेश दिएपछि, कुखुरा उडेर हालको बौद्ध स्तूप रहेको स्थानमा बसेको र त्यहि स्तूप निमाण गरिएको कथन छ। बज्रयोगिनी परमभक्त रहेका कारण राजकुमारले आफ्ना पिता विक्रमादित्यको टाउको काटेपछि उक्त टाउको उडेर बज्रयोगिनीमा आइपुगेको र हाल बज्रयोगिनी मन्दिरभित्र रहेको प्रस्तरको टाउको तीनै बिक्रमादित्यको टाउको हो भन्ने विश्वास गरिन्छ। स्तुप निर्माणको क्रममा बाह्र बर्षसम्म खडेरी परेपछि निर्माण कार्य गर्न आवश्यक पानीको परिपूर्ती गर्न कपडाहरू फिँजाउने र बिहानको सीतले भिजेपछि निचोरेर जम्मा भएको पानीले काम सन्चालन गरिएको थियो। खशु(ने. शीत) र ती (निचोरेर आएको पानी) बाट अर्थात शीत निचोरेर आएको पानीले बनाएको चैत्य भएर खास्ती चैत्य भनिएको हो, ‘खशु ती’ शब्द अपभ्रम्स भएर खास्ती भएको हो। स्थानीय सुरेन्द्र बज्रचार्यद्धारा वर्णन गरिएको प्रसंग यहाँ उल्लेख गरिएको छ।

पहिला विशाल नगरमा धर्माकार भन्ने राजा थियो, बज्रयोगिनीको सम्बन्धमा भोजदेव राजा पनि भनिन्छ, त्यसबेला एउटै व्यक्तिको नाम अलग अलग रूपमा चिनिने प्रचलन थियो। राजा भोजदेव दैनिक रूपमा  बज्रयोगिनीमा गएर आफूलाई तातो तेलमा तारेर अर्पण गर्ने, भोजन पश्चात पुनर्जिवीत भएर दरबार फर्किने गर्दथे। त्यहि समयमा भारतबाट सैनिक प्रशासक (प्रमुख) विक्रमादित्य आएर भोजदेव राजासँग मित्रता गाँसे। मित्रता गाँस्ने क्रममा भोजदेव राजा बिहान दरबारबाट निस्किने र बेलुका फर्किने र फर्किदा राज्य सन्चालनका लागि आवश्यक पैसा लिएर आउने देखेपछि पिछा गर्दा बज्रयोगिनीमा गएर कराइमा तेल तताएर आफू त्यसमा डुबेर भोजन दान दिने, त्यसपछि बज्रयोगिनीले पुनर्जीवन दिएर पठाउने, त्यो कुरा थाहा पाएर बिक्रमदित्यले भोजदेव राजाभन्दा पहिला गएर आफूलाई चिचेर मरमसल हालेर तेलमा डुबेर भोजन चढाए। बज्रयोगनीले थाहा पाएपछि अबबाट यो दुश्कर चक्र गर्नुपर्दैन राज्य सन्चालन गर्न यो द्रव्यवृक्ष लैजानु भनि पठायो, पछि भोजदेव राजा पुग्दा कराइ घोप्टाइराखेको देखेपछि बज्रयोगिनीले मैले द्रव्य वृक्ष पठाइ सकेको छु, अबदेखी दुश्कर चक्र गर्नुपर्दैन भनेर राजा भोजदेवलाई सम्झाएर पठाउनुभयो। फर्केपछि राजा भोजदेवले मैले वर्षौ दुश्कर चक्र तपस्या गर्दा एकदिनलाई पुग्ने द्रव्य पाउने, बिक्रमादित्यले एकदिन त्यहि कार्य गर्दा द्रव्यवृक्ष नै प्राप्त गर्ने,

भाग्यमानी रहेछ भन्दै राज्य सुम्पेर आफू तप गर्न जंगल लागे। पछि बिक्रमादित्यले नारायणहिटी दरबार निर्माण गरी बुढानिलकण्ठबाट पानी ल्याउँदा पानी आएन र ज्योतिषले हेर्दा बत्तीस लक्षणयुक्त मानवको नरवली दिनुपर्ने भनेपछि राज्य बत्तीस लक्षणले युक्त व्यक्ति दुइजना राजा स्वयम् र आफ्नै राजकुमार भएको पत्ता लाएपछि राजाले राजकुमारको सट्टा आफैँलाई बली चढाउने मनसाय सहित राजकुमारलाई राती धारामा भूत लाई काट्नु भनी निर्देशन दिइ आफै भूत बनी बस्दा राजकुमारले तरवारले काटेको र त्यो विभत्स दृश्य देख्न नसकि धारा समेत बंगिएको थियो, जुन धारा यद्यपि आजपनि नारायणहिटिमा देख्न सकिन्छ। राजकुमारले आफूले हत्या गरेको व्यक्ति स्वयम् आफ्नै पिता रहेको वास्तविकता थाहा पाएपछि पितृहत्याको प्रायश्चित गर्न बज्रयोगिनी पुगेको र बज्रयोगिनीले कुखुरा (नेवारीमा खा) छोड्नु र कुखुरा जहाँ उडेर बस्छ, त्यहाँ स्तुप निर्माण गर्नु भनी निर्देशन दिए अनुरूप बज्रयोगिनीबाट छोडेर उडेको कुखुरा हालको बौद्ध स्तुप भएको ठाँउमा अवतरण गरेपछि त्यहि स्थानमा स्तुप निर्माण गर्न सुरू गरेका थिए। स्तुप निर्माणको क्रममा बाह्र बर्ष पानी परेन, पानीको आवश्यकता परिपूर्ती गर्न कपडाहरू फिजाउने र बिहानको सीतले भिजेपछि निचोरेर जम्मा भएको पानीले काम सन्चालन गरिएको थियो। शीतलाई नेवारीमा ‘खशु’ भनिन्छ,  निचोरेर आएको पानीलाई ‘ती’, खशु तीबाट अर्थात शीत निचोरेर आएको पानीले बनाएको चैत्य भएर खास्ती चैत्य भनिएको हो, ‘खशु ती’ शब्द अपभ्रम्स भएर खास्ती भएको हो। निर्माणको क्रममा हरेक दिन इट्टाहरू बनाएर राख्यो भोलिपल्ट सुँगुरको छापहरू हुन्थ्यो, को आएर बिगार्छ भनेर निगरानी गर्दाखेरी सुँगुर आएर बिगार्ने गरेको देखेपछि लखेट्दै जाँदा बज्रबराहिमा पुग्दा बज्रबारहिले राजालाई दर्शन दिनुभयो, जुन महान स्तुप बन्दै छ, त्यसमा मेरो पनि योगदान होस भनी मेरो छाप मात्र छोडेको हो भन्नुभयो, तसर्थ बौद्ध स्तूपमा बज्रबराहिको मूर्ती प्रतिष्थापन गरिएको हो।

यहाँ वर्णन गरिएको बौद्ध स्तूप निर्माण सम्बन्धीको स्थानीय नेवारी समुदायमा प्रचलित जनश्रुतीको विभिन्न संस्करणहरू विभिन्न कालखण्डमा लेखिएका वंशावलीमा पाइन्छ। बौद्ध निर्माण सम्बन्धीको विवरणहरू धेरै वंशावलीहरूमा उल्लेखित भएता पनि स्थानीय तामाङ र नेवारी समुदायमा प्रचलित जनश्रुतीमा उल्लेखित विवरणसँग सम्बन्धित वंशावलीहरू मात्र यहाँ समावेश गरिएका छन्।

### गोपालराज वंशावली

बौद्ध स्तूप निर्माण सम्बन्धि नेवारी समुदायमा प्रचलित विभिन्न जनश्रुतीहरूको प्रमुख श्रोतको रूपमा *गोपालराज वंशावली*लाई लिने गरिन्छ। ई.सं १०५७ देखि १३४९ को कालखण्डमा तयार पारिएको यस वंशावली नै बौद्ध निर्माणको बारेमा उल्लेख भएको पहिलो लिखित दस्तावेज हो। उक्त वंशावलीमा उल्लेख भए अनुसार राजा मानदेवले (ई.सं. ४५९–५०५) अनजान बास आफ्नो पिता राजा विश्वदेवको हत्या गरेको र आफूबाट पितृहत्या भएको थाहा पाएपछि पश्चाताप गर्दै साँखुस्थित बज्रयोगिनी (गुंविहार) पुगी तपस्या गर्न थाले। तपस्याको प्रभावले त्यहाँ ठूलो चैत्य उत्पन्न भयो र उनले चैत्यको प्रतिष्ठा गरे। (Vajracharya & Malla, 1985, पृ २८ र पृ ७६) उल्लेखित विवरणमा वर्णन गरिएको चैत्य बौद्ध स्तूप नभई बज्रयोगिनी स्थित चैत्य हो जुन बज्रयोगिनी मूल मन्दिरको छेवैमा रहेको मन्दिरभित्र रहेको छ।(Slusser, 1982, p.278) यस पत्रमा बौद्ध अथवा खास्तीको कुनै उल्लेख नभएको कारण यसमा उल्लेखित चैत्यलाई बौद्ध चैत्य हो भन्ने आधार भेटिँदैन। त्यसैगरी वंशावलीकै पत्रः २१ अनुसार राजा शिवदेव (ई.सं. ५९०–६०४) ले  खासौचैत्य (बौद्ध स्तूप) निर्माण गरेको उल्लेख गरिएको छ। यहाँ  निर्माण पश्चात भोटांतदेशले चढाइ गरेको प्रसंग पनि

उल्लेख छ। (Vajracharya & Malla, 1985, पृ २९ र पृ ७७) बौद्धका स्थानीय नेवारीहरूमाझ बौद्ध स्तूपलाई प्रारम्भदेखि नै 'खासु ती' भन्ने गरिएको कुरामा एकमत देखिन्छ र खासौ शब्दको उल्लेख भएको देखिदैन। वंशावली लेखिदाँको समय र राजा शिवदेवको शासनकालको बीचमा लगभग ५०० वर्षको फरक रहेको हुदाँ स्थानीय समुदायमा मौखिक रूपमा प्रचलनमा रहेको किंवदन्तीको प्रसंगलाई यहाँ उल्लेख गरिएको हुनुपर्छ। तसर्थ वंशावलीमा उल्लेखित बौद्ध निर्माणसँग सम्बन्धि विवरण तत्कालीन समाजमा प्रचलनमा रहेको किंवदन्तीलाई नै राजा महाराजासँग सम्बन्धित गराएर लेख्ने परम्परा अनुसार लेखिएको प्रसंग हो।

**भाषा वशांवली**

वि.सं २०२० तत्कालीन श्री ५ को सरकार पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित *भाषा वंशावली*, 'भाग १' मा उल्लेखित बौद्ध स्तूप निर्माणसम्बन्धीको प्रसंग भोगमाला वंशावलीमा आधारित रहेको देखिन्छ। यस प्रकारका वंशावलीहरू मुख्यतः १९ औं शताब्दीको आसपास बहादुर शाह, जंग बहादुर र विर शमशेरको पालामा लेखिएका विवरणहरू हुन्।(Shrestha, 2001) यस वंशावलीमा उल्लेखित बौद्ध स्तूप निर्माणसम्बन्धीको प्रसंग गोपालराज वंशावलीमा उल्लेखित राजा मानदेवको संक्षिप्त कथाको विस्तृत व्याख्या रहेको देखिन्छ। गोपालराज वंशावलीमा राजा मानदेवले निर्माण गरेको चैत्य खासा वा खास्ती चैत्य हो भनी कुनै उल्लेख गरिएको छैन, यस बशांवलीमा भने स्पष्ट रूपमा खासा चैत्य भनी उल्लेख गरिएको छ। साथै, यस संस्करणमा राजा धर्मागत र विक्रमादित्यको प्रसंगलाई महत्वका साथ वर्णन गरिएको छ जुन गोपालराज वंशावलीमा उल्लेख भएको पाइदैन। तसर्थ, यस वशावलीको बौद्ध स्तूप निमाण सम्बन्धीको विवरण पूर्ण रूपमा जनश्रुतीमा आधारित विभिन्न किंवदन्तीहरूलाई समायोजन गरि लेखिएको देखिन्छ।

*भाषा वंशावली*का अनुसार राजा मानदेवले आफूबाट अनजानबास भएको पितृहत्यको महापापबाट मुक्ति पाउन बज्रयोगिनीको शरणमा गइ विलाप गर्दा पाप मोचनका लागि एउटा किर्ती बनाउनुपर्ने र त्यसका लागि एउटा कालिज पंक्षी उडाइ दिने, त्यो जहाँ बस्छ त्यहि एउटा मन्दिर बनाउनुपर्ने भन्ने देवीको आज्ञानुसार छोडेको कालिज पंक्षी हालको बौद्धमा बसेपछि त्यहि स्थानमा मन्दिर निर्माण सुरू गरे । पितृहत्याको पापले गर्दा खडेरी परेपछि रातभर कपडा फिंजाइ बिहान शीत निचोरेर इँटा बनाइ बाह्र वर्ष लगाएर बौद्ध निर्माण गरी प्रतिष्ठा गरेपछि पितृहत्याको दोषबाट मुक्त भएको प्रशंग छ । यस वंशावली राजा मानदेवका पूर्खा धर्मागत र विक्रमसेनको कथाबाट प्रारम्भ हुन्छ । जस अनुसार राजा धर्मागत उनान्सय हजार घर भएको विशालनगरकाका राजा थिए । उज्जैनमा जन्मेका १२ वर्षीय विक्रमसेन आफ्ना साथीहरू बुद्धिसेन, माननाथ र वैकुण्ठसहित नेपाल आएर धर्मागतको सेवामा लागे। धर्मागत राजा प्रत्येक दिन बज्रयोगिनी देवीको दर्शन गर्न जान्थे। देवीले उनलाई दैनिक द्रव्य दिन्थिन् जसलाई राजा ब्राह्मणहरूलाई दान दिन्थे। विक्रमसेनले बाल्यकालमा उज्जैनमा आफूलाई सपनामा दर्शन दिने देवी यही बज्रयोगिनी हुन् भन्ने निर्क्यौल गर्दै एक दिन धर्मागतभन्दा अघि नै देवीको दर्शन गर्न रातको पहिलो प्रहरमा पुग्छन्। त्यहाँ देवीको चुल्होमा पाकिरहेको तेलको भाँडो देखेपछि भक्तिभावले आफैं त्यसमै पाक्न थाले। ईश्वरीगणहरूले नियमित आउने राजा धर्मागत नै होला भनी सधैंझै मांसभोजन गर्न थाले। तर शंका लागि सोध्दा विक्रमादित्यले आफू राजा धर्मागत नभई, उनै राजाको सेवक मात्र रहेको विन्ति चढाउँछन्। देवीले आफ्ना पिठगतका योगिनीगणहरू सबै सन्तुष्ट भएकोमा प्रसन्न हुदैँ उनलाई पारसमणि दिइन र अबदेखी यसरी

आउनु पर्दैन भनिन र कराही घोप्टाउन लगाइ अन्तर्ध्यान भइन्। विक्रमादित्य अत्यन्त कृतज्ञ भएर फर्किए। सदाझै बिहान धर्मागत राजा देवीको मन्दिर पुग्दा कराही घोप्टिएको देखेपछि देवीलाई सोध्दा देवीबाट विक्रमादित्यलाई पारसमणि दिइसकेको उत्तर पाएपछि आफूले पाउनुपर्ने सिद्धि विक्रमादित्यले पाएकोमा सन्तोष नै मानी दरवार पर्किए। आफूले दैनिक रूपमा देवीको लामो समय सेवा गर्दा सिद्धि नपाउने र विक्रमादित्यले एकैचोटि सिद्धि प्राप्त गरेकोमा, “तिमी धन्य छौ” भनी विक्रमादित्यलाई राज्य सुम्पे। विक्रमादित्यले १२ वर्ष शासन गरी धर्मागतका वंशज विश्देवलाई राज्य हस्तान्तरण गरेर उज्जैन फर्किए। त्यसपश्चात राजा विश्वदेवले राज्य संचालन गरे। यसैक्रममा आफ्ना पूर्वज धर्मागतको नाममा बनाएको नारायण धारा बन्द भएपछि चिन्तित भए र सतरूद्र पर्वत मुनिको आदिजलाशयन नारायण मन्दिरमा गएर पूजाआराधना गर्दा सपनामा नारायणले ज्योतिषहरूसँग सल्लाह गर्न सुझाए। ज्योतिषहरूले धारा पुन सन्चालन गर्न ३२ लक्षणले युक्त नरबलि चाहिन्छ भने। तर राजा विश्वदेवले निर्दोष प्रजाको बलि अस्वीकार गर्दै आफ्नै छोरा मानदेवलाई बोलाई अबको चौथो दिनको रात धारामाथि कोही सुतिरहेको हुनेछ, त्यसलाई अनुहार नहेरिकन काट्नु भन्ने आदेश दिए र त्यस रात आफै धारामाथि गएर सुते। राजाको आज्ञा अनुसार मानदेवले राती गएर खड्ग प्रहार गरे। त्यहि समय धारा बग्न थाल्यो ।धारामा खड्ग धुन जादाँ रगत बगेको देखे र पितृहत्या गर्नेको मुख हेर्नु छैन भनी धारा स्वयम् बांगियो।

भोलिपल्ट राज्यमा धारामा राजा काटिएको हल्ला फैलिएपछि हेर्न जादाँ था आफ्नै बुबा राजा विश्वदेवको हत्या भएको देखे। शोकमा डुबेका मानदेवले आमालाई राज्य सुम्पेर बज्रयोगिनीको शरणमा गएर क्षमायाचना गरे। त्यसपछि देवीले पितृ हत्याको पापमोचनका लागि कीर्ति निर्माण गर्नुपर्ने, त्यसका लागि कालिज उडाइदिन्छु, जहाँ गई बस्छ, त्यहीँ बौद्ध मन्दिर बनाउनु भन्ने आज्ञा भयो कालिज बौद्ध क्षेत्रमा बसेपछि त्यहीँ स्तूप निर्माण कार्य प्रारम्भ गरियो। तर पितृहत्याकों दोषका कारणले राजपुत्र बसेको स्थानमा लामो समयसम्म खडेरी पर्यो। जसका कारण मन्दिर निर्माण कार्य गर्न रातीको समयमा कपडा फिजाउने र बिहान त्यहि कपडाहरू निचोरेर त्यसबाट निस्केको पानीबाट इँटा पारी बाह्र वर्ष लगाएर बौद्ध मन्दिर बनाए। निर्माण सम्पन्न भएपछि प्रतिष्ठा गरी मानदेव बजयोगिनी देवीको शरणमा पुगेर आरधना गर्दा देवी प्रसन्न भई अब उप्रान्त पितृहत्याको महापापबाट मुक्त भएको आशिष दिइन।( पौडेल, २०२०, पृ. ५८-७७)

**संक्षिप्त वंशावली**

यस वंशावलीमा भूपकेशरीले आफ्नो पिता विक्रमकेशरीको अन्जानमा भएको पितृहत्याको पापमोचन गर्न बज्रयोगिनी देवीको आदेश अनुसार बौद्ध स्तूप निर्माण गरेको प्रशंग छ। कथा अनुसार विक्रमकेशरीका हजुरबुबा विक्रमादित्य (विक्रमाजीत) भारतको उज्जयनबाट नेपाल आएर विशालनगर राज्यको राजा स्वयंव्रतको चाकरी गर्न थाले। राजा स्वयंव्रतले दैनिक बज्रयोगिनीको दर्शन गरी द्रव्य ल्याएर ब्राह्मणलाई दान गरेको देखी एकदिन स्वयंव्रत राजा बज्रयोगिनी पुग्नुभन्दा पहिल्यै पुगेर शरीरमा मसला आदि दलेर तेलमा पाकिई योगिनीहरूाई भोजन गराए। योगिनीहरू प्रसन्न भई उनलाई त्यहाँ आइन्दा आउनु नपर्ने, सम्पूर्ण आवश्यकता पूरा गर्ने द्रव्यवृक्ष पठाई दिइन्। योगिनीहरू पनि कराही घोप्ट्याई सन्तोषले बसे। यसपछि स्वयंव्रत बज्रयोगनी पगेर हेर्दा कराही घोप्टाएको देखी अन्योल भई देवीलाई पुकार्दा बजयोगिनीले, "अब आइन्दा यहाँ आउनु पर्दैन। द्रव्यवृक्ष तिम्रो सिपाही वीर विक्रमादित्यलाई दिई पठाएको छु, त्यसैबाट

लिई नित्य दान धर्म गर। अन्त्य कालमा हामी तिमीलाई उद्धार गरौला" भनी पठाई दिइन्। यसपछि स्वयंव्रत राजा खुसी भई आएर विक्रमादित्यलाई राज्य सुम्पेर आफू तपस्या गर्न गए पछि उनी योगिनी गणका स्थानमा पुगी उद्वार भए।

विक्रमादित्य (विक्रमाजीत) ले विशालनगर राज्यमा धेरै वर्ष राज गरेपछि पुत्र विक्रमकेशरीलाई राजा बनाएर आफू बज्रयोगिनीमा गएर उद्धार भए। यसपछि विक्रमकेशरीले प्रजालाई अनेक तरहले सुखी राख्दै राज्य गरे। नौ तलाको दरबार बनाई त्यसमा भण्डारखाल सहितको बगैचा बनाई इष्टदेवी, राजदेवी स्थापना गरेर हरेक वर्ष प्रजाहरूसँग देवाली मनाउँथे। यसरी देवाली मनाएको केही दिनपछि आफ्ना पुर्खा वीर विक्रमादित्यले बनाएको धारामा पानी आउन छोडेकोले यहाँका चार जलाशयलाई विन्ती गर्दा भगवान मूर्ति स्वयले ज्योतिषहरूको सल्लाह लिनु भनेपछि उनले ज्योतिषहरू बोलाएर सोधे। ज्योतिषहरूको सल्लाह बमोजिम वत्तीस लक्षणले युक्त भएको नरबलि दिनुपर्ने कुरा गरेपछि राजा विक्रमकेशरीले प्रजाको हत्या गर्नु पाप ठानी आफ्नो छोरा भूपकेशरीलाई बोलाई धारामा पानी नआएकोले अबको चार दिनमा मध्यराती धारामाथि सेतो कपडाले छोपिएको एउटा पुरूष हुनेछ त्यसको मुख नहेरी काट्नु भन्ने आदेश दिए। चौथो दिनको रात राजा विक्रमकेशरी धारामाथि गई सुते र छोरा भूपकेशरीले आफ्नो बुबाको आदेश अनुरूप राति गई खड्गले काटेर छिन्नभिन्न पारे। त्यसै बखत धारावाट रगत बग्यो र ठूलो आवाजले धारा चल्यो। तर हिटी मंगलले पितृ हत्या गर्नेको मुख हेर्नु छैन भनी बाङ्गियो। राजपुत्र त्यहाँबाट हिंडेपछि धारामा सफा (निर्मल) पानी बग्यो। दरबार फर्किने क्रममा उनले इच्छुमतीमा कीरा मात्रै बगेको देखे।

भोलिपल्ट प्रजाहरूले धारामा राजा काटिएको अवस्थामा रहेको र पानी पनि आइरहेको जानकारी गराएपछि भूपकेशरी आफैँ गएर हेर्दा आफ्नै पिताको हत्या भएको देखे। आफ्नो पिताले छल गरी अनर्थ गराएको महसुस गरी पिताको सम्पूर्ण क्रियाकर्म गरी आमालाई राज्यभार सुम्पेर बजयोगिनी देवीको शरणमा विलाप गर्न थाले। बजयोगिनी देवीले विलाप नगर्न र पितृहत्याको पापमोचनका लागि कीर्ति निर्माण गर्न सुझाए। देवीले “यहाँदेखि पश्चिम दिशातर्फ एउटा कालिज उडाई दिन्छु। त्यसलाई पछयाँदै गएर त्यो जहाँ बस्छ त्यहाँ एउटा यन्त्रकारले बौद्ध मन्दिर बनाउनु” भने बमोजिम भूपकेशरीले कालिज पछयाउँदै गएर कालिज बसेको स्थानमा मन्दिर बनाउन सुरू गरे। पितृहत्याकों दोषका कारणले भूपकेशरी बसेको स्थानमा लामो समयसम्म खडेरी पर्यो। जसका कारण मन्दिर निर्माण कार्य गर्न रातीको समयमा कपडा फिजाउने र बिहान त्यहि कपडाहरू निचोरेर त्यसबाट निस्केको पानीबाट इँटा पारी बाह्र वर्ष लगाएर बौद्ध मन्दिर बनाए। निर्माण सम्पन्न भएपछि भूपकेशरीले मन्दिरमा सम्पूर्ण देवदेवीको संयुक्त रूपमा प्रतिष्ठा गरी बजयोगिनी देवीको शरणमा पुगेर विन्ती गर्दा देवी प्रसन्न भई अब उप्रान्त पितृहत्याको महापापबाट मुक्त भएको आशिष दिइन। (पन्त, २०६५, पृ. १–१०)

## नेपालिकभूपवंशावली

*नेपालीकभूपवंशावली* माणिक बज्रचार्य र एक्सेल माइमल्सद्वारा सन् २०१६ मा प्रकाशित वंशावली हो। सन् १८७७ मा ड्यानियल राइट्सद्वारा प्रकाशित *हिस्ट्री अफ नेपाल* नामक पुस्तक जसलाई राइटको वंशावली पनि भनिन्छ, उक्त वंशावलीलाई नयाँ परिचय र अनुवादसहित बज्रचार्य र माइकल्सले प्रकाशनमा ल्याएको हो। जंगबहादुर राणाको शासनकालमा ब्रिटिश दूतावासमा डाक्टरको रूपमा आएका ड्यानियल राइटले सन् १८३० मा पाटनका एक बौद्ध विद्वानले तयार पारेको एउटा वंशावली फेला पारेका थिए। उक्त वंशावलीलाई पर्वतीय भाषाबाट दूतावासमै कार्यरत मुन्सी शिव शंखर सिंह र पण्डित श्री गुणानन्दले उल्था गरी राइट्सले क्याम्ब्रिज युनिभर्सिटि प्रेसबाट प्रकाशन गरेका थिए। यस

वंशावलीमा बौद्ध स्तूप निर्माणसम्बन्धी अन्य वंशावलीहरूमा जस्तै पितृहत्याको पापमोचनका लागि बज्रयोगिनीको आदेश अनुरूप बौद्ध स्तूप निर्माण गरिएको प्रसंगका साथै भोटिया अर्थात तिब्बती समुदायको मतको रूपमा कुनै तिब्बती लामा गुरू निर्वाण भई नेपालमा राजाको अवतारी भइ जन्मे र तिनैले बौद्ध मन्दिर निर्माण गरेकाले तिब्बती समुदायमाझ स्तूपप्रति ठुलो आस्था रहेको उल्लेख गरिएको छ।((Wright, 1877/1990, p.101)

आदिकालमा काञ्ची नगरमा जन्मेका धर्मदत्तले नेपाल आई राज्य स्थापना गरेपछि एक हजार वर्षसम्म शासन चलाए। धर्मदत्तको मृत्युपछि एक हजार वर्षको अन्तरालमा सुप्रभा नगरीमा दानासुरले अर्को एक हजार वर्षसम्म राज्य गरे। दानासुरले नगरको पानी रोक्ने गरेकाले विष्णुले उसको वध गरी पानीको निकास दिलाए। यसपछि त्यो स्थान दुर्गम भयो। त्यहाँ एक हजार वर्षपछि ब्रह्मा, विष्णु र महेश्वर भाटभटेनीको क्रमशः माता, पिता र भाइको रूपमा अवतरित भई विशालनगर राज्यको निर्माण गरे। उनीहरूले स्वयंव्रत नामक एक क्षेत्री पुत्रलाई विशालनगरको राजा बनाए।

यसै बेला मध्यदेशबाट एक वीर पुरुष स्वप्नमा देखेअनुसार राजा स्वयंव्रतको सेवामा आई बस्न थाले। सेवाकालमा राजाले उसलाई नाम र पुरुषार्थको बारेमा सोध्दा, उसले आफ्नो नाम वीरविक्रमाजित् (विक्रमादित्य) हो भनेर बताए र आज्ञा पालन गर्ने प्रतिज्ञा गरे। राजाले उसलाई आफ्नो सेवामा राखेर साथ लिएर हिँड्न थाले।

राजा स्वयंव्रत बज्रयोगिनी देवीका भक्त थिए। उनी प्रतिदिन रातको दोस्रो प्रहरमा बज्रयोगिनीमा जाने गर्थे र कराहीमा उम्लिरहेको तेलमा आफ्नो शरीर पकाएर देवीलाई भोजन गराउँथे। यसले देवी प्रसन्न हुने र फेरि जीवित भई देवीबाट धेरै धन प्राप्त गरेर भिक्षु, ब्राह्मण र गरीबलाई दान दिने गर्थे। विक्रमादित्यले यो रहस्य थाहा पाई राजा स्वयंव्रतभन्दा अगाडि रातको पहिलो प्रहरमा बज्रयोगिनीमा पुगी आफ्नो शरीर मसलाले दलेर तेलमा पकाएर देवीलाई भोजन गराए। देवी प्रसन्न भई उसलाई अब यहाँ आउनुपर्दैन भन्दै दिव्यवृक्ष प्रदान गरिन्। विक्रमादित्यले देवीको आज्ञा अनुसार कराही घोप्ट्याएर फर्के।

दोस्रो प्रहरमा स्वयंव्रत आई कराही घोप्टिएको देखेर आश्चर्यचकित भई देवीलाई प्रार्थना गरे। देवीले उनलाई भनिन्, "अब तपाई यहाँ आउनुपर्दैन। तपाईंका सिपाही विक्रमादित्यलाई मैले दिव्यवृक्ष दिएकी छु। यसबाट नित्य दान-धर्म गर्नुहोस्। अन्त्यमा हामी तपाईंलाई उद्धार गर्नेछौं।" यसपछि राजा प्रसन्न भई विक्रमादित्यलाई गद्दी दिएर आफू तपस्या गर्न गए र अन्त्यमा देवीबाट उद्धार प्राप्त गरे। विक्रमादित्यले धेरै पुण्यकाज गरे। उनले चतुर्बाहु भगवान नारायणको स्थापना गरे र बूढानीलकण्ठ नारायणको आज्ञाले धारा निर्माण गरे। अन्त्यकालमा उनले आफ्नो छोरा विक्रमकेशरीलाई राजगद्दी दिएर आफू मणियोगिनीमा गई उद्धार प्राप्त गरे।

विक्रमकेशरीले पनि पुर्खाको परम्परा अनुसार धर्म-पुण्य गर्दै राज्य चलाए। तर केही समयपछि नारायणहिटीको पानी बन्द भयो। राजा विष्णुको शरणमा गएर प्रार्थना गर्दा भगवानले ज्योतिषीहरूको सल्लाह लिन आज्ञा दिए। ज्योतिषीहरूले बत्तीस लक्षणले युक्त मानिसको बलि दिनुपर्छ भने।यसरी बत्तीस लक्ष्यणले युक्त व्यक्ति आफू स्वयं र राजकुमार मात्र रहेको र अरू प्रजा भएपनि पनि जीव घात गर्नु कुलको धर्म  विपरित रहेको निश्कर्षमा पुगे। राजाले छोरा भूपकेशरीलाई आजको चार दिनमा मध्यरातमा धारामाथि सम्पूर्ण शरीर छोपी एक पुरूष सुतिरहेको हुनेछ, त्यसको मुख नहेरी काट्नु भनी आदेश दिए र आफू धारामाथि गएर सुते । भूपकेशरीले पिताको आज्ञा पालन गरी धारामा सुतिरहेको व्यक्तिको मुखै नहेरी काटे। त्यसै समयमा धारामा पानी चल्यो, तर पितृहत्या गर्नेको मुख हेर्नु छैन भनी हिटी मंगल बाङ्गियो।

भोलिपल्ट नगरमा धारामा पानी आएको र राजा काटिएको हल्ला चलेपछि भूपकेशरी आफै हेर्न जाँदा आफ्नै बुबा काटिएको देखे। आफ्नै बुबाले छल गरी आफ्नो हातबाट अनर्थ भएको महसुस गरी बुबाको सम्पूर्ण क्रियाकर्म सम्पन्न भएपछि आमालाई राज्यभार सुम्पेर भूपकेशरी मणियोगिनीमा गई विलाप गर्दा देवीले पितृहत्याको पापमोचनाका लागि उसलाई कालिज पंक्षी पछयाउन आदेश दिइन् र कालिज बसेको ठाउँमा बौद्ध मन्दिर बनाउन भनिन्। भूपकेशरीले देवीको आज्ञा पालन गरी कालिज पछयाउँदै गएर त्यहाँ बौद्ध मन्दिर निर्माण गरे।

## केही मतान्तर सहित वंशावलीले अर्को मत

धारा बन्द भएको देखेपछि विक्रमांति नामका राजाले ज्योतिषहरूसंग परामर्श गर्दा उनीहरूले "बत्तीस लक्षणले युक्त मानिसको बलि दिनुपर्छ" भनेर उत्तर दिए। यसपछि राजाले आफ्ना छोरा मानदेवलाई बोलाएर यसो गर्ने संकेत दिए। धर्मको निम्ति विक्रमांति राजा आफैं धारामाथि सुत्न गए। मानदेवले बुबाको आज्ञा अनुसार सुतिरहेको पुरुषलाई खड्गले काटिदिए। तर जब उनले शिर उचालेर हेर्दा, त्यो आफ्नै बाबुको टाउको भएको देखेर ठूलो हाहाकार मच्चाए। उनले शिर छोड्न खोज्दा पनि हातबाट टाउको छुटेन। यसैले उनी गहिरो दुःखले विह्वल भएर मणियोगिनीको शरणमा पुगे। मानदेवको विलाप सुनेर देवी तारिणीले योगिनीहरूलाई पठाएर उनलाई सम्मानपूर्वक बोलाईन्। योगिनीहरूले पाप मोचनका ठूलो बौद्ध मन्दिर निर्माण गर्न देवीको आज्ञा सुनाइन्। यसपछि राजपुत्रको हातबाट बाबुको शिर छुट्यो र त्यो शिर बज्रयोगिनी देवीको नजिकै सिद्ध भयो। केही मतान्तरहरूले त्यो शिर विक्रमांति राजाको शिर हो भन्ने विश्वास गर्छन्।

## वंशावलीमा वराहरूपको प्रसंग

देवीको आज्ञा अनुसार मन्दिर निर्माणको क्रममा पितृहत्याको पापले लामोसमय खडेरी परेकोले राजपुत्र मानदेवले ठूलो कष्ट सहेर रातभर कपडा फिँजाई निचोरेको पानीले बौद्ध मन्दिर बनाउने काम सम्पन्न गरे। यसरी मन्दिर निर्माण गर्दा मानदेव कति दृढ छन् भनी परीक्षण गर्न वराहीदेवीले वराहको रूप धारण गरी मन्दिरका इँटा राखिएको ठाउँमा आई बिगार्न थालिन्। यो देखेर मानदेवले "यो मलाई छल्न आएको होला" भन्ने सोचेर एकदिन वराह आउँदा उनले विनम्रतापूर्वक प्रार्थना गरे—"तपाईं को हुनुहुन्छ? मलाई दर्शन दिनुहोस्, छल नगर्नुहोस्। म तपाईंलाई पूजाभावले सम्मान गर्छु।" यसपछि वराहीदेवीले आफ्नो वास्तविक स्वरूप प्रकट गरी दर्शन दिइन्। मानदेवले उनलाई सम्मान गरी पूजा अर्चना गरेर बौद्ध मन्दिरको अगाडि वराहीदेवीको मूर्ति स्थापना गरे। यसरी मन्दिरको निर्माण सिद्ध भयो। त्यहीँबाट वराह रूप प्रकट भई शिवशक्ति स्वरूप ज्योतिर्लिंग उत्पन्न भयो, जसको नाम भालेश्वर भनी प्रसिद्ध भयो। यस बौद्ध मन्दिरमा सबै देवताहरूको स्तुति गरी प्रतिष्ठा गरिएको थियो। राजपुत्र मानदेवले मन्दिरको सेवा, पूजा र स्तोत्र गरेर आफ्नो पापमोचन गरी उद्धार प्राप्त गरे। उनले गरेको यो स्तोत्र आज पनि संसारका बौद्धमार्गीहरूले देवताका स्थानमा पढ्ने गर्छन्।

## भोटियाहरूको मत

भोटियाहरूको मत अनुसार, भोट (तिब्बत) को एक लामा निर्वाण प्राप्त गरी नेपालमा राजाको रूपमा जन्मिएका थिए र उनैले यो बौद्ध मन्दिर बनाएका हुन् भन्ने विश्वास छ। भोटियाहरूले यस स्तूपलाई आफ्नो धार्मिक परम्परासँग सम्बन्धित विशेष स्थानको रूपमा लिने गर्दछन। बौद्ध मन्दिर निर्माण सकिएपछि मानदेव मणियोगिनीको मन्दिरमा गई माताको चरणमा ढोग लगाएर बसे। यसबेला देवी प्रसन्न भई उनलाई भनिन्—"हे बालक! म तिमीप्रति अत्यन्त प्रसन्न भएकी छु।

तिमीले मैले भनेजस्तै यन्त्राकारले बौद्ध मन्दिर बनाएर तिम्रो सबै पाप धुलाईस्। तिम्रा बाजे (विक्रमादित्य) ले द्रव्यवृक्ष पाएर ठूलो पुण्य गरेका थिए। उनको धर्मको प्रभावले कलियुगमा पनि तीन हजार वर्षपछि फेरि जन्म लिई अनेक दान-धर्म गरी विक्रम सम्वत् प्रचलित गर्नेछन्।" यो आशीर्वाद सुनेर मानदेवले देवीलाई बारम्बार नमस्कार गरी दरबार फर्के र आमाको सेवामा लागे। (Bajracharya & Michaels, 2016)

यहाँ उल्लेखित वंशावलीहरूमध्ये गोपालराजवंशावली बाहेक अन्य गोरखा भाषा (पर्वतीय) भाषामा लेखिएका हुदाँ गोर्खा राज्य विस्तार पश्चात अर्थात आधुनिक समयमा लेखिएका वंशावलीहरू हुन्। भ्रष्ट संस्कृत र पुरानो नेवारीमा लेखिको गोपालराज वंशावली जसलाई बेण्डालले पाएको वंशावली पनि भनिन्छ, उक्त वंशावली नै हालसम्म प्राप्त प्राचीन वंशावली हो। (नेपाल, १९९०) वि.सं १४४५ सम्मका घटनाहरू समावेश गरि लेखिएको गोपालराज वंशावलीमा उल्लेखित संक्षिप्त विवरण अनुसार लिच्छवी राजा शिवदेव प्रथमले ठूलो खासौ चैत्य बनाएको देखिन्छ। यसपछि देखिएका वंशावलीहरूमा भने धर्मागत, धर्मदत्त, स्वयंव्रत, विक्रमादित्य, विक्रमकेशरी, विक्रमंति, विश्वदेव, भूपकेशरी, मानदेव नामका पात्रहरूको क्रियाकलापलाई वंशावलीमा पौरणिक ढङ्गबाट नारायणहिटी, बज्रयोगिनी र बौद्ध मन्दिरको अन्योन्याश्रित सम्बन्ध देखाउन खोजिएको देखिन्छ। यसैका आधारमा नेपाली समाजमा वंशावलीमा उल्लेखित मिथकिय पात्र र घटनाका आधारमा पाँचौं शताब्दीका लिच्छवी राजा मानदेवले बौद्ध स्तूप बनाएको भाष्य निर्माण भएको देखिन्छ। तथापि यस कुरालाई पुष्टि गर्ने कुनै आधार हालसम्म फेला परेको छैन।

## २.२ मामथान (ममो पुकासी, अजिमा) सम्बन्धी जनश्रुती

स्थानीय तामाङ समुदाय लगायत अन्य बासिन्दाको लागि बौद्ध स्तूप जत्तिकै महत्व बोकेको माम सम्बन्धी विभिन्न जनश्रुतीहरू रहेका छन्। स्थानीय तामाङ समुदायले माम(ता. बज्यै), तिब्बती समुदायले ममलाई ममो पुकासी र नेवारी समुदायले अजिमा, छवास्कामुनी अजिमा भनी सम्बोधन गरिन्छ। स्थानीय तामाङ समुदायको आराध्यदेवीको रूपमा रहेको माम बौद्ध स्तूप तथा वरिपरि क्षेत्रको संरक्षकको रूपमा पूजिने गरिन्छ। माम सम्बन्धी विभिन्न जनश्रुती, किंवदन्तीहरू प्रचलित छन्। यहाँ मामसम्बन्धि स्थानीय तामाङ समुदाय लगायत अन्य समुदायमा प्रचलित जनश्रुतीहरू प्रस्तुत गरिएको छ।

हिमाली बौद्ध समुदायमा प्रचलित जनश्रुति अनुसार बौद्ध चैत्य निर्माण सम्पन्न भइसकेपछि बौद्ध स्तूपको सुरक्षार्थ एवं बौद्धमा अवस्थित संसारका आठवटा शक्तिशाली प्रसिद्ध चिहानमध्ये एउटा प्रसिद्ध चिहान लुनडुप च्योप्पे धुरठोइ को रेखदेखका लागि नागार्जुनको गुफामा तपस्यारत देवी ममो पुकासीलाई निमन्त्रणा गरी बौद्धमा ल्याइएको थियो। उहाँ स्वभावले अति क्रोधी भएको हुदाँ विधि अनुसार पूजापाठ गरी मनाउन नसकेको खण्डमा स्थानीय बासिन्दालाई विभिन्न किसिमको दुःख दिइ आफ्नो क्रोधी स्वभाव देखाइरहनुहुन्थ्यो। यसै क्रममा गुरू पद्मसंभवद्वारा संसारमा रहेका अति महान शक्तिशाली आठवटा चिहानमा क्रमबद्ध रूपमा पाँच पाँच वर्ष ध्यान गर्ने क्रममा बौद्धस्थित लुनडुप च्योप्के धुरठोइमा तपस्यारत रहँदा स्थानीय देवी ममो पुकासीले उहाँको तपस्यामा अनेक विघ्नबाधा उत्पन्न गरी दुःख दिन थालीन्। ममो पुकासीको क्रियाकलापबाट हैरान भएका गुरू पद्मसम्भवले आफ्नो योग बलबाट नियन्त्रणमा लिइ अब आइन्दादेखी कसैलाई दुःख दिइनेछैन, सबैको कल्याण गर्नेछु, सबैको रक्षा गरी जगत् कल्याणको काम मात्र गर्नेछु भनी गुरू पद्मसम्भव समक्ष वाचाबन्धन गर्नुभयो। त्यस दिनदेखी ममो पुकासीले आफ्नो क्रोधी स्वभाव त्यागी लोक कल्याणका लागि कार्य गर्दै आएकोले र उहाँलाई विधिपूर्वक पूजा र प्रार्थना गरेको खण्डमा इच्छाएको पूर्ण हुने, हरेक काममा सफलता प्राप्त हुने, व्यापार बढ्ने, सन्तान प्राप्त हुने, यात्रा सफल हुने आदि विश्वास गरिन्छ।

अर्को किंवदन्ती अनुसार बौद्ध स्तूप निर्माण गर्नुभन्दा धैरै अगाडि नै अनन्त कालमा बौद्ध क्षेत्रमा एघार योगिनीहरूको उत्पति भएको र ती एघार योगिनीमध्ये तीन योगिनी ममो, पुका र सिद्धि नै बौद्ध स्तूप निर्माण पश्चात स्थानीय संरक्षकका रूपमा स्थापित गरिएका हुन्। गुरू रिम्बोर्छेले बौद्ध स्थित धूरठोइमा तपस्या गर्ने समयमा स्थानीयलाई दुःख दिने भएपछि गुरूले मामको छोरी लुकाइदिएपछि आफ्नी छोरी कतै नपाएपछि गुरूसँग अबदेखी स्थानीयलाई दुःख नदिने वाचा गरी बौद्ध क्षेत्रको संरक्षकको रूपमा स्थापित भएको हो भन्ने जनश्रुती पनि रहेको छ। त्यसैगरी मामको सात दिदीबहिनी रहेको, पहिलो नमोबुद्धस्थित सुङ्गा रानी (अजिमा) जेठी हुन् भने , स्वयम्भूको अजिमा माइली हुन्। खस्योरमा तीन जना दिदीबहिनी हुनुहुन्छ भने एक जना महाबौद्धमा र एक जना ठैटीमा हुनुहुन्छ। तीन दिदीबहिनीहरू मामो, पुका र सिद्धि हो। तीन वटा माममध्ये पुका अर्थात पश्चिम पट्टिको मामले तारेभिरबाट माटो चोरेर ल्याउनु भएको र दक्षिण पट्टिको मामले प्राणप्रतिष्ठा गरी छोरीहरू सरस्वती र स्वस्थानी उत्पति गराउनुभएको थियो। खास्योर मामको छोरा गोकर्णस्थित

कान्तिभैरव हो। यसरी तीन दिदीबहिनीमध्ये पुकले माटो चोरेर ल्याउन सफल भएको कारण मामला जात्रामा निकालेर परिक्रमा गरिने विश्वास रहेको छ।

काठमाडौँ उपत्यका पश्चिम तामाङ भेगमा प्रचलित अर्को जनश्रुती अनुसार माम झ्याज्युरमु र इज्युरमुभन्दा पहिला नै जन्मनुभएकी खण्डोमा हुन्। बौद्ध चैत्य निर्माण गर्ने क्रममा चार दाजुभाइ बनाउदै जाने तर खण्डोमाले तत्कालै भत्काउने भएपछि निर्माण कार्य अगाडी बढ्न सकेन। जुन कुरा माथि भगवान (झ्याङ्सार) ले देखिरहनुभएको थियो। झ्याङ्सार स्वयम् प्रकट भइ खण्डोमालाई निर्माण कार्यमा वाधा नगर्न र त्यस ठाँउको संरक्षकको रूपमा बस्न दिएको निर्देशन अनुसार निर्माण कार्यमा वाधा अवरोध नपुर्याइ संरक्षकको रूपमा बसेको र आफूलाई पनि मोक्ष प्रदान गर्न उत्तर दिशामा फर्केर झ्याङ्सारलाई पुकार्दै बस्नुभएको हो। पश्चिमी तामाङ भाषामा आजि भनेको दिदी अर्थात झ्याज्युरमु र इज्युरमुभन्दा पहिला नै जन्मनुभएकी खण्डोमा(शक्तिशाली तान्त्रिक देवी) भन्ने अर्थ लाग्दछ।

बौद्धको स्थानीय तामाङ समुदायमा ममसँग सम्बन्धित विभिन्न प्रचलित किंवदन्तीहरू मध्ये स्थानीय बृद्धा लक्ष्मी लो तामाङका अनुसार परापूर्वकालमा माम मध्यरातमा सिँह चढेर सुनसान समयमा बौद्ध परिक्रमा गर्दै स्यार्लाङ-स्यार्लाङ घण्टी बजाऊँदै हिंड्नुहुने, बौद्धका स्थानीय बासिन्दाहरू मामको आगमनको सङ्केत पाएपछि धुप बालेर मामलाई पुज्ने प्रचलन थियो। हल्लाखल्ला र आवाज आएपछि भने माम विलय हुने गर्नुहुन्थ्यो। विशेषगरि बौद्धमा एउटा ढुङ्गा रहेको र सो ढुङ्गाको स्याहार र पुजा नगरुन्जेल मामले बच्चाहरू खाने (मार्ने) र मामलाई बालबच्चा मनपर्ने भएकोले बौद्ध वरिपरिका बासिन्दाहरूको बालबालिकाको मृत्यु धेरै सङ्ख्यामा भए पश्चात स्थानीय बासिन्दाहरूले मामसँग जोरि खोजी मामको बच्चा पनि हामी मृत्युवहन गरिदिऊँ भनि मामको पनि बच्चा मारेर ग्योइलिसाङमा (बौद्ध छयोर्तेनको पश्चिम उत्तर दिशामा पर्ने पोखरी जहाँ हाल पानीको सानो पोखरिमा गुरु रेम्बोर्छेको मुर्ति स्थापित छ) फालिदिएपछि मामले आफ्नो बच्चाको मृत्युवहन एउटा आमाबुबाको लागि कति पिडादायी रहेछ भनि पश्चताप मान्दै अब उप्रान्त मनुष्यको बालबच्चा मृत्युवहन नगर्ने भनि आफ्नो बच्चाको नाबी(नाइटो) झिकेर खाएको कथन छ।

नेवारी जनश्रुति अनुसार स्वयम्भूमा अवस्थित श्री हारती माता दिदी हुन् भने अजिमा बहिनी हुन्। हारती माताले जन्माउनुभएको ५०० सन्तानमध्ये एउटी छोरी अति नै विलक्षण स्वभावको भएको हुदाँ निजलाई अरू सन्तान जस्तो लालनपालन गरी हुर्काउन हारती मातालाई ज्यादै मुस्किल भएको हुदाँ हिमालय क्षेत्रमा विराजमान हुनुभएको अति नै शक्तिशाली क्रोधी देवी आफ्नी बहिनी छवास्कामुनीलाई निमन्त्रणा गरी नेपालमा बोलाई आफ्नी छोरी उहाँलाई जिम्मा लगाइदिनुभयो। आफ्नो दिदी हारती माताको नियन्त्रणभन्दा बाहिर रहेको अरू साधारण सन्तानभन्दा बिल्कुल प्रतिकूल स्वभाव भएको, दिदीकी छोरीलाई आफ्नो आन्द्रबाट खाना खुवाइ बचाएको हुदाँ छवास्कामुनी देवीलाई त्यस दिनदेखी अजिमाको रूपमा पुजिन थालियो। यसरी उहाँलाई बौद्ध क्षेत्र एवं बौद्ध चैत्यको सुरक्षा गर्ने जिम्मेवारी सहित बौद्ध स्तूपको उत्तर दिशामा प्रतिस्थापन गरियो।

## २.३ बौद्ध निर्माण र तीनचुलीसँग सम्बन्धित जनश्रुती

बौद्ध निर्माणसँग सम्बन्धित किंवदन्ती अनुसार तिनचुलीमा बौद्ध निर्माणको क्रममा काम गर्नेहरूलाई तीनचुले पीपलबोटमा विराजमान झ्योमोले (काली) खाना पकाएर खुवाउने महत्वपूर्ण स्थल हो। यसरी खाना पकाउने माम बौद्ध स्तूप निर्माण गर्ने झ्याजिमा नभइ बौद्ध क्षेत्रमा अनन्त काल अगाडी उत्पन्न भएका ११ योगिनीमध्ये तीनचुली पिपलबोटमा उत्पन्न भएकी झ्योमो (काली) हुन्। यसैगरी अन्य योगिनीहरू तीनचुली क्षेत्रको विभिन्न स्थानमा उत्पत्ति भइ विराजमान भएको जनविश्वास रहेको छ। तीमध्ये बंगला माम, काल माम र सावित्रीमाम सृष्टिकर्ता अमिताभ बुद्धको छोरीहरू हुन्। बंगला मामको उत्पत्ति तीनचुलेस्थित हालको तेजसम्शेरको बंगलामा भएको स्थानमा भएको थियो। त्यसैगरी तीनचुलीस्थित चारघरेमा सावित्री माम उत्पन्न भएको हो। काल माम तीनचुली देवीथानमा उत्पन्न भएको हो। काल मामका छोराहरू स्वेत भैरव र कृतिमूख भैरव हुन्। स्थानीय थिङहरूको कुलदेवीको रूपमा काल मामलाई पूजिने गरिन्छ।

फर्पिङमा अवस्थित लामिन झ्योमो (महाकाली) ले आफ्नो जटा काटेर मानव कल्याणार्थ संकल्प गरी जटा उडाउनुभएको र त्यहि जटा उडेर आएर तीनचुले पीपलबोटमा झ्योमो (माम काली) स्वरूप उत्पति हुनुभयो। बौद्ध मन्दिर निर्माण हुदाँ झ्योमोले (माम काली) खाना पकाएर खुवाउने भएको हो। श्रृष्टिकर्ता अमिताभ बुद्धको तपस्या गरेर झ्योमोले छोराको रूपमा तारेभिरमा ब्रासिङग्याल्बो उत्पति गर्नुभयो। झ्योमोले आफूलाई छोरीको इच्छा रहेको व्यक्त गरेपछि छोरा ब्रासिङग्याल्बोले तारेभिरको माटो दिनुभयो। त्यस माटोबाट झ्योमोले छोरी उत्पन्न गर्नुभयो। झ्योमोलाई तीनचुलीमा बौद्ध निर्माणमा संलग्न श्रमिकहरूलाई खाना पकाउन आवश्यक भाँडाकुडा, खड्कुलो सुनको पन्यू, सुनको डाडु तारेभिरबाट छोरा ब्रासिङग्याल्बोले उपलब्ध गराउने गर्दथे। प्रत्येक दिन तारेभिरबाट भाँडाकुडा ल्याउने र खाना पकाइसकेपछि फिर्ता लानुपर्थ्यो। बौद्ध स्तूप निर्माण सम्पन्न भइसकेपछि पनि तारेभिरबाट भाडाकुँडा ल्याउने गरिन्थ्यो। स्थानीय भज्यूहरूको भोजभतेर, विवाह ब्रतवन्धमा भोजभतेर पकाउन तारेभिरबाट भाँडाकुँडा ल्याएर काम सन्चालन गरिन्थ्यो। सुनमाया लामाका (९० वर्ष) अनुसार स्थानीय भज्यूहरूको भोजभत्तेर, विवाह ब्रतबन्ध हुदाँ त्यहिबाट भाँडाकुडा ल्याएर कार्य सन्चालन गर्दथे। अघिल्लो दिन पूजापाठ गरेपछि भोलिपल्ट जाँदा भाँडाकुडा बाहिर निकालि राखेको हुन्थ्यो। एकचोटी लोपमा फसेर एकजनाले सुनको डाडु लुकाएपछि भने भाँडाकुडा दिन बन्द भएको थियो। त्यसैगरि खस्योर मामले छोरी उत्पन्न भएको दिन अर्थात स्वस्थानी आरम्भको दिन दाजु कान्तिभैरव र उनका पाँच भैरवीले नृत्य गर्ने, तीनचुली पिपलबोटस्थित झ्योमो(काली माम )को परिक्रमा गरी बौद्ध स्तूपमा जाने किंवदन्ती रहेको छ। बौद्ध क्षेत्रमा हुने जुनसुकै जात्रा पर्व यहि पिपलबोटस्थित काली मामको परिक्रमा नगरी पूर्ण नहुने विश्वास रहेको छ।

तीनचुली क्षेत्रमा विराजमान योगिनीहरू मध्ये तेज समशेरको बंगला रहेको स्थानमा अवस्थित बंगला मामलाई प्रमुख योगिनीमध्येको एक योगिनी मानिन्छ। अमिताभ बुद्धको तीन छोरीमध्येकी एक बंगला माम बौद्ध क्षेत्रमा उत्पन्न भएकी प्रारम्भिक अर्थात प्रथम योगिनीमध्ये एक हुन्। तारेभिरमा विराजमान ब्रासिङग्याल्बोले आफ्नी आमा माम कालीलाई मात्र माटो दिने, अरूलाई नदिने भएपछि बौद्ध क्षेत्रका अन्य योगिनीहरूलाई छोरीको इच्छा भएर तारेभिरको माटो चोरेर ल्याएका थिए। तीनचुलेमा विराजमान अर्को योगिनी बंगला मामले पनि तारेभिरबाट चोरेर ल्याएको माटोबाट छोरी दत्तात्रय उत्पति गर्नुभयो, यसअघि वहाँको दुइवटा छोराहरू कालभैरव, अकाशभैरवको जन्म भइसकेको थियो। स्वस्थानी

पूर्णे सांगेको दिनमा बहिनी दत्तात्रयको उत्पति भएको अवसरमा दाजुभाइ कालभैरव र आकाशभैरव नाच्ने गर्दछन् भन्ने विश्वास गरिन्छ। यस स्थानबाट मारूनी नाचेजस्तै गरी योगिनीहरू निस्किने र तल होराङमा हडबडेको रूखसम्म पुगेर रूखमा तीन चोटी घुमिसकेपछि मात्र माथि फर्किएको प्रत्यक्ष देखेको स्थानीय बताउनुहुन्छ।

बौद्ध निर्माणकालमा हालको बौद्ध क्षेत्र बसोबास गर्न योग्य नरहेको तथा मानव वस्ती नरहेको तर तीनचुली क्षेत्रमा भने भज्यू लगायतका अन्य थरका तामाङहरूको बाक्लो बस्ती वा राज्य नै रहेको स्थानीयहरू बताउँछन्। स्थानीय बुद्धिजीवी तथा अध्येता सम्पूर्ण कुमार लामाका अनुसार तिनचुली बौद्ध निर्माणकालमा श्रमशिविर हो। बौद्ध निर्माण स्थलमा काम गर्ने र खाना पकाएर खाने र सुत्ने स्थान तीनचुलो रहेको थियो। उक्त स्थानमा ठूलो चुलो रहेको थियो जहाँ श्रमिकहरू त्यहाँ खाना पकाएर खाने गर्दथ्यो। वहाँ थप्नुहुन्छ, ‘‘हाम्रोमा विश्वास पनि छ मन्दिर लगायत धार्मिक स्थल वरपर फोहोर हुन्छ भनेर त्यसरी त्यहाँ बनाएको हुन सक्छ। यहाँ बौद्धमा भन्दा चिसो तथा हावापानी पनि राम्रो हुने भएकोले पनि बौद्ध निर्माणका क्रममा उनीहरूले तिनचुलीलाई श्रमशिविर बनाएको हो र श्रमशिबिर बनाएपछि त्यहाँ खाना खाजा पकाउँनु नै पर्दछ र त्यसरी श्रमिकहरूलाई खाना पकाएको ठाउँ हुन पुगेको हो।’’ सुकदेव लामा भज्यू, ७१ वर्ष का अनुसार तीनचुलीको चुलोमा खाना पकाएपनि खाने ठाँउ चाहि भागडोल हो, हालको विट्स एकेडेमी मार्ग। उक्त स्थानमा रहेको होराङमा पानीको स्रोत भएको कारण भाँडाकुडा पखाल्न उक्त स्थानमा तीनचुलीमा पकाएको खाना खाने गरिन्थ्यो। स्थानीय ज्योति लामा भन्नुहुन्छ, ‘‘तीनचुलीस्थित हालको रामहिटिको पुरातन नाम लामाहिटि हो, जहाँ बौद्धमा नित्य पूजाआजा गर्न जाने लामाहरू नुहाएर बौद्ध पूजा गर्न जानुहुन्थ्यो, यहाँका तामाङहरू बौद्ध निर्माण भएको समयदेखी बसोबास गर्न थालेको हो।’’ त्यसैगरी हालको भुवाल डाँडाको पुरानो नाम भज्यू घाङ अर्थात भज्यू तामाङहरूको मुल थातथलो रहेको, त्यहि थलोबाट जोरपाटि लगायत अन्य स्थानमा बसाइसराइ गरेका हुन। यस अर्थमा बौद्ध क्षेत्रको प्राचीन वस्ती तीनचुली हो । तीनचुलीको तामाङ समुदायमा तामाज समाजको आधारभूत तत्वको रूपमा रहेका बोम्बो, लाथावा (कुलपुजारी), ताम्बा, लामा हाल सम्म पनि अस्तित्वमा रहेको हुदाँ यहाँको बस्ती प्राचीण रहेको पुष्टि हुन्छ। तीनचुलीका स्थानीय भज्युमाझ प्रचलित उखान, ‘पहिला ग्ले, धात्ते मे’ (पहिला राजा, अहिले गाइ) ले पनि इतिहासको कुनै कालखण्डमा यस क्षेत्रको प्रमुख तथा प्रभुत्वशाली सामुदायको रूपमा तामाङ भज्यूहरू नै रहेको इंगित गर्दछ।

बौद्ध निर्माणसम्बन्धी जनश्रुतीको उल्लेख गर्दा तीनचुलीको प्रसंग अनिवार्य रूपमा उल्लेख गरिनुपर्ने उल्लेखित किंवदन्तीहरूले देखाउँछ। यी किंवदन्तीहरू स्थानीय रूपमा प्रचलनमा आएका तामाङ समुदायको मौलिक किंवदन्तीहरू हुन् जसले बौद्ध स्तूपको निर्माण सम्बन्धी तिब्बती अवधारणभन्दा पृथक दृष्टिकोणको उजागर गरेको देखिन्छ। उल्लेखित जनश्रुतीहरूलाई बौद्ध स्तूपसम्बन्धीको आदिवासी मान्यताको रूपमा व्याख्या गर्न सकिन्छ। साथै, तामाङ समुदायको स्तूपसँगको अन्योन्याश्रित सम्बन्ध रहेको समेत प्रष्ट पार्छ।

## २.४ धुरठोइ

बौद्ध क्षेत्रमा अवस्थित स्थानीय तमाङ समुदायको महत्वपूर्ण सम्पदाको रूपमा रहेको यस ऐतिहासिक चिहान बौद्धको मुलद्वारको ठिक २ घर पूर्वमा अवस्थति थियो। १ रोपनी १२ आना क्षेत्रफलमा फैलिएको उक्त चिहान बौद्धधर्म अनुसार विश्वका प्रसिद्ध ८ वटा महान चिहान मध्ये एक रहेको मान्यता रहेको छ। बौद्ध निर्माणकर्ता माझ्याजिमको मृत्युपश्चात उनका छोराहरूले यहि चिहानमा दाहसंस्कार गरेका थिए। गुरू रिन्पोछे संसारमा रहेका आठ महत्वपूर्ण चिहान (धुरठोइ) हरूमा पाँच पाँच वर्ष साधन गर्ने क्रममा उहाँले बौद्धमा रहेको लुन्डुप च्येग्पे धुरठोइमा साधना गरेको थिए। किंवदन्तीका अनुसार धेरै कल्प अघि रूठा नामक राक्षसको शरीर अंगहरू मध्ये दाहिने हात बौद्धमा खसेर लुन्डुप च्येग्पे धुरठोइ बनेको हो। गुरू डिमा होइसेरको पालमा रूठाले मान्छेको हत्या गरी रगत मासु खाने र मनुष्यलाई धेरै दुख दिने गर्नाले उसको पाप र अत्याचार बढ्दै गएको थियो। त्यसैले उसलाई पाप र अत्याचारबाट मुक्त दिलाउन गुरू रिन्पोछेले डिमा होइसेर रूप धारण गरि त्यस रूठा राक्षसको बध गरे। त्यसरी बध गरिएको रूठाको शरीर विभिन्न स्थानहरूमा खसेको र त्यसमध्ये दाहिने हात बौद्धमा खसेपछि त्यहि खसेको स्थान धुरठोइको रूपमा विकास भयो।(लामा, २०७८, पृ.१३१) बौद्धस्थित यहि धुरठोइमा साधनारत रहँदा स्थानीय देवी ममोपुकसिद्धिले गुरू रिन्पोछेलाई अनेक विध्नवाधा उत्पन्न गरी दुख दिन थालेपछि उनको क्रियाकलापबाट हैरान भएका गुरू रिन्पोछेले आफ्नो तन्त्र शक्तिद्धारा ममोपुकासिद्धिलाई आफ्नो वशमा पारेका थिए। उनले अब उप्रान्त कसैलाई पनि दुख नदिने र सबैको कल्याण हुने काम गर्नेछु भनि वाचा गराएका थिए। त्यसरी आफ्ना क्रोधी स्वभाव त्यागेर लोक कल्याणका लागि काम गर्ने बाचा गरेका कारण ममोपुकासिद्धिलाई बौद्धको रक्षाकर्ताको रूपमा राख्नु भएको र ततपश्चात ममोपुकासिद्धिले बौद्ध क्षेत्रको रक्षा गर्नु भइ लोक कल्याण कार्य गर्नु भयो। कालन्तरमा तिनै ममोपुकासिद्धिको स्मरण गर्दै शान्तिको कामना सहित मामला जात्रा शुरूवात भएको मानिन्छ।

स्थानीय बुद्धिजीवी तथा अध्येता टासी कुमार लामाका अनुसार बौद्ध क्षेत्रमा वस्ती बढ्दै जाने क्रममा स्थानीयवासीले आपसी सरसल्लाह अनुसार वि.सं. २०२५–२०२६ सालतिर यो चिहानलाई मूल स्थलबाट बौद्ध स्तूपभन्दा तल अंगत धारा छेउ सारिएको हो। बद्री मानन्धरको अनुमानित ७–८ आना जग्गा म्हेन्दो लामाको नाममा खरिद गरेर पूरानो चिहानको माटो साइत हेरेर पुरानो चिहानको सडकको अलि भित्र दक्षिण पश्चिममा सारिएको थियो। हाल यस चिहानमा स्थानीय तामाङ र सेर्पाहरूले दाहसंस्कार गर्ने गर्दछन्। उहाँको भनाइ यस प्रकार रहेको छ, "धुरठोइ पहिला बौद्ध मूलगेट संगै थियो। अहिले चाही अङ्गतधारा नजिक सारिएको छ। हुन त मास्टर प्लान अनुसार सडक अहिले जहाँ छ त्यहाँ थिएन। यो धुरठोइ एकदमै ठूलो र पवित्र हो। संसारमा हामीले मान्ने आठवटा धुरठोइहरू रहेछन। त्यो मध्येको एउटा बौद्धस्थित धुरठोइ हो। यी आठैवटा चिहानमा गुरू रिन्पोछेले ध्यान साधनाको अभ्यास गर्नु भएको थियो। मम पुकासी र गुरू रिन्पोछे वीच झगडा भएको भन्ने विश्वास छ। मम पुकासीले यो आफ्नो ठाउँ रहेको, यहाँ नबस्नु भनि गुरू पद्मसम्भवलाई भन्नुभएछ। पछि उहाँहरू बीच सम्झौता भएपछि मामलाई बौद्धको संरक्षक सुङमाको रूपमा स्थान दिने र बेला बेला यहाँलाई पुजा गर्छु भनि सम्झौता भएछ। त्यसरी नै यहाँ विहान देखिनै पुजा गर्ने विभिन्न विधि विधानहरू रहेको छ। तर पछिल्लो समय त्यसरी गरिएको पाइदैन। धेरै छोडिसकेको छ। त्यसरी पुजा विधिबाट पुजा गर्छु भनि मात्र मम पुकासी लाई गुरू रिन्पोछेले सम्झाएर मम पुकासीलाई राखेको देखिन्छ। हामी बौद्धलीहरूले अहिले पनि मामपुकासीलाई सुङमाको रूपमा नै पुज्ने गर्छौं, आरद्य देवीको रूपमा मान्छौँ। अहिले पनि विहान बेलुकी पुजा गर्छौं। घर टोलमा केही भयो भने पनि पुजा गर्छौं। उहाँलाई पुजा गर्यो भने कामहरू बन्ने विश्वासका साथ कुनै शुभ कार्य गर्दा पनि पुजा गरिन्छ। विवाह गर्दा पनि नयाँ दुलाहीलाई मामलाई देखाउनु पर्ने विश्वास रहेको छ। उहाँले आफ्नो क्षेत्रको सबैको रक्षा गर्नु हुन्छ

भन्ने विश्वास एकदमै रहेको छ। गुरू रिन्पोछे तान्त्रिक हुनुहुन्थ्यो। मम स्थानीय र शक्तिशाली  थियो। उहाँहरू बीच निकै संघर्ष भएको थियो। त्यसमा एकले अर्कालाई नसकेपछि उहाँहरू बीच सम्झैता भएको थियो। गुरूले ममलाई म यहाँ स्थायी रूपमा बस्न आएको होइन यो धुरठोइमा एकदमै शक्तीशाली भएको र तान्त्रिक विधि अनुसार आठवटा धुरठोइहरू मध्ये यस धुरठोइमा तान्त्रिक साधना गर्न यहाँ आएको बताए। मामले आफूलाई यहाँ साधना गर्न नदिए साधना पुर्ण नहुने बताउदैं साधना पुरा गर्न दिन आग्रह गरेका थिए। गुरू पद्मसम्भवले आफ्नो साधना पुरा भएपछि  मामलाई सम्पूर्ण व्यवस्थान गर्ने तथा दैनिक, साप्ताहिक, पाक्षिक र मासिक गरिनु पर्ने सबै पुजा विधिहरू व्यवस्था गर्ने प्रतिज्ञा गरे । त्यही सर्तमा बौद्धमा गुरू पद्मसम्भवलाई साधना गर्न दिएकी थिइन। मामला जात्रा पनि  गुरूले नै तय गरिदिनुभएको हो।"

# अध्याय ३

# विश्वास परम्परा

## ३.१ बौद्ध स्तूपसँग सम्बन्धित विश्वास परम्परा

स्थानीय तामाङ लगायत हिमाली बौद्ध समुदायमा नमोवुद्धको दर्शन गर्दा पाप, डिपबाट (क्लेश) मुक्त हुने , स्वयम्भूको दर्शन गर्दा दिर्घायू प्राप्त हुने र बौद्ध स्तूपको कोरा गर्ने र बत्ती बाल्नाले मनले चिताएको मनोकांक्ष पूरा हुने धार्मिक विश्वास रहेको छ। बौद्ध स्तूपलाई आफ्ना सम्पूर्ण मनोकांक्ष पुरा गर्ने रत्न अर्थात चित्नामणिको प्रतीकको रूपमा व्याख्या गरिएको छ। बौद्ध स्तूप निर्माण सम्बन्धि विभिन्न जनश्रुति र त्यसका आधारमा विभिन्न कालखण्डमा लेखिएका धार्मिक ग्रन्थ अनुसार झ्यारूङ खास्योर निर्माण गर्ने क्रममा यसको गर्भमा तथागत कश्यप बुद्धको रिङ्सेल (अस्तिधातु) हाली प्राणप्रतिष्ठा गर्ने समयमा दसौँ दिशाका बुद्ध र बोधिसत्वहरू स्वयम् उपस्थित भई पुष्पवृष्टि गराइ बौद्ध स्तूप निर्माणमा संलग्न चार दाजुभाइलाई जे जे प्राणीधान गर्छौ, सबै पूरा हुन्छ भनी आशीर्वाद दिएको र ती चार भाइ लगायत अन्यले प्राणीधान गर्दा सम्पूर्ण मनोकांक्षा पुरा भएको किंवदन्ती रहेको छ। यहि जनश्रुतीका आधारमा जसले शुद्ध चित्तले छयोर्तेन अगाडि उभिएर आफ्नो मनको ईच्छा आकांक्ष प्राप्तिको लागि प्रार्थना गर्दछ, उसका सम्पूर्ण मनोकामना पूरा हुन्छ भन्ने विश्वासका साथ धर्मावलम्वीहरू यस स्तूपको दर्शन गर्न स्वदेश तथा विदेशका विभिन्न मुलुकहरूबाट आउने गर्दछन्।

सोह्रौँ शताब्दीका निधि प्रकाशक योल्मोवा शाक्या साङ्पोले निधि (तेर्मा) को रूपमा निकालेका ग्रन्थ *छोर्तेन छेन्पो झ्यारूङ खाश्योर घी लोग्यु थोपे ढोल्वा (श्रुति मुक्ति नामक महान स्तूप भयारुङ खाश्योरको वृत्तान्त)*को तेस्रो परिच्छेदमा प्रदक्षिणा, पूजा र तिनका अनुशंसा शिर्षकमा गुरु पद्मसंभवले राजा ठिसोङ्लाई बोधिसत्वहरूको प्रतीक झ्यारूङ् खस्योर स्तूपको महत्व र यसको अगाडि गरिने प्रदक्षिणा तथा पूजाका अपार फाइदाहरू बारे विस्तृत रूपमा प्रकाश पारेको विवरण छ। उहाँ भन्नुहुन्छ कि यस्तो स्तूपको अगाडि विशुद्ध श्रद्धा र भक्तिभावले गरिएका साना–ठूला सबै उपासनाहरूले अनगिन्ती पुण्य फल दिन्छन्, जसको गणना त्रिकालका बुद्धहरूले पनि गर्न सक्दैनन्। प्रदक्षिणा गर्ने, हात जोडेर नमस्कार गर्ने, दण्डवत् गर्ने, धूप, बत्ती, पुष्प, जल, संगीत वा खाद्यवस्तु चढाउने, मण्डल अर्पण गर्ने, तथा स्तूपको स्मरण, स्तुति वा संरक्षण गर्ने सबैले लौकिक सुख, आध्यात्मिक समृद्धि, विशुद्ध चित्त र बुद्धत्वसम्मको मार्गमा प्रगति गर्ने बताइएको छ। स्तूपको वरिपरि प्रदक्षिणा गर्नेदेखि लिएर बत्ती बाल्ने र पवित्र जल चढाउने जस्ता साना कार्यहरू समेतले अतुलनीय फलदायिता प्रदान गर्छन्। झ्यारूङ् खस्योर स्तूपको पूजा उपासनामा संलग्न हुने सबैको लागि प्रत्यक्ष र परोक्ष रूपमा भौतिक, मानसिक र आध्यात्मिक लाभहरू सुनिश्चित गरिन्छ। स्तूप निर्माण, संरक्षण, रंगरोगन, सफाइ, चढाउने सामग्रीहरूको व्यवस्थापन, स्तूपको प्रशंसा वा इतिहास लेखन जस्ता कार्यहरू मार्फत पनि महान पुण्य सञ्चय हुन्छ। यस स्तूपलाई केन्द्र मानेर ध्यान, उपासना, प्रार्थना, र साधना गर्नेहरूले विद्याधरको उच्च भूमि प्राप्त गर्नेछन् भने अन्ततः

उनीहरूले बुद्धत्व नै प्राप्त गर्नेछन्। मरणको समयमा स्तूपलाई स्मरण गर्नेले पश्चिमी सुखवती भुवनमा पुनर्जन्म पाउनेछन्। अन्त्यमा, स्तूपलाई हानि गर्नेले अत्यन्त भयावह परिणाम भोग्नुपर्ने चेतावनी दिइएको छ। यी सबै कुरा सुनेर राजा र सभामा उपस्थित सबै जना अति श्रद्धाविभोर भई आँसु झार्दै हजारौं पटक वन्दना गर्छन् र भविष्यका जन्महरूमा समेत यस्तो पूजा निरन्तर भइरहोस् भनेर प्रार्थना गर्छन्।

उक्त परिच्छेदमा यस पवित्र तीर्थस्थलको अपार बयान यसरी वर्णन गरिएको छ – यस तीर्थस्थलको दर्शन मात्रले नरकादि दुर्गतिबाट मुक्ति दिलाउँछ भने यसको नाम श्रवणले बोधिचित्तको बीजारोपण गराउँछ। प्रतिदिन यसको स्मरण गर्दा सबै रोगबाट छुटकारा पाइन्छ र उत्कृष्ट समाधिको प्राप्ति हुन्छ। यहाँ ढोग (भक्तिभावले गरिने पूजा) अर्पण गर्नाले चक्रवर्ती राजाको जन्म प्राप्त हुनेछ र दश बुद्धहरूको वाणी सुन्न पाइनेछ। छयोर्तेनको परिक्रमा गर्नाले स्वर्गको प्राप्ति हुन्छ भने फूल चढाउँदा धनधान्यले परिपूर्ण मानवजीवन मिल्छ। धूपबाट पूजा गर्नाले नैतिक चरित्र बलियो हुन्छ भने दियो (म्हरमे) बाल्दा अज्ञानको अन्धकार हटेर दश दिशाका बुद्ध र बोधिसत्वहरूको साक्षात् दर्शन पाइन्छ। केसरी चढाउँदा मानसिक अशान्ति दूर भई दुःखबाट मुक्ति पाइन्छ। सेतो चुन (कुकुर) लेपन गर्नाले तेजस्वी र प्रभावशाली शरीर प्राप्त हुन्छ। दुध, दही, घिउ, मह, चिनी आदि चढाउँदा दिव्य भोग प्राप्त हुन्छ भने फलफूलको पूजाले सबै मनोकामना पूरा गर्छ। यसरी यस पवित्र स्थलमा गरिने हरेक भक्ति, पूजा वा साधनाले अनेकौं पुण्यफल दिनेछ, जसले अन्ततः सम्पूर्ण प्राणीहरूको कल्याणको निम्ति बुद्धत्व प्राप्तिको मार्ग प्रशस्त पार्नेछ। (परिशिष्ठ १)

## ३.२ बौद्ध स्तूपको स्वरूप (संरचना) तथा सम्बन्धित विश्वास परम्परा

स्तूप बौद्ध धर्मको एक प्रमुख धार्मिक, सांस्कृतिक र वास्तुकला सम्बन्धी संरचना हो जसले बुद्धको जीवन, शिक्षा र महापरिनिर्वाणलाई प्रतीकात्मक रूपमा प्रतिनिधित्व गर्दछ। वज्रयान परम्परामा स्तूपलाई "त्रिकायको मूर्त स्वरूप" मानिन्छ। काय अर्थात स्तूपको भौतिक संरचनाले बुद्धको निर्मल शरीर (सम्भोगकाय)को प्रतिनिधित्व गर्छ भने वाक्को रूपमा स्तूप भित्र राखिएका बौद्ध मन्त्रहरूले बुद्धको वाणी (धर्मकाय) को प्रतिनिधित्व गर्दछ। त्यसैगरी चित्त स्वरूप शून्यताको सङ्केतको रूपमा शिखरले बुद्धको मन (ज्ञानकाय)को प्रतिनिधित्व गर्दछ। छयोर्तेन परिक्रमा गर्नुलाई त्रिकाय शुद्धिको अभ्यास पनि भनिन्छ, जसमा काय (शारीरिक पुण्य)का लागि दक्षिणावर्त घुम्ने वाक् शुद्धिका लागि मणि मन्त्र ("ॐ मणि पद्मे हूँ") जप्ने र चित्त शुद्धिका लागि ध्यान गर्दै घुम्ने (मनलाई शून्यतामा केन्द्रित गर्ने) गरिन्छ। विद्यमान बौद्धस्तूपको आकार–प्रकार सम्वोधी चैत्य (ज्याङ्छ्युव छयोर्तेन) को हो । भगवान बुद्धले सम्वोधी ज्ञान लाभ गरेको प्रतीकको रूपमा बोधिचैत्यको संरचना र स्वरूप तयार भएको हुन्छ । महायानीहरू बौद्ध परम्परा अनुसार  वोधिचित्ता उत्पादन गर्ने र सम्वोधी ज्ञान हासिल गर्नु बौद्धमार्गीहरूका लागि सर्वोत्तम विषय भएको कारण यस स्वरूपको चैत्यको निर्माणलाई विशेष महत्व दिएको हुन्छ। त्यसैले यस्तो वोधीचैत्यको निर्माण कार्यले पूण्यको अधिकतम अंश संचय गराउँछ भन्ने विश्वास गरिन्छ । महायान बौद्ध परम्पराको केन्द्रविन्दुको रूपमा रहेका बौद्धस्तूपलाई चिन्तामणिको प्रतीक पनि मानिन्छ। यो स्तूप ईँटा, ढुंगा, माटो, काठ, तामा र सुनको प्रयोग गरी निर्माण गरिएको छ। यस स्तूपमा विभिन्न भागहरू रहेका छन् जसमा प्रत्येक संरचना र तहको आफ्नो छुट्टै विशिष्टकृत अर्थ र महत्व रहेको छ । यसमा पाँचवटा मुख्य तहहरू छन्। जसलाई सृष्टिका पञ्चतत्वको प्रतीक मानिन्छ। स्तूपको जमिन माथिको भाग पेटी (वेदिका) ले पृथ्वी तत्व,

त्यसमाथिको गर्भले जल तत्व, तेह्र भुवनले अग्नि तत्व, छत्रावलीले वायु तत्व र त्यस माथिको गजुरले आकाश तत्वको प्रतिनिधित्व गर्दछ।

यस स्तूपको मण्डल बाहिर मानेपर्खाल अगाडिको पथ अर्थात प्रदक्षिणापथ (परिक्रमापथ) रहेको छ। जसलाई स्थानीय तामाङ समुदायले 'ला कोरबा ग्यालाम' अर्थात देउता परिक्रमा गर्ने बाटो भन्दछन्। मानेपर्खालको चारै दिशामा कलात्मक ढोकाहरू रहेका छन् , जुन आम सर्वसाधारणका लागी झ्या ल्होमा हुने बाह्र बर्षे मेलामा मात्र खोलिने गरिन्छ। प्रदक्षिणापथका १४७ वटा खोपाहरूमा ६४९ माने (प्रार्थनाचक्र) हरू छन्। यहि प्रदक्षिणापथमा धर्मावलम्वीहरू "ओम् मणि पद्मे हुँ" मन्त्र जप्दै स्तूपको परिक्रमा गर्दछन्। उक्त मन्त्र जप्नाले बाधा व्यवधान, दुःख-कष्ट हटी ६ लोक (देवलोक, असुरलोक, मनुष्यलोक, प्रेतलोक, तिर्यक लोक र नरक लोक)बाट मुक्ति दिलाउने विश्वास गरिन्छ। शुद्धचित्त र आशयले यस स्तूपको परिक्रमा गरेमा अकल्पनीय र अवर्णनीय पुण्य लाभ हुने कुरा विभिन्न बौद्ध ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ। यस प्रदक्षिणापथको चार दिशामा विराजमान चतुर महाराजाहरू पर्वी दिशामा धृतराष्ट्र ( ति. ग्याल्बो याल्खोर सुङ), दक्षिण दिशामा विरूदाका (ति. फाकेपो), पश्चिमी दिशामा विरूपाक्ष (मिकमिजाङ) र उत्तरी दिशामा वैश्रवन (जाम्बाला) (ति. नामतोस) को मूर्तीहरू रहेका छन्। यी चतूर महाराजाहरूलेले सम्पूर्ण असत्य र अपवित्रताबाट बौद्ध धर्मको प्रतिरक्षाको प्रतिक मानिन्छ।(Karki & Shrestha, 2016) मानेपर्खालको पश्चिमी दिशामा पश्चिम ढोकाभित्र सानो प्वाल (कुवा) रहेको छ, जहाँ बाह्र बर्षमा मनाइने मेलामा पवित्र जल( दूध) निस्किन्छ भन्ने विश्वास रहेको छ। स्थानीय वृद्धवृद्धाहरू बाह्र बर्षे मेलामा यस स्थानमा सेतो दूध निस्किएको प्रत्यक्ष देखेको अनुभव सुनाउँछन्। भाग्यमानीले मात्र यस स्थानको जल वा दूध देख्न सक्ने उनीहरूको विश्वास रहेको छ। यस स्थानमा सुनको हाँस निस्किने समेत जनविश्वास रहेको छ। प्रत्येक १२ वर्षमा लाग्ने झ्या ल्होको मेलाको अवसरमा विशेष दिन र समयमा कुवामा दूध निस्किने र सुनको हाँस निस्किने विश्वास रहेको ङ।

यस स्तूपको वेदिका, गर्भगृह, हर्मिका, त्रयोदश भुवन र छत्रमा असंख्य बौद्ध मन्त्रहरू, बुद्ध र बोधिसत्वका मूर्तिहरू राखिएका छन्। यस स्तूपको गोलाकार गर्भ (डोम)लाई ब्रह्माण्डको प्रतीकको रूपमा लिइन्छ। गर्भको आधारले आत्मविश्वास, क्रियाकलाप, चेतना, एकाग्रता र प्रज्ञा समेतको पञ्चशक्तिलाई प्रतिनिधित्व गर्दछ।त्यसैगरी, गर्भले बोधिका सात प्रकारका अंगहरूमा स्मृति, प्रज्ञा, वीर्य, प्रीति, प्रश्रव्धि, समाधि र उपेक्षाको संकेत गर्दछ। गर्भदेखि मुन्तिर १०८ वटा खोपाहरूमा बोधिसत्व, डाकिनी, इष्टदेव, सिद्धहरूको १०८ वटा प्रस्तर मूर्तिहरू रहेका छन्।(लामा र कार्की, २०१७) स्थानीय तामाङ समुदायले उक्त १०८ भगवालाई कोजागत पूर्णिमाको समय तथा विभिन्न चाडपर्वमा फलफुल, चिउरामा दहि, गुलियो, ल्वाङ सुकमेल आदि सामग्रीहरू मिसाएर बनाएको नैवेद लगायत चढाउने तथा तेमाल जात्रामा नेपालका विभिन्न जिल्लाहरूबाट आउने तामाङ समुदायका तिर्थालुहरूले विशेष पूजा गर्ने गर्दछन्।

लामा (२०७८) का अनुसार यस स्तूपको मामथान पछाडिको पहिलो तलामा छयोइमे खाङ( दियो घर) रहेको पुराना तस्वीरमा देख्न सकिन्छ। जहाँ अखण्ड दीपको व्यवस्था गरिएको थियो भन्ने जनश्रुति रहेको पाइन्छ। कथम्कदाचित अखण्ड दीप निभेको खण्डमा बज्रयोगिनीबाट बत्ती ल्याई पुनः अखण्ड दिप सुचारू गर्ने गरिन्थ्यो भन्ने भनाइ रहेको छ। सो छयोइमे खाङ (दियो घर) हाल स्तूपको प्रवेश द्वारको बायाँपट्टि भूइँ तलामा रहेको छ।

यस स्तूपको चारै दिशातर्फ फैलिएको दुईवटा आँखाहरू अंकित वर्गाकार भागलाई 'हर्मिका' भनिन्छ। हर्मिकाले चार आर्यसत्य र आर्य अष्टाङ्गिक मार्गहरूलाई प्रतिनिधित्व गर्दछ। यी शान्त र गम्भीर भाव झल्काउने नयनहरूलाई प्रज्ञा र उपायको प्रतीकको रूपमा लिने गरिन्छ। यी नयनहरूको दृष्टीले मानवका काम, क्रोध, लोभ, मोह, इर्ष्या, क्लेश, आसक्ति नाश भई शान्ति, अहिंसा र सदाचारतर्फ चित्त वा मनलाई एकाग्र बनाउँदछ। बौद्ध स्तूपका सुन्दर नयनहरूले बुद्धको सर्वज्ञातालाई प्रतिनिधित्व गर्दछन्। यी नयनहरूले देखेसम्मका मानिसहरू भोका नहुने र बुद्धका यी नयनहरूबाट कुनै पनि कुराहरू छिप्न सक्दैनन्। हर्मिकाको आँखामुनिको प्रश्न चिन्ह जस्तो देखिने भागलाई निर्वाणको प्रतीक चिन्ह मानिन्छ, जुन पाली भाषामा अंक एक हो। दुई आँखादेखि माथि बीचमा रहेको टीकाले प्रज्ञा पारमिता र एकाग्रतालाई प्रतिनिधित्व गर्दछ। यो बुद्धको उर्णकोष (निधारमा रहेको दिव्य रौ) को प्रतिकृति हो, जुन केवल सम्यकसम्बुद्धहरूमा मात्र पाइन्छ। स्तूपको आँखामुनिका प्रश्नचिह्न तथा शंख स्वररूप चिन्हलाई कुञ्जिका भनिन्छ, जसलाई मानव सुखानुभूतिको प्रतीक पनि भनिन्छ। साथै, दुई आँखाको बीचमा रहेको टीकालाई एकाग्रता र एकताको प्रतिकको रूपमा लिइन्छ । यस स्तूपको तेस्रो खण्डमा अर्थात् हार्मिकाभन्दा माथि तेह्रवटा तहहरू छन् जसलाई महायानी बौद्ध सिद्धान्त अनुसार प्रत्येक बोधिसत्वले पार गर्दै जाने तेह्र भुवन (त्रयोदश भुवन) को रूपमा लिइन्छ। जस अनुसार प्रमुदिता, विमला, प्रभाकारी, अर्चिर्ष्मती, सुदुर्जया, अभिमुखी, दुराङगामा, अचला, साधुमति, धर्ममेघा, समन्तप्रभा, निरूपमा, ज्ञानवती(बज्रभूमि) गरी तेह्र वटा भुवनहरू पर्दछन्। यी तेह्र खुट्किलाहरूलाई वोधिको खुट्किलाको प्रतीकको रूपमा पनि लिने गरिन्छ। यस स्तूपको तेह्र भुवनदेखि माथि धातु (तामा) मा सुनको मोलम्बा लगाइएको कमलको फूल (पद्म) रहेको छ जसलाई कोमलता, करूणा र स्वच्छताको प्रतिकको रूपमा लिइन्छ। पद्ममाथि रहेको छत्रावलीलाई स्तूपका साथै बुद्ध, धर्म र संघका संरक्षकको प्रतिकको रूपमा रहेको छ। छत्रावलीलाई सम्मान र महाकरूणाको प्रतीक मानिन्छ जसले बिजुलीका तरंगहरू परावर्तन गर्न मद्दत गर्दछ। यस स्तूपको गजुरको टुप्पोको भागलाई सुमेरू पर्वतको प्रतीकको रूपमा लिने गरिन्छ जसले सर्वोच्चता झल्काउँदछ जहाँ पुगेपछि बौद्ध मान्यता अनुसार बोधिसत्वहरू शून्यतामा विलीन हुन्छन्। प्रत्येक स्तूपले बुद्धको बोधिचित्तको प्रतिनिधित्व गर्दछ। (लामा र कार्की, २०१७)

बौद्ध स्तूपको स्वरूप र संरचनासँग जोडिएका उल्लेखित विश्वास तथा आस्थाका आधारमा स्थानीय तामाङ समदाय अन्य बौद्ध धर्मावलम्बीहरू स्तूपलाई गहिरो आस्था र श्रद्धाभावसहित आफू र सम्पूर्ण प्राणीजगतको कल्याणको कामना गर्दै विभिन्न धार्मिक अनुष्ठानहरू सम्पन्न गर्दछन्। स्तूपको परिक्रमा गर्ने, चून पोत्ने, ध्वजा टाँग्ने, दीप प्रज्वलन गर्ने लगायतका कार्यहरू गरेर श्रद्धालु भक्तजनहरू आफ्नो आस्था प्रकट गर्नुका साथै, अज्ञानताको अन्धकार हटाउने, धर्मको प्रवर्द्धन र शुद्धिकरणको प्रक्रिया पनि सञ्चालन गर्छन्। शुद्ध मनले गरिएको यस्ता पूजा-अर्चनाले मनोकामना पूर्तिको साथै मृत्युपछि मोक्ष प्राप्तिको मार्ग पनि प्रशस्त हुने गहन आस्था रहेको छ। आज विश्वभरका बौद्ध अनुयायीहरूका लागि यी स्तूपहरू मात्र धार्मिक तीर्थस्थल नभएर बौद्ध दर्शन, कला, संस्कृति र इतिहासको जिवन्त प्रतीकको रूपमा विकसित भएका छन्। यी पवित्र संरचनाहरूले बुद्धको शिक्षा, करुणा र ज्ञानको सन्देशलाई युगौंदेखि जोगाएर आधुनिक युगमा पनि मानवतालाई शान्ति, सद्भाव र आत्मसाक्षात्कारको मार्ग प्रदान गरिरहेका छन्।

## ३.३ मामथानसँग सम्बन्धित विश्वास परम्परा

बौद्धका स्थानीय तामाङ समुदाय लगायत अन्य बासिन्दामाझ माम अर्थात अजिमाको विशेष स्थान रहेको देखिन्छ। बौद्ध क्षेत्रको स्थानीय संरक्षक तथा आराध्यदेवीको रूपमा पुजिने अजिमा बौद्धका स्थानीय तामाङ समुदायको जीवन्त संस्कृतिको अभिन्न पाटोको रूपमा रहेको छ। मामसँग प्रत्यक्ष सम्बन्धित अनुभवहरू स्थानीयहरूको स्मृतिमा आजपर्यन्त ताजा नै छ। माम आज पनि मध्यराती बौद्धको परिक्रमा गर्ने स्थानीय तामाङ समुदायको विश्वास रहेको छ। जुनसुकै अवस्थामा पनि मामले स्थानीय तामाङ समुदायको  संरक्षण गर्ने र सम्पूर्ण मनोकंक्षा पूरा गर्ने गरेको र मामकै कारण स्थानीय तामाङ समुदायको प्रगति, उन्नति भएको विश्वास रहेको छ। त्यसैगरी तामाङ समुदायले मनाउने चाडपर्व तथा विवाह लगायतका सामाजिक कार्य गर्दा घरको मूल अभिभावकको रूपमा पूज्ने र कुनै शुभकार्यको थालनी गर्नु पूर्व मामलाई पूजाआजा गरिसकेपछि मात्र प्रारम्भ गर्ने चलन हालसम्म विद्यमान नै छ।

स्थानीय लक्ष्मी लो तामाङका अनुसार मामको माइतीघर चिनको ल्हासा रहेको र मामलाई खुशी बनाएर माघ महिनाको पुर्णे अर्थात् स्वस्थानी समाप्ती पुर्णिमाको दिन बौद्धमा मामला जात्रा गेरेर मनाउने चलन चल्दै आएको छ। माम माइत जानुको लागि रुनुहुने र मामलाई खुशी पार्नका लागि जात्रा मनाइने गरेको विश्वास रहेको गरिन्छ। बौद्धका तामाङ र नेवार समुदायले परापूर्वकालदेखिनै हरेक चाडपर्व जस्तै दशैँको नवमिको दिन मामलाई दर्शन गरेर फकाउनको लागि रक्सी, जाँड, हाँसको अण्डा, चिउरा, कालो भटमास आदिले मामको पुजा गर्ने प्रचलन रहि आएको छ। माम काठमाण्डौँको नेवार जातकी रहेको, उनकी दिदि स्वयम्भूस्थित ठूलो अजिमा हुन् र बहिनी बौद्धको माम रहेको जनविश्वास रहेको छ। मामको विवाह ल्हास्सामा भएको वा कसैले मामको माइत ल्हास्सा रहेको मत पनि रहेको छ। त्यसैगरि माघे संक्रान्तिमा पनि मामको यसै गरि दर्शन गर्ने गरिन्छ भने मामला जात्राको दिन रथ र झाँकी, र्यालीसहितको, डम्फूरे, र हजारौँको लाईनको भिडभाडले मामको दर्शन गर्दछन्। तामाङहरूले आफ्नो राम्रो-नराम्रो सबै कार्यमा मामलाई सम्झिन्छन् र मामको दर्शनलाई प्राथमिकतामा राख्छन्। आफ्नो जस्तोसुकै मनोकाङ्क्षा पनि पूरा हुने विश्वास राख्दछन्। परापूर्वकालमा माम मध्य रातमा सिँह चढेर सुनसान समयमा बौद्ध परिक्रमा गर्दै स्यार्लाङ-स्यार्लाङ घण्टी बजाऊँदै हिँड्नुहुने, बौद्ध बासिन्दाहरू मामको आगमनको सङ्केत पाएपछि धुप बालेर मामलाई पुज्ने प्रचलन थियो। हल्लाखल्ला र आवाज आएपछि भने मामको विलय हुने जनविश्वास रहेको छ। लक्ष्मी लो तामाङ भन्नुहुन्छ, ‘‘बौद्धका स्थानीय तामाङका साथसाथै नेवार समुदायमा लागि मामको विशेष स्थान रहेको हुन्छ। मामको पुजा गरेपछि मामले बालबालिकाको झाडा-वान्ता लखेट्ने र सुख शान्तिको जीवयापन हुने विश्वास राख्दै आएका छन्।’’

जयमङ्गल लामाको अनुभव यसरी व्यक्त गर्नुहुन्छ, ‘‘मामले बौद्धको रक्षा गर्नुहुन्छ। पहिला पहिला समयअनुसार हुने हैजा (ह्याम हाबा) आउँथ्यो, त्यो बेला अहिलेको जस्तो उपचार गर्न अस्पतालहरु थिएन। त्यसबेला बौद्धमा मामले नै हैजा लगायत अन्य रोगव्याधीबाट रक्षा गर्नुहुन्थ्यो। बर्षको एकचोटी स्याङ बजाएर आउनुहुन्थ्यो। बौद्धमा सबैको रक्षा गर्नुहन्छ। त्यसको अलावा माघ शुक्ल पूर्णिममा मामला जात्रा गेरेर पुज्ने गरिन्छ। त्यसदिन दिनभर पूजा चल्छ। यसदिन राती मामको मूर्तिलाई मामथानबाट पूजाआजा गेरेर बौद्ध वरिपरि घुमाइन्छ। ‘ममला जात्रा लिया लिया’ भनेर। बिगतमा चिराग बालेर पिपलबोट पुगेर फर्केर चुच्चेपाटीसम्म पुग्ने चलन थियो। तर अहिले टुसालबाट फर्काइन्छ। करिव ५०

वर्षअघि बौद्ध क्षेत्रमा बत्ति थिएन। त्यसको बदलामा चिराग बालेर मामलाई घुमाइन्थ्यो। बौद्धमा भएका सबैले पूजा गरिन्थ्यो। मामलाई खुशी पार्न यो जात्रा मनाइएको भन्ने किंवदन्ती छ। त्यो दिन कल्याण गुठी, घ्याङगुठी, सुखदुख गुठी लगायतले भोज गरिन्छ। प्रत्येक घरबाट बिहान मामको थानमा कुखुरा, खसी, हाँस बली दिइन्थ्यो तर अहिले त्यो बली प्रथा हटाइएको छ। त्यो बली प्रथा करिब ४०–५० वर्ष अघिसम्म थियो। अहिले कालो भटमास, माछा, चिउरा, फलफुल, हाँसको अण्डा चढाउने चलन छ। त्यसदिन परिवारमा प्रसादको रुपमा सेवन गर्छ। त्यसदिन छोरी जुवाइ लगायत आफन्तलाई पनि बोलाएर प्रसाद दिने चलन छ। ममथानमा आफूआफु नै आएर पूजा गरिन्छ। पूजा गर्दा फलिफाप हुन्छ भनिन्छ। कुनै नयाँ कामको सुरु गरेमा ममलाई सेरकेम गर्ने चलन छ। परदेश जाँदा, विवाह गर्दा सेरकेम गर्ने चलन छ। जसले मनोकाङ्क्षा पूरा हुने विश्वास छ।''

९२ बर्षीय माइली तामाङ मामसँग सम्बन्धित आफ्नो अनुभव यसरी सुनाउनुहुन्छ, ''चैत्र महिना २००६ सालमा हो, राती दाउरा खोज्न जंगल जानको लागि ०२ बजे उठेर ढोका खोलेर हेर्दा ०५ हात जति लामो डल्लो-डल्लो स्युरुङ- स्युरुङ स्याङ(घन्टी) बजाउँदै माम आउनुभएको देखेँ। सासु आमालाई भन्दा बहिर ननिस्किनु, हाम्रो अजिमा देउता हो, अजिमा देउता त ऊ तल हाम्रो टुसाल दोभान सम्म भूत लखेट्नुहुन्छ, मास्तिर भेट्योकि पिपलको बोट कट्ने गरि भुत लखेट्नुहुन्छ, अजिमा देउता हिँड्ने  बेलामा जानुहुँदैन, नजाउ भन्नुभयो। यति यति सम्म पछाडी कपाल, अगाडी पट्टीबाट बाँधेको कपाल जस्तो देखेँ, हातमा घण्टीहरू छ, माथिबाट तल स्युरूङ स्युरूङ घण्टी बजाँउदै आउनुभयो, परमेश्वरी भगवान मैले गल्ती गरेको रहेछ भने क्षमा पाँउ भनेर ढोगे र ढोका बन्द गरे। त्यो सालमा मलाई लाभै लाभ भयो। त्यो समयमा पाँच रूपैयाँको धान त एक मुरी, जे किने पनी एक मुरी आउँथ्यो। नख्खुबाट बौद्ध फर्किने बेलामा संखमुलको पुल नागेर आउँदा अठ्ठाइस हजार भेटेँ,  छालाको खल्तीमा पछयौरले बेरेर राखेको, त्यो दिन मामको थानमा १०८ बत्ती बाँले, देउता घुमेर फर्किने बेलामा फेरी तीन सय पन्ध्र रूपैयाँ भेट्टियो, नजिकै एउटी बूढी रहेछ, तपाइको हो भनी सोध्दा होइन भनेपछि टिँपे र फर्केर ममलाई फेरी बत्ती बाँले। त्यो समयमा एक रूपैयाँ बोकेर गयो भने पाँच जना रोपार, चार जना लाठ्ठे पाइन्थ्यो, लाठेलाई एक सुका, रोपारलाई बीस पैसा पर्थ्यो।''

टासी लामाका अनुसार बौद्धबासीहरूले अहिले पनि माम पुकासीलाई बौद्ध क्षेत्रको सुङमाको रूपमा नै पुज्ने गर्दछन्, आरद्य देवीको रूपमा मान्ने गर्दछन्।  अहिले पनि विहान बेलुकी नियमित पुजा गर्ने, घर टोलमा केही भयो भने पनि पुजा गर्ने चलन यथावत छ। मामको पुजा गर्यो भने चिताएका सम्पूर्ण कामहरू बन्ने विश्वासका साथ जुनसुकै शुभ कार्य सुरूवात गर्नुपूर्व पुजा गर्ने गरिन्छ। विवाह गर्दा पनि नयाँ दुलाहीलाई मामलाई देखाउनु पर्ने विश्वास रहेको छ।  स्थानीयहरूमा उहाँले आफ्नो क्षेत्रको सबैको रक्षा गर्नु हुन्छ भन्ने प्रगाढ विश्वास रहेको छ। बौद्धका स्थानीय तामाङहरूले म्हेनिङलाई पनि विशेष पर्वको रूपमा नै मान्ने गर्दछन्। यस पर्वमा चेलीबेटी लगायत नातागोताहरूलाई घरमा बोलाएर भोज खुवाउने गरिन्छ, जसलाई क्षेमा भोज भनिन्छ। त्यसको भोलिपल्ट मामलाई पुजा गर्ने प्रचलन रहि आएको छ।

कृष्ण लामाका अनुसार मामले परापूर्व कालमा स्थानीय समुदायका बालबच्चालाई दुःख दिने, बच्चाहरू खाने गर्नुहुन्थ्यो। पछि मामलाई पुजा गरेर मन्दिर बनाएर स्थापना गरेपछि दुःख दिन छोड्नुभयो। मामथानमा पहिला पहिला हाँस, कुखुराको बली दिने प्रचलन पनि थियो। हाल अण्डा मात्र चढाउने गरिन्छ,अण्डा मन्दिर बाहिरै फुटाउने गरिन्छ। माम रातको बाह्र बाजे घुम्न निस्किने गर्नुहुन्छ। वहाँ थप्नुहुन्छ, ''बाजेले नहेर नहेर मामसँग आँखा जुध्यो भने रगत छादेर

मर्छ भनेर भन्नुहुन्थ्यो, झ्याल ढोका बन्द गर्ने लगाउनुहुन्थ्यो। कोही कोहीले झ्याल ढोकाको काँपबाट चियाएर हेर्दा देख्न चाहिँ नदेख्ने स्याङ स्याङ गरेको आवाज सुनिने, कुकुरहरू कराउँदै पछिपछि कुद्ने गर्दथ्यो। मैले पनि देख्न चाहि नदेखेको, अवाज मात्र सुनेको हो। बाजेहरूले हेर्न दिनुहुन्नथ्यो। माम  सिंह चढेर हिड्ने, स्याङ स्याङ गर्दै माथि पीपलबोटसम्म जानुहुन्थ्यो, त्यसपछि मामथान फर्किनुहुन्थ्यो। माम मूलगेटबाट होइन छेवैमा हालको रातो घरसँगैको चिहान निस्किने बाटोबाट निस्किनुहुन्थ्यो, हाल बाटो थुनिएको छ।"

नेवारी समुदायमा भने अजिमा हिमालबाट आएको स्वेत वदन अर्थात सेतो शरीर भएकी, बच्चाको पालनपोषण तथा हेरचाह गर्ने, प्रेत पिशाच, नकारात्मक शक्तिलाई हटाइ सकरात्मकतामा लाने र व्यापार व्यवसाय वृद्धि गर्ने देवीको रूपमा लिने विश्वास रहेको सुरेन्द्र बज्रचार्य बताउनुहुन्छ। अजिमाले आफ्नी दिदी हारतीको ५०० सन्तानमध्ये अत्यन्तै रोगी छोरीलाई बचाउन अजिमाले आन्द्राबाट सिधै खाना पुर्याएर रोगी छोरीलाई बचाएको मिथक प्रचलित छ र अजिमाले बालबच्चाको राम्रो पालनपोषण गर्ने विश्वास रहेको छ। साथै, आफ्नो व्यापार व्यवसाय वृद्धिको लागि बौद्धमा व्यापार गर्न आउने समयमा अजिमाको दर्शन तथा भजनकिर्तन, पूजापाठ गरिसकेपछि मात्र व्यापार सुरू गर्ने र व्यापार सकेर बौद्धबाट फर्किने समयमा पनि भजनकिर्तन, पूजापाठ र जात्रा मनाएर फर्किने प्रचलन रहेको थियो। अजिमाको स्वरूपको बारेमा 'छुवास्कामुनी ध्यान'मा यसरी व्याख्या गरिएको छ, "हिमालय पर्वतमा विराजमान हुनुभएकी श्री छवास्कामुनी देवीका दुई वाहु, सेतो वर्ण, तीन आँखा, हँसिलो मुहार भएकी नाना किसिमका रत्न मणिबाट निर्मित मुकुट र आभूषण धारण गरी ललित आशनमा बस्नुभएको छवास्कामुनि देवीलाई नमस्कार।"(लामा, २०८१, पृ.७३)

## अध्याय ४

## बौद्ध क्षेत्रका मौलिक नामको दस्तावेजीकरण

**स्थान नाम (**Toponym) भन्नाले कुनै विशिष्ट भूगोलिक स्थानलाई चिनाउने नाम हो, जसले त्यो स्थानको ऐतिहासिक, सांस्कृतिक, धार्मिक वा प्राकृतिक विशेषतालाई प्रतिनिधित्व गर्छ। यस्ता नामहरू केवल भौगोलिक सूचक मात्र नभई समुदायको सामूहिक स्मृति, परम्परा र विश्वाससँग गहिरो सम्बन्ध राख्दछन्। तसर्थ स्थान नाम अमूर्त साँस्कृतिको अभिन्न अंगको रूपमा व्याख्या गरिन्छ। स्थान नामहरू समुदायको सांस्कृतिक सपदाको महत्वपूर्ण जस्ले ती समुदायको सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक इतिहासका विविध आयामहरूलाई प्रतिनिधित्व गर्दछ।(Raper, 2004) तात्कालीन समयको जीवनशैली, रहनसहन बुझ्नका लागि त्यहि समयमा विकास भएका स्थान नामहरूले विशेष अर्थ राखेका हुन्छन्। स्थान नामहरू कुनै क्षेत्र वा वस्तुको केवल भौगोलिक चिनारीका माध्यम मात्र होइनन्, ती कुनै समुदायको ऐतिहासिक स्मृति, सांस्कृतिक विश्वास, भाषिक संरचना र सामाजिक सम्बन्धहरूलाई समेट्ने गहिरा सांस्कृतिक प्रतीकहरू हुन् । विशेषगरी आदिवासी समुदायहरूका लागि त यस्ता नामहरू उनीहरूको अस्तित्व, भू–सम्बन्ध, परम्परा र आत्मपहिचानको आधार स्तम्भ नै हुन् । बौद्ध क्षेत्रका तामाङ समुदायले आफ्ना वन, खोल्सा, बस्ती, गोरेटो, मन्दिर, छ्योर्तेन, डाँडा, खोला, लगायतका स्थानहरूलाई प्रकृति र परम्पराबाट उत्पन्न आफ्नै भाषामा नामकरण गरेका थिए। यस्ता नामहरूमा स्थानीय भूगोल, पर्यावरणीय ज्ञान, धार्मिक विश्वास, ऐतिहासिक घटनाहरू र सांस्कृतिक अभ्यासहरू झल्किन्छन् ।

बौद्ध क्षेत्रको आदिम वासीको रूपमा बसोबास गर्दै आएको तामाङ समुदायले यस क्षेत्रका प्राकृतिक तथा सांस्कृतिक स्थलहरूको आफ्नै मौलिक भाषा तथा सांस्कृतिक मूल्य मान्यताको आधारमा नामाकरण गरिएका स्थान नामहरू र ती स्थलसँग जोडिएका स्मृतिहरू पुरानो पुस्तामा अझै पनि ताजा छन्। ती मौलिक तामाङ नामहरू प्राय मेटिइसकेको र अहिले नयाँ खस नेपाली नामहरूले प्रतिस्थापन भएको देखिन्छ । स्थानीय तामाङ भाषाका मौलिक नामहरूले बौद्ध क्षेत्रमा सदियौँदेखी बसोबास गर्दै आएका तामाङ समुदायको सामुदायिक स्मृति, जीवन्त भोगाइ एवम् समग्र इतिहास प्रतिनिधित्व गर्ने महत्वपर्ण सम्पदाको रूपमा रहेको हुदाँ यस अध्ययनले बौद्ध स्तूपसँग सम्बन्धित तथा यस क्षेत्रमा रहेका स्थान–नामहरूको मौलिक नामहरूको अभिलेख राख्ने, तिनको सांस्कृतिक र ऐतिहासिक महत्त्व उजागर गर्ने, र सरकारी अभिलेख तथा सार्वजनिक प्रयोगमा तिनको पुनःस्थापना गर्नेतर्फ लक्ष्य लिएको छ। यसका लागि स्थानीय जेष्ठ नागरिकहरू, बौद्ध साहित्यमा विज्ञ संस्कृतिविद्हरूसँग अन्तर्वार्ता र सम्वाद गरिएको छ, जसले ती नामहरूको शुद्धता र सान्दर्भिकता सुनिश्चित गर्ने प्रायस गरिएको छ ।

बौद्ध क्षेत्रमा अवस्थित उल्लेखित सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरू विशेषतः स्थानीय तामाङ समुदायले पहिचान गरेको र बौद्ध क्षेत्रमा पछिल्लो समयमा धेरै मठमन्दिर लगायतका स्थलहरूको निर्माण भएपनि यस अध्ययनले स्थानीय तामाङ समुदायको सांस्कृतिक, धार्मिक तथा सामुदायिक रूपमा परापूर्वकालदेखी अर्थ र महत्व बोकेका स्थानहरूको विवरण प्रस्तुत गरिएको छ। विवरणमा उक्त स्थानहरूको मौलिक नाम, परिवर्तन भएमा परिवर्तित नाम, स्थानको महत्व, स्थानको भौगोलिक अवस्थिति र वर्तमान अवस्था लगायतको जानकारीहरू उल्लेख गरिएको छ। बौद्ध क्षेत्रमा रहेका

पुराना तामाङ सम्पदाहरू र मौलिक स्थान नामहरूले समुदायको ऐतिहासिक उपस्थिति र साँस्कृतिक दाबी पुष्टि गर्छन्। अमूर्त संस्कृतिको महत्वपूर्ण तत्वको रूपमा स्थान विशेषसँग जोडिएको स्थान नामलाई अध्ययनको पाटो बनाउनुपर्ने यस अध्ययनले देखाएको छ।

### १. होल्गा

होल्गा बौद्ध क्षेत्रको पूर्वतर्फ अवस्थित एक महत्वपूर्ण क्षेत्र हो। जसको नामकरण  यस क्षेत्रमा बग्ने खहरे खोला संग सम्बन्धित छ। होल्गा शब्दले तामाङ भाषामा गल्छी वा पानी बग्ने खोँच भन्ने अर्थ दिन्छ। जसबाट के स्पष्ट हुन्छ भने यस स्थान प्राकृतिक बनावट भएको स्पष्ट हुन्छ। होल्गामा विशेषगरी वर्षायाममा बौद्ध आसपासका पानी यही हुदै बग्ने निकास समेत मानिथ्यो। केही समय अगाडी सम्म यस स्थानमा पुल समेत थियो। जसले वरपरका बस्तीहरुलाई आपसमा जोडने सञ्जालको काम गर्थ्यो। होल्गा आपसास सिस्नुघारी र बाँसघारी थियो। होल्गामा बाँसको झ्याङहरूले गर्दा अध्यारो हुन्थ्यो। जयमंगल लामाका अनुसार त्यस ठाउँमा भूतप्रेत आउने भनेर बेलुका मानिसहरु आवतजावत गर्दैन्थ्यो। त्यहाँको खोला फोहोर थियो। पछि विसं २०५६ सालमा बौद्धनाथ क्षेत्र विकास समितिको भवन बनाएको थियो। त्यो परति जग्गामा बनाएको हो। सहरीकरणको तिव्रता र सरकारी बेवास्ताका कारण होल्गा जस्ता प्राकृतिक संरचना फोहोरमैला तथा घरायसी फोहर फाल्ने थलो हुदै अहिले होल्गामा ढल राखेर माथिबाट पक्की सडक निर्माण गरियो। सडक निमार्ण संगै होल्गाको पुरानो स्वरुप र त्यसको प्राकृतिक बहाव एउटा भूस्मृति मात्र बनेको छ। पुराना पुस्ताका लागि यो स्थान अझैपनि भावनात्मक र प्राकृतिक चिनारी हो। अन्तमा होल्गा केवल पानी बग्ने गल्छी थिएन, यो बौद्ध क्षेत्रको जीवनशैली, प्रकृति र संस्कृति संग जोडिएको एउटा इतिहास थियो जुन अव अस्तित्वहीन बनिसकेको छ।

### २. मण्डलपाखा

मण्डलपाखा धार्मिक र भौगोलिक मौलिकता बोकेको स्थान नाम हो। मण्डला बौद्ध परम्परामा सम्बन्धित नाम हो। मण्डला जस्तै बृत्ताकार भूभाग वा पाखा चौर भएको कारण नै यसलाई मण्डलापाखा भनिएको हो। शहरीकरण र योजनाबिना भएको जमिनको उपयोगका कारण यसको अस्तित्व समाप्त भएको छ। हाल यस स्थानलाई मेण्डल पाखा भनिन्छ। अहिले त्यहाँ भवनहरु, सडकहरु छन तर यसको मौलिक स्मृति छैन। यो नाम नयाँ पुस्ताका लागि अपरिचित लाग्छ। यो केबल केही जीवित अग्रजहरुको सम्झनामा मात्र बाँकी छ। त्यसैले अब यसको भौगोलिक मौलिकता फर्काउन नसकिए पनि पुनः त्यस क्षेत्रको नामकरण मण्डलपाखा गरिएमा इतिहासको सम्झना, सम्मान र अस्तित्व राख्न सक्छौं।

### ३. मान्दोघाङ

मान्दोघाङ तामाङ भाषामा आधारित एउटा मौलिक नाम हो। यहाँ मान्दो भन्नाले बिमिरा फल जनाउँछ भने घाङ शव्दले डाँडा अथवा उचाइयुक्त भूभाग जनाउँछ। यसर्थ मान्दोघाङ भन्नाले बिमिरा फल्ने डाँडा भन्ने अर्थ आँउछ। कतिपयले यसलाई म्हेन्दोघाङ पनि भनिन्छ। म्हेन्दो भन्नाले फूल भन्ने अर्थमा यो ठाँउ फूलहरुले ढाकिएको डाँडा भन्ने बुझिन्छ। शहरीकरण र बसोबास विस्तारका कारण डाडा समथर हुदै विस्तारै मान्दोघाङ नाम जनजीवनबाट हराउदै गयो। अहिले यो नाम अस्तित्वमा छैन। केही सिमित बृद्धबृद्धाका स्मृतिमा मात्र बाकी रहेको छ।

### ४. अंगत धारा

बौद्ध अरुणिमा चोक र लुन्डुप धुठोइ छेउमा अंगत धारा पर्दछ। यो धारा अंगत लामा (दारी लामा) द्धारा वि.सं. १९९३ सालमा स्थापना गरिएको हो। उनको जन्म वि.सं. १९५५ सालमा भएको थियो। उनको निधन ७६ वर्षको उमेरमा वि.सं. २०३१ भएको थियो। उनी बौद्ध धर्मको जन्मदेखि मृत्यु संस्कारमा निकै निपुन थिए। धारा निर्माण भन्दा पहिला कुवाको रुपमा रहेको थियो। यो धारा वि.सं. २०५७ सालमा अंगत लामाका बुहारी मिक्सु लामाद्धारा जिर्णेद्धार गरिएको थियो। पछि सम्म नै यस धाराको पानी खाना र सरसफाइका लागि स्थानीयहरुले प्रयोग गर्दथे। यहाँको पानी चिसो महिनामा तातो र गर्मी समयमा चिसो हुने गर्दथ्यो। हालको स्वरूपमा वि.सं. २०८० सालमा पुनः निर्माण गरिएको हो। अहिले यसको स्वरुप निकै सुन्दर बनाएको छ। तर अहिले पहिलाको जस्तो पानी भने आउँदैन। लेखक बिर बहादुर लामाका अनुसार अंगत लामाले जीवनभर ढुंगेधाराको बाहेक अन्यत्रको पानी पिएनन्। जीवनको अन्तिम घडी सम्म पनि बौद्धको ढुंगेधाराकै प्रयोग गरे। उनको शवमा पनि सबैले धाराटोलको ढुंगेधाराकै पानी चढाए।

### ५. गधापाटी (फर्सिला घाङ)

गधापाटी नाम पुरानो परिवेश र गतिविधिको आभास दिने एक महत्वपूर्ण स्थल हो। यो स्थानले काठमाडौं र भोट बीचको प्राचीन व्यापार सम्बन्ध गँसिएको तत्कालीन समयलाई प्रतिनिधित्व गर्छ। टुसाल चोकबाट पश्चिम हालको हायात होटलको गेटको आसपासको ठूलो क्षेत्रलाई गधापाटी भनिन्थ्यो। तथापि यस क्षेत्रको मौलिक नाम भने फर्सिला घाङ हो। बौद्ध क्षेत्रभन्दा अलि अग्लो भूभाग रहेको तथा तत्कालीन समयमा यस क्षेत्रमा फर्सि फल्ने भएकोले फर्सिको डाँडा भनिने गरिन्थ्यो। यस स्थानमा भोटका व्यापारीहरुले आफ्नो सामान ओसारपसारका लागि प्रयोग गरेका गधा तथा खच्चडहरु राख्ने वा बाध्ने गर्दथ्यो। त्यससंगै त्यहाँ व्यापारीका गोठाला तथा यात्रीहरुका लागि पाटी पनि थियो। यसरी गधाहरू बाध्ने र चराउने ठाउँको रूपमा कालान्तरमा यस क्षेत्रको नाम नै गधापाटी हुन गएको देखिन्छ। यसलाई तत्कालिन समयको पुरानो काठमाडौं शहरको पूर्वी क्षेत्रलाई छुट्याउने नाकाको रुपमा पनि चिनिन्थ्यो। कतिपयले यसलाई तत्कालिन काठमाडौं शहर प्रवेशको अन्तिम विश्राम स्थलको रुपमा पनि लिन्थ्यो। अहिले गधापाटीको भौतिक स्वरुप अस्तित्वमा छैन। यो क्षेत्र हायत होटलको परिधिमा समाहित भएको छ। बीर बहादुर वाइबाका अनुसार यो पाटी प्रधानमन्त्री चन्द्रशमशेरका पालामा निर्माण भएको हो। चन्द्रशमशेरका पालामा पीपागोश्वारामा काम गर्ने पीपाहरु बास बस्ने प्रयोजनका लागि उक्त पाटी उपयोग हुने गर्दथ्यो। पाटीका वरिपरि धारा, कुवा र चौर गरी करीब दुइ रोपनी क्षेत्रफल फैलिएको जग्गा थियो। पाटी वरिपरि दुइवटा धारा र दुइवटा कुवा थियो। जयमंगल लामाका अनुसार गधापाटी, अहिलेको चुच्चेपाटीमा मानिसहरु हिँडडुल गर्न डराउँथ्यो। त्यस क्षेत्रमा मानिसहरुलाई लुटपाट गर्ने हुँदा मानिसहरु आवातजावत गर्न डराउँथ्यो। त्यो बेला त्यस क्षेत्रमा त्यस्तै अवस्था थियो।

### ६. टुसालपाटी

बौद्ध क्षेत्रको टुसालमा अवस्थित टुसाल पाटी एक ऐतिहासिक, सांस्कृतिक र सामाजिक महत्वको स्थल हो। स्थानीय जनश्रुतिअनुसार, यो पाटी इन्द्रराम लामा र सेती लामा (व्लोन)द्वारा स्थापना गरिएको हो। यस पाटीको स्थापना सम्वत १८५३ फागुनमा भएको प्रमाण शिलालेखमा उल्लेख छ। अहिले यो पाटीको भौतिक संरचना नदेखिएता पनि यस पाटीको नाममा अझै करिव २ आना जग्गा बाँकी रहेको तर हाल स्थानीय स्वामित्वमा सुरक्षित छैन। शिलालेख अझै

अस्तित्वमा रहेपनि त्यसको अक्षर अध्ययन गर्न कठिन भइसकेको छ। यो पाटी त्यस बेलाका यात्रुहरुका लागि बिसाउने, पानी पिउने र विश्राम गर्ने सुरक्षित थलो थियो। यात्रुहरुका लागि पानी पिउन माटोको घ्याम्पो राखिएको थियो। त्यसैका छेउमा एउटा पोखरी समेत थियो। त्यस पोखरीमा गाइबस्तुले पानी खाने गर्दथ्यो। पाटी वरिपरि फूलबारी समेत थियो। टुसाल पाटीको नाम लोप भएको छ तर यसको शिलापत्र तथा कथाहरु अझै सुरक्षित नै छ।

**७. ठानाघाङ**

ठाहाना घाङ अहिले धेरै जनाका लागि अपरिचित लाग्न सक्छ। यो नामको विषयमा स्थानीय समुदयमा फरक फरक धारणाहरु प्रचलनमा रहेका छन्। पहिलो जमदार नामका एक सरदारको स्वामित्वमा रहेको जग्गा वा डाँडा भन्ने बुझिन्छ। त्यसैले जमदारको ठाहाना अर्थात ठाहाना घाङ भनिएको हो। दोस्रो तामाङ भाषामा ठा भन्नेले चिल जनाउँछ र घाङ भन्नाले डाँडा हो। अर्थात चिल बस्ने डाँडा। यस व्याख्या अनुसार चिल बस्ने चुलिँदो भूगोल भन्ने अर्थ दिन्छ। त्यसैगरी अर्को मत के छ भने यहाँ पहिला प्रहरी चौकी थियो। जसलाई स्थानीयले थाना घाङ भन्ने गर्थे। त्यहि नै पछि अपभ्रंश हुदैँ ठाहाना घाङ भएको हो। पहिला त्यस वरपर अहिलेको जस्तो बजार र बस्तीहरु थिएन। केही गोठ, केही वरपर छरिएका बस्ती मात्र थियो। प्रहरी चौकीमा हवल्दार र दुई तीन सिपाही बस्ने गर्थे। त्यहाँबाट वरिपरिको इलाका सजिलै नियाल्न सकिन्थ्यो। चिलको बास, प्रहरीको उपस्थिति, जमदारको स्वामित्व र तामाङ भाषिक पहिचान सबैले ठाहाना घाङलाई एउटा विशिष्ट पहिचना दिएका थिए। तर अहिले ती शहरीकरणको छायाँमा हराउदैँ गयो। अहिले त्यो डाँडा डाँडा जस्तो देखिदैन। सबै घरहरुले भरिएका छन्  र यो ठाउँ केवल केही वृद्धहरुको सम्झनामा मात्र सिमित छ।

**८.  लामाहिटी (रामहिटी)**

लामाहिटीको शाब्दिक अर्थ लामाधारा हो। हाल यो शब्द अपभ्रम्स भएर रामहिटी भएको छ र उक्त स्थानलाई यहि नामबाट चिनिन्छ। यो बौद्ध क्षेत्रको ऐतिहासिकता, धार्मिक र सांस्कृतिक महत्व बोकेको स्थान हो। यसको नाममा रहेको धार्मिक, सामाजिक र जनश्रुतिले यसको पहिचान दिन्छ। यसको उत्पतिबारे विभिन्न मतहरु रहेका छन्। यहाँ तीनचुलीमा बसोबास गर्ने इ्यारुङ खस्योरका पुजारी लामाहरूले खाना र लुगा धुन प्रयोग गर्ने तथा बिहान नित्य पूजा गर्नु पूर्व यहि धारामा नुहाइ बौद्ध स्तूपमा जल चढाउने प्रचलन थियो। त्यही लामाले प्रयोग गरिने परम्परागत ढुंगेधारा नै कालन्तरमा लामाहिटीबाट रामहिटी भएको हो। स्थानीय वृद्धवृद्धाहरुका अनुसार कुनै समय यहाँ रहेको ढुंगेधाराको पानी असाध्यै मिठो थियो। जनश्रुति अनुसार दरबारका राणाले समेत यसको पानी मगाएर खाएका थिए। उनले घुम्ने क्रममा त्यहाँको पानी खाएकाले थिए र पानी स्वादिलो भएकोले दरबारसम्म पानी ल्याउन आदेश दिएका थिए। एक पक्ष अनुसार हिन्दुधर्मका लोकप्रिय नाम रामचन्द्र जनाउँछ र हिटी भन्नेले परम्परागत ढुंगेधारा हो जहाँ पानी निस्कन्छ।

### ९. भूवल डाँडा (भज्यू घाङ)

भूवल डाँडा बौद्ध स्तूपदेखि पूर्वतर्फ तिनचुली नजिकै अवस्थित एक ऐतिहासिक स्थान हो। भूवल डाँडाको मौलिक नाम भज्यू घाङ हो। त्यहि नाम अपभ्रंश हुँदै भूवल डाडा भएको मानिन्छ। भज्यूहरू बौद्ध क्षेत्रमा आदिम कालदेखी बसोबास गर्दै आएका तामाङ समुदायभित्रको एक समूह हो। भज्यूहरू यहि मूल थलोबाट जोरपाटी लगायत अन्य ठाउँमा बसोबास गरेका हुन भन्ने स्थानीयहरू बताउँछन्। उनीहरु प्रारम्भिक रुपमा बौद्धका पुजारीका रुपमा चिनिन्थे। उनीहरुले नै बौद्ध क्षेत्रको पूजाआजा, रीतिरिवाज तथा बौद्ध धर्मसम्बन्धी कर्मकाण्डहरु सञ्चालन गर्ने गर्थे। त्यसैगरी घाङ शव्दले तामाङ भाषामा डाँडालाई जनाउँछ। समयसँगै भाषिक प्रभाव, शहरीकरण र बाह्य सम्पर्कका कारण यो नाम भूवल डाँडा रहन गएको हो। यो क्षेत्रमा अहिले पनि तामाङ भज्यूहरुको बाक्लो बस्ती रहेको छ। बौद्ध क्षेत्रमा मानव वस्तीको शुरूवाती समयमा यो ठाउँ बस्नका लागि धेरै उपयुक्त ठाउँ थियो। बौद्ध क्षेत्रको पहिलो मानव वस्ती यहि स्थानमा बसेको देखिन्छ। भज्यूहरुले भोटबाट आउने तीर्थयात्री र व्यापरीहरुलाई बौद्ध घुमाउने, पुजा गराउने कार्यमा विशेष भूमिका खेल्थे। अहिले भूवल डाँडाको पुरानो स्वरुपमा व्यापक परिवर्तन भएको छ। बस्तीहरु विस्तार, तथा शहरीकरणका कारण ऐतिहासिकता गुम्दै गएका छन। अब केही अग्रजहरुका स्मृतिमा मात्र यो नाम बाँकी छ। यस क्षेत्रमा अझै पनि केही पुराना कुवाँ तथा चुला छन त्यसले यहाँको ऐतिहासिकता पुष्टि गर्छ। स्थानीयको प्रयासमा यस ठाउँको नाम पुनः भज्यूघाङ भनेर चिनाउन थालियो भने यसले भाषा, जातीय पहिचान र इतिहासको संरक्षणमा ठूलो टेवा पुर्याउनेछ।

भज्यू घाङस्थित फिरफिरे घाङले बौद्ध क्षेत्रमा तामाङ समुदायको प्राचीनता तथा व्यवस्थित तामाङ बस्तीको रूपमा रहेको दृष्टान्त प्रस्तुत गर्दछ। उक्त डाँडामा धान रोपाँईका अगाडि खडेरी परेमा पानी बृष्टिको लागि र धानबाली उठाउनु अगाडि असोज महिनामा असिनापानी, हावाहुरीबाट धानबालीलाई सुरक्षा दिन फिरफिरे (खोर्लो) गाढ्ने प्रचलन थियो। यस क्षेत्रमा कोही बालबच्चा बिरामी भए फिरफिरे गाढेपछि निको हुन्छ भन्ने विश्वास परम्परा रहेको थियो। उक्त स्थानलाई पवित्र स्थलको रूपमा घेवा सम्पन्न भइसकेपछि तोरमोहरू उक्त स्थानमा लगेर राखिन्थ्यो, साथै मृतकको लुगाफाटो लगेर जलाईन्थ्यो। उक्त स्थानमा ध्यान तपस्या बसे सिद्धि प्राप्त हुन्छ भन्ने विश्वास अनुसार सिद्ध लामा गुरू र बोन्पोहरू ध्यान तपस्या बस्ने गर्दथे। यसर्थ यस सम्पदाले बौद्ध क्षेत्रमा प्राचीन कालदेखी नै तामाङ मौलिक परम्परा र अभ्यासहरू अस्तित्वमा थिए भन्ने पुष्टि गर्दछ।

### १०. च्यालदुम कुवा

त्यस क्षेत्रमा पहिला तितेपातीको घारी थियो। त्यही तितेपाती घारीमा कुवा भएकाले त्यस कुवालाई च्याल्दुम कुवा भनिएको हो। टुसाल क्षेत्रको प्रमुख र भरपर्दो पानीको नै त्यो कुवा थियो। च्यालदुम कुवाको प्रभाव यति गहिरो थियो कि पछि यही कुवाको नामबाट वरिपरिको बस्तीलाई च्यालदुम टोल भनिन थालियो। अहिले पनि यो टोलले आफ्नो मौलिकता जोगाएर राखेको छ र त्यो पहिचानको मूल जरो यही ऐतिहासिक कुवा रहेको छ। हाल यो कुवाको प्रयोग देखिदैन। अहिले पानी पनि आउँदैन। यसको सांस्कृतिक र ऐतिहासिक मूल्य जोगाइराख्न स्थानीय समुदायको पहल हुन अनिवार्य हुन्छ। यसको लागि कुवा संरक्षण गर्ने अभियान, सरसफाइ कार्यक्रम र नया पुस्तालाई यसको बारे जानकारी दिने काम गर्न आवश्यक देखिन्छ।

## ११. घ्योइलिसाङ

घ्योइलिसाङ झ्यारुङ खस्योर (बौद्ध स्तूप) को पछाडि अर्थात वदी टोलमा अवस्थित पार्क हो। यो एक ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा स्मृतिपरक स्थलका रुपमा चिनिन्छ। घ्योइलिसाङ भन्नाले खस्योरको पछाडि रहेको पोखरी भन्ने अर्थ दिन्छ। स्थानीय जनश्रुति अनुसार, खस्योर निर्माणको क्रममा यस स्थानबाट माटो खनिँदा ठूलो खाल्डो बनेको थियो जुन पछि वर्षात र प्राकृतिक स्रोतका कारण पोखरीमा रुपान्तरित भयो। यसरी बनेको पोखरी समयक्रममा स्थानीय समुदायको जीवनशैली, आस्था र दैनिक व्यवहारसंग गाँसियो। पोखरीको रुपमा मात्र रहेको यो क्षेत्रलाई बौद्ध क्षेत्र विकास समितिको पहल र संरक्षकत्वमा घ्योइलिसाङ शान्ति बाटिका नामको सार्वजनिक पार्क निर्माण गरिएको हो। यो पार्क १५७४५ वर्ग फिट क्षेत्रफलमा फैलिएको छ। बाटिका भित्र उत्तराभिमुख गुरु पद्यसंभव र दक्षिणभिमुख नागराजाको भव्य मुर्ति स्थापना गरिएको हो। पद्यमसंभव र नागराजाको मूर्ति २०७३ साल मंसिर ५ गते लामा गुरुहरूबाट प्राणप्रतिष्ठा (राब्ने) गरिएको हो। यी दुइ मुर्तिले पोखरीको आध्यमिक पृष्ठभूमि अझ प्रगाढ बनाएको छ। त्यसैगरी बाटिका परिसरमा हिमाली बौद्ध परम्पराका ८ वटा छयोर्तेनहरु बनाएको छ। त्यसैगरी नेवारी परम्पराका आधारमा ३ वटा चैत्य निर्माण गरिएको छ। आठवटा छयोर्तेनहरु बुद्ध जीवनका आठ वटा प्रमुख घटनामा आधारित छन। यी छयोर्तेनहरु २०७२ सालको भूकम्पपश्चात बौद्ध स्तूप पुनः निर्माण र जीर्णेद्वारको क्रममा पुनः प्रयोगमा नआएका इँटा र माटोको प्रयोग गरेर निर्माण गरिएका हुन। विशेषताः यो वि.सं. २०७२ साल बैसाख १२ गतेको विनाशकारी भूम्पमा दिवंगत भएकाहरुको स्मृतिमा निर्माण गरिएको हो। स्थानीय अग्रजहरुका अनुसार कुनै समय यो पोखरीमा ढकमक कमलका फूलहरु फुल्दथे। ती कमलका पातहरु स्थानीयले टपरीको रुपमा प्रयोग गर्दथे। विशेषगरी चाडपर्व, पूजा वा भोजभतेरका अवसरमा। एक समय यहाँका पोखरीमा स्व. कर्णेल इन्द्रजंग थापाले माछा पालन समेत गरेका थिए। अहिले बाटिकामा सुविधा सम्पन्न शौचालय र परम्परागत शैलीमा आकर्षक ढुंगेधारा बनाइएको छ। यो बाटिकाको उद्घाटन २०७३ साल मंसीर ७ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले गरेका थिए।

## १२. तोङबाला, मङमला वदी

बौद्ध स्तूपको ठीक उत्तरमा तोङमला, मङमला वदी रहेको छ। यही वदी (कुवा)को नामबाट नै अहिले यसलाई धाराटोल भनिन्छ। तोङमला भनेको माथिल्लो धारा र माङ्चा वदी तल्लो धारा भन्ने अर्थ हुन्छ। यी दुइ धारा एक आपसमा करिब ५० मिटरको फरकमा रहेको छ। यो धारा कहिले कसले बनाएको भन्ने यकिन हुन सकेको छैन। तथापि यसको जीर्णेद्धार चिनियाँ लामा पुण्यबज्रले गरेका थियो। पछि पुनः २०६२ सालमा पुरातत्व विभागले जीर्णेद्धार गरेको थियो। पहिला पहिला यी दुइ धारामा मुहान कुवाबाट पानी आउँथ्यो। मुहान कुवालाई कसैले रानी कुवा कसैले तामाङ महारानी कुवा पनि भनिन्छ। अहिलेको वदीमा रानीकुवा अर्थात मुहान कुवाबाट पानी आउँदैन। अहिले खानीपानी संस्थानको पानी आउँछ।

## १३. ऐतिहासिक मुहान

ऐतिहासिक मुहान बौद्ध पछाडि उत्तर पश्चिममा पर्छ। यस ऐतिहासिक मुहानले कसैले रानी कुवा कसैले तामाङ महारानी कुवा पनि भनिन्छ। यसको निर्माण कहिले र कसले गरेको भन्ने तथ्य भेटिदैन। यो मुहान सिलालेखको आधारमा वि.सं.

१९९८ मा निर्माण भएको देखिन्छ। यस मुहानको मूल ढोका पूर्वतिर फर्केको छ छ भने भित्रि मुहानमा उत्तर दक्षिण फर्केका स साना ढोका छन। पहिला यसका वरिपरि फोहोर थुपारिएको थियो अहिले बौद्धनाथ क्षेत्र विकास समितिले यसको जीर्णेद्धार गरिएको छ। विकास समितिले यसको २०८० भदौमा जीर्णेद्धार गरेको हो। यो मुहान बौद्ध धारा टोलमा रहेका तोङमला वदी र मङ्चा वदीको मुहान पनि थियो। अहिले शहरीकरण र बस्तीहरुको विकासका कारण मुहानबाट धाराटोलको दुइ कुवामा पानी आउने बाटो टुटेको छ।

## १४. तिनचुली

तिनचुली झ्यारुङ खस्योर देखि पूर्वतिर रहेको एक ऐतिहासिक ठाउँ हो। यस ठाउँमा ढुंगाको तीन खुटटे चुलो भएकोले त्यसैको आधारमा यहाँको नाम तिनचुली रहन गएको हो। स्थानीय जनश्रुति अनुसार त्यस क्षेत्रमा खस्योर निर्माण गर्ने क्रममा त्यहाँ काम गर्ने श्रमिकहरु बस्दथे। त्यसलाई श्रमशिविर पनि भनिन्छ। श्रमिकहरुले त्यही श्रमशिविरमा बसेर त्यहाँ चुलो बनाइ खाना पकाएर खाने गर्दथे। त्यो चुलो अहिले सम्म नै संरक्षणमा रहेको छ। स्थानीय जनश्रुति अनुसार यस ठाउँबाट श्रमिकहरुले खस्योर निर्माण गर्ने सामग्रीहरु गधालाई बोकाएर ढुवानी गर्थे। अहिले चुलो संगै बुद्ध मूर्ति (प्रतिमा) र छयोर्तेन (स्तूप) निर्माण गरिएको छ। तिनचुली बुद्ध मुर्ति तथा स्तूप बौद्धनाथ क्षेत्र विकास समितिको आर्थिक सहयोगमा निर्माण गरेको हो। बौद्धनाथ क्षेत्र विकास समितिका प्रतिनिधि (सदस्य) कृष्ण बहादुर लामाको संयोजकत्वमा तिनचुली तामाङ भज्यू गुठि र तिनचुली देविस्थान तामाङ गुठिको संयुक्त पहलमा पुनः निर्मित गरेको हो। निर्माण सम्पन्न पश्चात बुद्ध मुर्ति तथा स्तूपको टुल्कु छयोगलिङ रिन्पोछे तथा तत्कालिन बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष सम्पूर्ण कुमार लामाद्वार वि.सं. २०७२ साल पुस १० गते शुक्रबार समुदघाटन गरिएको थियो।

## १५. पंबुँ

पंबुँ एक ऐतिहासिक र भाषिक दृष्टिले महत्वपूर्ण नाम हो। जुन पं (बाँस) र बुँ (खेत) शब्द मिलेर बनेको हो। यो स्थान पहिले बाँसघारी सँगै फैलिएको ठूलो खेत क्षेत्रको रुपमा चिनिन्थ्यो। अर्को तर्क अनुसार पंबुँ नाम पानीको बुलबुल उम्लने मुहान(कुवा) बाट पनि आएको हो। त्यहाँको खेत गोसाँइकुण्ड जस्तै आकारको थियो, जसमा १०८ स–साना कुण्डहरु थिए भन्ने जनश्रुति छ। रसुवाको गोसाइँकुण्डमा जान नसक्ने श्रद्धालुहरुले यही कुण्डमा नुहाइ पूजा गर्दा उस्तै पुण्य प्राप्त हुने विस्वास गर्थे। विशेषगरी त्यस खेतमा साउन १, २ र ३ गते बाजागाजा सहित रोपाइ गरिसक्नुपर्ने परम्परा थियो। रोपाइ हेर्न वरपरका गाउँबाट मानिसहरु मेला जस्तै गरी आउँथे। जनैपूर्णिमाको दिन त्यहाँ नुहाएर पशुपतिको डोरा बाध्ने चलन पनि थियो। स्थानीय माइली तामाङका अनुसार त्यहाँ चार वटा कुवा रहेको छ जहाँ गोसाँइकुण्डको पानी आँउने विश्वास गरिन्छ। वहाँ भन्नुहुन्छ, “हामी जनै पूर्णिमाको दिनमा कुवाको जल खान जान्थ्यौं, कुवा चिसो गहिरो थियो, गोसाँइथानमा खसेको अम्खारा कि त्यो कुवामा कि कुम्भेश्वरमा पाँउथ्यो रे । बौद्धको धूरठोइमा गुरू रेम्बोर्जे बास बस्नुभएको समयमा यहि चार वटा कुवामा मुख धुने, पानी खानुहुन्थ्यो रे। यी चलनले पंबुँलाई धार्मिक, सांस्कृतिक र सामाजिक रुपमा विशेष बनाएको थियो।”

बौद्धका स्थानीय दारी लामाले (वि.सं. १९५५–२०३१) पंबुँ फाँटमा रहेको खेतमा साउन १ देखी ३ गते बाजागाजासहित रोपाइ गर्ने प्रचलन थियो। उक्त दिन अन्यत्र ठाउँबाट समेत मानिसहरू आउने, रोपाइका साथै गीत गाउने, नाच हेर्ने मान्छेको

ठूलै भिडभाड हुन्थ्यो। त्यसका साथै, त्यस दिन स्थानीय तामाङहरू आफ्नो खेतको धानको विउ बोकेर पंबूँ फाँटमा खेतको डिलैडिल घुम्दै परिक्रम गर्ने तथा कुवाहरू र थुम्कोहरूमा(ताः पोतोल) धानको विउ चढाउने चलन पनि थियो। रोपाइ सुरू हुनु भन्दा पहिला अर्थात साउन १ गतेको अघिल्लो राती सुनसानमा मध्यराती लाठामान श्रेष्ठ नामक नेवारी समुदायको पूजारीले स्थानीय नाग लगायत देवीदेवताको कुखुरा काटेर तीन थुम्कामा पूजा गर्ने गर्दथे। बिहान चराचुरूङ्गी कराउनुभन्दा अगाडि नै पूजा सम्पन्न गर्दथे। भाले बाँसेपछि गरिएको पूजाआजा अशुद्ध हुन्छ भन्ने विश्वासको आधारमा मध्यराती सुनसानमै भाले बास्नु अगाडि नै  पूजा गर्ने परम्परा थियो। पूजा सम्पन्न गर्न श्रेष्ठ स्थानीय तामाङहरूको घरघरमा पैसा उठाउन जान्थे। साउन १ गतेको बिहानदेखी रोपाइ सुरू हुन्थ्यो र तीन दिनमा फाँटका सम्पूर्ण खेतमा रोपाइ सकिन्थ्यो। रोपाइको दिन खेतमै पाहुनाहरू बोलाउने र भोज खुवाउने प्रचलन समेत रहेको थियो।  तर अहिले शहरीकरणका कारण न ती खेत बाँकी छन, न कुण्डहरु, न बुलबुल उम्लने मुहान नै बाँकी छ। आधुनिक भवन र सडकले त्यस मौलिक पंबुँको अस्तित्व मेटाइदिएको छ। पंबुँ अब इतिहासको पानामा मात्र सिमित हुन पुगेको छ।

## १६. केम्बाल

केम्बाहल एक ऐतिहासिक तथा धार्मिक नाम हो। जुन समयक्रममा किमबाहालबाट म्पिाल हुँदै केम्बाल भएको मानिन्छ। यो नामको विकासबारे विभिन्न मत छन। टिका शेर्पाका अनुसार, पहिले यस स्थानमा बहाल थियो। त्यो बहालको नाम किमबहाल रहको हुनपर्छ। कालान्तरमा उच्चारण र प्रयोमा आएको परिवर्तनले गर्दा किमबहाल केम्बाल भनिन थालियो। कतिपयले यसलाई किमाल पनि भनेको पाइयो। केम्बाल क्षेत्रलाई बाह्रै महिना हरियाली भरिएको, उर्वर जमिन भएको,खेतीपातीका लागि प्रशिद्ध फाँटको रुपमा लिइन्छ। बौद्ध क्षेत्रका सबैभन्दा बढी अन्न उत्पादन हुने क्षेत्रको रुपमा पनि लिन्छ। यसको मुख्य विशेषता भनेको वर्षैं भरि उत्पादन भइरहने उर्वर जमिन मान्थियो। तर समयसँगै ती फाँटहरु हराउँदै गए। शहरीकरणको तीव्र गतिका कारण अहिले ती हरियाली फाँटमा अन्नपात नभई भवन र सडकहरु देखिन्छन। ती उत्पादनशील जमिन अहिले संरचनागत विकासका नामका ढाकिएका छन्।

## १७. पुगुल

पुगुल एक ऐतिहासिक तथा तामाङ भाषिक नाम हो, जसको अर्थ कुवा भन्ने हुन्छ। तामाङ भाषामा पुगुल भन्नाले कुवालाई जनाउँछ। बौद्ध क्षेत्रको हालको कुवा टोलमा अवस्थित तीनवटा प्रमुख ऐतिहासिक कुवाका कारण यस स्थानको नाम पुगुल रहन गएको हो। यी कुवाहरु केवल पानी पिउने स्थान मात्र नभई सांस्कृतिक, धार्मिक तथा सामाजिक महत्व बोकेको स्थल थिए। जनश्रुतिअनुसार यी कुवाका पानीको मूलस्रोत खस्योर मानिन्थ्यो। त्यसैले यहाँको पानीलाई लाला क्यूइ अर्थात भगवानको पानी भनी श्रद्धाका साथ लिँदै आएका थिए। यहाँको पानी चिसो मौसममा तातो र गर्मीयाममा चिसो पानी आउने जनविश्वास थियो। यिनै तीन कुवा बौद्ध बजार क्षेत्रका पानी आपूर्तिको मुख्य स्रोत मानिन्थ्यो। यी कुवाले बौद्धको जनजीवन, परम्परा र धार्मिक विश्वाससँग गहिरो सम्बन्ध राख्थे। समयको प्रवाहसँगै कुवाहरु जीर्ण बन्दै गएका थिए। विभिन्न समयमा भएका पुनः निर्माण संगै २०८० साल भदौ ९ गते बौद्धनाथ क्षेत्रविकास समितिका अध्यक्ष राजकुमार लामा (थिङ) को पहलमा यी कुवाहरुको संरक्षण र पुनः निर्माण सम्पन्न भयो। संरक्षण पश्चात यी कुवाको संरचना परम्पारगत शैलीमा निर्माण गरिएको छ, जसले त्यस ठाँउको मौलिकता अझै प्रकट गरिदिएको छ। स्थानीय

वृद्धबृद्धा र परम्परा जान्नेहरुले अझै पनि पनि ती कुवासँग जोडिएका कथाहरु सम्झन्छन। अहिले यस स्थानको नाम पुगुल नभई कुवाटोल भएको छ।

### १८. बौद्ध गिर्दा

बौद्ध गिर्दा नाम बौद्ध क्षेत्रकै एक मौलिक र ऐतिहासिक नाम हो। जसले तामाङ र बौद्ध धर्मका पक्षको उजगार गरेको छ। गिर्दा भन्ने शव्दको प्रयोग यहाँ घेरिएको भन्ने हुन्छ। जुन धार्मिक एवं भाषिक दृष्टिकोणले पनि अर्थपूर्ण हुन्छ। बौद्ध गिर्दा भन्नाले बौद्ध स्तूपलाई वरिपरिबाट घेरिएको क्षेत्र अथवा समुदाय जनाउँदछ। जुन खासगरी ६० धुरी तामाङ समुदायको घरहरुले घेरिएको बताइन्छ। यी घरहरु बौद्ध स्तूपको चारैतिर गोलाकार आकारमा फैलिएको छ। बौद्ध गिर्दाको अवधारणा केवल भौगोलिक सीमांकन मात्र होइन। धार्मिक, सामाजिक र सांस्कृतिक एकताको अभिव्यक्ति पनि हो। उनीहरु बौद्ध स्तूप वरिपरिका गतिविधिमा सक्रिय रुपमा संलग्न हुन्छन। उनीहरु दैनिक पूजा, स्तूप परिक्रमा,  गुठीका क्रियाकलाप र बौद्ध परम्पराका पर्वहरुमा नियमित सहभागी हुन्छन। यसले गर्दा बौद्ध गिर्दा एक प्रकारको धार्मिक गाउँ वा धार्मिक सर्कलको रुपमा पनि चिनिन्छ।

### १९. तोङबोटा

तोङबोटा एक मौलिक भाषिक ऐतिहासिक नाम हो, जसले तामाङ समुदायको बोलीचाली, जीवनशैली र भूगोलसँगको सम्बन्धलाई गहिरो रुपमा झल्काउँछ। तोङबोटा भन्ने नामको व्युत्पतिका बारेमा स्थानीयबीच विभिन्न मतहरु पाइन्छन्। ती व्याख्या अनुसार तोङ तामाङ भाषामा रुख वा खाली भन्ने अर्थ दिन्छ भने बोटा वा टा भन्नाले फेद, जरो वा बोटो भन्ने बुझिन्छ। यस अर्थमा तोङबोटा भन्नाले रुखको जरो, रुखको फेद वा खाली बाटो भन्ने जनाउँछ। नेपालजीत लामाका अनुसार, यस स्थानमा पहिले खेतीपाती गर्दा एक विशेष रुखको फेदमा बस्ने, विश्राम गर्ने परम्परा थियो। समयगसँगै त्यही स्थललाई चिनाउने नामका रुपमा तोङबोटा शब्द प्रचलनमा आयो।

### २०. रामाङ

रामाङ एक मौलिक र ऐतिहासिक भाषिक नाम हो। जसको उदगम बौद्ध क्षेत्रको स्थानीय भूगोल, संस्कृति र जनश्रुतिसँग गहिरो सम्बन्ध राख्दछ। यो नाम तामाङ समुदायबीच विशेष रुपमा चर्चित छ। जहाँ रामाङ शव्द बाख्रासँग सम्बन्धित अर्थमा बुझिन्छ। स्थानीय जनश्रति अनुसार यस स्थानमा पहिले धेरै बाख्राहरु चराउने गरिन्थ्यो, जसले गर्दा यस क्षेत्रको नाम रामाङ रहन गएको हो। त्यसै गरी अर्को तर्फ लेखक तथा अनुसन्धानकर्ता सम्पूर्णकुमार लामाको कथन अनुसार, रामाङ भन्ने स्थान बाख्रासँग सम्बन्धीत अदृश्य अनुभवसँग पनि जोडिएको छ। उनका अनुसार एक समय यस्तो थियो कि त्यहाँ बाख्राको आवाज, कराउने स्वर सुन्न पाइन्थ्यो। तर जब बाख्रा खोज्न जाँदा त्यहाँ कुनै बाख्रा देखिदैन्थ्यो। यस्तो अनौठो घटनाले पनि यस स्थानको नाममा बाख्राको सम्बन्ध स्थापित भएको देखिन्छ। पछिल्लो समयमा शहरीकरण र बस्ती निर्माणका कारण यो ऐतिहासिक नाम पहिचानमा छैन।

## २१. कातोङ

कातोङ एक ऐतिहासिक र भाषिक रुपमा महत्व राख्ने नाम हो। जुन बौद्ध क्षेत्रभित्र पर्ने फूलबारी नजिकको भूभागसँग सम्बन्धित छ। यो नाम तामाङ भाषाबाट उत्पन्न भएको हो र यस सँग सम्बन्धीत विभिन्न जनश्रुति, विश्वास र व्याख्यानहरु पाइन्छन। स्थानीय बासिन्दाहरुका अनुसार कातोङ नामको उत्पति एउटा विशेष प्रकारको रुखसँग सम्बन्धित छ , जसलाई तामाङ भाषामा कातोङ भनिन्छ। जसको अर्थ ओखरको रुख भन्ने हुन्छ। त्यसै ओखरको रुखको आधारमा त्यस स्थानको नाम कातोङ रहन गएको हो। स्थानीय जनश्रुति त्यस रुख भएको क्षेत्रमा स साना बालबालिका जान हुँदैन भन्ने थियो। त्यहाँ गएमा भुतले सताउँछ भन्ने जनविश्वास थियो। त्यसताका बालबालिकाहरुलाई त्यो स्थानमा जान निषेध गरिएको थियो। त्यस रुखको नजिकै एउटा सानो पोखरी पनि रहेको भनाइ छ।

## २२. लुन्डुप धुरठोइ

बौद्ध सम्पदा क्षेत्रमा अवस्थित लुन्डुप धुरठोइ  ऐतिहासिक चिहान हो। यसलाई बौद्ध क्षेत्रको एक विशेष, धार्मिक, ऐतिहासिक र सांस्कृतिक सम्पदा पनि मानिन्छ। यो चिहान बौद्ध मूलगेटको ठीक दुई घर पूर्वतिर मुल सडकमा नै पर्दथ्यो। यो चिहानले करिब १ रोपनी १२ आना क्षेत्रफल ओगटेको थियो। बौद्ध धर्ममा चिहानलाई केबल मृत शरीरको अन्त्यस्थल मात्र नभई तान्त्रिक साधना, चित्तशुद्धि र आध्यात्मिक स्थलको रुपमा पनि लिइन्छ र यही कारणले यो चिहानलाई विश्वका नाम चलेका आठ प्रमुख धुरठोइ मध्ये एक मानिन्छ। स्थानीय जनश्रुति अनुसार, यो चिहानमा स्वयं गुरु रिन्पोछेले बसेर तन्त्र साधना गरेका थिए भन्ने भनाइ प्रचलित छ। यो एक सामान्य अन्य धुरठोइ जस्तो होइन। पहिला पहिला तिब्बती तीर्थयात्रीहरु यस स्थानमा आइ कपाल खौरेर जलाउने पनि गर्दथे। वि.सं. २०२२ साल तिर तत्कालीन प्रधानपञ्च कुलबहादुर शाक्यको पालमा मोटरबाटो बनेदेखि यसको अतिक्रमण शुरु भएको थियो। अन्तत वि.सं. २०२६ सालतिर पक्की सडक निर्माणको क्रममा मूल धुरठोइ रहेको स्थान मेटियो। त्यसअघि नै २०२५ –२६ सालतिर स्थानीयबासीहरुले आपसी सहमति र सामूहिक प्रयासमा धुरठोइलाई अन्यन्त्र सार्ने निर्णय गरेका थिए। बद्री मानन्धरको नामा रहेको ७–८ आना जग्गा खरिद गरेर साइत हेरी पुरानो चिहानको माटो सहित दक्षिणपश्चिमतर्फ अंगतधाराको छेउ सारिएको थियो। यो काम बौद्धधर्मका विधि प्रकृया अनुसार गरिएको थियो।

## अध्याय ५

## बौद्ध क्षेत्रको सामाजिक अभ्यास, संस्कार संस्कृति र चाडपर्व

### ५.१. सांस्कृतिक चाड पर्व जात्रा

बौद्ध क्षेत्रको जीवन्त संस्कृतिको महत्वपूर्ण पाटोको रूपमा यस क्षेत्रमा मनाइने जात्रा र चाडपर्वहरूले बौद्ध स्तूप लगायतका सम्बन्धित अन्य सम्पदासँगको स्थानीय तामाङ समुदाय लगायतक अन्य बासिन्दाको अन्योन्याश्रित सम्बन्धलाई उजागर गर्दछ। यस प्रकारका जात्रा, पर्व तथा उत्सवहरूले बौद्ध सम्पदा क्षेत्रलाई विश्वकै महत्वपूर्ण सांस्कृतिक सम्पदाको रूपमा परिचित गर्न निकै ठूलो भूमिक खेलेको देखिन्छ। यसका साथै, उल्लेखित जात्रा, पर्वहरूले बौद्ध सम्पदा क्षेत्रको एतिहासिक विकासक्रम, ती सम्पदासँग सम्बन्धित विश्वास पद्धति र मान्यताका साथै स्थानीय तामाङ समुदायको समग्र एतिहासिक विकासक्रमलाई प्रतिबिम्बित गरेको छ। हाल प्रचलनमा रहेका जात्रा तथा पर्वहरू बौद्ध निर्माण सम्पन्न पश्चात विभिन्न कालखण्डमा स्थानीय तामाङ समुदायले तत्कालीन समयको सामाजिक सांस्कृतिक वस्तुस्थिति अनुरूप विकास गरेको देखिन्छ। कतिपय जात्रा पर्व भने बौद्ध स्तूप निर्माण हुनु अगाडी नै प्रारम्भ भएको विश्वास गरिन्छ। अमूर्त सांस्कृतिक सम्पदाको महत्वपूर्ण अंशको रूपमा सामाजिक अभ्यास, संस्कार संस्कृति र चाडपर्वको विधा अन्तर्गत जन्म, विवाह, नृत्य संस्कार संस्कृति, लोकपर्वहरु, जात्राहरु, मेलाहरु, सामुहिक पुजाआजाहरु, परम्परागत कानूनी प्रणाली, परम्परागत खेलहरु, नातागोता गाँस्ने विधिहरु, बसोबासको ढाँचाहरु, मौसमी पर्वहरु, लैंगिक सवालहरु, सामाजिक अभ्यासहरु, भेषभूषा, खानपिन, लोकगीत, नृत्यहरु, लोक परम्परा आदि पर्दछन्। यस अध्यायको पहिलो खण्डमा बौद्ध क्षेत्रमा हाल प्रचलनमा रहेका बौद्ध स्तूप र अन्य सम्पदासँग सम्बन्धित जात्रा, पर्वहरू र स्थानीय तामाङ समुदायले मान्ने प्रमुख चाडवाडको विवरण प्रस्तुत गरिएको छ।

**१) बुद्ध जयन्ती :**

बुद्ध जयन्ती बौद्ध धर्मावलम्बीहरूको लागि सबैभन्दा पवित्र र महत्त्वपूर्ण दिवस हो। यस दिन गौतम बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण भएको सम्झनामा मनाइन्छ। बुद्ध जयन्ती वैशाख शुल्क पूर्णामाका दिन पर्दछ र यसलाई त्रि सम्बुद्ध जयन्ती पनि भनिन्छ, किनभने यी तीन महत्त्वपूर्ण घटनाहरू एकै दिन भएको मानिन्छ। शान्ति, अहिंसा, मैत्रेय र करुणाका प्रतीक भगवान् बुद्धको स्मरण गर्दै वैशाख शुक्ल पूर्णिमाको दिन बुद्ध जयन्ती मनाउने गरिन्छ। भगवान् बुद्धले जन्म लिएको, ज्ञान प्राप्त गरेको, ज्ञान प्रदान गरेको तथा महापरिनिर्वाण प्राप्त गरेको दिनको रूपमा वैशाख शुक्ल पूर्णिमालाई बुद्ध जयन्तीको रूपमा मान्ने गरिन्छ। यस दिन बौद्धका स्थानीयहरू बिहानै उठेर नुहाइ धुवाइ सफा भई बौद्ध परिक्रमा गर्ने, बुद्ध मूर्ति वा तस्बिर अगाडी धूप, म्हारमेन बाल्ने, फूल, फल र पानी चढाउने गर्दछ। अरू दिन पालना गर्न नसके पनि एक दिन एकै दिन पनि पञ्चशील ग्रहण गर्ने र शाकाहारी भोजन गर्ने गर्छन्।

बौद्ध स्तूपमा बौद्धनाथ क्षेत्र विकास समिति, तामाङ कल्याण गुठी र बौद्ध घ्याङ गुठी अगुवाइ तथा संयोजकत्वमा अन्य विभिन्न स्थानीय संघ संस्थाहरूको सहभागितामा बुद्ध जयन्ती भन्दा केही दिन अगाडी देखि नै ध्यान शिविर, धर्म देशना (प्रवचन) कार्यक्रम, रक्तदान तथा निःशुल्क स्वास्थ्य शिविर, विद्यालयस्तरका विद्यार्थीहरू बिच बुद्धको जीवनमा आधारित नाटक, कविता वाचन, तथा चित्रकला प्रतियोगिता लगायतका कार्यक्रमहरू गर्दछ। त्यसै गरी बुद्ध जयन्तीका दिन स्तूपमा बौद्धनाथ क्षेत्र विकास समिति, तामाङ कल्याण गुठी र बौद्ध घ्याङ गुठी अगुवाइ तथा संयोजकत्वमा अन्य विभिन्न स्थानीय संघ संस्थाहरूको सहभागितामा वृहत् ऱ्याली आयोजना गर्दछ। ऱ्यालीमा शान्ति, करुणा, अहिंसा र बुद्धका शिक्षाहरूको प्रचार प्रसारका विभिन्न ध्वजा तथा प्लेकार्डहरू बोकी टोल टोल परिक्रमा गर्दछ। ऱ्यालीमा सहभागीहरू उच्च स्वरमा "बुद्धम शरणम गच्छामी, धर्मम शरणम गच्छामी र संघम शरणम गच्छामी" लगायतका नाराहरू उच्चारण गर्दछ। ऱ्यालीमा बुद्धको जीवनमा घटेका महत्त्वपूर्ण घटनाहरूलाई झल्काउने विविध झाँकीहरू प्रस्तुत गर्दछ। त्यसैगरी ऱ्यालीमा लामाले लामाका सर सामग्रीहरू बजाउने, ताम्बाले डम्फु बजाउने, पञ्चेबाजा, व्याण्डबाजा मादल लगायतका बाजाहरू बजाइन्छ। ऱ्यालीमा सहभागीहरूले जातीय पोशक लगाउने गर्दछ। पहिला पहिला दिनभरि बौद्ध घ्याङ गुठीको गुम्बामा रहेको गौतम बुद्धको प्रतिमालाई पूजा गरी साँझपख बौद्ध पीपल बोट देखि चुच्चे पाटी सम्म हात्तीमा राखेर परिक्रमा गराइन्थ्यो। तर अहिले गाडीमा राखेर बुद्धको प्रतिमालाई परिक्रमा गराइन्छ। ऱ्याली पश्चात एक बृहत समारोह सहित धर्म प्रवचन तथा वाङ अभिषेक कार्यक्रममा पनि अयोजनामा गर्रिन्छ। उक्त अवसरमा राज्यका उच्चतहका प्रतिनिधिहरूको समेत उपस्थिति समेत हुने गर्दछ। त्यसैगरी चाबहिलका नेवार समुदायले पनि बाजागाजा सहित बौद्धको परिक्रमा गरी फर्कने गर्दछ।

**२) लाखेनाच :**

बौद्धका तामाङहरूको धार्मिक तथा सांस्कृतिक पर्वहरू मध्ये लाखेनाच पनि एक हो। बौद्ध क्षेत्रका आदिवासी तामाङ समुदायको सांस्कृतिक सम्पदामा लाखेनाचको विशेष महत्व छ। जुन विशेषताः व्याण्ड बाजा सहित प्रस्तुति गरिन्छ। यो नाच नागपञ्चमी देखि शुरू भइ कृष्ण जात्राका दिन समापन हुने गर्दछ। यस अवसरमा बौद्ध पिपलबोट देखि टुसाल सम्म नाचगान गर्दै रमाइलो गर्दछ। नाच्चे क्रममा मुखुण्डो लगाएर रमाइलो गर्दै विभिन्न शैलिमा नाच प्रस्तुत गर्दछ। जसले बालबालिका देखि सबै उमेर समुहलाई उत्साहित र मनोरञ्जन प्रदान गर्दछ। परम्परा देखि नै लाखेनाच घर घरमा पुर्याइन्छ। हरेक घरघरमा लाखेनाच पुर्याउदा त्यस घरका सदस्यहरूले नाच प्रस्तुत गर्नेलाई फलफूल, खानेकुरा र पैसा दिएर स्वागत गर्दछ। यस नाचको मुख्य उद्देश्य मनोरञ्जन मात्र नभइ समुदायमा रहेका नकरात्मक शक्तिलाई हटाउने र सकरात्मक उर्जा ल्याउने विस्वास यस नाचका गाँसिएको हुन्छ। यसरी संकलन भएको रकम आफूलाई चाहिने सरसामग्री खरिद गर्ने गर्दछ। बाँकी रहेको रकम टिमका सदस्यबीच बाडफाँड गर्ने र बनभोज जाने चलन समेत रहेको छ।

**३) घोनाइः**

गोन ङ्याह अर्थात जनै पूर्णिमाको दिनदेखी तीन दिनसम्म मनाइने घोनाइ बौद्ध क्षेत्रको स्थानीय तामाङ समुदायको बौद्ध क्षेत्रमा मात्र प्रचलनमा रहेको मौलिक जात्रा पर्व हो। टासी कुमार लामाका अनुसार यो जात्रा गोनेङ्याको दिन मनाउने भएकाले यो जात्रालाई गोनाइ भएको हुन सक्छ। घोनाइ बौद्धका स्थानीय तामाङ समुदायको मौलिक पर्व हो जसको

उपत्यकाको नेवारी समुदायले मान्ने गाइजात्रासंग कुनै सम्बन्ध देखिदैन। गाइजात्रा विशेषतः प्रताप मल्लको पुत्र वियोगको कहानी संग सम्बन्धित पर्व रहेकोमा घोनाइमा उक्त मान्यताको कुनै उल्लेख भएको छैन। र यस अवसरमा प्रदर्शन गरिने नाचहरू गाइजात्राको नाचहरूभन्दा फरक शैली एवम् फरक मान्यातामा आधारित छ। यस पर्वमा रातभरि गोनाइ नाच नाचिने गरिन्छ। जसमा महिलाहरू पुरूषको पहिरनमा चिटिक्क परेर राम्रो संग नाचिने गरिन्छ।  यस प्रकारको प्रचलन अरू काही पनि छैन। गाइजात्रामा पनि त्यो हुदैन। पछिल्लो समयमा भने घोनाइलाई गाइजात्रा, रोपाँइ जात्राको रूपमा चिनिन थालियो। हाल विकृतिको रूपमा घोनाइलाई रोपाइ जात्राको रूपमा आम रूपमा बुझिने गरिन्छ। पहिला पहिला रोपाइ जात्रा भन्दै भन्दैन थियो। स्थानीय समुदायले गोनाइ जात्रा मात्र भन्ने गर्दथे वा बौद्धको जात्रा नै भनिन्थ्यो। राणाकालमा दरबारमा पनि घोनाई नाच्नको लागि बौद्धबाट तामाङहरू जाने चलन थियो। उक्त समयमा महिलाहरू पुरुषको भेषमा प्रस्तुत हुन्थे, दाउरा सुरुवाल, घडी, चस्मा र सारीको फेटा लगाएर साँझको समयमा घोनाई नाच्नको लागि प्रस्तुत हुने गर्दथे। हाल जनै पुर्णिमा, गाइजात्रा र रोपाँइ जात्राको अवसरमा घरघरमा गएर घोनाई नाच्ने प्रचलन रहेको छ। पछिल्लो समयमा पुरुषहरू घोनाइनाचमा महिलाको भेषमा प्रस्तुत हुने गर्दछन्।

परम्परागत रूपमा घोनाईलाई स्थानीय तामाङ समुदाय विशेषत महिलाहरूको लागि मनोरन्जनको आयामको रूपमा लिने गरिन्थ्यो। स्थानीय माया तामाङका  तात्कालिन समयमा बौद्ध क्षेत्र ग्रामीण इलाका रहेको तथा कृषि र पशुपालनमा निर्भर रहेको परिवेशमा महिलाहरू सधैँ घरको काममा व्यस्त हुने, खेतबारी मेलापात गर्नुपर्ने तथा सासु ससुराको दुःखकष्टमा बस्नुपर्ने बाध्यता थियो। यसरी घरखेतको काममा सिमित महिलाहरूलाई  घोनाइमा भने आफ्नो भेष बदली नचिन्ने भएर घरबाट निस्केर एकछिन रमाइलो गर्ने छुट पाइन्थ्यो। तामाङकी  ९७ बर्षीय सासुले पुरूषको भेष धारण गरेर नचिन्ने भएर जात्राको वहानामा निस्किने गरेको आफूलाई बारम्बार सुनाउने गरेको बताउनुहुन्छ।  त्यसैगरी ७६ बर्षीय रेनुका थिङ आफू घोनाइमा पाइट लाएर पुरूषको भेषमा नाँचेको स्मरण गर्दै चिनियाँ लामाको घरमा टाउकोमा फेटा बाँधेर, चस्मा लाएर नाच्ने र अरूको घरमा रूमालले मुख छोपेर नाच्ने चलन रहेको बताउनुहुन्छ।

भाद्र महिनाको साउन शुक्ल पूर्णिमाको दिन पर्ने जनै पुर्णिमा देखि सुरू भई, भोलिपल्टको(भदौ कृष्ण प्रतिपदा)को दिनको गाईजात्रा र पर्सिपल्टको भदौ कृष्ण द्वितियाको दिन पर्ने रोपाँइ जात्रासँगको ३ दिने फरक फरक दिनको फरक विश्वाश सहितको फरक नाचलाई नै बौद्धका स्थानीय तामाङहरुले घोनाई नाच भन्ने गर्दछन्। बौद्ध माइती भएकी लक्ष्मी लो तामाङ गोने ङ्याह अर्थात "घोनाई" को विषयमा यसो भन्नुहुन्छ, "पहिला पहिला चिनियाँ लामाको घरबाट सुरु गरिने घोनाई नाच बौद्ध छयोर्तेन परिक्रमा पश्चात् अन्य घर-घरमा नाचिने गरिन्थ्यो भने अहिलेको अभ्यासमा पहिलो दिन अर्थात् जनै पुर्णिमाको दिनमा मामला थान(अजिमा)को थान अगाडि बाट नाच सुरु गरिन्छ। महिलाहरूको विशेष सहभागिता सहितको यस नाचमा मादल बजाउने मात्र पुरुष र बाँकी अधिकांश महिला र बालबालिकाहरूको बाक्लो उपस्थिति रहेको पाइन्छ। घोनाई नाचको विशेषता नै महिलाहरूले ठाऊँ परिवेश अनुरुपको वाक्य मिलाई गाउने भाकालाई बुझ्न सकिन्छ। यसको गित फरक भएपनि भाका भने सबैले एकै लयमा गाउनुपर्दछ। यसरि, महिलाहरु मामको थानबाट सुरु गर्दा मामलाई गितको माध्यमबाट पुज्ने र मामलाई फकाउने गर्दछन्। महिलाहरू गित मार्फत् यसो भन्दछन्, *'......माया तिम्ले लिएको पार्सना, माम ठकुरानि दिन्दैछौँ दार्शना....., बौद्धको मन्दिरै घुम्ने फुलको दर्शना लिएर....'* त्यसै गरि परापुर्बकालमा चिनियाँ लामाको घरमा नाच्दा सम्वन्धित घरबाट पैसा दिएर बिदाई गर्नुपर्ने चलन भएको हुँदा महिलाहरू

पैसा हालिदिन गितबाटै यसरि बिन्ती गर्दा रहेछन्... *माया तिम्ले गरेको कैसा, खाजा खाना पुग्दैन यो पैसा*.....भन्दै नाच्ने गर्दथे। अझ पैसा कम भएको लागेपछि गितबाटै *यती पैसा खाऊँ कति जना? राख बरू सबैलाई सम्झना*........ भन्दै त्यस ठाऊँबाट बिदा भई अर्को घरमा घोनाई नाच्ने चलन अझैपनि जिवित नै छ।"

घोनाइको दोस्रो दिन र्यालीसँगै नाचिने घोनाई नाचलाई 'धिङधिङनाका नाच' भन्ने चलन चल्दै आइरहेको छ। धिङधिङ नाका अर्थात् तामाङ समुदायले आफ्नो मातृभाषामा मादलुको धिङधिङ तालमा विशेष गरि बालबालिकाहरुले नाच्ने गर्दछन्। बालबालिकाहरुको रोगव्याधी हटाउनको निम्ति यस नाच नाचिने भएकोले यस नाच अझ विशेष मानिन्छ। परालको डोरि बनाई टाउकोमा बेरेर मादलुको धिङधिङ तालमा, बजाउनेले धिङधिङनाका भनेपछि "बिरामि बालबच्चा बोक्नेले हो..हो...**"** भन्दै ३ पटक बौद्धस्तूप घुमाई धिङधिङनाका नाच नाचिन्छ। यो नाच दिऊँसोको०३ देखि ०४ बजेसम्मको समयमा नाच्ने गरिन्छ।

घोनाइको तेस्रो तथा अन्तिम दिन, रोपाँई जात्राको दिन विशेष गरि बौद्ध वरिपरिका तामाङ तथा नेवार समुदायको मानिस परलोक भएको १ वर्ष ननागेको घर-घरबाट विभिन्न स्वरुप जसमा रोपाँई, बाउसे, रोपार, झाँकी, लाखे, हली आदि बनेर बौद्धबाट परिक्रमा गरि नाचिन्छ। रोपाँई जात्राको सुरुवात राणाकालदेखि भएको बताइन्छ। त्यसबेलादेखि केही समय बौद्ध स्तूपका मूल पूजारी चिनियाँ लामाले यस पर्वको नेतृत्व गर्दै आएका थिए। तर अहिले बौद्धनाथ क्षेत्रविकास समिति, बौद्ध घ्याङ गुठी, तामाङ कल्याण गुठीको संयोजकत्वमा बौद्ध क्षेत्रका अन्य थुप्रै संघसंस्थाहरूको सहभागीतामा बृहत रूपमा मनाउँने गर्दछ। तत्कालिन समयमा चिनियाँ लामाले गौरुङ (सचिव) मार्फत बौद्ध स्तूप वरपरका करिब ६० घरधुरीमा उर्दी पठाउँथे। उक्त उर्दी अनुसार प्रत्येक घरले एक जना "लाठो" र एक जना "रोपार" पठाउनुपर्थ्यो। लाठो भनेको लठ्ठी बोकेको व्यक्तिलाई जनाउँछ भने रोपार भनेको रोपाईं गर्ने पात्र (केटालाई केटी बनाई श्रृंगार गरिएको) हो। यस जात्रामा घरका बच्चाहरूलाई केटीको पहिरनमा सजाएर रोपार बनाउने, कसैलाई हली बनाउने, कसैलाई जोगी वा लाटो बनाउने परम्परा अत्यन्त रोचक छ। अहिले जात्रा दिन यी तिन संस्थाहरू लगायका संस्थाहरूको अगुवाइ विभिन्न पात्रहरू बन्दछ। जस्तै लाठे, रोपार, हली, लाखे, जोगी, लाटो आदि। यी सबैले विशेष पारम्परिक पहिरन र श्रृंगार गरेका हुन्छन्। उनीहरू हलो, धानको बीउ, कृषि उपकरण, ढोल, दमाहा, धुम लगायतका वस्तुहरू बोकेका हुन्छन्। जात्राको सुरुवातसँगै ब्यान्ड बाजा पनि बज्न थाल्छ। त्यस संगै र्याली सुरू हुन्छ। र्यालीमा बौद्ध क्षेत्रका गन्यमान्य व्यक्ति, समाजसेवी, सांस्कृतिक अगुवा र सर्वसाधारण सहभागी हुन्छन्। सम्पूर्ण जात्रा बौद्ध स्तूपको परिक्रमा गर्दै, मूलद्वारबाट बजार निस्केर पूर्वमा वडा कार्यालय, पिपलबोट हुँदै पश्चिममा टुसाल चोकसम्म पुगेर पुनः स्तूपको परिक्रमा गरी सम्पन्न हुन्छ।

जात्राको सबैभन्दा रमाइलो पक्ष भनेको अभिनय, व्यङ्ग्य र हास्य हो। सहभागीहरूले लठ्ठी लिएर दौडने, सिस्नो बोकेर हेर्नेहरूलाई पोल्ने, हिलो छयाप्ने, अजीबोगरी नाच्ने, अनुकरण गर्ने, र यौनिकता तथा लिङ्गको आधारमा बनावटी प्रस्तुतिहरू गर्ने परम्परा छ। यी सबै अभिनयले जात्रामा हाँसो, व्यङ्ग्य र सामाजिक विमर्श झल्काउँछ। कसैले राजा बन्ने, कसैले सरकारी अधिकारी, कसैले फरक लैङ्गिक पहिचान बन्ने, कसैले कुनै फिल्मी पात्रको भेषमा प्रस्तुत हुन्छन्। यसले जात्रालाई अझ आकर्षक र रोचक बनाउँछ। जात्रा हेर्न आउने दर्शकहरूका लागि यो मनोरञ्जन मात्रै होइन, धार्मिक आस्थाको विषय पनि हो। मान्यता अनुसार, यदि बालबालिकालाई नयाँ लुगा लगाइदिएर यो जात्रा देखाइयो भने रोगव्याधि टर्छ, शरीर बलियो हुन्छ भन्ने विश्वास छ। यही विश्वासका कारण उपत्यकाका तीनै शहर—काठमाडौँ, भक्तपुर,

ललितपुरबाट मानिसहरू बौद्ध आउँछन्। जात्रामा हिन्दू, बौद्ध, किराँतलगायत सबै धर्मावलम्बीहरूको उपस्थिति देखिन्छ।

**४) सोनाम ल्होछारः**

बौद्ध क्षेत्रका स्थानीय तामाङ समुदायले हाल प्रचलनमा रहेको सोनाम ल्होछर मनाउने अभ्यास पछिल्लो समयमा मात्र सुरू भएको हो। माघ १ गते नै ल्हो अर्थात वर्ष फेर्ने दिनको रूपमा माघेसंक्रान्तिलाई विशेष चाडको रूपमा मनाउने प्रचलन रहेको स्थानीय वृद्धवृद्धाहरूको मत रहेको छ। टासी कुमार लामाका अनुसार पहिला पहिला त ल्होछार भन्ने नै थिएन। माघे संक्रान्तिका दिन मनाउने गर्दथ्यो। त्यसै दिन चाही ल्हो फेरिन्छ भन्ने हाम्रो मान्यता थियो। अर्थात नयाँ वर्ष लाग्यो रे भन्ने चलन थियो। तर खासै अभ्यासमा थिएन। लामाले भन्ने आधारमा नै चाही अभ्यासमा थियो। यसमा हाम्रो चेलीबेटीहरूलाई बोलाएर खुवाउने गर्दथ्यो। त्यो अहिले ल्होछारमा गरे जसरी नै थियो। त्यो एक हप्ता सम्म नै चल्ने गर्दथ्यो। माया तामाङ "पहिला पहिला मनाउने चलन छैन, हाल प्रचलनमा, ल्होसार मनाउने कसरि भन्ने थाह छैन, हाम्रो चाड हो भन्ने थाहा छ, के गरेर मनाउने हो भन्ने छ। भाडामा बस्ने तिब्बतीहरूले खाना बोलाउने, अघिल्लो दिन थुक्पा खान बोलाउने ल्होछारको दिनमा ल्होछारको खाना खान बोलाउने गर्थ्यो। उनीहरूसँग बच्चैदेखी नजिक भएको कारणले अहिले सबैले त्यहि गर्छन्। २०६३ सालमा दिलिप कुमार रूम्बा बौद्ध क्षेत्र विकास समितिको अध्यक्ष हुदाँ म सदस्य थिएँ, त्यहि बेला राष्ट्रिय रूपमा सोनाम ल्होछार मनाउन सुरूवात भयो, हामीले पनि बौद्धमा सुरूवात गर्यो एक महिनासम्म क्षेत्र विकासको बजेटले, कल्याण गुठीको बजेटले ल्होछारको तयारी, ल्होछार त मनाउने ड्रेस छैन, के ड्रेस लाउने भनेर स्थानीय बुढाबुढी राखेर अन्तर्क्रिया कार्यक्रम राखेर फुलबुट्टे फरिया, पटुका चोलो किनेर ल्याएर एक महिनासम्म हाम्रै संस्थाले बेचेर, नृत्य सिकाउने र्यालीको आयोजना गरेको, पहिला मनाउने प्रचलन थिएन।" देशैभरि राष्ट्रिय रूपमै तामाङ समुदायले ल्होछारलाई विशेष पर्वका रूपमा मान्न थालेसँगै पछिल्लो समयमा भने माघ शुक्ल प्रतिपदाको दिनमा मनाइने सोनाम ल्होछारलाई विशेष पर्वको रूपमा बौद्धका स्थानीय तामाङ समुदायले मनाउने गर्दछन्।

ल्होछार हिमाली तथा बौद्ध धर्मावलम्बी समुदायकाबीच अत्यन्तै महत्त्वपूर्ण सांस्कृतिक तथा धार्मिक पर्वको रूपमा मनाइन्छ। जसमा विशेष गरी तामाङ, शेर्पा, डोल्पाली, तिब्बती, मनाङ्गे लगायतका जातजातिहरूले आफ्नो परम्परा, आस्था, र संस्कारलाई अभिव्यक्त गर्ने गर्दछन्। बाह वटा महिना चक्र एक पटक घुमेर पुनः पहिलो महिनामा प्रवेश भएको पहिलो तिथिलाई ल्होछार अर्थात् ल्हो (वर्षा) भनिन्छ। जसमा १२ वटा फरक फरक जीवजन्तु तथा पंक्षीहरूको नामबाट नामकरण गरेको वर्गहरूको वर्ष चक्र (ल्होखोर) हुन्छ। यो प्रत्येक वर्ष क्रमशः फेरिने गर्दछ। यसैलाई ल्हो फेरिने अर्थात् नयाँ वर्ष ल्होछार भनेर भनिन्छ। यस पर्वको मूल उद्देश्य भनेको नववर्षको आगमनलाई स्वागत गर्नु, विगतका खराबीहरूबाट छुटकारा पाउनु र भविष्यमा सुख, शान्ति, समृद्धिको कामना गर्नु हो। ल्होछार सामान्यतया तीन चरणमा विभाजन गरी मनाउने चलन रहेको छ। यसमा नयाँ वर्ष वा ल्हो फेर्ने दिन अगाडी, नयाँ वा ल्हो फेर्ने दिन र त्यसपछिका समय गरी हेर्न सकिन्छ। ल्होछार अगावै घर, टोल, बाटोघाटो आदि सरसफाइ गर्नु पर्दछ। ल्होछार आउनु भन्दा १५ दिन अगावै गहुँ, जहु र मकैको जमरा राख्ने गर्नु पर्दछ। यसलाई समृद्धिको प्रतीक मानिन्छ। त्यसै गरी घरमा खाप्से बनाउने पनि गर्दछ। त्यसैगरी परिवारका सदस्यहरूलाई नयाँ कपडा किन्ने पनि गर्दछ। ल्होछार मनाउन घरका सदस्यहरू कतै बाहिर गएको छ भने ल्होछार अगावै घरमा आउँछ। ल्होछारको दुई दिन अगाडी गुथुक परिकार बनाएर खाने गर्दछ। त्यसमा

विभिन्न गेडागुडी र खाद्य सामग्रीहरू मिसाएर थुक्पा बनाउने र मनोरञ्जन र हास्यव्यङ्ग्य लागि विभिन्न प्रतीकहरू बनाएर पकाइन्छ। सूर्य, चन्द्रमा, तोर्माको प्रतीक, धर्मशास्त्रको प्रतीक, पृथ्वी, तारा, खोर्सानी, डमरु, कोइला आदि मिसाएर थुक्पा पकाइन्छ। यसरी मिसाएर पकाएको थुक्पा आफ्नो भागमा जे पर्‍यो त्यही अनुरूप फल प्राप्त हुन्छ भन्ने गरिन्छ। जस्तै सूर्य चिन्ह पर्‍यो भने तेज प्रताप बढेर जाने, चन्द्रमा पर्‍यो भने भाग्य तथा प्रसिद्धि बढेर जाने, तोर्माको आकार पर्‍यो भने इमानदारिता, विशाल हृदय र परहितको चित्त बढ्ने, धर्मशास्त्र पर्नेलाई धार्मिकता तिखो दिमाग, विद्धान गुणले युक्त, चानरपाटे आसन पर्नेलाई हँसिलो, खुशिलो र आनन्दित हुने, गोलो पृथ्वी प्रतिकले टन्न खाएर आनन्द भएर सुत्ने भन्ने बुझिन्छ। त्यसैगरी तारा पर्नेले छुच्चो नराम्रो आचरण भएको मान्ने, खुर्सानी भागमा पर्नेले छुच्चो स्वभाव, कोइला पर्नेले कालो मन र नराम्रो विचार र डमरु पर्नेले मन स्थिर नभएको भन्ने हुन्छ। यसरी रमाइलो गर्दै हाँस्यप्रहसन गर्दै खानपिन गरेर वर्ष भरिको दुखपिडालाई बिर्सेर खुसीयाली मनाउने गर्दछ। त्यस बाहेक आफ्नो इच्छा अनुसारको प्रतीक र परिकारहरू पनि बनाएर खाने गर्दछ। खाइसकेपछि सबैको बाँकी रहेका जुठो बचेको थुक्पा एउटा भाँडोमा जम्मा गरेर चौबाटोमा लगी फाल्ने गर्दछ। यसरी जुठो बाँकी थुक्पा फाल्दा वर्षभरिको दशा ग्रह, दुख कष्ट बाधा विध्य जस्ता नकारात्मक तत्त्वहरू गयो भनी सम्झेर फाल्नु पर्दछ। त्यसै दिन बेलकी गुम्बाहरूमा नयाँ सालको विध्नवाधाहरूलाई हटाउनको लागि गुतोर पूजा पनि गरिन्छ र लामाद्धार छयाम नाच्ने प्रचलन पनि रहेको छ। त्यसैगरी ल्होछारको अघिल्लो दिन बिहानै नुहाई धुवाइ गरी घरभित्रको सरसफाइ गर्ने, र बेलुकी पख छयोइश्यम सँगै विभिन्न परिकारहरू सजाउने गर्दछ। त्यसमा पेय पदार्थ देखी खाप्से सम्म पर्दछ। त्यसैगरी छेमार हाल्ने भाँडोमा बायाँपट्टि गहुँ र दायाँपट्टि चम्पा पिठो घिउ चिनी मिसाएर छेमार तयार पार्ने र त्यसमाथि अष्टम गलको चिन्ह बनाउने गर्दछ। जमरा पनि सजाउनु पर्दछ। सात वटा तिङ (कचौरा) मा सप्त पूजा सामग्री तयार गरिन्छ। त्यसैगरी पहिलो महिनाको पहिलो दिन घरको एक जना सदस्य पहिला नै उठी मुख धोएर, बढार कुँडार गरेर त्रिरत्नलाई पूजा चढाएर दण्डवत् गरी छेमार र छयाङफुइ चढाएर सदासर्वदा मङ्गल रहोस्, सुखद र सुस्वास्थ्य रहोस्, सधैँ सुख प्राप्त भई रहोस् भन्ने शब्द वाचन गरेर घरको ठुलोबडाबाट आशीर्वाद लिने र आशीर्वाद आदानप्रदान गर्ने गर्दछ। त्यसै नजिकैको गुम्बामा गएर धर्मगुरूलाई दर्शन गरी आशीर्वाद लिने गर्दछ। कतिपयले त्यसै दिन लामा गुरुबाट घरमा पूजापाठ गरी लुङ्ता धार्च्यो उठाउने चलन पनि रहेको छ। त्यस दिन धार्च्योउठाउन नसकिनेहरूले अन्य दिन साइत हेरेर राख्ने चलन छ। त्यसरी क्रमशः ल्होछारको केही दिन सम्म नै ल्होछार पारिवारिक रूपमा वा सामूहिक रूपमा एक ठाउँमा जम्मा भएर मनाउने गर्दछ। पाहुना जाने, घरमा पाहुना बोलाउने गर्दछ। ल्होसारपछिको भगवान् बुद्धले त्रृद्धि शक्ति प्रदर्शन गरेको दिन गुम्बामा वा घरमा पूजापाठ गरी पुण्य सञ्चय गर्दै ल्होछार मनाउने गर्दछ। पहिला पहिला बौद्धमा ल्होछारको खासै रौनकता नभए पनि पछिल्लो समय यसलाई माथि उल्लेख गरिए अनुरूप व्यापक रूपमा मनाउन थालेका छन्। अहिले यसको व्यापकता र नयाँ पुस्ताहरूलाई सचेतता गराउने उद्देश्यले भेषभुषामा सजिएर र्‍याली गर्ने तथा वृहत् सांस्कृतिक कार्यक्रम गरी मनाउने गर्दछ।

**५) मामलाजात्रा :**

मामला जात्रा बौद्ध क्षेत्रमा माघ शुक्ल पूर्णिमाका दिन विशेष रूपमा मनाइने ऐतिहासिक, धार्मिक र सांस्कृतिक पर्व हो। यस जात्राले ऐतिहासिक महत्व मात्र नभई धार्मिक, सामाजिक र सांस्कृतिक पक्षहरू पनि समेटिएको पाइन्छ। मामला जात्रा कहिले र कसको पालादेखि मनाउन थालियो भन्ने प्रमाणित एवं आधिकारिक दस्तावेजहरू उपलव्ध भएको छैन। यस जात्रासँग सम्बन्धी विभिन्न किंवदन्ती र लोक मान्यताहरू प्रचलनमा रहेका छन्। यो जात्रा गुरू पद्मसंभव नेपालमा आउनु भइसकेपछि ममोपुकसिद्धि (अजिमा) लाई वशमा राख्नु भएपछि मनाउन थालिएको भन्ने एकथरीको मत रहेको पाइन्छ। गुरू रिन्पोछे संसारमा रहेका आठ महत्वपूर्ण चिहान (धुरठोइ) हरूमा पाँच पाँच वर्ष साधन गर्ने क्रममा उहाँले बौद्धमा रहेको लुन्डुप च्येग्पे धुरठोइमा पाल्नु भइ साधना गरेको थिए। धेरै कल्प अघि एक भीमकाय रूठा नामक राक्षसको शरीर अंगहरू मध्ये दाहिने हात बौद्धमा खसेर लुन्डुप च्येग्पे धुरठोइ बनेको थिए। जुन रूठाले गुरू डिमा होइसेरको पालमा मान्छेको हत्यागरी रगत मासु खाने गर्थे। उसले मनुष्यलाई धेरै दुख दिने गर्नाले उसको पाप र अत्याचार बढ्दै गएको थियो। त्यसैले उसलाई पाप र अत्याचारबाट मुक्त दिलाउन गुरू रिन्पोछेले डिमा होइसेर रूप धारण गर्नु भयो र त्यस रूठा राक्षसको बध गर्नु भयो। त्यसरी बध गरिएको रूठाको शरीर विभिन्न स्थानहरूमा खसे। त्यसमध्ये दाहिने हात बौद्धमा खसेको थिए। बौद्धको लुन्डुप च्येग्पे धुरठोइमा साधनारत रहँदा स्थानीय देवी ममोपुकसिद्धिले गुरू रिन्पोछेलाई अनेक विध्नवाधा उत्पन्न गरी दुख दिन थालिन। उनको क्रियाकलापबाट हैरान भएका गुरू रिन्पोछेले आफ्नो तन्त्र शक्तिद्धारा ममोपुकासिद्धिलाई आफ्नो वशमा पारेका थिए। उहाँले अव उप्रान्त कसैलाई पनि दुख नदिने र सबैको कल्याण हुने काम गर्नेछु भनि वाचा गराएरका थिए। त्यसरी आफ्ना क्रोधी स्वभाव त्यागेर लोक कल्याणका लागि काम गर्ने बाचा गरेका कारण ममोपुकासिद्धिलाई बौद्धको रक्षाकर्ताको रूपमा राख्नु भएको र ततपश्चात ममोपुकासिद्धिले बौद्ध क्षेत्रको रक्षा गर्नु भइ लोक कल्याण कार्य गर्नु भयो। कालन्तरमा तिनै ममोपुकासिद्धिको स्मरण गर्दै शान्तिको कामना सहित मामला जात्रा शुरूवात भएको मानिन्छ।

बौद्धका स्थानीय तामाङ समुदायमा प्रचलित किवंदन्तीहरू मध्ये एक मत अनुसार खस्योर मामको सात दिदीबहिनी रहेका छन्। पहिलो नमोबुद्धस्थित सुङ्गा रानी (अजिमा) जेठी हुन् भने , स्वयम्भूको अजिमा माइली हुन्। खस्योरमा तीन जना दिदीबहिनी हुनुहुन्छ भने एक जना महाबौद्धमा र एक जना ठैटीमा हुनुहुन्छ। तीन दिदीबहिनीहरू मामो, पुका र सिद्धि हो। तीन वटा माममध्ये पुका अर्थात पश्चिम पट्टिको मामले तारेभिरबाट माटो चोरेर ल्याउनु भएको र दक्षिण पट्टिको मामले प्राणप्रतिष्ठा गरी छोरीहरू सरस्वती र स्वस्थानी उत्पति गराउनुभएको थियो। खास्योर मामको छोरा गोकर्णस्थित कान्तिभैरव हो। यसरी तीन दिदीबहिनीमध्ये पुक मामले माटो चोरेर ल्याउन सफल भएको कारण मामला जात्रामा माम पुकाको मात्र प्रतिमा बाहिर निकालेर परिक्रमा गरिने विश्वास रहेको छ।

अर्को मत अनुसार नेपाल सम्वत १०१० तिर नेवारहरू व्यापारको सिलसिलामा खास्तीमा प्रवेश गरेका थिए। त्यस समयदेखि खास्तीमा छवास्कामुनिको जात्रा चलाएको भन्ने मत रहेको छ। दे भ्वय गुठीले यस दिनमा भजन तथा पूजापाठ गर्ने तथा जात्रामा सहभागी हुने प्रचलन थियो जुन हालसम्म पनि यथावत नै छ। जात्रा गर्नु अगाडी चारदेखी आठ दिन अगाडि देवतालाई सूसुचित तथा निमन्त्रणा गर्न, माघ शुक्ल द्वादशीको दिन बेलुकी मामथान (छवासकामुनी)को अगाडी भजन गर्ने गरिन्थ्यो। उक्त अवसरमा चिनियाँ लामाले रक्सि चढाउने चलन पनि थियो। गुठियार भेला भएर ढाफा भजन र आरती गर्ने, पूर्णिमाको दिनमा जात्रा गर्दैछो भन्ने निमन्त्रणा दिने गरिन्छ। यहि अवधिमा आफ्नो व्यापारको हिसाबकिताब

निकाल्ने र बौद्ध क्षेत्र छोड्न तयारीहरू गरिन्थ्यो र मामला जात्रा सम्पन्न भएपछि भोज गरेर अआफ्नो घर फर्किन्थे। जात्रा सकिएपछि ठाँउ छोडेर जाने भएकोले बीजा पुजा गर्ने चलन छैन।

एक जनश्रुतिअनुसार परापूर्वकालमा अजिमाथानमा फलाङदा नाम गराएका एक पूजारी थिए। अजिमाले पूजारीलाई धेरै दुख दिन थालेपछि रिसाएर मामको प्रतिमा घ्योइलिसाङ पोखरीमा फालिदिएका थिए। एक दिन पुजारीको सपनामा अजिमाले अव आइन्दादेखि अरूलाई दुख नदिने र आफ्नो पुरानै ठाउँमा आफूलाई स्थापित गरिदिनु भनेछन। पुजारीले पनि अजिमाको आज्ञा अनुसार अजिमालाई घ्योइलिसाङबाट निकालेर बाजागाजा सहित अजिमाको प्रतिमालाई यथास्थानमा स्थापना गरेछन। त्यही बाट नै मामला जात्रा शुरू भएको मत छ।

अर्को नेवारी जनश्रुति अनुसार श्री हाररती माताले जन्माउनुभएको ५०० सन्तानमध्ये एउटी छोरी अनि नै रोगी भएको हुदा निजलाई अरू सन्तान जस्तो लालनपालन गरी हुर्काउन हारती मातालाई ज्यादै मस्किल भएको हुँदा हिमाली क्षेत्रमा बिराजमान हुनुभएको अति नै शक्तिशाली क्रोधी देवी आफ्ना बहिनी छवास्कामुनीलाई जिम्मा लगाइदिनुभयो। आफ्नो दिदी हारती माताको नियन्त्रणभन्दा बाहिर रहेको अरू साधारण सन्तानभन्दा बिल्कुल प्रतिकूल स्वभावको भएको, दिदीकी छोरीलाई मुखबाट खुवाउन गाह्रो भएपछि सिधैँ आन्द्राबाट खाना खुवाइ बचाएको हुँदा छुवास्कामुनी देवीलाई त्यस दिनदेखि अजिमाका रूपमा पुजिन थालियो। त्यही बाट नै मामला जात्रा शुरू भएको अर्को मत देखिन्छ।

जात्रा सुरु हुनु पूर्व बिहानै घरघरका घरमूलीहरूले मामथानमा गई आफू वा पूजारीमार्फत पूजा गर्छन्। पूजा सामग्रीमा चिउरा, कालो भटमास, माछा, फलफुल, अण्डा, सिद्रा, छयाङ, रक्सी, अदुवा, लसुन आदि चढाइन्छ। त्यसरी चढाएर ल्याएको पूजा सामग्रीलाई घरमा पकाएर राखेको खानेकुरामा छुवाएर वा मिसाएर सबै घर परिवार र परपाहुनालाई खुवाउने गर्दछ। विहानै देखि घ्याङ गुठीको पहलमा तामाङ कल्याण गुठी र बौद्धनाथ क्षेत्र विकास समितिका सदस्यहरूको पहलमा खट सिँगारिने गरिन्छ। त्यसपछि बौद्ध परिसरमा चङ्गीचङ्गी तोरणहरू सजाँउदछ।  विहान सबेरै घ्याङ गुठी, कल्याण गुठी र बज्यू गुठी ओम तामाङ सुख दुख गुठीको पहलमा लामागुरू द्धारा पुजापाठ गर्दछ। पुजापाठ पश्चात अहिले सामुहिक रूपमा वा व्यक्तिगत रूपमा मामको पुजा गर्न आउँछ। पुजा पश्चात आ आफ्नो गुठीयारहरू जम्मा भएर मामको जात्राको खुशीयालीमा भोजको आयोजना गर्दछन। गुठीयारहरू पनि मामको प्रसादको रूपमा भोज ग्रहण गर्दछन। बज्यू गुठीले चाही विहानको पुजा पश्चात सबै गुठीयारहरूको घरटोलहरूमा विशेष प्रकारका लुगा लगाएर भैरवको नाच गर्दै मामलाको दर्शन गर्दै खस्योर परिक्रमा गर्दछ। बेलुकी ८ देखि ९ बजेको समय तिर मामला जात्रा निकाल्ने चलन छ। लामागुरूहरूद्वारा शान्तिको कामना र क्षामा याचना गर्दै मामको बास्तविक प्रतिमालाई छोपेर राखिन्छ। मामको प्रतिकृति प्रतिमालाई चाही सिंगारिएको खट्मा राखिन्छ। त्यसपछि लामा बाजागाजा, नेवारी धिमेबाजा र प्रहरी व्याण्ड बाजासहित मामको खट्लाई परिक्रमका लागि निकाल्दछ। चिराग बालेर परिक्रमा गर्ने गर्दछ। सिंगारिएको मामलाको खटलाई एक पटक खस्योर परिक्रमा गर्दछ। परिक्रमा पश्चात मात्र बाहिरा लैजाने गर्दछ। मामलाको खटलाई परिक्रमा गराउँने क्रममा गुठियारहरूके घर आँगन अगाडि पुर्याइन्छ। त्यसरी सिंगारिएर ल्याएको मामको खटलाई गुठियारहरू प्रत्येकले श्रद्धापूर्वक धूप, दीप, नैवेध र भेटी चढाउने गर्दछन्। परिक्रमा गराउँने क्रममा ‘‘मामला जात्रा लिया लिया’’ भन्दै सबैजना शोभायात्रामा सहभागी हुन्छन। सिंगारिएको मामको खट पूर्वमा पीपलबोट र पश्चिममा टुसाल चोक अगाडी सम्म पुर्याइन्छ। त्यसपछि पुन बौद्धमा फर्काइन्छ। शोभायात्रामा गुठीयारहरू लगायत श्रद्धालुहरूको व्यापक सहभागिता रहन्छ। शोभायात्रामा युवायुवतीहरू बाजागाजाको तालमा रमाइलो गर्दै नाच्दै हिड्छन। त्यो दृश्य अति रमाइलो देखिन्छ। त्यसरी टुसाल

चोकबाट फर्काएका मामलाको खट एकपटक खस्योर परिक्रमा गर्दै यथास्थानमा ल्याउइन्छ। त्यहाँ ल्याएर प्रतिमूर्ति प्रतिमालाई यथास्थानमा राख्दै छोपिराखेको मामको बास्तविक प्रतिमा उघारिन्छ। त्यसपश्चात सिंगारिएको खट खोलिन्छ। अनि शोभायात्रा विसर्जन हुन्छ। जात्रा विसर्जन पश्चात पुजारीले प्रसादको रूपमा भोज वितरण गराउँने गर्दछ। सदियौँ पुरानो यो जात्रामा समयसँगै केही परिवर्तन आए पनि यसको मूल भावना यथावत् छ। आस्था घटेको छैन। मामको दर्शन गरे रोगी बालबालिका निको हुने, काम सफल हुने र संकट टार्ने विश्वास जनआस्थामा गहिरो जरा देखाउँछ।

मामला जात्राको तत्कालीन समयको स्मृति जयमंगल लामा यसरी सुनाउँनुहुन्छ,“ त्यसदिन दिनभर पूजा चल्छ, अबेर राती मात्र मामको मूर्तिलाई मामथानबाट पूजाआजा गरेर बौद्ध वरिपरि घुमाइन्थ्यो। ‘ममला जात्रा लिया लिया’ भन्दै। चिराग बालेर पिपलबोट पुगेर फर्केर चुच्चेपाटीसम्म मामको रथ घुमाउने गरिन्थ्यो। तर अहिले टुसालबाट फर्काइन्छ। करिव ५० वर्षअघि त्यस क्षेत्रमा बत्ति थिएन। त्यसको बदलावामा चिराग बालेर ममलाई घुमाइन्थ्यो। बौद्धमा भएका सबैले पूजा गरिन्थ्यो। मामलाई खुशी पार्न यो जात्रा मनाइएको भन्ने किंवदन्ती छ।” उनी मामला जात्रामा पहिलाको जस्तो अहिले पुजा बिधि नरहेको बताउँछन्। विगतमा मामला जात्रामा प्रत्येक गुठीयारहरूले घर घरबाट पुजा सामग्रीहरू लैजाने गर्दथ्यो। तर अहिले गुठीयार भन्दा बाहिराकाबाट पनि लैजान गर्दछन्। त्यसरी घर घरबाट लगिएको पुजा सामग्री मोलम गरि त्यहाँका पुजारीले प्रत्येक व्यक्तिको नाम किटान गरेर पुजा गर्ने चलन थियो। जसलाई स्थानीय तामाङहरूले सेरगेम भन्दथे। माइली लामा, “पहिला राती अबेर मात्र मामलाई निकाल्ने चलन थियो, जात्राको दिनमा माम घुमाएर ल्याउने बेलामा हामीले एक निन्द्रा सुतेर उठिसकेका हुन्थ्यौं, राती ११, १२ बजेतिर जात्रा घुमाउने गरिन्थ्यो। संकटकालको समयमा राती हिँडडुल गर्न बन्देज लगाएपछि ७ बजे सुरू गरेर १० बजेसम्म सम्पन्न गने गरिन्छ।”

### ६) झ्या ल्होको बाह्र वर्षे जात्रा :

बौद्ध स्तूप निर्माण गर्दा एक चरा वर्ष (झ्या ल्हो) देखि अर्को चरा वर्षसम्म गरी जम्मा बाह्र वर्ष लागेको स्मरणमा प्रत्येक चरा वर्षमा बाह्र वर्षे जात्रा मनाउने गरिन्छ। बाह्र वर्षे जात्रामा बौद्ध स्तूपका चारै ढोकाहरू खुला रहन्छन्। यस बाह्र वर्षे जात्रामा स्तूपको दक्षिण ढोकाको ठीक अगाडिको कुण्डमा जल उत्पत्ति हुने, जसको अभिषेक गरेमा पूर्वजन्मको पाप कट्टा हुने र यो जन्म सफल हुने विश्वास गरिन्छ। यस जात्रा माघको चरा वर्षदेखि अर्को माघसम्म गरी एक वर्षसम्म मनाइन्छ। यस अवधिभर अन्य वर्षको तुलनामा देश-विदेशबाट आउने धर्मावलम्बीहरूको घुइँचो लाग्ने गर्दछ। ७३ वर्षीया रेनुका थिङले आफू सानै छदाँ बाह्र बर्षे मेलाको समयमा प्रत्यक्ष जल देखेको स्मृति सुनाउँनुहुन्छ। घरमा हजुरआमाहरूले त्यहाँ जादाँ शान्त भएर कसैसँग बोल्नुहुदैन भनेको सम्झिनुहुन्छ। त्यसैगरी ९८ वर्षीय घ्यागार लामा ६ वर्ष हुदाँ घरमा जल ल्याइराखेको देखेको स्मृति सुनाउदै, भाग्यमानीहरूले मात्र जल आएको देख्न सकिने, त्यसरी विशेष समयमा एकचोटी आउने बेलामा दर्शन पाउने व्यक्ति भाग्यमानी हुने, जल छ कि छैन भनेर हातले छामेर हेरेपछि मात्र थाहा पाउने बताउनुहुन्छ।

झ्यारूङ खस्योरमा बाह्र वर्षमा एक पटक जात्रा हुने गर्दछ त्यसलाई बाह्र वर्षे जात्रा भनिन्छ। प्रत्येक बाह्र वर्षमा तिब्बती पात्रोअनुसार पर्ने "चरा वर्ष" (झ्या ल्हो) को आगमनसँगै बौद्ध क्षेत्रमा यो जात्रा भव्य रूपमा मनाइन्छ। जात्राको प्रारम्भ माघ शुक्ल पूर्णिमाबाट हुन्छ, जुन दिन विशेष साइत हेरी झ्यारूङ खस्योरका चारैवटा ढोका भक्तजनहरूका लागि

खोलिन्छ। सामान्यतया वर्षैंभरि बन्द रहने यी ढोकाहरू चरा वर्षको विशेष अवसरमा मात्र खोलिन्छन्, जसले यो पर्वलाई अझै दुर्लभ र पवित्र बनाउँछ।

मान्यता अनुसार, बौद्ध स्तूपको निर्माण प्रारम्भ पनि चरा वर्षमै भएको थियो र निर्माण कार्यको समापन पनि अर्को चरा वर्षमै भएको थियो। यसैको सम्झनामा प्रत्येक चरा वर्षमा यो जात्रा मनाइने चलन लिच्छविकालदेखि निरन्तर रहिआएको छ। जात्राको मुख्य आकर्षण स्तूपको दक्षिण ढोकाको अगाडि अवस्थित एउटा पवित्र कुण्ड हो, जुन सामान्यतया सुक्खा देखिन्छ तर चरा वर्षमा जल उत्पत्ति हुने जनविश्वास रहिआएको छ। यस कुण्डको जललाई अत्यन्तै पवित्र मानिन्छ र यसको अभिषेक गर्दा मनोकाङ्क्षा पूरा हुने, पूर्वजन्मको पाप कट्टा हुने, यस जन्म सफल हुने र मृत्युपछि निर्वाण प्राप्त हुने विश्वास गरिन्छ। यही विश्वासले गर्दा तिब्बत, चीन, भुटान, ताइवान, जापान, कोरिया लगायतका देशहरूबाट बौद्ध धर्मावलम्बीहरू बौद्ध क्षेत्रमा दर्शन र पूजाका लागि भेला हुने गर्दछन्। श्रद्धालुहरू यो कुण्डको जल बोतलमा भरेर आफन्तका लागि घर लैजाने परम्परा पनि रहेको छ। कतिपयले यो जल मृतकको मुखमा हालिदिएमा उनीहरूले मोक्ष प्राप्त गर्छन् भन्ने विश्वास गर्छन्। त्यसैले जात्राको अवधिभर बौद्ध क्षेत्रमा विशेष चहलपहल देखिन्छ।

तर समय परिवर्तनसँगै केही धार्मिक र तान्त्रिक अनुभवहरू लोप हुँदै गएका छन् भन्ने अनुभूति पनि पाइन्छ। स्थानीय बासिन्दाहरूका अनुसार विगतमा कुण्डमा पवित्र जलको उत्पत्ति स्पष्ट रूपमा देखिन्थ्यो, तर अहिले त्यो दृश्य दुर्लभ हुँदै गएको छ। मानिसहरूको जनसंख्या वृद्धि, निर्माण कार्य, र वातावरणीय परिवर्तनका कारण यस्तो हुन सक्ने अनुमान गरिन्छ। केहीले सुनको हाँस कुण्डमा देखिने भन्ने जनश्रुति सुनेको भए पनि त्यसलाई प्रत्यक्ष रूपमा कसैले देखेको दाबी गर्दैनन्। तर अहिले मानिसको सङ्ख्या बढेपछि त्यो लोप भएको होला। ती हल्ला आजका पुस्ताका लागि रहस्यमयी किंवदन्तीझैं सुनिन्छन्। स्थानीय बुढापाकाहरूका अनुसार त्यस कुवामा प्रत्यक्ष जल नदेखिएतापिन त्यो पोखरी चिसो असिलो मात्रै देखिएको बताए।  यसै प्रसंगमा जयमंगल लामा भन्नुहुन्छ, "मैले पनि जल देखिन। मैले अलिअलि पानी जम्मा भएको मात्र देखेँ। त्यहाँ सुनको हाँस आउँछ भन्ने हल्ला सुनिन्थ्यो। मैले देखेको छैन। हेर्ने प्रयास भने गरेको थिए। प्रत्येक १२ वर्षमा देखियो भेटियो भन्ने सुनेको मात्रै हो। ९२ वर्षीय माइली तामाङ सुनाउनुहुन्छ, "दुध आएको चाही मैले देखिन, दुध आयो आयो भनि तिब्बतीहरूले करायो, कराउनु हुदैन रे, त्यहाँ हाम्रो सम्बाला देवताको थान छ, त्यसको पछाडि खोबिल्टो जस्तो छ, आमाले नकराएर तीर्थमा जानु माघको पूर्णेमा नकराइ जानु सुनको हाँस आँउछ, सुनको हाँस त होइन सेतो हाँस चाही देखेँ। जल आएको देखिन चिसो माटो देखेँ, चिसो माटो निधारमा दलेँ, छयोपछयोप नै थियो, भर्खरै दुध निस्केको हो भनेर मलाई दुध नै देखायो, अरूले टिपेको दुध माटो मिसिएको देखेँ। यी जीवन्त स्मृतिहरूले जात्रालाई अझै रोमाञ्चक र रहस्यपूर्ण बनाउँछन्। प्रत्येक बाह्र वर्षमा एकपटक मात्र देखिने वा हुने घटनाहरूमा अझै पनि स्थानीय जनताको गहिरो श्रद्धा कायम छ। यस्ता विश्वास र अनुभवहरूले यो जात्रालाई केवल धार्मिक कर्मकाण्ड नभई सांस्कृतिक र सामाजिक सजीव परम्परा बनाएको छ।

**७) नाम्दुङ ङ्या (तेमाल जात्रा)**

चैत पूर्णिमालाई तामाङहरूले आफ्नो दिवङ्गत आफन्तहरू प्रति म्होइबा अर्थात् सद्धा अर्पण गर्ने विशेष तिथिको रूपमा मनाउने गर्दछन्। यस दिन तामाङहरूले स्वयम्भू, बौद्ध र नबोबुद्ध जस्ता तीर्थ स्थलमा पुगी धार्मिक विधि अनुसार सद्धा अर्पणका साथ पूजा अर्चना गर्दछन्। यी तीर्थस्थलहरूमा पुग्न नभ्याउनेहरूले भने गाउँमा नै रहेका गुम्बा तथा स्तूपमा गई छ्योमे अर्थात् बत्ती बालेर सद्धा अर्पण गर्दछन्। तामाङहरूले पूणिमाहरुलाई चन्द्रमासमा आधारित पात्रो अनुसार महत्त्व दिएको पाइन्छ। १२ वटा पूर्णिमा मध्ये ३ वटालाई विशेष किसिमले मनाउने गरिन्छ। साउन भदौमा पर्ने गोने ङ्या, अर्थात् साउने पूर्णिमालाई बोन्पो परम्परा अनुसार मनाउने गरिन्छ। उनीहरूले पहाड, पर्वत र टाकुरा र तालहरूमा गई पूजा गर्ने गर्दछन्। सिङला, फ्युकुरी, गोसाईंकुंण्ड, पाँच पोखरी, सैलुङ, तेमाल र माबर जस्ता डाँडाहरूमा पुग्ने गर्दछन्। दुगुङ्या अर्थात् वैशाख पूर्णिमालाई बुद्ध जयन्ती तथा नेधा सिव्दा ,ज्यो ज्योमो वा भूमि पुजी मनाउने गरिन्छ। यसै गरी चैत पूर्णिमालाई तामाङ समुदायले विशेष पर्वको रूपमा महत्त्व दिएको पाइन्छ। उनीहरूले दिवङ्गत आफन्तको सम्झनामा बौद्ध र स्वयम्भूमा पुगी बत्ती बाल्ने गर्दछन्। उनीहरूले त्यहाँ पुगी कोर्वा गर्ने, धार्मिक पूजापाठ गर्ने, गुम्बामा प्रार्थना गर्ने र म्हाने मोलन गर्ने गर्दछन्। धार्मिक कार्यको पुण्य फल दिवङ्गत आफन्त र प्राणी जगतले पाउन भनी लामाबाट ङोबा समेत गर्ने गर्दछन्। विज्ञ तथा लेखक लामा टि ग्याल्छेनका अनुसार पछिल्लो बौद्ध परम्परामा चाही ४९ पछि मृतको नाममा बत्ती बाल्ने, दान दिने इत्यादि गर्ने गर्दछ। त्यही परम्परा सम्म जोडिएको हो यो नाम्दुङ ङ्या। सके तपाइले बोधगया पुऱ्याउने वा कैलाश पुऱ्याउने, लप्ची पर्वत पुऱ्याउने नभए स्वयम्भू, बौद्ध र नमोबद्ध पुऱ्याउने अथवा हुँदै नहुँदा आफ्ना वरिपरि पुर्खाको नामका निर्माण गरिएका म्हाने, म्हानडाङ (चौतारो) मा पनि पूजाआजा गर्ने चलन रहेको छ। बर्सेनि नाम्दुङ ङ्याको दिन काठमाडौँको बौद्ध र स्वयम्भूमा तिर्थालुको सागर उर्लने गर्दछ। पूर्णिमाको अघिल्लो दिन बौद्ध स्तूपमा भेला हुने गर्दछन्। पूर्णिमाका दिन भने बालाजु २२ धारा मा स्नान गरी कोही जामाको तर्फ जान्छन् भने कोही स्वयम्भू जाने गर्दछन्। विशेष गरी स्वयम्भूमा बत्ती बाल्न पुग्नुअघि २२ धारामा सुद्धिकरणका लागि स्थान गर्ने गरिन्छ। तामाङ समाजमा यस जात्रालाई बौद्ध तेमाल जात्राको नामले पनि चिनिँदै आएको छ। बौद्ध क्षेत्रका स्थानीय समाजसेवी खड्कजीत लामाका अनुसार तिमालका अन्तिम राजा रिन्जिन दोर्जेले बौद्ध स्तूपको जीर्णोद्धार सम्पन्न भएको खुसीयालीमा बौद्ध स्तूपमा आफ्ना पितृहरूको नाममा बत्ती बाली यो जात्रा चलाएको हो। यस दिन बौद्ध स्तूपको गर्भदेखि मुन्तिर १०८ खोपाहरूका रहेका बोधिसत्त्व, डाकिनी, इष्टदेव मूर्तिहरूमा बत्ती बाल्ने गर्दछन्। जात्रामा तामाङ समुदायकाहरू मात्रै सहभागी हुने गर्दछन्।

तेमाल भेगका तामाङहरूको बाहुल्यता महसुस गरी तेमाल जात्रा नामकरण गरिएको भन्ने भनाइ रही आएको छ। समाजसेवी डा. गणेश योञ्जनका अनुसार पहिला चाही विशेष गरी तामाङहरू व्यापक रूपमा आउने गर्दथ्यो भने अहिले यो बौद्ध तेमाल जात्रा चाही राष्ट्रिय तामाङहरूको पर्वको रूपमा स्थापित भइसकेको पनि छ। अरू विभिन्न जिल्लाका तामाङहरू पनि यो बौद्ध तेमाल जात्रामा आउनुभएर आफ्नो पितृ मोक्षका लागि बत्ती बाल्ने ङोवा मोलमहरु गर्ने र दिवङ्गत आफन्तहरूको मोक्षको कामना गर्ने काम यो जात्राले गर्दै आएको छ। गाउँबाट आफ्नै लामा पुरोहित ल्याएर ङोवा गर्ने गरिन्छ। सम्भव नहुँदा बौद्ध स्वयम्भूमा नै लामाको व्यवस्था गरी पूजापाठ सम्पन्न गर्ने गर्दछन्। आफ्नो गक्ष अनुसार लामालाई दान दक्षिणा पनि दिँदै आएको छ। ङोवा मोलम सकिएपछि भने कोही गीत गाउने तर्फ लाग्ने गर्दछन्। गिताङगीहरु आ आफ्नो हितैषीबिच गीत मार्फत सवाल जवाफ गर्नै गर्दछन्। यस क्रममा आ आफ्नो शैलीबाट दिवङ्गत आफन्तको सम्झना पनि गर्ने गर्दछन्। कोही कोहीले आ आफ्नो सामाजिक पारिवारिक तथा व्यक्तिगत वेदना साटफेर पनि गर्दछन्। यसले भावना साटफेरको माध्यम मात्र नभई भावी पुस्तालाई सांस्कृतिक ज्ञान पुस्तान्तरण गर्न पनि टेवा

पुऱ्याएको मान्नुपर्दछ। जात्रालाई व्यवस्थित र जीवन्त बनाइराख्न सरोकारवाला निकायहरू लागि परेका छन्। प्रत्येक वर्ष बौद्धनाथ क्षेत्र विकास समिति, श्री बौद्ध तामाङ कल्याण गुठी, घ्याङ गुठी लगायत संघ संस्थाहरूले सामूहिक रूपमा वा संस्थागत रूपमा व्यवस्थापन गर्दै आएका छन्।

एक किंवदन्ती अनुसार बौद्ध निर्माण भन्दा पहिला नमोबुद्धमा छ्योर्तेन निर्माण भइसकेको थियो, बौद्ध निर्माण गर्नका लागि नमोबुद्धको छ्योर्तेन हेर्नुभएर निर्माण गरिएको हो। बौद्ध स्तूप निर्माण सम्पन्न भएपछि प्राणप्रतिष्ठा गरिएको दिनबाट तेमाल जात्राको प्रारम्भ भएको विश्वास गरिन्छ। नमोबुद्धको छ्योर्तेनको स्वरूप हेरेर निर्माण भएको बौद्ध स्तूप कस्तो बनेछ भनी हेर्न स्तूपको प्राणप्रतिष्ठा गरेको दिन नमोबुद्ध लगायतको तेमाल क्षेत्रबाट मानिसहरू हेर्न आएको दिनदेखी तेमाल जात्राको प्रारम्भ भएको मान्यता रहेको छ। बौद्ध स्तूपको प्राणप्रतिष्ठा गरेको भोलिपल्ट यहाँको माटो लगेर स्वयम्भूमा स्तूप निर्माण गरिएको हो। त्यस कारण तेमाल जात्राको भोलिपल्ट स्वयम्भूमा देशका विभिन्न भेगबाट बौद्ध दर्शन गर्न आउने तामाङ भक्तजनहरू स्वयम्भूमा दर्शन गर्ने प्रचलन सुरूवात भएको हो।

**८) मंसिरको छेच्यु पूजा :**

मंसिर महिनाको अष्टमीदेखि दशमीसम्म तीन दिनसम्म सम्पन्न हुने छेच्यु पूजा गुरु पद्मसम्भवको जन्म भएको शुभदिनको अवसरमा हुने विशेष प्रकारको धार्मिक पूजा हो। बौद्धमा यस पूजाको आयोजना परम्परागत रूपमा श्री बौद्ध घ्याङ गुठीका चिनियाँ लामाको अगुवाइमा गर्ने गरिन्छ। धार्मिक मान्यता अनुसार गुरु पद्मसम्भवले हरेक दशमीमा अधिष्ठान (आशीर्वाद) प्रदान गरेको हुनाले यसलाई छेच्यु भनिएको र यस दिन गरेको पूजाको फलले धेरै पुण्य प्राप्ति हुने गर्दछ भनी बौद्ध शास्त्रमा उल्लेख भएको पाइन्छ। धार्मिक मान्यता अनुसार हरेक शुक्ल पक्षको दशमीमा निष्ठा र श्रद्धाभक्तिपूर्वक गुरु पद्मसम्भवलाई सम्झी पूजाआजा गरेमा गुरु पद्मसम्भव स्वयम् प्रत्यक्षरूपमा प्रकट भई दर्शन तथा आशीर्वाद प्राप्त हुने विश्वास रहेको छ। छेच्यु पूजा अवधिभरि स्थानीय लामाहरूद्वारा पूजापाठ गरिन्छ। यस पूजाको अवसरमा परम्पराअनुसार गुठियारहरूलाई चिनियाँ लामाद्वारा दाल-भात प्रसादको रूपमा बाँड्ने चलन छ। दशमीको दिन पूजाआजा सकेपछि चिनियाँ लामाले भक्तजन, गुठियार, लामाहरूलाई अभिषेक दिने चलन छ।

टासी कुमार लामाका अनुसार ञिङ्मा संप्रदायभित्रको छ सात वटा शाखामध्ये झ्याङतेर परम्परा अवलम्बन गर्ने तिब्बती लामाहरू नै बौद्धका लामाहरूको गुरूहरू थिए । बौद्धका लामाहरू तिब्वतको केरूङमा रहेको झ्याङतेर गुम्बामा शिक्षा लिन जाने चलन थियो। त्यहाँ अध्ययन गरेर आउने लामाहरूबाट नै छेच्यु पूजाको परम्परा प्रारम्भ भएको हो जुन दशमीको दिन शुरू गरिन्थ्यो। तत्कालीन समयमा हप्तौं पुजा हुने गर्दथ्यो। केरूङबाट आएका लामाहरूले नै पूजा संचालन गर्दथे। बौद्धमा पहिला पहिला केरूङका लामाहरू आएर बस्ने ठाउँ पनि थियो। जुन घरलाई पछि सम्म पनि केरूङ घर भनिन्थ्यो। उक्त घरमा केरूङबाट लामा गुरूहरू आएर बस्ने र तिन चार महिना सम्म बौद्धमा विभिन्न पूजाआजाहरू गर्थे । विशेष पूजाको रूपमा छेच्यू पूजाको समापनमा मुख्य लामा गुरूबाट वाङ (अभिशेष) दिने प्रचलन थियो। बौद्धका स्थानीय तामाङहरूले छेच्युको पुजाका दिन हरेक घरबाट पुजा सामग्री लगेर जाने गर्दथ्यो। त्यसमा सेलरोटी, बाबरी रोटी आदि लगेर पुजा गरिन्थ्यो। पराम्परागत रूपमा चिनियाँ लामाले केरूङबाट आउने लामाहरूको गाँसबासको व्यवस्थापन गर्दै आएकोमा जिम्मेवारीबाट पछि हटेपछि लामाहरू आउन छोडेका थिए। त्यसपछि बौद्ध घ्याङमा आवद्ध लामाहरूले नै छेच्यु पजा संचालन गर्दै आएका छन्। उनीहरू समुहिक रूपमा नृत्य टोलीसहित बौद्ध आउने गर्दथे। हाल स्थानीय तामाङ समुदाय र चिनियाँ लामाबीचमा समन्वय र सहकार्यको वातावरण नहुदाँ चिनियाँ लामा अर्थात बौद्ध घ्याङ गुठिले

आयोजना गर्ने छेच्चु पूजामा स्थानीय तामाङ समुदायको न्यून सहभागीता रहने गरेको छ। पहिला पहिला तीन चार दिन सम्म स्थानीयहरू यस पूजालाई विशेष महत्वका साथ मनाउँने चलन थियो। स्थानीय तामाङ समुदायको प्रत्येक घरपरिवार अनिवार्य रूपमा हाजिर नै गरेर पुजा गरिन्थ्यो। स्थानीयहरूमध्ये कोही अनुपस्थित भएको खण्डमा दण्ड जरिवानाको व्यवस्था थियो। घ्याङ गुठीले प्रसाद स्वरूप स्थानीय ६० घरधरी भित्रको गुठियारहरूलाई रोटी, सेल, बाबरी, गेडागुडी, सागपात लगायतका सामग्री बाढ्ने गर्दथे। कोही उपस्थिति भएन भने गुठीले घरमा बसेकाहरूका लागि भाग पठाउनु पर्ने थियो। अहिले बौद्ध घ्याङ गुठी लगायत बौद्धका अन्य गुम्बाहरूमा छेचु पुजा गर्ने परम्परा निरन्तर नै छ तर गुठीमा परम्परागत छेचुको निरन्तरता छैन। हाल छेच्चु पूजा विधिमा मात्र सिमित भएपनि स्थानीय समुदायको आस्था अझै पनि निरन्तर नै छ।

**९) काराङकुरुङ ङ्याहः**

कारङकुरूङ ङ्याह् बौद्ध क्षेत्रको स्थानीय तामाङ समुदायको मौलिक चाड हो। मंसिर पूर्णिमा अर्थात योमरी पूर्णिमाको दिन मनाइने यस चाडको अवसर पारेर चिनियाँ लामाले बौद्धका स्थानीय तामाङहरूलाई बर्षभरि आफ्नो खेतबारीमा काम गरेबापत भोज(भात) खुवाउने प्रचलन रहेको थियो। स्थानीय लक्ष्मी लो तामाङका अनुसार जसरि राणाकालमा राजाले चिनियाँ लामालाई बौद्धको हकहित, संरक्षकको जिम्मेवारी दिए त्यसै अनुरूप बौद्धका बासिन्दाहरु चिनियाँ लामाको सामान्तीबादी व्यवहारको पनि सामना गर्नुपर्यो। चिनियाँ लामाको खेतबारी काम मैझार भएपश्चात मात्रै अन्य घरहरुले खेतबारीको काम सुरुवात गर्न पाऊँदथे। असार साउनमा अन्य कसैले धान रोप्नको लागि चिनिया लामा(आखे) को धान रोपिसक्नुपर्थ्यो। गौराई( सचिव) मार्फत् बौद्धका बासिन्दाहरुलाई यसरि सूचना गरिन्थ्यो.....**मेमे आखेला पु सुगे लाबारो, नामस्यो क्वार हाओ.....** उर्दी जारी गरेपछी घरको एकजना जानैपर्ने हुन्थ्यो। चिनियाँ लामा(आखे) को घरबाट महिलाहरू भने खाजाको लागि चिउरा, चिनि,आलु, गेडागुडि बोकेर खेतालालाई खाजा खुवाउने चलन रहेछ। क्वार अर्थात् खेतालाले काम गरेबापतको पारिश्रमिक पाउने चलन पनि थिएन। मङ्सिरमा पाकेको धान उठाइसकेपछि भने बौद्धका बासिन्दाहरुलाई घरको आँगनिमा १० वटा फोसी (रक्सी पार्दा पर्योग गरिने जाँड राख्ने तामाको भाँडो) चामलको भात पकाई राँगाको मासु बनाई सम्पुर्ण घरको परिवारको सङ्ख्या नियालेर १ जना बराबर १ कचौरा भात र १-टुक्रा मासु दिएर भोज खुवाउने चलन थियो त्यसै भोजलाई नै काराङकुरुङ ङ्याह् भन्ने गरिन्छ। आज भन्दा १० वर्ष पहिले सम्म पनि चिनियाँ लामा(आखे)को घरबाट काराङकुरुङ ङ्याहमा भोज खुवाउने गरेको स्थानीयहरू बताऊँछन्। टासी कुमार लामाका अनुसार कारङकुरूङ ङ्याह योमरी पूर्णिमामा पर्दछ। त्यही पूर्णिमालाई बौद्धका स्थानीय तामाङहरूले कारङ कुरूङ ङ्या भन्ने गरेको हो। यहि समयमा साइबेरिया लगायत हिमाली क्षेत्रबाट नेपालको तराइ र भारतको सिमसार क्षेत्रका लागि उडेका सारस लगायतका चराहरू नेपालहुदैँ उड्ने क्रममा बौद्ध क्षेत्रमा आइपुग्ने गर्दछ। जसलाई स्थानीय भाषामा काराङकुरूङ भनिन्छ। त्यसरी ठूलो समूहमा उडेर आएका चराहरू बौद्ध भन्दा तल रहेको पांबुँ फाँटको सिमसार क्षेत्रमा केही समयका लागि अवतरण गर्छन्। त्यहि समयमा पूर्णिमा पनि परेको हुदाँ उक्त पूर्णिमालाई स्थानीय तामाङ समुदायले काराङकुरूङ ङ्याह भन्ने गर्दछन्। उक्त दिनमा विशेष पुजाआजा हुने गर्दथ्यो। बेलुका चिनियाँ लामाले स्थानीय तामाङ समुदायलाई प्रसादको रूपमा चिउरा, मासु लगायतका भोजका कुराहरू खुवाउनु पर्ने प्रचलन रहेपनि अहिले त्यो परम्परा कायम छैन। यो पर्व मनाउने दायित्व बौद्ध घ्याङ गुठीको भएपनि स्थानीय तामाङ गुठीयारहरूले गुठीमा गर्नुपर्ने कार्य गर्दै आएपनि गुठीले आफ्नो जिम्मेवारी पुरा नगरेको स्थानीयहरूको मत छ।

**१०) म्हेनिङः**

बौद्धका स्थानीय तामाङ समुदायको लागि म्हेनिङ महत्वपुर्ण चाड हो। यहाँको समुदायले म्हेनिङलाई परापूर्वकालदेखी नै विशेष रूपमा मान्दै आएको मत छ। म्हेनिङमा विशेषत आफ्ना चेलीबेटी, नातागोताहरू बोलाई टिका जमरा राख्ने प्रचलन रहेको पाइन्छ। यसरि बौद्धमा म्हेनिङको टिका जमरा लगाउनुभन्दा अगाडि अष्टमी, नवमी र दशमीको दिनमा मामथानमा जमरासहित हाँसको अण्डा, रक्सि लगायतको सामग्री चढाइसकेपछि मात्र दशमीको दिनमा टिका जमरा लाउने चलन छ। त्यसैगरी म्हेनिङको समापन हुने म्हेनिङ ङ्याह् (कोजाग्रत पूर्णिमा) को दिन छयोर्तेनमा विशेष रूपमा १०८ भगवान रहेको खोपिमा चिउरा भिजाइ गुलियो, ल्वाङ, सुकमेल, नरिवल आदि मिसाएर तयार पारिएको नैवेद, १०८ चामलको तोर्मा, फलफुल लगायतका सामग्रीहरू चढाउने, त्यसपछि मामथानमा, गणेश भगवान र धाराटोलमा रहेको लुथान अर्थात नागथान र त्रिकाल मैत्रिय वुद्ध विहार नजिकैको लुथान( नागथान)मा पूजा गर्ने चलन रहेको छ। त्रिकाल मैत्रिय वुद्ध विहार नजिकैको लुथान( नागथान)मा भने हाल घर निर्माण भइसकेको हुनाले अस्तित्वमा छैन। परम्परागत रूपमा बिहान उज्यालो नहुदै अध्याँरोमै पुजा गर्नुपर्ने मान्यता थियो भने आजकाल जुनसुकै समयमा पनि पूजा कार्य गरिन्छ। यस पूजालाई क्षमा पूजा भनिन्छ। हाल व्यक्तिगत रूपमा स्थानीय तामाङहरूका साथै बौद्ध तामाङ कल्याण गुठी लगायतका अन्य गुठीहरूले सामुहिक रूपमै पूजा गर्ने गरिन्छ। बौद्धका स्थानीय तामाङ समुदायका धेरैले यो पूजा छोडेको देखिन्छ।

कृष्ण लामाका अनुसार बौद्धका स्थानीय तामाङ समुदायको लागि म्हेनिङ महत्वपूर्ण चाड हो। यस चाडको लागि स्थानीय तामाङ समुदाय धान बेचेर पैसाको जोहो गर्ने, साथै अन्य आवश्यक खाद्य सामग्रीहरूको जोहो गर्दथे। दशैंको अष्टमी, नवमीको दिनमा मामथानमा जमरासहित हाँसको अण्डा, रक्सि लगायतको सामग्री चढाइसकेपछि मात्र दशमीको दिनमा टिका जमरा लगाउने चलन छ।  टासी कुमार लामाका अनुसार बौद्धमा म्हेनिङलाई पनि विशेष पर्वको रूपमा नै मान्ने गरिन्छ। यस चाडमा आफ्ना चेलीबेटीलाई घरमा बोलाई एक किसिमको भोज खुवाइन्छ। त्यसको भोलिपल्ट मामलाई पुजा गरिन्छ। यसै चाडमा स्थानीय तामाङ समुदाय र चिनियाँ लामाको सामाजिक सम्बन्धको आयाम देख्न सकिन्छ। स्थानीय तामाङ समुदायले चिनियाँ लामालाई आखे सम्बोधान गर्ने प्रचलनबाट स्थानीय समुदायको अभिवावकको रूपमा बौद्धका स्थानीय तामाङहरू म्हेनिङमा टिका थाप्न अनिवार्य रूपमा चिनियाँ लामाको घरमा जानुपर्ने व्यवस्था थियो। टिका थाप्न जाने बेलामा प्रत्येक घरबाट चिनियाँ लामालाई न्हाङलिङ म्हेन्दो (टोटोलाको फुल) टाँसेर जाँड राखेको सगुन पोङ लानुपर्थ्यो।

म्हेनिङको समयमा बौद्ध स्तूपको पूर्वी दिशामा हालको ड्रागन हाउस रहेको भोताप (भोगटेको रूख आसपासको क्षेत्र)मा म्हाङदुङ म्हेमेले बोम्बो विधिबाट रातभरि पूजा गर्ने प्रचलन थियो। तोर्मो बनाएर कुखुराको बली दिने प्रचलन थियो। स्थानीय बुद्धिजिवी खड्गजीत लामा आफू दुइतीन चोटी रातभर पूजामा बसेको स्मृति सुनाउँछन्।

**११) गठेमंगलः**

गठेमंगल, विशेषत नेवारी समुदायसँग सम्बन्धित पर्व भएपनि बौद्धको स्थानीय तामाङहरूले आफ्नो मौलिक ढंगले मान्दै आएका छन्। स्थानीय नेवारी समुदायले भने यो पर्व प्रायः मनाउन छोडिसकेका छन् भने तामाङ समुदायले भने यसको सांस्कृतिक र तान्त्रिक पक्षलाई अझै जीवित राखेका छन्। काठमाडौं उपत्यकाको नेवारी समुदायमा प्रचलित मान्यता अनुसार गठेमंगल नाम गरेको नरभक्षी राक्षस मारिएको सम्झना स्वरूप बिहानै हरियो नर्कट, निगालो अथवा गहुँको छवाली मिसाएर तीनखुट्टे राक्षसको स्वरूप बनाई दोबाटो र चौबाटोमा उभ्याइने प्रचलन छ। दुवै कानमा घण्ट झुण्ड्याई आहाराको खोजीमा निस्कने घण्टासुर राक्षसलाई मार्न एक जना तान्त्रिकले भ्यागुताको रुप लिएर धाप भएतिर बाटो देखाइदिँदा राक्षस धापमा गाडिएको र सबैजना जम्मा भई त्यसलाई मारेको सम्झना स्वरुप घण्टाकर्णको प्रतीकका रुपमा नर्कटको प्रतिमा बनाइन्छ। यस पर्वको विषयमा बौद्धका स्थानीय तामाङ समुदायको भने नेवारी मान्यताभन्दा छुट्टै मान्यता रहेको छ। यस दिन बोक्सीहरूका लागि विशेष दिन रहने र यहि दिन बौद्धमा आफूले सिकेको बोक्सी विद्याको अभ्यास गर्ने गर्दछन् भन्ने विश्वास रहेको छ।

उक्त दिन बौद्धको चार स्थान, एउटा पिपलबोटमा, अर्को टुसाल चौकी नजिकै र  बौद्धभित्र दुइ ठाउँमा हरियो नर्कट, निगालो अथवा गहुँको छवाली मिसाएर तीनखुट्टे राक्षसको स्वरूप बनाई राख्ने गरिन्छ र बेलुकी होहल्ला गरी बिसर्जन गर्ने गरिन्छ। उक्त दिनमा चेलीबेटीलाई घरमा बोलाई भोज खुवाउने गरिन्छ। बौद्धमा स्थानीय तामाङ समुदायले मनाउने यस पर्वको विशेषता भनेको त्यसदिन माइतीले आफ्ना चेलीबेटीलाई बोलाई भोज खुवाउने चलन हो। त्यसदिनको भोजमा चिउरा खुवाउन नपाइने नियम रहेको छ। भोजको रूपमा मासुभात खुवाउने चलन छ। दिउँसो खाजामा चाही सामान्य चिउरा लगायतका परिकार नै हुन्छ। तर बेलुकी चाही चिउरा खुवाउन पाइदैन। टासी कुमार लामा भन्नुहुन्छ, “त्यस दिनको रातीको खाना माङ अर्थात भूतलाई मन्छाए पछि मात्र खाने गर्नुपर्दछ। यो साउने संक्रान्ती जस्तै नै लाग्छ। यो पर्व अहिले सम्म पनि छोडिएको छैन। निरन्तर नै चलिरहेको छ। खासमा यो तान्त्रिक विधि अनुरूप नै हुन्छ। त्यसबेलाको मान्यता के छ भने त्यसदिन चाहि बोक्सीहरूको एकदमै महत्व दिन रे। त्यसदिन बोक्सीहरूले बौद्धमा एकदमै अभ्यास गर्छ रे। गुरूहरूले बोक्सीलाई दीक्षा दिने दिन रे। त्यस दिन हामीले बच्चाहुदाँ खेरी छयोर्तेन माथि बसेर जम्बु डाँडामा बोक्सीले बत्ति बालेको हुन्छ रे भनि हामी हेर्थ्यौं हामी बच्चा हुदाँखेरी बौद्धबाट प्रस्टैरूपमा जम्बु डाँडा देखिन्थ्यो। त्यसदिन त्यहाँ गुरूले सिकाएर अभ्यास गर्छ भन्ने विस्वास रहेछ। त्यसदिन त्यहाँ उनीहरूको परिक्षा हुन्छ भन्ने पनि रहेछ। हातमा बत्ती बाल्ने गर्छन् भनिन्छ। त्यो रातको समयमा मात्र हुन्छ भन्ने रहेको छ, त्यो त्यस दिन मात्र हुन्छ भनिएको छ। त्यसबेला हामीले हेर्दा पनि साँचिकै नै देखिन्थ्यो। त्यसबेला बत्ति धिपधिप बलेको जस्तो नै देखिन्थ्यो। त्यसबेला त्यहाँ बोक्सी अभ्यास गर्दै छ जानु हुदैन भन्ने गरिन्छ। बेलुकीको खाना खाएर सबै छयोर्तेन माथि गएर लाईन लाएर हेर्ने गर्थ्यो। त्यसरी झिलिमिली देखिएपछि मान्छेहरू हाहा हुहु गरि कराउने गर्दछन्। ”

सदियौंदेखी काठमाडौं उपत्यकामै बसोबास गर्दै आएका बौद्धका स्थानीय तामाङहरूमा नेवारहरूको सांस्कृतिक प्रभाव पर्नु सामान्य प्रकृया हो। फरक समुदायहरूसँगको निरन्तरको सम्पर्क र अन्तर्क्रियामा एक संस्कृतिले अर्को संस्कृतिबाट आदनप्रदान हुने स्वभाविक नियम अनुसार नै बौद्धका स्थानीय तामाङहरूले यो चाडलाई अंगिकार गरेको देखिन्छ। तथापि यो पर्वसँग जोडिएको मान्यता र विश्वास भने नेवारी मान्यताभन्दा निकै फरक बौद्ध क्षेत्रको मौलिक मान्यता स्थापित गरिएको देखिन्छ। यसर्थ यस पर्वलाई बौद्ध क्षेत्रको मौलिक पर्वको रूपमा व्याख्या गर्न सकिन्छ।

## ५.२. बौद्धका तामाङ समुदायको संस्कार र संस्कृति

कुनै पनि समुदायको संस्कार र संस्कृति केवल परम्परागत अभ्यास मात्र नभई समुदायको सामाजिक, धार्मिक र सांस्कृतिक पहिचानको आधारस्तम्भ हो। यहि समुदायहरूमध्ये तामाङ समुदायको पनि विशिष्ट संस्कार र संस्कृति रहेको छ। बौद्ध क्षेत्रमा प्रारम्भकालदेखी बसोबास गर्दै आएका तामाङ समुदायमा प्रचलित उल्लेखित संस्कारहरूले स्थानीय तामाङ समुदायको जीवनचक्रसँग जोडिएका अमूर्त सम्पदाहरूलाई निरन्तरता दिन विशेष भूमिका रहेको छ। बौद्ध क्षेत्रका स्थानीय तामाङहरूको प्रत्येक संस्कार र संस्कृतिमा बौद्ध स्तूप, विशेषगरी मामको अन्योन्याश्रित सम्बन्ध रहेको छ। यी संस्कार र संस्कृतिमा मामलाई अनिवार्य रूपमा सम्झिने, पूजापाठ गर्नुपर्ने प्रचलन वर्तमान समयमा पनि यथावत नै छ। तसर्थ, बौद्ध स्तूप र मामबिना यहाँको तामाङ समुदायको संस्कार र संस्कृति पुर्ण नहुनेमा स्थानीयहरूको एकमत देखिन्छ। जयमंगल लामाका अनुसार मामलाई यहाँका स्थानीयहरूले दुःख सुख जे पर्दा पनि सम्झिने गर्दछन्। विशेष पर्व र जात्राहरूमा गरिने पूजा बाहेक पनि यहाँका तामाङहरूको सामाजिक संस्कारहरू जस्तै विवाह, ब्रतवन्धमा मामलाई अनिवार्य रूपमा सम्झिनु पर्छ र सेरकेम (पूजा अर्पण) गर्नैपर्छ। त्यसैगरी कुनै पनि नयाँ कामको सुरूवात गर्नुपूर्व मामलाई सेरकेम (पूजा अर्पण) गर्ने गरिन्छ। परदेश जाँदा समेत सेरकेम गर्ने चलन छ।

**जन्म संस्कार**

बच्चा जन्मिसकेपछि नुहाई धुवाई सफा गरिसकेपछि सुत्केरीलाई तागतिलो र पोषिलो खानेकुरा खुवाउने गरिन्छ। बौद्ध परम्परा अनुसार आमा र बच्चाको सुरक्षार्थ लामाद्वारा छेडुप, दोमाङ पाठ, मंगलशुत्र र दज्र्यूको सुत्र समेत पाठ गर्ने चलन रहेको छ। आमा र बच्चाको रक्षार्थ लाब्तावा र बोम्बोद्वारा कूलधर्म अनुसारको पूजा गर्ने गरिन्छ। बच्चा जन्मेपछि अनुभवी महिला वा स्वास्थ्य कार्यकर्ताको सहयोग लिई खिया नपरेको सफा हतियारले नाल काट्ने, बिढ्याउने र नाल बिढ्याईसकेपछि बच्चालाई सफा पानीले नुहाई धुवाई गरी सेकताप गर्ने र चोखो पातीले सफा गरी आमाको दुध खुवाउने गरिन्छ। नाल, शाल टपरी वा पातमा पोको पारी सुरक्षित स्थानमा गाड्ने गरिन्छ।

**न्वारन/नामकरण :**

तामाङ जातिको न्वारन अर्थात नामाकरण गर्ने आफ्नो मौलिक परम्परा रहेको छ। तामाङ जातिको बच्चा जन्मेपछि गरिने न्वारन तेश्रो, पाँचौ सातौं, नवौं र एघारौ दिन विजोर दिनमा गर्ने चलन छ।

बच्चा जन्मिएपछि न्वारान नहुँदासम्मको अवधिलाई सुतक परेको भनिन्छ। त्यस घरलाई अशुद्ध मानिन्छ। यो अवस्थामा घरपरिवारले नयाँ बीउ, बिजन रोप्ने/छर्ने, कुलपूजा, पूजापाठ जस्ता शुभकार्य गर्न मिल्दैन। न्वारान नभएसम्म बच्चालाई आमा बाहेक प्राय: अरूले छुने, खेलाउने गर्दैनन्। न्वारन धार्मिक गुरु लामाबाट नै हुन्छ। लामाले सबै पाठ सम्पन्न गरिसकेपछि सुत्केरीलाई दर्शन ढुंगा आगोमा पोली त्यसलाई पानीमा हाली, केशर (सङग्रो) मिसाई तितेपाती पानीले नुहाई शुद्धीकरण गरिन्छ। त्यसै समय वच्चाको नामकरण हुन्छ। नामकरण लामाको बारको आधारमा हुने गर्दछ। लामाले शुद्धीकरण गरेको पानीले सुतक परेका सबैले आफूलाई शुद्ध गरी घरका सम्पूर्ण प्रयोग भएको कोठाहरु चोख्याउने काम

गरी न्वारन कार्य सम्पन्न गरिन्छ। न्वारनको दिन आफन्तलाई खानपीन गराउने, नवजात शिशुलाई आशिर्वाद दिने चलन छ।

**अन्नप्रासन (क्वान ख्वाबा)**

नवजात शिशु जन्मेको प्रथमपल्ट अन्न खुवाउने संस्कारलाई भात खुवाइ अर्थात पास्नी भनिन्छ। भात छोरीलाई पाँच महिनामा र छोरालाई ६ महिनामा खुवाउँने चलन छ। लामाले पात्रो (चि) हेरेर भात खुवाउँने शुभ साइत निकाल्दछ। साइत जुरेको दिन शिशुलाई नुवाइ धुवाइ गरी नयाँ कपडा पहिर्याइदिन्छ। लामा ताम्बाले बिधि विधान सकाए पश्चात बच्चालाई भात खुवाउँदछ। भात खुवाउने बेला बच्चालाई घामतिर फर्काए टीका लगाइ परिकारहरू खुवाउने गरिन्छ। मामा माइजुले बच्चालाई टीका लगाइ दिनुका साथै सुन चाँदीका चुराहरू उपहार दिने चलन रहेको छ। उपस्थित निम्तालुहरूले टिका लगाई भात खुवाएर आशिर्वाद दिदै दानदिक्षिणा दिने चलन रहेको छ।

**छेवार :**

तामाङ समुदायमा छेवार थाप्साङ पछिको महत्वपूर्ण संस्कार हो। छेवारलाई क्रा ब्रेबा अर्थात पहिलो चोटी कपाल काट्नु भनिन्छ। तामाङ समाजमा छेवारलाई मामाको अधिकारको रूपमा लिने गर्दछ। यो कर्म छोराको मात्र गरिन्छ। केटाको उमेर ५, ७, ९ र ११ वर्षमा गर्ने चलन छ। तामाङ जातिको यो अनिवार्य हो। छेवार गर्न मामालाई सगुनसहित जानकारी तथा अनुमति माग्नु पर्दछ। मामाबाट अनुमत तथा शुभ साइतको काम भए पश्चात लामा र ताम्बा र गान्बालाई पनि निमन्त्रणा गर्नुपर्दछ। लामा वा ताम्बाले साङसेरकेम पश्चात मामाले भाञ्जाको कपाल कटाउनु पर्दछ। ताम्बाले गीतको माध्यमबाट भाञ्जाको कपाल काटिदिनुस भनि मामालाई अनुरोध गर्दछ। कतिपय स्थानमा बोन्बो लाव्ताबा अथवा धामीले पनि कुललाई पुजेर भूतप्रेत मन्साएर पनि गर्ने गर्दछ। छेवारमा मामाले भाञ्जालाई 'क्रा ब्रेसी' गरे पश्चात टिका लगाइ आफ्नो गच्छेअनुसार उपहार तथा दक्षिणा दिने चलन रहेको छ। मामाले गर्ने विधिविधान पश्चात इष्टमित्र तथा घरगाउँलेले पनि टिका तथा दक्षिणा दिने गर्दछ।

मामालाई निम्तो सगुनसहित दिइन्छ। सगुनमा छ्याङ, रोटी, रक्सी लगायत अण्डा वा कुखुरा वा खसी, फलफूल आदि लानुपर्ने हुन्छ। कुखुरा डाङ, खसी डाङ पनि लाने चलन छ। जिउँदै खसी लगेमा सुनसहित सबै एकसरो लुगा दिनुपर्ने चलन छ। मामा र भान्जाको घर बीच समझदारीमा हुने गर्दछ।

छेवारको दिन  छेवार गरिने बच्चालाई नुहाईधुवाई गरी शुद्ध पारेर राखिन्छ। मामालाई लिन बाजागाजासहित जानुपर्दछ। मामाको हातबाट साइत अनुसार कपाल काटिन्छ र नयाँ कपडा र दक्षिणास्वरुप सुन (पैसा) दिने चलन छ। गच्छेअनुसार अन्य किसिमको शुभकार्यमा गरिने भोजभतेर जस्तै कार्यक्रम हुन्छ। त्यसपछि छेवार कर्मकाण्ड पनि सम्पन्न हुन्छ। मामा नहुनेहरुले नजीकको मामा नाता पर्ने वा नहुनेको चाहिं अस्थायी वा कृत्रिम मामाबाट कपाल काटी छेवार गरिन्छ। छेवरमा

ताम्बाहरूद्वारा डम्फू, टुङना बजाएर नाचगान गर्दै तामाङ समाजमा सदियौंदेखि चलिआएको परम्परालाई निरन्तरता दिने गरिन्छ।

बौद्धका स्थानीय तामाङहरूको मौलिक विशेषताको रूपमा छेवारमा कपाल मुण्डन सकिएपछि छ्योर्तेनको परिक्रमा गर्ने र मामथान पूजाआजा गरी बत्ती बाल्नुपर्ने प्रचलन रहेको छ। यसरी बौद्ध स्तूप परिक्रमा गर्दा भान्जालाई मामाले बोक्ने र माइजुले छाता ओढाउने चलन रहेको छ।

छोरीको हकमा भने छोराको छेवार उमेरमा गरिने कुनै सामाजिक कर्म गरिंदैन। तर हिजोआज गुन्यू चोली दिने चलन चाहिं चलेको छ। छोरीको गुन्यू चोलोमा सवै आफ्नै घरवाट लामा लगाई पाठ पूजा गरी सम्पन्न गरिन्छ। यसमा पनि गच्छेअनुसारको उपहार दिने तथा भोज भतेर खुवाउने चलन छ। गून्यू चोलो दिइ सकेपछि मामथानमा बत्ती बाल्ने, पूजाआजा गर्ने र स्तूप परिक्रमा गर्ने गरिन्छ।

**स्यामा पिन्बाः**

हुर्किएकी छोरीलाई शुभ साइत पारी गुन्यु चोलो दिइन्छ त्यसैलाई स्यामा पिन्बा भनिन्छ। स्यामा पिन्बालाई छेवार जति नै नगरेतापिन छेवारको समानान्तरको रूपमा लिइन्छ। यस दिन आमाबुबाले ल्याएको नयाँ गुन्युचोली लगाएरपछि टीका लगाई आशिर्वाद दिने चलन रहेको छ। पहिला पहिला यसबेला लगाउने गुन्युचोली आफैले घरमा नै बुन्नु पर्थ्यो। स्यामा पिन्बा कर्ममा मामालाई पनि निमन्त्रणा गरिन्छ। मामाले पनि टीका लगाइ उपहार र दक्षिणा दिने प्रचलन छ। बौद्धको तामाङ समुदाया भने यो संस्कार पछिल्लो समयमा प्रचलनमा आएको देखिन्छ। विगतमा यस प्रकारको संस्कार न्यून रूपमा मात्र हुने गरेको थियो। यस अवसरमा पनि मूल कार्य सम्पन्न भएपछि बाजागाजासहित बौद्ध स्तूप परिक्रमा गर्ने र माथानमा बत्ती बाल्ने गरिन्छ।

## विवाह

तामाङ जातिको सामाजिक प्रक्रिया हो विवाह। विवाह मानव परम्परा र सामाजिक कार्यलाई निरन्तरता दिई सभ्यता र शान्त जीवनयापनका लागि युवा अवस्थामा गरिने युवायुवतीबीच सँगै घरजम गर्ने आपसी सम्झौता हो। तामाङ समाजमा पनि बिहेवारी गर्ने आफ्नै विशिष्ट परम्परा, रिमठिम रहेको छ। परम्परागत हिसाबले तामाङ समाजमा कुटुम्बेरी प्रणाली अनुसार मामाचेला, फुपूचेला बीचमा बिहेवारी हुन्छ। यसैले तामाङ संस्कार अरू भन्दा भिन्न भएको हो। विवाहमा ताम्बाको भूमिका महत्वपूर्ण हुन्छ।

तामाङ समाजमा चारदाम नगरी बिहे सम्पन्न हुँदैन। बिहे सम्पन्न गर्नलाई तामाङ रिमठिम अनुसार केटा पक्षले चारदामको रीत पुऱ्याउनु अनिवार्य हुन्छ। चारदाम नगरेको महिलाको दाहसंस्कार तामाङ परम्परा अनुसार गर्न मिल्दैन। उसको मृत्युपछि पनि चारदाम गरेर मात्र दाहसंस्कार गरिन्छ। बौद्धको तामाङ समाजमा मागी बिहे चलनचल्तीमा थियो। मागी बिहेमा लमीले कुरा मिलाएपछि केटापट्टिबाट सेलरोटी, कुखुरा, खसी, रक्सीको पोङलगायतका गुरू दक्षिणा पुऱ्याउने

चलन थियो। बौद्धका तामाङहरूमा विवाहमा हुने चारदामको रीत विवाहकै समयमा पूरा गरिन्छ। तामाङ चेलीको थर परिवर्तन हुँदैन। चारदाम त्यही समय पूरा हुन्छ। विवाहपश्चात् एकदाम माइती पक्षमा रहने हुँदा तामाङ महिलाहरूको थर नफेरी माइतीपट्टीको थरलाई कायमै राख्ने गर्दछन्।  यी कर्म सकिएपछि नातागोता, आफन्तजनले उनीहरूलाई टीका लगाई आशीर्वाद तथा गच्छेअनुसारको दक्षिणा, उपहार दिन्छन्। यसवेला केटाले केटीलाई आफ्नो नातागोता चिनाउँछ।

बौद्धको तामाङ समुदायमा पनि उहिलेदेखि नै स्वाँगेभाइ (सगोत्री) बीच कहिल्यै बिहेवारी नहुने ९२ वर्षीया माइली तामाङले यसबारे बताएकी छिन्। अहिलेसम्म स्थानीय तामाङहरूबीच स्वाँगेभाइको सम्बन्ध गहिरो रहेको र स्वाँगेभाइबीच भाइचाराको सम्बन्ध रहिआएको छ। कहिल्यै अनैतिक कार्य नभएको तामाङ बताउछिन्।

माइली तामाङका अनुसार विहे गरेर ल्याएको नयाँ बुहारीलाई बौद्धस्थित मामाला थानमा लगेर दर्शन गराउने चलन छ। यो चलन बौद्धमा मात्रै हो। मामला थानमा दर्शन गरेपछि त्यो बुहारी त्यस समाज/कुलमा बन्धन भएको मानिन्छ। त्यसैगरी बेहुली लिन जानु पूर्व बौद्ध स्तूप परिक्रमा गरी मामथानमा बत्ती बालेर मात्र जन्ती जाने गरिन्छ। यस क्षेत्रको चेलीबेटीको हकमा विवाह अगाडि छोरी माग्न आउने समयमा केटा पक्षबाट ल्याइएको सगुन मामलाई छुट्याएर राखेपछि मात्र घरगाउँलेले खाने चलन रहेको छ।

विवाह सम्पन्न भइपश्चात दुलान (दुलही) फर्काउने वा मुख हेर्ने कर्म पनि हो। कसै कसैको दुलही फर्काउँदा झन्झट नहोस् भन्ने कारणले चारदाम दुलही फर्काउनु भन्दा अगाडि गर्ने पनि गर्दछन्। बौद्धको तामाङ समुदायमा पनि यो चलन यथावत् नै रहेको पाइएको छ।

स्वाँगेभाइ (सगोत्री) भनेको विभिन्न थरीहरूको एउटा समूह हो। पाँच वटा थरी (हुई) हरूको एउटा समूह हुन्छ। जसको समूहलाई ‘ङहुइ’ भनिन्छ। यी स्वाँगेभाइहरू जतिसुकै पुस्ता अघिपछि र जतिसुकै टाढाको भएपनि कहिल्यै बिहेवारी गर्नु हुँदैन। किनकी उनीहरू एउटै रूखका हाँगाहरू हुन्। उनीहरूलाई तामाङ समाजमा दाजुभाई सरह मानिन्छ।

**मृत्यु संस्कार**

बौद्धका तामाङ समुदायमा कुनै आफन्तजनको मृत्यु भए उसको दाहसंस्कार गर्न कम्तीमा पनि एक दिन लाग्छ। मृत्यु भएका व्यक्तिको शवलाई घरभित्र राखी तितेपाती र पानीले नुहाइधुवाई गरिन्छ। लामा गुरुहरूद्वारा बौद्ध धर्मअनुसार शवलाई सेलाउनुअघि पद्मासनमा राखिन्छ।

बौद्धवासी मृतकहरुलाई संस्कार्ने काम बौद्ध धर्मग्रन्थमा उल्लेख भएका आठ प्रमुख चिहान (धुरठोई) मध्ये बौद्धमा अवस्थित ल्हुनडुप चेक्पेई धुरठोई (चिहान) मा संस्कार्ने गरिन्छ। एकाधको मात्र विविध कारणले अन्यत्र लगिन्छ।

तेश्रो दिनमा लामाले ङोवा मोलम गरेर नुन फुक्ने कर्म गरिन्छ। नुन बार्ने वा नबार्ने परिवारको सदस्यको आफ्नो इच्छामा निर्भर हुन्छ। चोथौ दिनमा मलामी बोलाई खाना खुवाई साधारण किसिमले 'नेबर' गर्ने गरिन्छ। सातौ दिनमा नेबर (डोवा) हुन्छ।

घेवा नगरेसम्म मृतकको अस्तुको पुत्ला बनाएर राखिन्छ र बिहान–बेलुका धूप बालेर पूजा गरिन्छ। त्यसबेला मृतकलाई घरमा जे पकाइएको छ, त्यही खानेकुरा चढाइन्छ। यो संस्कृतिलाई तामाङहरू रूइ भन्छन्। त्यसरी चढाउनलाई विधिपूर्वक बिहान बेलुका एकजना लामाको व्यवस्था मिलाईएको हुन्छ।

मृतकको अस्तु र मृतकले लगाएको कपडालाई चाङ लगाएर राखिएको हुन्छ। कपडाको चाङमाथि ह्िङगा पनि राखिएको हुन्छ। दिनमा नगरेर २१ दिनमा गर्ने चलन बढ्दै गएको छ। मृतकले जीवितै हुँदा उनले व्यक्त गरेका इच्छाअनुसार शवलाई पशुपति आर्यघाट वा स्थानीय चिहानमा जलाउने पनि गरिन्छ।

आफन्तको मृत्यु भएको तीन दिनमा नुन फुकाएर सातौं दिनमा लामा पुरोहित ल्याएर मृतकका नाममा धार्मिक पूजा गरिन्छ। यो पूजालाई तामाङ भाषामा 'नेवर' भनिन्छ। यस दिन मृतकका आफन्तजनले मृत्यु भएका व्यक्तिलाई स्वर्ग जाने बाटो खुल्ला होस् भन्ने कामना गर्दै श्रद्धान्जली दिनुका साथै चामल, पैसा तथा अन्य विभिन्न सरसामान चढाउने चलन छ। यो प्रचलनलाई 'थुन्दासोर्बा' भनिन्छ। थुन्दासोर्बा कार्य सकेपछि मृतकको लत्ताकपडाले बनाइएको पुत्लालाई सफा ठाउँ एकान्तमा लगेर जलाउने चलन छ।

अन्तिममा घेवा सकिएपछि लामा गुरुहरूलाई दान दक्षिणा दिएर पठाइन्छ। घेवा सकिएको बेलुका वा भोलिपल्ट सफलतापूर्वक घेवा सम्पन्न भएको खुशीयालीमा ज्वाईचेलीलाई बोलाई भोजभतेर खुवाउने र अन्तिममा दुःखको समयमा साथ दिएबापत ससुरालीबाट दानदक्षिणा दिई बिदावारी गरी पठाउने गरिन्छ। यसलाई फेजाङ भन्ने गरिन्छ।

**तिमला लादा क्योङ्बा**

बौद्ध तीनचुलीको भज्यू खलकको लाथाबा (कुलपूजारी)ले प्रत्येक वर्षको मंसिर पूणिमादेखी पन्चमी सम्मको समयमा भज्यू कुलको कुलपूजा अर्थात तिमला लादा क्योङ्बा गर्ने प्रचलन रहेको छ। यस पूजाका लागि घरको महेमे( पितृ) र माम (मातृ )लाई छुट्टाछुट्टै घ्याम्पोमा जाँड पकाइ राख्नु पर्दछ। जाँड पकाउने समयमा पकाउने व्यक्तिले कसैसँग बोल्न नपाइने, नुवाइधुवाइ शुद्ध भएर मात्र पकाउनु पने नियम रहेको छ। यसरी घरको कुलपूजा गर्दा कुलले घर तथा परिवारको रक्षा गने, सुख शान्ति छाउने विश्वास गरिन्छ। यो पूजा तामाङ समुदायको मौलिक एवम् महत्वपूर्ण परम्परा हो। बौद्ध स्तूप वरिपरिका तामाङ समुदायहरूले पनि तामाङ बोन्बो लाप्ताबाले(कुलपूजारी) घरको बुइँगलमा कुलपूजा गर्ने प्रचलन थियो। बुइँगलमा कुलको स्थापना गरिएको स्थानमा घरपरिवारबाहेक अन्यलाई जान निषेध गरिन्थ्यो। समयक्रमसँगै बोन्बो लाप्ताले गर्ने कुलपूजा लामा परम्परा अनुसार गर्ने थालियो। पछिल्लो समयमा भने यो चलन हराउदैँ गएको देखिन्छ। स्थानीय खड्गजीत लामाका अनुसार कुलपूजा गर्नुपूर्व एक हप्ता अगाडि जाँड पकाउनुपर्ने र जाँड पकाउने समय अवधिभरी घरको झ्यालढोका बन्द गर्नुपर्ने प्रावधान थियो। त्यसरी तयार पारिएको जाँड कुलपूजामा माम र म्हेमे(पितृ र मातृ पूर्खा)लाई चढाइने गरिन्छ। दशमीको दिनमा पकाइएको जाँड मंसिर पूर्णिमाको दिनमा कुलपूजामा प्रयोग गरिन्थ्यो। उक्त अवसरमा आफ्ना नजिकका आफन्तहरूलाई बोलाई प्रसाद स्वरूप जाँडका साथै भोजन गराउने चलन रहेको थियो।

परम्परागत रूपमा बोम्बो लाप्ताबाले कुलपूजा गरिएपनि पछि लामाले लाप्ताबाको पाठ उतारि त्यसकै आधारमा कुलपुजा गर्ने गरिन्छ।

बौद्धमा वसोवास गर्दै आएका विभिन्न थरका तामाङहरु मध्ये निम्नानुसार छन् :

१) स्याङदान

२) थिङ

३) लो

४) वोम्जन

५) भज्यु

६) वाईवा

७) योञ्जन

८) रुम्वा

९) भ्लोन

१०) घ्यावा

११) घोले

१२) स्याङवो

१३) मोक्तान

१४) घोङवा

१५) घ्लान

१६) लोप्चन

१७) घिसिङ्ग

१८) बल

१९) लालुङवा आदि रहेका छन्।

## ५.३ पूजा तथा अनुष्ठानहरू

स्थानीय तामाङ लगायत हिमाली बौद्ध समुदायमा नमोवुद्धको दर्शन गर्दा पाप, डिपबाट (क्लेश) मुक्त हुने , स्वयम्भूको दर्शन गर्दा दिर्घायू प्राप्त हुने र बौद्ध स्तूपलाई चिन्तामणिको प्रतिकको रूपमा विश्वास गरी कोरा गर्ने र बत्ती बाल्नाले मनले चिताएको मनोकांक्ष पूरा हुने धार्मिक विश्वास रहेको छ। साथै, स्तूप निर्माण गर्ने क्रममा यसको गर्भमा तथागत कश्यप बुद्धको रिङ्सेल (अस्तिधातु) हाली प्राणप्रतिष्ठा गर्ने समयमा दसौँ दिशाका बुद्ध र बोधिसत्वहरू स्वयम् उपस्थित भइ पुष्पवृष्टि गराइ बौद्ध स्तूप निर्माणमा संलग्न चार दाजुभाइलाई जे जे प्राणीधान गर्छौ, सबै पूरा हुन्छ भनी आशीर्वाद दिएको र ती चार भाइ लगायत अन्यले प्राणीधान गर्दा सम्पूर्ण मनोकांक्षा पुरा भएको मिथक रहेको छ। यहि मिथकका आधारमा जसले शुद्ध चित्तले छयोर्तेन अगाडि उभिएर आफ्नो मनको कुरा प्रार्थना गरी कामना गर्छ, उसका सम्पूर्ण मनोकामना पूरा हुन्छ भन्ने विश्वासका साथ धर्मावलम्वीहरू यस स्तूपको दर्शन गर्न स्वदेश तथा विदेशका विभिन्न मुलुकहरूबाट आउने गर्दछन्। त्यसैगरी विभिन्न धार्मिक ग्रन्थहरूमा स्तूपको दर्शन तथा विभिन्न सामग्री अर्पण गर्दा प्राप्त हुने अनेकौ लाभ तथा प्रतिफलको लागि देश विदेशबाट श्रद्धालु भक्तजनहरूले विभिन्न पूजा अनुष्ठानहरू गर्ने गर्दछन्। यी पूजाहरू आफूले आँटिको कार्य सफल पार्न, बाधा अड्चन हटाउन, पारिवारिक सुख लगायत विभिन्न मनोकामना सहित गर्ने गरिन्छ।

बौद्ध स्तूपमा हुने नित्य पूजा लगायतका अन्य धार्मिक अनुष्ठान विशेषतः अजिमा अर्थात मामको महिमा र स्तूतीसँग सम्बन्धित छन्। मामलाई स्तूप लगायत बौद्ध क्षेत्रकै संरक्षकको रूपमा सम्बोधन गर्दै बौद्ध स्तूपलगायत समग्र क्षेत्रको संरक्षण गर्न, सम्पूर्ण लोकको कल्याण गर्न तथा मनोकांक्ष पूर्ण गर्न स्तूती गरिन्छ। यसका साथै पूजामा स्थानीय सिमे, भुमे, लगायत संसारिक देवदेवीलाई आह्वान गरी अर्पण गर्ने तथा गुरू रिम्बोर्छे, तारा, महाकालको विशेष अनुष्ठान गर्ने गरिन्छ। दैनिक रूपमा गरिने नित्य पूजा, विशेष दिन तथा पर्वहरूमा गरिने साङ्लुङ, कांसु, छेच्यु लगायतका पूजाहरूको पूजा विधिमा केही फरक भएपनि लगभग एउटै रहेको छ। उल्लेखित पूजाहरूमा विशेषतः मामको स्तूती पाठ नै पढिने गरिन्छ।

पूजा तथा अनुष्ठानको प्रसंगमा बौद्धका स्थानीय तामाङ समुदायको विशेष आयाम रहेको देखिन्छ। यो समुदायले हरेक चाडपर्व, विवाह, ब्रतवन्ध लगायतका संस्कारहरू तथा विशेष अवसरहरूमा बौद्ध स्तूप विशेषतः मामको पूजाआर्चना गर्ने परम्परादेखीको प्रचलन हालसम्म पनि यथावत नै छ। यसका साथै स्थानीय तामाङ समुदायले आफ्नो खेतबारीमा फलेको नयाँ अन्न फलेपछि मामथानमा चढाएर मात्र उपभोग गर्ने, फलेको फलफूल मामलाई चढाएर मात्र खाने चलन रहेको छ। दशैको टिका सुरूवात गर्नु अगाडि अष्टमी नवमीको दिनमा फलफूल, नैवेदसहत जमारा चढाउने चलन रहेको छ। त्यसैगरी दशैं सम्पन्न भएको पूर्णिमाको दिन स्तूपस्थित १०८ भगवानको मूर्ती रहेको खोपिमा नैवेध चढाएर बत्ती बाल्ने, मामथान, गणेशस्थान, नाग लगायतको मन्दिरमा पूजाआजा गर्ने चलन रहेको छ। बौद्धका स्थानीय तामाङहरूको मौलिक विशेषताको रूपमा छेवारमा कपाल मुण्डन सकिएपछि छयोर्तेनको परिक्रमा गर्ने र मामथान पूजाआजा गरी बत्ती बाल्नुपर्ने प्रचलन रहेको छ। बौद्ध क्षेत्रका स्थानीय तामाङको घरमा विवाह गरेर ल्याएको नयाँ बुहारीलाई बौद्धस्थित मामाला थानमा लगेर दर्शन गराउनु पर्ने नियम छ। मामला थानमा दर्शन गरेपछि मात्र नयाँ बुहारी कुलमा प्रवेश भएको मान्यता छ। त्यसैगरी बेहुली लिन जानु पूर्व बौद्ध स्तूप परिक्रमा गरी मामथानमा बत्ती बालेर मात्र जन्ती जाने गरिन्छ। यस क्षेत्रको चेलीबेटीको हकमा विवाह अगाडि छोरी माग्न आउने समयमा केटा पक्षबाट ल्याइएको सगुन(रक्सी) मामलाई छुट्याएर राखेपछि मात्र घरगाउँलेले खाने चलन रहेको छ। पर्व विशेष तथा जात्रा विशेषमा गरिने पूजाहरूको विवरण यसै

अध्यायको चाडपर्व खण्डमा विस्तृत रूपमा चर्चा गरिएको छ। यस खण्डमा बौद्ध स्तूप विशेषतः मामथानमा हुने नित्य पूजा लगायतको अनुष्ठानहरूको उल्लेख गरिएको छ।

## १. नित्य पूजा

बौद्ध स्तूपमा नित्यपूजा तथा अन्य पूजा अनुष्ठानहरू बौद्ध घ्याङ गुठीमा आवद्ध पुजारी लामाहरूले गर्ने प्रचलन रहेको छ। नित्यपूजा बिहान र दिउँसोको समयमा दिनको दुइचोटी मामथानमा गर्ने गरिन्छ। बिहानको नित्य पूजा जाडो महिनाको समयमा ७ बजे र गर्मी महिनाको समयमा ६ बजे गर्ने गरिन्छ। त्यैगरी बेलुकीको नित्य पूजा जाडो महिनाको समयमा ३ बजे र गर्मी महिनाको समयमा ४ बजे गर्ने गरिन्छ। नित्य पूजा गर्नका लागि कम्तीमा दश जना लामाहरूको समूह आवश्यकता हुन्छ। नित्य पूजामा विशेषत चामलको अक्षता र सेरगेमको रूपमा रक्सी चढाइने गरिन्छ। नित्य पूजाको सुरूवातमा मामको साङसेरगेम गर्ने(शुद्धिकरण), मामको सोल्खा (मामको स्तूती पाठ) र  बारसोम डोल्सोम गर्ने गरिन्छ। सोल्खा विशेषत मामथानमा विराजमान मामको स्तूती पाठ हो, जहाँ मामको स्वरूपको वर्णन सहित बौद्ध स्तूपको संरक्षकको रूपमा आसपास तथा विश्वका सम्पूर्ण जिवित प्राणीहरूको कल्याण, छयोर्तेनको रक्षा गर्नु, स्तूपसँगै धूरठोइ अर्थात चिहान रहेको हुदाँ भूतप्रेत लगायत दुष्ट शक्ति हटाउनु तथा सोचेको सम्पूर्ण इच्छा, आकांक्षा पूर्ती गर्दिनु भनि प्रार्थना गरिन्छ। बारसोम डोल्सोम अन्तर्गत साम्बा ल्हामडुल, भार्जे लामसोल र डोल्मा(तारा) पाठ गरिन्छ। साम्बा ल्हामडुल र भार्जे लामसोल विशेषत गुरू रिम्बोर्जेको स्तुती पाठ हो जुन सांसरिक लोकको कल्याण, सम्पूर्ण बाधा अड्चन हटाउनको लागि प्रार्थना हो। त्यैगरी डोल्मा(तारा)लाई धनकी लक्ष्मीको रूपमा स्तुती गरी सुख सम्वृद्धिको प्रार्थना गरिन्छ। सेरगेममा सम्पूर्ण जगतको कल्याण होस भनि स्थानीय सिमेभूमे, नागनागिनी लगायत सांसारिक देवदेवीहरूलाई पूज्ने, आह्वान गरेर पूजाको सामग्री अर्पण गरिन्छ।

## २. साङलुङ् पूजा

बौद्ध स्तूपमा श्रद्धालु भक्तजनहरूले कुकर (बौद्धमा अर्पण गरिने सेतो चुन), नाम्सा(छत्रावली र हर्मिकामा झुन्ड्याइने विशेष प्रकारको वस्त्र), साङढुप(गर्भगृहमा पोतिने विशेष प्रकारको रंग) र लुङ्दा(ध्वाजापताका) अर्पण गर्नुपुर्व गरिने विशेष पूजालाई  साङलुङ् पूजा भनिन्छ। पूजा विधिमा नित्य पूजामा गरिने विधिहरू, मामको सोल्खा नै गरिन्छ। पूजारी लामाहरूले पूजा सम्पन्न भएपछि स्तूपको हर्मिका अर्थात आँखा रहेको भागभन्दा मुनीको क्षेत्रमा साङलुङ समुहले कार्य गर्ने तथा हर्मिकाभन्दा माथिको क्षेत्रमा चावहिलस्थित नेवारी परिवारले मात्र गर्न पाउने प्रावधान रहेको छ। हर्मिकाभन्दा मुनिको भागमा सेतो चुन लगाउने र गर्भगृहमा रंग छयाप्ने कार्य साङलुङ समूहले गर्दछ, उक्त समूहमा ५५ जना सदस्य रहेका छन् जो आवश्यकता अनुसार आलोपालो सेतो चुना लगाउने र गर्भगृहमा रंग छयाप्ने कार्य गर्दछन्। यस समूहमा स्थानीय तामाङ समुदायका युवाहरू रहेका छन्। हर्मिकाभन्दा माथिको भागमा कार्यहरू छत्रावली र हर्मिकाको शिरमा नाम्सा अर्थात वस्त्र राख्न र लुङ्दा राख्न भने चावहिलमा घर भएका नेवारी परिवारलाई मात्र अनुमति छ। हाल सविन श्रेष्ठले यो कार्य गर्दै आएका छन्। एकभन्दा बढी नाम्सा अर्थात वस्त्र चढाउन गरिने साङलुङ् पूजा मामथान बाहिर गर्नुपर्ने तर एउटा मात्रै नाम्सा चढाउदाँ मामथानभित्रै पूजा गर्नुपर्ने प्रावधान रहेको छ। यसरी लुङ्दा, नाम्सा(विशेष प्रकारको वस्त्र) लगायतको सामग्री चढाउन विशेष दिन नै हुनुपर्छ भन्ने छैन, भक्तजनहरूले जुनसुकै दिनमा चढाउन ल्याएपछि पूजा गरिने प्रचलन छ।

### ३. काङ्सो

काङ्सो पूजा विशेषगरी शनिबारको दिन अनिवार्य रूपमा गरिने विशेष पूजा हो। त्यसैगरी, महिनाको १ गते, औंसी, पूर्णिमा र छेचुको अवसरमा यो पूजा गरिने प्रचलन छ। हाल बुधवारको दिन चिनियाँ लामाको तर्फबाट काङ्सो पूजा गरिन्छ। यस पूजाको विधि पनि अन्य समयमा गरिने नित्य पूजाको विधिबाटै गरिन्छ। यस पूजामा भक्तजनले (कर्ता) २ वटा बत्ती र छोक (नैवेद, फलफूल आदि) चढाइने गरिन्छ।

**मामको स्तूती पाठ**

बौद्धस्तूपस्थित मामथानको नित्यपूजामा पाठ गरिने स्तूती पाठमा ममो पुक्का सिद्धिको आराधनासँग सम्बन्धित छ, जसको उत्पत्ति शून्यताबाट भएको र ज्ञानको अमृतरूपी महासागरजस्ती असिम तान्त्रिक शक्तिको रूपमा वर्णन गरिएको छ। यो देवी रातो-पहेंलो वर्णकी, एक मुख र दुई हात भएकी, राक्षसको टाउको समात्ने, रक्तको महासागरमा विराजमान, रौद्र स्वरूपकी छिन्। यस स्तोत्रमा देवीको महिमा, उनको शक्ति, पूजा विधि, र धर्मरक्षाको भूमिकाको विस्तृत उल्लेख छ। यस स्तूती पाठमा नेपालको खाशोर स्तूप (स्वयम्भू) र नागार्जुन पर्वतको तपोभूमिलाई पूजा स्थलका रूपमा चित्रण गरिएको छ। देवी पुक्का सिद्धिले गुरु पद्मसम्भवको आज्ञा पालन गर्दै जीवन समर्पण गर्नुभएको र त्यही कारण उहाँलाई स्तूपको मुख्य संरक्षकको रूपमा पूजा गरिएको वर्णन रहेको छ। गरुड र बाघिनीजस्ता गोप्य शक्तिहरूको प्रतीक बनी, तपाईं बैडार्य सम्प्रदायकी प्रमुख देवी हुनुहुन्छ।

यस स्तोत्रमार्फत धर्मको रक्षाका निम्ति सबै देवी–देवता, योगी, गुरुहरू, र समर्पित साधकहरूको संरक्षण गर्नुहोस् भनी प्रार्थना गरिएको छ। अमर नगरी नेपाल र स्तूपमा अधिष्ठित तपाईंलाई पूजा, धूप, दीप, अर्पण, मन्त्र, र ध्यानमार्फत समर्पण गरिएको छ। तपाईंलाई समर्पण गरिएको अमृत भैषज्य (नैवेद्य) सम्पूर्ण रक्षक देवता, सिद्ध, डाकिनी, नाग, स्थानीय शक्ति, र सुरक्षार्थ उपस्थित शक्तिहरूको निम्ति हो। यस स्तोत्रमा जति देवी–देवताहरूको नाम आएको छ, ती सबैलाई यो पूजासामग्री अर्पण गरिएको छ। जसले श्रद्धा राखेर सम्झिन्छ, उसले इच्छित सिद्धि प्राप्त गर्छ।

यस पूजा र योग समर्पणको अन्तिम कामना स्वरूप सम्पूर्ण प्राणीहरूले रोग, गरिबी, दुःख, र अज्ञानबाट मुक्त भई पूर्ण बुद्धत्व प्राप्त गरून्। यो दीपज्ञानको प्रतीक बनेर दश दिशामा फैलियोस्, सम्पूर्ण प्राणीहरू बुद्धभूमिमा पुनर्जन्म पाऊन्, अज्ञान हटेर प्रज्ञा फैलियोस्। अन्ततः, बुद्धका तीन शरीरको प्राप्ति, सिद्धि, शक्ति, र पूर्णताको आशिष मिलोस् भन्ने भावनासहित यो स्तोत्र समाप्त हुन्छ।(परिशिष्ट २)

## ५.४ बौद्धस्थित गुठी

नेपाली समाजमा मठ, मन्दिर, चैत्य, गुम्बा लगायत सम्पदाको स्थापना गर्न, तिनीहरूको मर्मत, संरक्षण गर्न, पूजाआजा, जात्रा, चाडपर्व, संस्कार संस्कृतिको सञ्चालन, व्यवस्थापन गर्नका लागि गुठी निर्माण गर्ने प्रचलन निकै पुरानो हो। यसरी राज्य लगायत समुदाय र व्यक्तिगत रूपमै पनि मठ मन्दिर, चैत्य विहार लगायत सम्पदा र ती सम्पदासँग सम्बन्धित नित्य पूजाआजा, जात्रा, पर्व लगायतका संस्कृतिको संरक्षण र निरन्तरता दिन गुठिको विशेष भूमिका रहेको देखिन्छ। पछिल्लो समयमा सामूहिक रूपमा संगठित भइ विभिन्न सामूहिक कार्यहरू संचालन गर्न तथा अन्य परोकपारी कार्यहरू गर्न समूहको रूपमा गुठी गठन तथा संचालन भइरहेको छ। बौद्ध क्षेत्रमा पनि परम्परागत रूपमा बौद्ध स्तूपको विविध पूजाआजा, जात्रापर्व र सम्पदाको संरक्षण गर्न राज्यले नै स्थापना गरेको बौद्ध घ्याङ गुठी रहेको छ। त्यसैगरी स्थानीय तामाङ समुदाय लगायतका बासिन्दाले आफ्नो समुदायको सामहिक कार्यहरू संचालन गर्न तथा बौद्ध क्षेत्रको संरक्षण सम्बर्द्धन र सम्बन्धित चाडपर्व, जात्रा, पूजापाठ आदिमा सहभागीता, व्यवस्थापन कार्य गर्न सामूहिक प्रयासमा विभिन्न गुठिहरू तथा संघसंस्थाहरू संचालन गर्दै आएका छन्। बौद्ध क्षेत्रको संरक्षण संवर्द्धन तथा यहाँ धार्मिक सांस्कृतिक सम्पदाको रूपमा रहेको पूजा अनुष्ठान, जात्रा, पर्वहरूको निरन्तरता तथा स्थानीय समुदायमाझ अपनत्वको भावना उजागर गर्न उल्लेखित गुठीहरू तथा संघसंस्थाहरूको विशेष भूमिका रहेको देखिन्छ। राज्यद्धारा स्थापना गरिएको घ्याङ गुठीका साथै स्थानीय तामाङ लगायतका समुदायले सामूहिक पहलमा स्थापना गरिएका गुठीहरू बौद्ध क्षेत्रको धार्मिक तथा सांस्कृतिक विरासतलाई पुस्तानतरन र निरन्तरा दिनका लागि विशेष भूमिका निर्वाह गरेको देखिन्छ।

नेपाली समाज, अझ विशेषगरी सम्पदा स्थल, स्मारकसँग सम्बन्धित अमूर्त संस्कृतिको अध्ययन अनुसन्धानमा महत्वपूर्ण एकाइको रूपमा गुठीलाई परापूर्वकालदेखी नै मन्दिर, चैत्य, गुम्बा लगायतका सम्पदाको संरक्षण, सम्बर्द्धन गर्ने तथा सम्पदासँग सम्बन्धित पूजापाठ, जात्रा, पर्व लगायतका जीवन्त संस्कृति तथा परम्पराको संचालन व्यवस्थापन र निरन्तरताको मौलिक व्यवस्था (प्रणाली)को रूपमा उल्लेख गर्नुपर्ने यस अध्ययनको निश्कर्ष रहेको छ। यसका साथै आधुनिक समयमा गठन भएका सामूहिक गुठीहरूलाई समुहगत अर्थात समुदायको संस्कार, संस्कृति र प्रचलनलाई संचालन, व्यवस्थापन र निरन्तरताको उत्कृष्ट मोडलको रूपमा रहेको द्रखिन्छ। तसर्थ, गुठी व्यवस्थालाई सम्पदा स्थल र समुदायको अमूर्त सांस्कृतिक सम्पदाको संवाहकको रूपमा व्याख्य गरिनु पर्दछ।

### बौद्ध मेलम्ची घ्याङ गुठी

बौद्ध स्तूपको गुठीको रूपमा बौद्ध घ्याङ गुठी बौद्ध स्तूपको नित्य नैमित्य पूजा संचालन गर्न, बार्षिक रूपमा जात्रा पर्वहरू संचालन गर्न तथा बौद्ध सम्पदाको संरक्षण र संरक्षण गर्न परापूर्वकालदेखीकै राज्यद्वारा स्थापित आधिकारिक गुठी हो। यस गुठीको स्थापना मितिबारे कुनै निश्चित आधिकारिक स्पष्टतता नभएपनि विभिन्न सालको लालमोहरको आधारमा यो संस्था बौद्धको सबैभन्दा पुरानो गुठीको रूपमा रहेको छ। कुनै अभिलेख (लालमोहर) मा यस गुठीको स्थापना वि.सं. १८१६ र कुनैमा वि.सं. १८१७ मा भएको उल्लेख गरिएको पाइन्छ। यस बौद्ध घ्याङ गुठी सम्बन्धी अभिलेखको रूपमा वि.सं. १९०८ को लालमोहर, १९१४ को लालमोहर, १९१६ को लालमोहर रहेका छन्। बौद्ध स्तूप, विशेष रूपमा मामथानको नित्य-नैमित्य पूजाआजा तथा अनुष्ठान, जात्रा, पर्व संचालन प्राचीन समयदेखि प्रमुख लामा (पूजारी) नियुक्ति

हुने व्यवस्था रहँदै आएको छ। बौद्धमा चिनियाँ लामा परम्पराको सुरूवात भन्दा अगाडिको समयमा स्थानीय तामाङहरू नै प्रमुख लामाको रूपमा बौद्ध स्तूपको नित्य नैमित्य पूजा साथै जात्रा पर्वहरू संचालन गर्दै आएका थिए। तत्कालीन समयमा छेवाङ सितार लामा (भज्यू), गुण्डा लामा (रूम्बा)ले बौद्ध स्तूपको प्रमुख लामा (पूजारी) को रूपमा काम गर्दै आएको अभिलेखहरुले देखाउँछन्। वि.सं.१९१४ मा बौद्धको प्रमुख लामाको रूपमा चिनियाँ ताइफोसिंको नियुक्ति भएपश्चात् उनकै सन्तान दर सन्तानले बौद्ध तथा मेलम्ची घ्याड गुठीको प्रमख लामा (पूजारी) को रूपमा नित्य नैमित्य पूजा-पर्व संचालन गर्दै आइरहेका छन्। चिनियाँ लामाको पद राणाकालीन लालमोहर वमोजिम चिनियाँ लामाका ज्येष्ठ पुत्रले संचालन गर्ने परम्परा हालसम्म पनि रहिआएको छ। तेस्रो चिनियाँ लामा पुण्यबज्र लामादेखि चौथो चिनियाँ लामा पुण्यज्वाला लामाको पालासम्म जनै पूर्णिमाको एकदिन अगाडि श्रावण शुक्ल चुतुर्दशीका दिन बौद्ध स्तूपमा उम्रेका घाँस उखेल्ने, बौद्ध परिसर सफा गर्ने, बौद्धका ६० घर धुरीबाट फर्सी, मकै संकलन गरी कोसेलीको रूपमा दरबारमा पुर्याउने, गुरू रिम्पोछेको दशमी पूजा (छेच्यू पूजा) का दिन गुरू ल्हाखाड गुम्बामा अनिवार्य रूपमा गुठीयारहरूले पूजा सामग्री लैजानुपर्ने, गुठीबाट  गुठियारहरुलाई प्रसादस्वरूप सेल रोटी, बाबरी वितरण गर्ने. मंसीर पूर्णिमा (काराङकुरूङ ङ्याह) को दिन गुठीबाट परिवार संख्या अनुसार एक कचौरा दाल, दुई टुक्रा छयोइला मासु वितरण गर्ने, प्रत्येक  दुईवर्षमा ग्रहदशा पन्छाउन रात्रिकालीन पूजा गर्ने, मामलाजात्रा चलाउने, प्रत्येक वर्ष गाईजात्राको भोलिपल्ट  रोपाइँजात्रा निकाल्ने जस्ता चलन चलाएका थिए। यी कार्यहरुमा स्थानीय तामाडहरूको पनि उल्लेखनीय सहभागिता हुन्थ्यो। तर पछिल्लो समयमा विभिन्न परिवर्तनसँगै घ्याङ गुठीले संचालन गर्दे आएका परम्परा र चलनहरूलाई निरन्तरता दिन गुठी उदासिन रहेको र हाल छेच्यू पूजा र मामलाजात्रा बाहेक अन्य परम्पराग रूपमा गरिने कार्यहरू घ्याङ गुठीले छोडदै गएको देखिन्छ।

बौद्धको मूल पूजारीको रूपमा चिनियाँ लामा ताइफोसिङको नियुक्ति हुनुभन्दा अगाडि स्थानीय तामाङ लामाहरू नै पूजारीको रूपमा रहेको र अन्तिम तामाङ पूजारीको रूपमा सितारबज्र लामा भन्ने उल्लेख गरिएको भएपनि तीनचुलीको भज्यू खलकका साँहिला बज्र लामालाई चिनियाँ लामाले अनेक बिन्तिभाउ गरी मुलपूजारीको पद छोड्न आग्रह गरेपछि घरपरिवार, दाजुभाइहरूको सल्लाह बमोजिम चिनियाँ लामालाई सुम्पिएको हो भन्ने मत रहेको छ। हाल सम्म प्राप्त दस्तावेजको आधारमा वि.सं. १९१४ को लालमोहर अनुसार बौद्ध तथा मेलम्ची घ्याङ गुठीका तत्कालीन प्रमुख लामा (पूजारी) छेवाङ सितार लामाले नेपाल भोट युद्धमा सहयोग नगरेको, पूजाको व्यवस्थापन तथा संचालन राम्रो नगरेको आदि आरोप लगाई चिनियाँ ताइफसिङलाई नियुक्ति गरिएको थियो। उनी वि.सं. १९१४ देखी १९२० सम्म गुठीको प्रमुख रहेका थिए।त्यस पश्चात उनी चीन फर्किएका थिए। ताइफोसिङ पश्चात उनका छोरा बुद्धबज्र लामा वि.सं. १९३२ मा मात्र गुठीको प्रमुख नियुक्त भएका थिए। अभिलेख अनुसार वि.सं. १९२० देखी १९३२ सम्म बौद्ध स्तूपको मूल पूजारीको विषयमा कुनै तथ्य नभएको कारण उक्त समयमा स्थानीय तामाङ समुदायकै लामाले प्रमुख लामा (पूजारी) को हैसियतले गुठी संचालन गरेको अनुमान गर्न सकिन्छ। लामा (२०७८)को अनुसार उक्त अवधिमा प्रमुख लामा (पूजारी) स्थानीय तामाङ सिद्धबज्र लामा रहेको आकलन गर्न सकिन्छ। यिनै सिद्धबज्र लामालाई साँहिला बज्र लामाको रूपमा स्थानीय गाउँसमाजमा बोलाउने प्रचलित नाम भएको हुनसक्छ। यस आधारमा बौद्धको अन्तिम तामाङ प्रमुख लामा छेवाङ सितार लामा नभई चिनियाँ ताइफोसिङपश्चात वि.सं. १९२० देखी १९३२सम्म गुठी प्रमुखका रूपमा रहेका भज्यू साँहिलाबज्र (सिद्धबज्र) लामा रहेको आकलन गर्न सकिन्छ।

अन्तिम भज्यू मुलपूजारी साँहिला बज्र लामाकी नातीनी ९० बर्षीय माइली पातली भज्यू यसरी आफ्नो स्मृति सुनाउँनुहुन्छ, "साइँला बाजे बौद्धको पूजारी भएको थाहा छ, बाजेलाई चिनियाँ लामाले हाम्रो बाजे पूजामा जानुहुदाँ खेरी बाजेको खुट्टा समातेर, ढोगेर तपाइको त सम्पत्ति भने सम्पत्ति छ, सन्तान, छोराछोरी, नातानातीनी घर छ, खेती छ, दाजुभाइ छ, मेरो कोही पनि छैन, म चीनबाट आएको, म यत्ति भगवानको पूजा गरेर, खाएर बाचुँलाकि भनेर बाजेको खुट्टा ढोग्यो, हात समातेर रूनुभयो, गाँउलेहरू, मेरो बुवाहरूले यसरी रोइकराइ विन्ति गरेको पाप लाग्छ भनेपछि, लौ परमेश्वरी! मलाई माफ गरिदेउ तपाइको सेवामा म छदैँछु, समय समयमा सेवा गर्नेछ, होस् भनी चिनियाँ लामालाई सुम्पिनुभएको हो। आमा हजुरअमाहरूले भनेको सुनेको हो, गाँउका दाजुभाइ, छोराहरूले छोड्दिउ यस्तो टुहुरो मान्छे गरेर खावोस भनेर सल्लाह दिएपछि, ल भयो आजदेखी तिमी नै भयो, गरि खाउ भनेर छोड्नुभएको रे।"

परम्परागत रूपमा हेलम्बुस्थित मेलम्ची गाउँमा रहेको गुठीको जग्गाहरू र कपन क्षेत्र वरिपरि रहेका जग्गाहरू यस धार्मिक घ्याङ गुठीको मुख्य आय स्रोत थियो। हाल गुठीको नाममा रहेको जग्गाको तिरो, दान, भेटी, पूजाआजा, गुठी संस्थानबाटप्राप्त रैतानी व्याज आदिबाट प्राप्त आम्दानीबाट गुठी संचालित छ ।श्री बौद्ध घ्याङ गुठीको नाममा २–३ सय रोपनी जग्गा भएकोमा २०४४/४५ को रैतानी सुविधा अनुसार अधिकांश जग्गा रैतानीमा परिणत भइसकेको छ। हाल गुठीको नाममा बौद्ध स्तूप तथा आसपासको क्षेत्रमा १५ रोपनी र अन्य स्थानमा ८९ रोपनी ७ आना रहेको छ। वि.सं.२०१७ सालमा गुठी संस्थानको गठन पश्चात संस्थानको नीती बमोजिम यो गुठी छुट गुठीको रूपमा प्रदत्त लालमोहर अनुसार यस गुठीले छुट्टै स्वायत्तता प्राप्त गरेको देखिन्छ । परम्परागत रूपमा यस गुठीमा स्थानीय साठी तामाङ घरधुरी गुठियारको रूपमा आबद्ध भएपनि प्रदत्त लालमोहर अनुसार गुठियारको सबालमा कुनै कुरा उल्लेख भएको देखिँदैन । (लामा, २०६४, पृ.७९)

बौद्ध स्तूपको संरक्षकको हैसियतले चिनियाँ लामाहरू तामाङ संघ र घ्याड गुठीका प्रमुख हुनुका साथै सबै सदस्यहरू चिनियाँ लामाकै तिब्बती परम्पराका चेलाहरू थिए । राज्यद्वारा स्थापित यस धार्मिक गुठीले बौद्ध स्तूपको रेखदेख गर्ने जिम्मा देखि लिएर बौद्ध स्तूपको नित्य नैमित्य पूजा आजा, चाड पर्व तथा जात्रा संचालन, बौद्ध स्तूपको मर्मत संभार, संरक्षण एवं सम्वर्द्धन कार्य परापूर्व कालदेखि हालसम्म संचालन गर्दै आएको छ।

### गुठीको पूजा व्यवस्थापन

यस गुठीले परम्परादेखीको नित्य–नैमित्य पूजा तथा अनुष्ठानहरू संचालन गर्दै आएको छ । अजिमाथानको नित्य नैमित्य पूजा गर्न कम्तीमा १० जनाको लामा समूहको व्यवस्थापन गरेको छ । हरेक शनिबार गुठीको तर्फबाट अजिमाथानमा विशेष पजा हुन्छ, जसलाई 'कंस' भनिन्छ । यो पूजाको थालनी स्वर्गीय चिनियाँ लामा पुण्यबज्र लामाको पालादेखी भएको पाइन्छ । धर्मावलम्बीहरूले संगुलुङ, कांसो, नम्सा, तोङ्जे, आदि गर्दा यस गुठीमा सम्पर्क राख्नुपर्ने व्यवस्था छ । गुठीले विभिन्न पूजाहरू सम्पादन गर्दछ र पूजापाठबाट बचेको गुठीको कोषमा जम्मा गर्ने गरिन्छ । गुठीमा रहेका लामाहरूद्वारा पूजाआजा सम्पन्न हुदैँ आएको छ । मर्दा पर्दा गुठीका लामाहरू पूजाआजाको कार्यमा सरिक हुन्छन् । मृत्यु संस्कार, सामान्य पूजाआजा, संगुलुङ र कांसो पूजा स्थानीय तामाङ लामाहरूद्वारा सम्पन्न गरिन्छ ।

## ओम तामाङ सुखदुःख सेवा गुठी

ओम तामाङ सुखदुःख सेवा गुठी बौद्ध क्षेत्रको टुसाल आसपासमा बसोबास गर्ने तामाङ समुदायको गुठी हो । वि.सं २०३९ सालमा स्थापना भएको यस गुठीमा हाल १३४  गुठीयार सदस्यहरू छन्। तत्कालीन समयमा स्थानीय कान्छा लामाको टुसाल चोकस्थित आफ्नै घरमा मृत्यु भएपछि मृत्यु संस्कार गर्न आर्थिक बोझ परेपछि आर्थिक बोझ कम परोस भन्ने उद्देश्यले समाजका धर्मगुरू, समाजसेवी लगायतले चन्दा संकलन गरेको र भविष्यमा यसप्रकारका समस्याहरूलाई सामुहिक रूपमा हल गर्न वि.सं. २०३९ सालमा ओम तामाङ सुखदुःख सेवा गुठी गठन गरिएको थियो । उक्त समयमा स्व. लामा गुरु ढुप्चेन लामाको अध्यक्षतामा ५ सदस्य रहने गरी बौद्ध टुसालस्थित ४० घरधुरीको सहमतिमा सुखम् दुखम् नाम राखेर गुठी स्थापना गरिएको थियो। स्थापनकाल देखी २०५३ सालसम्म यो गुठी मरूवा गुठीका रूपमा अनौपचारिक रूपमा आफ्नै तजवीजमा संचालन हुदैँ आइरहेको थियो। गुठी स्थापनापश्चात बौद्धको स्थानीय मामला जात्राका दिन गुठियारलाई भेला गराएर बौद्ध परिसरमा रहेको मामला थानमा बिहानै पुगी भव्यताका साथ इष्टदेवीका रूपमा पूजा गरेर भोज खुवाउने चलन स्थापित गरिएको थियो। सो चलन हालसम्म निरन्तर रहेको छ। वि.सं २०५३ सालमा मरूवा गुठीका रूपमा मात्र संचालित गुठीलाई संस्थागत रूपमा संचालन गर्न विधिवत रूपमा नाम परिमार्जन सहित जिल्ला प्रशासन कार्यलय, काठमाडौंमा दर्ता गरिएको थियो। हाल गुठीको भवन बौद्धस्थित कुवाटोलमा रहेको छ।

यस गुठीले बौद्ध स्थित अन्य गुठीहरू, क्षेत्र विकास समिति लगायत अन्य संघसंस्थासँग सम्वन्य र सहकार्यमा बौद्ध क्षेत्रमा मनाइने ममला जात्रा, घोनाइ, ल्होछार, गठेमंगल, ल्होछार लगायतका जात्रा पर्वहरूमा संस्थागत रूपमा सहभागीताका साथै संचालन व्यवस्थापनामा विशेष भूमिका निभाउदैँ आएको छ। यसका साथै बौद्ध क्षेत्रको सरसफाइ, मर्मतसम्भर कार्यमा पनि यस गुठीले सहयोगीको रूपमा कार्य गर्दै आइरहेको छ। सामाजिक उत्तरदायित्वको रूपमा विभिन्न संघसंस्थाको समन्वयमा विभिन्न स्थानमा निशुल्क स्वास्थ्य शिविर संचालनका साथै स्थानीय महिलाहरूलाई सम्भोटा कक्षाहरू संचालन गर्दै आएको छ।

## बौद्ध तामाङ कल्याण गुठी

बौद्धका स्थानीय तामाङ समुदायले परापूर्व कालदेखी नै बौद्ध घ्याङ गुठीको गुठियारको रूपमा गुठी र गुठीको प्रमुखका हैसियतले चिनियाँ लामाको निर्देशन अनुसार बौद्ध क्षेत्रमा मनाइने चाडपर्व, जात्रा, पूजा अनुष्ठानका साथै खेतीबालीको काममा समेत सहभागी जनाउने र जिम्मेवारीहरू पूरा गर्दै आएका थिए। पछिल्लो समयकालमा चिनियाँ लामाहरूबाट परम्परागत रूपमा गर्दै आएका कार्यहरूबाट बिमूख भएको, साथै धार्मिक एवं सामाजिक क्रियाकलापहरूप्रतिको जिम्मेवारीबाट अलग भएको स्थानीय तामाङ समुदायको निश्कर्ष पश्चात बौद्ध क्षेत्रमा पराम्परागत रूपमा संचालित हुदैँ आएका जात्रा, पर्व लगायतका धार्मिक तथा अन्य सामाजिक कार्यहरू संचालन गर्न  घ्याङ गुठीको समानान्तर संस्थाको रूपमा गठन गरिएको हो। वि.सं. २०४१ साल ज्येष्ठ १ गते फुर्बा छिरिङ शेर्पा लामा (भ्लोन)को अध्यक्षतामा मरूवा गुठीको रूपमा 'श्री बौद्ध तामाङ कल्याण गुठी' नामाकरण गरी यो गुठी स्थापना भएको हो।(लामा, २०७८) तत्कालीन समयको बौद्धको ६० घरधुरी नै यस गुठीका गुठियारहरु रहेका थिए । गुठी स्थापनाको समयमा ६० घरधुरीबाट विस्तार भएको १०० घरधुरीबाट सुरु भएको यस गुठीमा हाल संख्या बृद्धि भएर करिब ४ सय घरधुरी  आवद्ध छन् ।

स्थापना कालमा कार्यलयको अभावमा मृतकको घर आँगनमा सुकुल बिछयाई मृतक सहयोग शुल्क प्रति घर रू. बीस उठाई निश्चित रकम मृतकको घर परिवारलाई सहयोगस्वरूप उपलब्ध गराइन्थ्यो र बाँकी रकम गुठीको कोषमा जम्मा गरिन्थ्यो। गुठी स्थापना पश्चात बौद्ध क्षेत्रमा मनाइने जात्रा, चाडपर्वहरूमा गुठीले नेतृत्वदायी भूमिका निभाउदै आएको छ। यस गुठि आधिकारिक रूपमा जिल्ला प्रशासन कार्यलय, काठमाडौंमा २०६३ सालमा भएको थियो। यस गुठीको गुठी भवन बौद्ध फूलबारीमा रहेको छ। उक्त भवनको लागि जग्गा वि.सं. २०६२ साल फागुन २१ गते शुक्रबारका दिन चिनियाँ लामा सेरब दोर्जे लामाले लिखित रूपमा माइन्युट गरी उपलब्ध गराएका थिए। बौद्धका प्रायः सबै श्रोतहरूमा घ्याङ गुठीको एकाधिकार रहेको सन्दर्भमा छयोइमे घर(दियो घर) संचालनको जिम्मेवारी गुठीले प्राप्त गरेपछि गुठीको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको छ। यस गुठीले बौद्ध क्षेत्रमा मनाइने चाडपर्व, जात्राहरू विशेषत, तेमालजात्रा, मामलाजात्रा, ल्होछार, घोनाइ आदिमा क्षेत्र विकास समिति लगायत अन्य संघसंस्थासँगको समन्वयमा व्यवस्थापन तथा संचलनमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। गुठीको मुख्य श्रोत छयोइमे घरबाट प्राप्त हुने आम्दानी हो। यसका साथै, गुठीयारहरूबाट प्राप्त हुने  वार्षिक शुल्क, गुठी भवनमा रहेको हलबाट प्राप्त शुल्क, गुह्येश्वरीमार्गमा रहेको तामाङ भवनबाट प्राप्त भाँडा र दाताहरूको सहयोग आर्थिक स्रोतहरू  हुन्।

खड्गजीत लामा थिङको अध्यक्षतामा रहेको एघारौं कार्यसमितिले २०७३ साल बैशाख १२ गते विनाशकारी भूकम्पबाट क्षतिग्रस्त बौद्ध स्तूपको जीर्णोद्वार र पुनःनिर्माण कार्यमा श्री बौद्ध क्षेत्र विकास समितिसँग समन्वय र सहकार्यमा विशेष भूमिका निर्वाह गरेको थियो । स्तूपको डोम, मण्डला र माने पर्खालहरूमा रंग लगाउने जिम्मा गुठीले लिएको थियो। गुठीले बौद्ध क्षेत्रको परम्पारगत सांस्कृतिक चाड, पर्व जात्राहरूको संचालन तथा व्यवस्थपनका विशेष खेल्नुका साथै अन्य सामाजिक तथा मानवीय साहयताका कार्यहरू गर्दै आएको छ।

### दे भ्वय गुठी

दे भ्वय गुठी १५० बर्ष अगाडी सुरू भएको बौद्ध क्षेत्रमा व्यापार व्यवसायका लागि पाटन लगायतका सहरबाट आउने बज्रचार्य र शाक्य समुदायले स्थापना गरेको निजी गुठी हो । नेवारी समुदायमा देको अर्थ देश वा पराइ देश हो । तत्कालीन समयमा बौद्ध क्षेत्रलाई काठमाडौँ उपत्यकाका नेवार समुदायको लागि छुट्टै राज्यको रूपमा रहेको थियो । हाल यस गुठीमा ८० घरधुरी गुठियार रहेका छन् जसमा नेवारी समुदायभित्रको बज्रचार्य र शाक्य मात्र गुठियार रहने प्रावधान रहेको छ। भाइटिका सकिएपछि कार्तिक शुक्ल पूर्णिमको आसपास ती समुदायका व्यापारीहरू व्यापारको लागि बौद्ध आउने तथा माघ शुक्ल पुर्णिमादेखी पुन आफ्नो घर फर्किने प्रचलन थियो । यस अवधिमा तिब्बत लगायत अन्य हिमाली क्षेत्रबाट जाडो छल्न बौद्ध आएर बस्ने र माघ शुक्ल पुर्णिमादेखी सूर्य उत्तरायण हुने र गर्मी बढ्ने, आआफ्नो घर फर्किने गर्दथे । गर्मी बढेपछि भने बौद्धमा अउल लाग्ने भएर स्थानीय तामाङ समुदायबाहेक अरू नबस्ने प्रचलन थियो । यस अवधिमा तिब्बत लगायत डोल्पा, मनाङ लगायतका क्षेत्रबाट आउनेहरूको बाक्लो उपस्थितिको कारण व्यापार व्यवसाय हुने र ती समुदायहरू गर्मी बढेपछि आफ्नै स्थानमा फर्किएपछि नेवारी व्यापारीहरू पनि फर्किने प्रचलन थियो । गुठीले बौद्ध क्षेत्रमा आइसकेपछि कार्तिको शुक्ल पुर्णिमाको दिनमा बौद्ध स्तूप अगाडि हलिम्वालि भ्वाएको रूपमा मकै भटमास, पिडालु, सखरखण्ड लगायतका अन्नबाट मण्डला बनाएर डाफा भजन गर्ने प्रचलन थियो । जसलाई शकिमना पुन्ही भन्दछ । त्यसैगरी बौद्धबाट फर्किने समयमा माघ शुक्ल पुर्णिमाको दिनमा भजन तथा पूजापाठ गर्ने तथा जात्रामा सहभागी

हुने प्रचलन थियो । जात्रा गर्नु अगाडी चारदेखी आठ दिन अगाडि देवता सूसुचित तथा निमन्त्रणा गर्न, माघ शुक्ल द्वादशीको दिन बेलुकी मामथान (छवासकामुनी)को अगाडी भजन गर्ने गरिन्थ्यो । चिनियाँ लामाले रक्सि चढाउने चलन, गुठियार भेला भएर ढाफा भजन र आरती, पूर्णिमाको दिनमा जात्रा गर्दैछो भन्ने निमन्त्रणा दिने गरिन्छ । यहि अवधिमा आफ्नो व्यापारको हिसाबकिताब निकाल्ने र बौद्ध क्षेत्र छोड्न तयारीहरू गरिन्थ्यो र मामला जात्रा सम्पन्न भएपछि भोज गरेर अआफ्नो घर फर्किन्थे । जात्रा सकिएपछि ठाँउ छोडेर जाने भएकोले बीजा पूजाको चलन छैन । गुठीले हाल मामला जात्रामा भजन किर्तन गर्ने, भोज गर्ने तथा द्वादशीको दिन बेलुकी मामथान (छवासकामुनी)को अगाडी भजन गर्ने प्रचलनलाई निरन्तरा दिइरहेको छ । साथै, विगत ३० वर्षदेखी बुद्ध जयन्ती मनाउने, अक्षय तृतीयको दिन सखरपानी बाँड्ने दिने कार्यहरू गर्दै आइरहेको छ । बौद्ध क्षेत्रमा अक्षय तृतीयको दिन सखरपानी बाँड्ने प्रचलन लोप भइसकेकोमा हाल गुठीले पुन सुरूवात गरेको छ ।

**भज्यू गुठी**

वि.सं १९६७ सालमा तत्कालीन बौद्ध स्तूपका मुल पुजारी (प्रमुख लामा) श्री साइला बज्र लामाले तीनचुलीमा बसोबास गर्दै आएका तामाङ समुदायमा  दुःख पर्दा सामूहिक रूपमा दुःख परेको घरमा सहयोग गर्न सकियोस भनेर स्थानीय, बूढापाखा, भद्र भलाद्मीहरूको भेला गराइ तीनचुली चोकमा पिपलको विरूवा रोपी, एक जोडी परेवा उडाइ यस गुठीको स्थापना गरिएको हो । उक्त समयमा कसैको घरमा दुःख पर्दा २५ पैसा र १ पाथी चामल लानु पर्ने नियम थियो । वि.सं. २०४० सालमा व्यवस्थित रूपले संचालन गर्नका लागि हरि बहादुर लामा भज्यूको नेतृत्वमा ७ सदस्यीय तदर्थ समिति बनाइ गुठीका लागि अवश्यक लामाका सामग्री, खाना पकाउन चाहिने सामग्री, त्रिपाल तथा सुकुलको व्यवस्था गरियो । वि.सं. २०५०/५१ सालमा यस गुठीलाई अझ व्यवस्थित गर्नका लागि राम कुमार लामाको नेतृत्वमा जिल्ला प्रशासन कार्यलयमा दर्ता गरी यस गुठीको आफ्नै नियामावली बनाइ कार्य सम्पादन गर्दै आइरहेको छ।हाल यस गुठीले गुठीयारभित्र हुने विवाह, ब्रतबन्ध, मृत्यु संस्कार लगायतका सामूहिक कार्यहरूको व्यवस्थापनका साथै बौद्ध क्षेत्रमा मनाइने जात्रा पर्वहरूमा सामूहिक सहभागीताका साथै व्यवस्थापन, संचालनका लागि सहयोगी भूमिका निर्वाह गरिरहेको छ।

**बौद्ध क्षेत्रमा क्रियाशील संघसंस्था**

१. नेवा खास्ती पूचः
२. छोरङान महिला समाज
३. बौद्ध टुसाल युवा क्लव
४. टाउन प्लानिङ युवा समाज
५. बौद्ध भेटन क्लव
६. पिपलबोट युवा क्लब
७. भुवल डाडा खाइबा समाज
८. तामाङ सेवा समाज आरुवारी
९. स्पोर्ट युवा क्लब
१०. बौद्ध जेष्ठ नागारिक समाज
११. सानो टुसाल युवा समाज
१२. बौद्ध नगर विकास समिति
१३. सगरमाथा टोल सुधार समिति
१४. बुद्धभुमि टोल सुधार समिति
१५. सामुदायीक प्रहरी

## ५.५ बौद्धमा चिनियाँ लामा परम्परा

“चिनियाँ लामा” भन्ने शब्दको शाब्दिक अर्थ “चीनबाट आएका लामा” हो, तर यसको वास्तविक अर्थ केवल भौगोलिक सन्दर्भमा सीमित छैन। यसले नेपालको बौद्ध समुदाय, तिब्बतको लामाश्रृङ्खला, र चीनको ऐतिहासिक प्रभावबीचको गहिरो सम्बन्धलाई प्रतिबिम्बित गर्ने एक महत्वपूर्ण धार्मिक, सामाजिक र राजनीतिक संस्था तथा जीवित परम्पराको प्रतिनिधित्व गर्दछ। यो संस्था केवल कुनै व्यक्तिको धार्मिक उपाधि वा धर्मगुरुको परिचय नभएर समग्रमा नेपाल–तिब्बत–चीन सम्बन्धको ऐतिहासिक सेतुका रूपमा कार्य गर्दै आएको छ। जसले धर्म, संस्कृति र राजनीति बीच सन्तुलन कायम गर्न ऐतिहासिकरूपमा अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

चिनियाँ लामाको परम्परा नेपालमा वि.सं. १९११ साल अर्थात सन १८५३ तिर प्रारम्भ भएको उल्लेख पाइन्छ, जब चिनियाँ मूलका एक विद्वान् ताइफोसिङ नेपाल आए। उनी बौद्ध परम्पराअनुसार ध्यान अभ्यासका लागि आर्यघाटस्थित गुफामा वास गरिरहेका थिए। यसै क्रममा, त्यतिबेलाका राणा प्रधानमन्त्री देवसम्शेर राणाले उनलाई दरबारमा निमन्त्रणा ईगरे। ताइफोसिङको धार्मिक ज्ञान, दर्शन र भाषिक क्षमताबाट प्रभावित भएर प्रधानमन्त्रीले उनलाई नेपाल र तिब्बत (भोट) सँगको सम्बन्धमा मध्यस्थकर्ताका रूपमा प्रयोग गरेका थिए। दोभाषेको रूपमा कार्य गर्न थालेका ताइफोसिङ पछि मेलम्चीस्थित घ्याङ गुम्बाको प्रमुख चिनियाँ लामा नियुक्त भए। उनीसँगै चिनियाँ लामाको परम्परागत संस्था नेपालमा स्थापित भयो। समाजसेवी नेपालजीत लामाका अनुसार “एक दिनको कुरा हो, पशुपतिको सूर्यघाटनेरको गुफामा एकजना चिनियाँ भिक्षु ध्यान गरिरहेको खबर दरबारसम्म पुग्यो। सोधखोज गर्दै जाँदा के थाहा लाग्यो भने ती चिनियाँ भिक्षुको नाम ताइपोसिङ रहेछ, जो तन्त्रविद्यामा बडो पारङ्गत रहेछन्। अनि उनी तिब्बती र चाइनिज भाषा पनि बोल्दा रहेछन्। तान्त्रिक शक्ति र भाषामा दख्खल देखेर जङ्गबहादुरले भिक्षु ताइपोसिङलाई नेपालमा दोभासेका रूपमा नियुक्त गरेछन्। बौद्ध भिक्षु पनि भएकाले उनलाई बौद्धमा शान्ति कायम गर्ने जिम्मेवारी पनि सुम्पिएछ, जसमा उनी सफल भएछन्। भिक्षु ताइपो सिङ नेपालमा 'चिनियाँ लामा' का रूपमा प्रख्यात हुँदै गए। उनले तत्कालीन शासकहरूलाई रिझाउँदै गए। वि.सं. १९१२ मा नेपाल र भोट (तिब्बत) बीच युद्ध भयो। त्यो युद्ध टुङ्ग्याउन चिनियाँ लामाको विशेष योगदान रह्यो। चीन र नेपालको सम्बन्ध सुधारमा उल्लेखनीय योगदान गरेकाले राजा गीर्वाणयुद्धविक्रम शाहले उनलाई गुरु ल्हाखाङ चिनियाँ लामा गुम्बाको काठमाडौं, बौद्धस्थित घ्याङ गुठी र उर्गेन छ्योलिङ गुम्बाको सिन्धुपाल्चोक, हेलम्बुस्थित घ्याङ गुठीको संरक्षण र संवर्द्धनका लागि मुख्य लामा नियुक्त गरे। चिनियाँ लामाको जिम्मेवारी विशेष रूपमा नित्य नैमित्य पूजाआजा संचालन, बौद्ध संस्कृति र परम्पराको संरक्षण र संवर्द्धन, बौद्ध ज्ञान र धर्मको प्रचार तथा बेलाबेलामा विभिन्न धार्मिक, सांस्कृतिक अनुष्ठानहरूको आयोजना गर्नु हो। चिनियाँ लामा एउटा खानदानी पदका रूपमा स्थापित हुँदै गयो, जुन आजपर्यन्त कायमै छ।”

ताइफोसिङ वि.सं. २०११ अएका भएपनि चिनियाँ लामा परम्परा वि.सं. २०१६ सालबाट भएको हो। उनलाई तत्कालिन समयमा घ्या लामा पनि भनिन्थ्यो। चिनियाँ लामा परम्परा शुरू हुनु पूर्व बौद्धको पूजारी छेवाङ सितार लामा थिए। उनी बौद्धका स्थानीय नै थिए। उनलाई नेपाल भोटबीचको युद्धमा सहयोग नगरेका लगायत अनेक किसिमका लाञ्छाना लगा हटाएका थिए। छेवाङ सितारलाई वि.सं. १९१४ सालमा पदबाट हटाएका हुन।

लेखक बीर बहादुर वाइबा अनुसार ताइफोसिङले नेपाली महिलासँग वैवाहिक सम्बन्ध कायम गरे र नेपालमा स्थायित्व प्राप्त गरे। त्यतिखेर स्वयम्भूका प्रमुख लामा तामाङ जातिकै थिए। उनले स्वयम्भूका लामाकी छोरीसँग विवाह गरे। विवाह भएको केही समयपछि नै उनलाई चीनमा बोलाईयो। जुनबेला उनकी श्रीमती गर्भवती थिइन। ताइफोसिङ चिनमा नै भएको बेला उनी श्रीमतीले छोरा जन्माइन। छोराको नाम साङदोर्जे राखियो। त्यही साङदोर्जे पछि बुद्धबज्र नामबाट परिचित भए। उनका सन्तान दरसन्तानहरू क्रमश—बुद्धबज्र, पुण्यबज्र, पुण्यज्वाला, अन्तरे लामा गणेशबज्र, सेरबदोर्जे—लगायतले चिनियाँ लामाको पदमा नियुक्त हुँदै परम्पराको निरन्तरता सुनिश्चित गरेका छन्। यस परम्पराले पारिवारिक उत्तराधिकारलाई महत्व दिनुका साथै बौद्ध धर्मको ज्ञान, परम्परा र सांस्कृतिक अभ्यासलाई पनि गहिराइमा बचाइराखेको छ।

**बुद्धबज्र लामा**

ताइफोसिङ लामाका छोरा हुन। उनलाई साङदोर्जे पनि भनिन्थ्यो। पछि साङ्दोर्जे भन्दा पनि बुद्धबज्र बाट चिनियो। उनको अमा स्वयम्भुका लामाको छोरी हुन। बुद्धबज्रले कर्म वाङ्गेल योञ्जनकी छोरीसँग विवाह गरे र वि.सं. १९३२ तिर चिनियाँ लामाको पद सम्हाले। उनको कार्यकाल बौद्ध धर्मको संरक्षण र धार्मिक संरचनाहरूको सम्वर्द्धनमा केन्द्रीत रह्यो। उनले १९६५ साल सम्म नै गुठीको प्रमुख लामा भइ जिम्मेवारी निर्वाह गरे। उनको वि.सं. १९६५ मा नै मृत्यु भएको थिए।

**पुण्यबज्र लामा**

एक बहुभाषिक विद्वान् थिए। उनले १६ वटा भाषा बोल्न सक्ने अद्बितीय क्षमता राख्दथे। उनको नेतृत्वमा बौद्ध धर्म, शिक्षा, र सामाजिक सेवाको क्षेत्रहरूमा बहुआयामिक विकास भयो। उनले स्तूप र गुम्बाहरूको पुनःनिर्माण, विद्यालयहरूलाई जग्गा प्रदान, सामाजिक सहयोगका कार्यक्रमहरू सञ्चालनजस्ता महत्त्वपूर्ण कार्यहरू गरे। उनले बुद्धबज्र पश्चात बौद्ध घ्याङ गुठीको प्रमुख लामा भइ नेतृत्व सम्हालेको थिए। उनको कार्यकाल सम्म पनि नेपालबाट भोट तिव्बत जान राहादानी लिन उनीकहाँ नै जानु पर्थ्यो। उनले सिन्धुपाल्चोक लिसंखुका योञ्जन थरकी तामाङसंग दोस्रो विवाह गरेका थिए। उनको पहिलो श्रीमतीबाट एक छोरा थिए। छोराको नाम पुण्यज्वाला थियो। दोस्रो श्रीमतीबाट पनि एक छोरा थिए। उनले १९६५ सालमा गुठीको नेतृत्व सम्हालेका थिए। उनको २०३९ सालमा निधन भएको थियो।

**पुण्यज्वाला लामा**

**वि.सं. २०३९ सालमा** बौद्ध घ्याङ गुठीमा नियुक्ति भएका हुन्। उनी पुन्यबज्र लामा छोरा हुन। उनी गुठीको नेतृत्वमा केही वर्ष मात्र रह्यो। कार्यकाल पनि धार्मिक तथा सांस्कृतिक पुनःसंरचनामा केन्द्रित रह्यो, तर गुठियारहरूसँग समन्वयको अभावले उनका प्रयासहरू अपेक्षाकृत रूपमा कमजोर बनेका थिए। उनले अफ्नो कार्यकालमा बौद्ध परिसरभित्र सरस्वतीको मन्दिर बनाउने, स्तूप परिसरमा घण्टाहरू राख्ने, स्तूपको गजुर मर्मत गर्ने तथा अजिमाको मूर्तिको पनि मर्मत जस्ता विविध कार्यहरू गरे। हो। उनको २०४३ सालमा आफ्नै निवासमा निधन भएको थियो।

**अन्तरे लामा**

अन्तरे लामा वि.सं. २०४३ सालमा घ्याङ गुठीको प्रमुख लामाको रूपमा नियुक्ति भएका थिए। उनी पुण्यज्वालाको निधन पश्चात नियुक्ति भएका हुन्। उनको पाला देखि मात्र गुठी संस्थान ऐन २०३३ अनुसार चिनियाँ लामा नियुक्त हुन थालेको हो। उनको कार्यकालमा बौद्ध स्तूप वरिपरिको कोर्वा (कोरा) गर्ने ठाउँ मर्तत गरेका थिए। त्यसैगरी उनले मण्डलाको पनि मर्मत गरेका थिए। उनले २०४८ साल सम्म नेतृत्व सम्हालेका थिए।

**गणेशबज्र लामा**

वि.सं. २०४८ सालमा छैठौं चिनियाँ लामाको रूपमा नियुक्ति भएका थिए। उनले वि.सं. २०५५ साल सम्म गुठीको नेतृत्व सम्हालेका थिए। उनी ९० वर्षको उमेरमा चावहिल स्थित ओम अस्पतालमा निधन भएको थियो। उनी पूर्व राजपरिषद् स्थायी समिति सदस्य नियक्ति पनि भएका थिए। उनी पनि धेरै भाषामा ज्ञाता थिए। उनलको कार्यकालमा बौद्ध क्षेत्रको विकासमा विशेष योगदान पुर्याएका थिए। उनको पहलमा काठमाडौं महानगरपालिका वडा नम्बर-६ को वडा कार्यालय तथा प्रहरी बृत, बौद्धको तत्कालिन प्रहरी चौकी समेत स्थापना भएको थियो।

**सेरबदोर्जे लामा**

वि.सं. २०५५ साल साउन २६ गते चिनियाँ लामा नियुक्ति भएका थिए। उनी वि.सं. १९९४ साल मा जन्मिएका थिए। उनले २०२३ सालमा एसएलसी उतिर्ण गरेका थिए। उनी पनि धेरै भाषामा ज्ञाता थिए। उनी पुण्यज्वाला लामाका माहिला छोरा हुन। उनले स्थानीय संघसंस्थाहरूको सहकार्य र स्थानीहरूको सहयोगमा गुरू ल्हाखाङ गुम्बाको पुनःनिर्माण कार्य गरेका थिए। उने एतिहासिक संगुलुङ पोखरी जीर्णेद्धार गरेका थिए। त्यसैगरी स्तूपको चारैदिशामा रहेका ढोकाहरूलाई मर्मत सम्भार गरी कलात्मक काठका ढोकाहरू स्थापना गरे। उनको पहलमा स्तूपको भित्तो र मण्डला मर्मत समेत गरेका थिए। त्यसैगरी बगैचाको व्यवस्थापन पनि गरे। उनले अजिमाको मूर्ति मर्मत गरी सुनको मोलम्बा लगाए।

**भूपति बज्र लामाः** आठौं चिनियाँ लामा

## ५.६ स्थानीय तामाङ समुदाय र चिनियाँ लामा

चिनियाँ लामा ताइफोसिङको नेपाल प्रवेशपछि चिनियाँ लामाको इतिहासको सुरुवात भएको पाइन्छ। वि. सं. १९११ साल (सन् १८५३) को उत्तरार्धतिर चिनियाँ ताइफोसिङ नेपालमा आएका थिए। उनी हालको पशुपति आर्यघाटको गुफामा ध्यानमा लिन थिए। वि. सं. १९११ मा तिब्बत र नेपालको लडाइँ समाप्त भएको बेला जङ्गबहादुर राणाले उनलाई शांन्तिवार्ताको निम्ति दोभाषेको रूपमा दरबारमा बोलाएका थिए। उनको सेवाबाट राणा प्रधानमन्त्री खुसी भएर वि. सं. १९१६ मा उनलाई मेलम्ची घ्याङ गुम्बाको चिनियाँ लामा ( प्रमुख लामा) बनाएका थिए। वि. सं. १९११ सालमा तत्कालीन लामा प्रमुख छेवाङ सितारलाई विभिन्न आरोप लगाइ वि. सं. १९१४ को बालीदेखि छेवाङ सितार लामालाई हटाई वि. सं. १९१६ साल कात्तिकदेखि चिनियाँ ताइफोसिडलाई बौद्ध घ्याङ गुठीको चिनियाँ लामा नियुक्ति गरिएको थियो। त्यस पश्चात ताइफोसिङको सन्तानहरूनै बौद्धमा चिनियाँ लामाका वंशको रूपमा घ्याङ गुठीको प्रमुख रहने प्रचलन स्थापित भएको पाइन्छ। राणाकालीन लालमोहर वमोजिम चिनियाँ लामाको पद चिनियाँ लामाका ज्येष्ठ पुत्रले संचालन गर्ने परम्परा हालसम्म पनि रहिआएको छ।

वि.सं. १९६५ सालमा चिनियाँ लामा नियुक्त भएका ताइफोसिङकै सन्तान पुण्य बज्र लामाको कार्यकालसम्म पनि भोट तथा चीन जानका निम्ति राहदानी थाप्न चिनियाँ लामाकहाँ आउनुपर्थ्यो। राणा शासकहरुले बौद्ध घ्याङ गुठी अन्तर्गत चिनियाँ लामालाई तिब्बती तिर्थायात्री र भोटखोलाका भोटिया मूलका मानिसहरुलाई भारततर्फ लाग्न *लामयिग* (पारपत्र) दिने विशेष जिम्मेवारी दिएका थिए। त्यो परम्परा तिब्बत चीनमा विलय भएपछि स्वत खारेज भएको छ। तत्कालीन समयमा बौद्ध क्षेत्रभित्रको अन्तरिक मामिलामा बाहिरी हस्तक्षेप शून्य थियो। राज्य प्रशासन पनि बौद्ध क्षेत्रमा प्रवेश गर्न, स्थानीय मामिलामा हस्तक्षेप गर्नुपूर्व चिनियाँ लामाको स्वीकृति लिनुपर्ने नियम थियो। तत्कालीन समयमा बौद्ध क्षेत्रलाई मुगलानको रूपमा हेरिने गरिन्थ्यो।स्थानीय बुद्धजीवी खड्गजीत लामाका अनुसार चिनियाँ लामालाई मुगलान अर्थात बौद्ध क्षेत्रको शासककै रूपमा लिइन्थ्यो। त्रिभुवन राजाको गद्दीआरोहणको अवसरमा 'हौदा' अर्थात हात्तीमा चढी नगर परिक्रम गर्ने विशिष्ट व्यक्तिमध्ये बौद्धका चिनियाँ लामा पनि थिए। नेपालको राजनैतिक परिवर्तनसँगै प्रजातन्त्रको स्थापना पश्चात भने यो व्यवस्था हटेको देखिन्छ। । राणा शासनको उत्तरार्द्धसम्म पनि चिनियाँ लामा धार्मिक र शासकिय शक्तिसम्पन्न थिए । उक्त समयमा बौद्धको शासन व्यवस्था पूर्ण रूपमा चिनियाँ लामामा निहित थियो र एक किसिमले अधिराज्यको पनि अर्कै प्रान्त हो कि जस्तो भान हुन्थ्यो । तिब्बतका धर्मगुरु दलाई लामाको नेपालीस्थित दूतको हैसियतले पनि चिनियाँ लामाहरूको अधिकार थप बढेको थियो । "सन १९५९ सम्म तिब्बत सरकारवाट चिनियाँ लामालाई वार्षिक रूपमा पाँच सय सिक्का (नक्टड), एक थान गोइचेन कपडा, चिया पक्छेन र तिब्बती धूप (सिम्प्यो) आादि प्रदान गर्ने व्यवस्था थियो । सोही खर्चबाट बौद्ध प्राङ्गनमा बार्षिक नृत्य (छयाम) तथा खड्गो (सोर) फालिने चलन रहेको थियो।"(शेर्पा, लामा, र शाक्य, २०६४, पृ.७)

९२ वर्षीय माइली तामाङका अनुसार चिनियाँ लामालाई बौद्धबासीले आखे मान्नुपर्ने प्रचलन थियो। 'ल है, चिनियाँ लामाको बेठी अर्थात खेतबारीको मेला छ' भनेर गाउराइले उर्दी जारी गरेपछि खेत रोप्ने, धान काट्ने बेला, पराल उठाउने बेलामा, खेतबारीको अन्न रोप्ने देखी नभित्रिए सम्म सम्पूर्ण काम स्थानीय गाँउलेले काम गर्नुपर्थो। त्यसरी काम गर्ने स्थानीय तामाङहरूलाई कुनै ज्याला दिइदैनथ्यो। काम सकेपछि खानालाई सेतो चामलको भात र तीन टुक्रा मासु दिने

चलन थियो। कोही काममा आएन भने जरिवाना गर्ने चलन थियो। दिउँसो जाँड र मोलेको आलु खाजा दिइन्थ्यो, जाँड नखानेहरूलाई खट्टे भटमास दिने चलन थियो। बौद्धका स्थानीय तामाङहरू दशैंमा टिका थाप्न अनिवार्य रूपमा चिनियाँ लामाको घरमा न्हाङलिङ म्हेन्दो (टोटोलाको फुल) टाँसेर जाँड राखेको सगुन पोङ लानुपर्थ्यो।

कृष्ण लामा, (७९ वर्ष) का अनुसार गौराइले भोलि आखेको काम छ भनेर उर्दि जारी गरेपछि प्रत्येक घरबाट खेताला जानुपर्ने, कोही गएन भने त्यतिबेलाको माटोको घरको काठको ढोका अथवा भर्याङ उठाएर चिनियाँ लामाको घरमा लाने र  जरिवाना तिरेपछि मात्र फिर्ता पठाउने चलन थियो। घरैपिच्छे लाठे, रोपार जानैपर्ने वाध्यकारी नियम थियो। खड्ग जीत लामा तत्कालीन समयमा आफ्नो घरबाट एक हल गोरूसहित एक रोपार र एक लाठे अनिवार्य रूपमा चिनियाँ लामाको रोपाइमा सहभागी भएको स्मरण गर्छन् ।

लक्ष्मी लो तामाङ यसरी आफ्नो स्मृति बताउँनुहुन्छ, “जसरी राणाकालमा राजाले चिनियाँ लामालाई बौद्धको हकहित, संरक्षकको जिम्मेवारी दिए त्यसै अनुरूप बौद्धका बासिन्दाहरु चिनियाँ लामाको सामान्तीबादी व्यवहारको पनि सामना गर्नुपर्यो। विभिन्न चाडपर्व, मेला पात चिनियाँ लामाको मैझार भएपश्चात मात्रै अन्य घरहरुले विभिन्न मेला पात सुरुवात गर्न पाउँथे। असार साउनमा अरू कसैले धान रोप्नको लागि चिनियाँ लामा(आखे) को धान रोपिसक्नुपर्थ्यो। गौराई( सचिव) मार्फत् बौद्धका बासिन्दाहरुलाई यसरि सूचना गरिन्थ्यो, “.....मेमे आखेला पु सुगे लाबारो, नामस्यो क्वार हाओ.....।” यसरी सूचना जारी भएपछि अनिवार्य रूपमा घरको एकजना जानैपर्ने हुन्थ्यो। चिनियाँ लामा(आखे) को घरबाट महिलाहरू भने खाजाको लागि चिउरा, चिनि,  आलु, गेडागुडि बोकेर खेतालालाई खाजा खुवाउने चलन थियो। क्वार अर्थात् खेतालाले काम गरेबापतको पारिश्रमिक पाउने चलन पनि थिएन। बरु मङ्सिरमा पाकेको धान उठाइसकेपछि भने बौद्धका बासिन्दाहरुलाई घरको आँगनिमा १०फोसी (रक्सी पार्दा पर्योग गरिने जाँड राख्ने तामाको भाँडो) चामलको भात पकाई राँगाको मासु बनाई सम्पुर्ण घरको परिवारको सङ्ख्या नियालेर १ जना बराबर १ कचौरा भात र १-टुक्रा मासु दिएर भोज खुवाउने चलन थियो, त्यसै भोजलाई नै काराङकुरुङ ङ्याह भन्दा रहेछन्।” उनी आजभन्दा १० वर्ष पहिले पनि चिनियाँ लामा(आखे)को घरबाट काराङकुरुङ ङ्याहको दिन भात बाड्ने गरेको बताऊँछन्।

जयमंगल लामाका अनुसार बौद्धमा चिनबाट आएका चिनियाँ लामाको ८ पुस्ता भएको छ। नेपाल सरकारलाई चिनियाँ, तिब्बती र नेपाली भाषा जान्ने हुँदा राजाले बौद्धको अधिकार चिनियाँ लामालाई दिइएको थियो। त्यो अधिकार पाएपछि बौद्धमा चिनियाँ लामाको छाप भएपछि कुनै रोकतोक हुदैन थियो।

बौद्धस्थित चिनियाँ लामाको सन्तानभित्र कसैको मृत्यु भएको खण्डमा सूचक स्वरूप बौद्ध घ्याङ गुठिमा आवद्ध लामाले स्तूपमा गएर शंख बजाउने प्रचलन रहेको छ। स्तूपको प्रत्येक दिशामा रहेको हर्मिका अगाडि अभिएर  शंख बजाउने गरिन्छ। यस प्रकारको प्रचलनले चिनियाँ लामा र उनका सन्तानहरूको सामाजिक, राजनैतिक र साँस्कृतिक अधिकार राज्यद्वारा नै सुनिश्चित गरिएको देखिन्छ।

## ५.७ भोइ समय ( पुस–माघको समय)

तिब्बत लगायत हिमाली क्षेत्रबाट जाडो छल्न बौद्ध क्षेत्रमा अस्थायी रूपमा बस्न आउने र गर्मी महिना सुरू भएसँगै यहाँबाट आफ्नै ठाँउ फर्किने बीचको समय विशेषतः मंसिर, मुष र माघको तीन महिनाको समयलाई स्थानीय तामाङ समुदायले भोइ समय भन्ने प्रचलन थियो। यस अवधिमा तिब्बत लगायत अन्य हिमाली क्षेत्रहरू मानाङ, मुस्ताङ, डोल्पा लगायतका जिल्लाहरूबाट जाडो छल्न बौद्ध आएर बस्ने र माघ शुक्ल पुर्णिमादेखी सूर्य उत्तरायण हुने र गर्मी बढ्ने समय भएपछि आआफ्नो घर फर्किने गर्दथे। गर्मी बढेपछि भने बौद्धमा औल लाग्ने भएर स्थानीय तामाङ समुदायबाहेक अरू नबस्ने प्रचलन थियो। यस अवधिमा तिब्बत लगायत डोल्पा, मनाङ लगायतका हिमाली क्षेत्रबाट आउनेहरूको बाक्लो उपस्थितिको कारण व्यापार व्यवसाय हुने कारण भाइटिका सकिएपछि कार्तिक शुक्ल पूर्णिमाको आसपास पाटन लगायतका उपत्यकाका विभिन्न सहरबाट नेवारी समुदायका व्यापारीहरू पनि व्यापारको लागि बौद्ध आउने र अस्थायी रूपमा बसोबास गर्ने प्रचलन थियो। माघ शुक्ल पुर्णिमादेखी गर्मी याम सुरू हने तथा गर्मी बढेपछि अस्थायी रूपमा बसेका तिब्बती लगायतका हिमाली समुदायहरू  पुनः आफ्नो घर फर्किने प्रचलन थियो। र ती समुदायहरू गर्मी बढेसँगै आफ्नै स्थानमा फर्किएपछि नेवारी व्यापारीहरू पनि फर्किने गर्दथे। यस अवधिमा अस्थायी बसोबासका लागि आउने व्यक्तिहरू गधा लिएर आउँथे र हालको हायत होटल रहेको क्षेत्रमा रहेको खुल्ला क्षेत्रमा गधा बाँध्ने र त्यहि पाल गाडेर बस्ने गर्दथे। यसरी अस्थायी बासका लागि आएकाहरूको गधा बाध्ने र चराउने ठाउँ भएर उक्त क्षेत्रको नाम नै गधा पाटी रहन गयो। यसरी उक्त क्षेत्रमा २०४०/४२ सालसम्म भोइ समयमा तिब्बती लगायतका हिमाली क्षेत्रबाट जाडो छल्न आउनेहरू अस्थायी रूपमा बस्ने प्रचलन थियो।

अस्थायी रूपमा बसेकाहरूलाई मंसिर पूर्णिमाको अवसरमा चिनियाँ लामाको तर्फबाट 'डे थुक' अर्थात चामलको खोले बाड्ने चलन थियो। त्यसैगरी बौद्धका स्थानीय थिङ खलकको तर्फबाट धनबहादुर थिङको परिवारले पनि चामलको खोले बाड्ने गर्दथे। यहि अवधिमा तिब्बती लगायत स्थानीय समुदायले स्तूपको परिक्रमा गर्ने भक्तजनहरूलाई दान स्वरूप 'ला कोर ग्याम' अर्थात प्रदक्षिणा पथमा घ्याम्पोमा चामलको भ्याबर(जाँड) राखि वितरण गरिन्थ्यो। उक्त जाँडलाई 'कोर छयाङ' भन्ने गरिन्थ्यो।

जयमंगल लामाको स्मृति, "बोइबाट (तिब्बत लगायत हिमाली क्षेत्रहरू) बाक्लो कपडाहरु लगाएर आउँथ्यो। ननुहाएर होला, उनीहरूबाट दुर्गन्ध आउँथ्यो। यसरी बोइको मानिस हो भनेर प्रष्ट चिनिन्थ्यो। अहिले कोरा गर्ने ठाउँतिर कपडाहरू सुकाउँथे। स्थानीयहरूलाई छुर्पी, पिठो आदि कोसेली स्वरुप दिइन्थ्यो। तिनीहरुको छेउमा बस्नै नसकिने हुन्थ्यो। उनीहरू जाडो छल्नलाई यहाँ आउँथे। करिब डेढ दुई महिना बसेर आफ्नै ठाउँ फर्किन्थ्यो। त्यसबेलाको पुष माघतिर हुस्सु कुहिरोले यहाँतिर नजिकको मानिस पनि चिन्न गाह्रो हुन्थ्यो।"

कृष्ण लामाका अनुसार भोइ समयमा चिनियाँ लामा र थिङ खलकको गुठीले भोइहरू अर्थात हिमाली क्षेत्रबाट आउने तिब्बती लगायत अन्य समुदायलाई खोले खुवाउने चलन थियो। चिनियाँ लामाको घरको आँगनमा फोसि लस्करै राखेर खोले पकाउने र बाड्ने गरिन्थ्यो। गधा पाटीमा बास बस्ने उनीहरू त्यहाँदेखी भाडाँ लिएर थाप्न आउने गर्दथे। थिङ खलकको गुठीले भने बौद्ध बाहिर खोले पकाउने र बाड्ने गर्दथे। उनीहरू "आमा कुते कुते, पीठो देउ न कुते कुते" भन्दै

बौद्धका स्थानीय तामाङहरूको घरमा माग्न आउने र पीठो मात्र लाने गर्दथे, अरू अन्न लादैन थिए। उनीहरू बौद्धमा विशेषगरी जिम्बु, सियोधागो, लाहा लगायतको सामान बिक्रि गर्न आउने गर्दथे।

बौद्ध क्षेत्रमा भोइ समयलाई विशेष समयको रूपमा लिने गरिन्थ्यो। अन्य समयमा शून्यप्राय हुने बौद्ध क्षेत्र यो अवधिमा चलयमान हुन्थ्यो। व्यापारिक गतिबिधिका साथै यहि अवधिमा विशेष जात्रा र पर्वहरू मनाइने गरिन्थ्यो। मंसिर पूर्णिमाको काराङकुरूङ ङ्याहदेखी माघ शुक्ल पूर्णिमाको मामला जात्राको अवधिमा अन्य विभिन्न पर्व जात्राहरू मनाउने प्रचलन यद्यपि आजपनि निरन्तर न छ। यहि समयमा बौद्धका स्थानीय याङ लमिनीले उपत्यकामै पहिलोपटक मःमको व्यवसाय सुरू गरेको स्थानीय बुद्धजीवी र लमिनीकै नाती खड्गजीत लामाको दावी रहेको छ। उनका अनुसार तत्कालीन समयमा मःम १ प्लेट अर्थात १० वटा मःमको मूल्य २० पैसा थियो। मःम पकाउने भाँडालाई 'मुक्टु' भनिन्थ्यो।

# अध्याय ६
## सल्लाह सुझाव

### निश्कर्ष तथा सल्लाह सुझाव

बौद्ध सम्पदा क्षेत्र स्थानीय तामाङ समुदायको गहिरो धार्मिक आस्था, सांस्कृतिक अभ्यास, मौलिक ज्ञान प्रणाली र ऐतिहासिक स्मृतिसँग प्रत्यक्षरूपमा जोडिएको जीवन्त अमूर्त सांस्कृतिक सम्पदाको केन्द्र हो । यस अध्ययनले विभिन्न मौखिक इतिहास, धार्मिक र सांस्कृतिक अनुष्ठान, जात्रा, गुठी परम्परा, परम्परागत ज्ञान र विश्वास प्रणालीहरू दस्तावेजीकरण गरे पश्चात बौद्ध स्तूप क्षेत्रको बैभवशाली मूर्त सांस्कृतिका साथै अमूर्त पक्ष पनि अत्यन्तै समृद्ध रहेको यस अध्ययनको निश्कर्ष रहेको छ।

बौद्ध सम्पदा क्षेत्रको रूपमा बौद्ध स्तूप, मामथानसँग सम्बन्धित जनश्रुती, किंवदन्ती र स्थानीय तामाङ समुदायको प्राकृतिक र साँस्कृतिक सम्पदाहरूलाइ समावेश गरी पूनर्व्याख्या गरिनुपर्छ। बौद्ध सम्पदा क्षेत्रको रूपमा तीनचुली, पांबुँ फाँट, गधापाटी लगायतको क्षेत्रलाई समेट्दै सम्पदा क्षेत्रको दायरा वृद्धि गर्न सके आगन्तुक पर्यटक तथ तीर्थयात्रीहरूको बौद्ध क्षेत्रको भ्रमण अवधि लम्ब्याउन सकिने तथ यस क्षेत्रको समग्र संस्कृतिको अनुभव गर्न पाउने देखिन्छ। यस कार्यका लागि उल्लेखित क्षेत्रका साथै बौद्ध क्षेत्रमा रहेका अन्य सम्पदाहरूको मौलिक नामहरू सहित बोर्डहरू राख्ने, स्थानीयहरूलाई मौलिक नाम प्रयोग गर्न प्रोत्साहन गर्ने, ती सम्पदाहरूको महत्व उजागर गर्न क्षेत्र विकास समितिको वेभसाइट, ब्रुसर लगायत अन्य प्रकाशनमा समावेश गर्ने तथा ती स्थलमा परम्परागत रूपमा संचालन हुने धार्मिक, सांस्कृतिक अभ्यासहरूलाई पुनः निरन्तरता दिन विशेष कार्ययोजनाहरू तर्जुमा गर्नुपर्ने देखिन्छ।

अध्ययनले बौद्ध क्षेत्रलाइ काठमाडौ उपत्यका सभ्यताको प्रारम्भिक विन्दु तथा केन्द्रको रूपमा रहेको अनुमान गर्न सकिने स्थानीय समुदायको जनश्रुतीमा उल्लेखित विभिन्न किवंदन्ती रहेको छ, जसको थप पुष्टि गर्न थप अध्ययन अनुसन्धान, पुरातात्विक उत्खनन् , भौगर्भिक सर्भे आवश्यकता रहेको देखिन्छ । यसका साथै बौद्ध स्तूप, मामथान लगायत अन्य सम्पदासँग सम्बन्धित स्थानीय तामाङ समुदायमा प्रचलित जनश्रुतीहरू तिब्बती समुदाय र नेवारी जनश्रुतीभन्दा मौलिक र परिश्कृत रहेको हुदाँ यस प्रकारका जनश्रुतीहरूलाई आम सर्वसाधारणमाझ विभिन्न माध्यमहरूबाट प्रशार गर्दै यहि मान्यताबाट बौद्ध क्षेत्रको सम्पदाको बुझाइ र व्याख्या गरिनुपर्दछ। बौद्ध स्तूपका बारेमा स्थानीय तामाङ समुदायसँगै काठमाडौं उपत्यका वरिपरि तथा अन्य जिल्लाहरूमा बसोबास गर्ने तामाङ समुदायको स्थानीय बुझाइ तथा विश्वास परम्पराको थप खोज अनुसन्धान आवश्यकता देखिन्छ। अध्ययनको सिलसिलामा नमूनाको रूपमा काठमाडौं उपत्यका पश्चिम क्षेत्रका तामाङ समुदायको बौद्ध स्तूप निर्माण सम्बन्धि मौलिक जनश्रुतीहरू रहेको पाइन्छ। यसरी बौद्ध स्तूप र मामथानको विभिन्न जिल्लाहरूका तामाङ बस्तीहरूमा आफ्नै मौलिक जनश्रुती र विश्वासपद्धति रहेको देखिन्छ। ती तामाङ जनश्रुति र विश्वास परम्पराहरू र स्थानीय रूपमा बौद्ध स्तूपसँग सम्बन्धित धार्मिक सांस्कृतिक अभ्यासहरूको खोज अनुसन्धान तथा दस्तावेजिकरण गर्न सकिएको खण्डमा स्तूपसम्बन्धित विद्यमान साहित्य, साथै सांस्कृतिक सम्पन्नता अझ वृद्धि हुने देखिन्छ। यस अध्ययनले प्रचलित र स्थानीय समुदायको जनश्रुती र विश्वास परम्पराका आधारमा बौद्ध स्तूसँग प्रत्यक्ष रूपमा साँखुस्थित बज्रयोगिनी, तारेभिरस्थित ब्रासिङग्याल्बो, काभ्रे नमोबुद्ध, स्वयम्भू स्तूप, चावहिलस्थित चारूमती स्तूप अन्य सम्पदाहरू सम्बन्धित रहेको देखिन्छ। यी सम्पदाहरूलाई समावेश गरी बौद्ध स्तूप

सर्किट निर्माण गर्न सकिन्छ। यसका लागि ती सम्पादहरूसँग सम्बन्धित जनश्रुती तथा मान्यताहरूलाई उजागर गर्न प्रकाशन तथा श्रव्यदृश्य माध्यमहरूबाट प्रचारप्रसार गर्नुपर्ने देखिन्छ।

समयक्रमसँगै बौद्ध क्षेत्रमा भएको द्रुत सहरीकरण, बाहिरी समुदायको प्रवेश, आधुनिकिरण लगायतका कारण परम्परागत रूपमा मनाउदैं आएका मौलिक अभ्यासहरू हाल प्रचलनमा रहेको देखिन्छ। परम्परागत रूपमा गर्दै आएको *तिमला ला क्योङ्बा*(कुलपूजा) हाल अभ्यासमा निकै कम देखिन्छ। प्रारम्भिक रूपमा बोन्पो परम्परा अनुसार कुलपूजा गर्ने गरिएता पनि पछि लामा परम्परा अनुसार गर्ने प्रचलन स्थापित भएको देखिन्छ। तथापि, उक्त अभ्यास पनि हाल न्यून संख्यामा मात्र हुने गरेको छ। तीनचुली क्षेत्रमा भने परम्परागत रूपमा बोन्पो परम्परा अनुसार लाथाबाले कुलपूजा गर्दै आएका छन्। यसर्थ, तामाङ समुदायको मौलिक बोन परम्परा र पछिल्लो चरणमा अभ्यासमा आएको लामा विधिबाट गरिने कुलपूजालाई निरन्तरता दिन व्यक्तिगत रूपमा प्रोत्साहनका साथै सामुदायिक गुठीहरूले विशेष जिम्मेवारीका साथ कार्य गर्नुपर्ने देखिन्छ।

पांबुँ फाँटको रोपाई लगायतका प्रचलित कतिपय सांस्कृतिक अभ्यासहरू हाल अस्तित्वमा छैनन्। यस प्रकारका मौलिक संस्कृतिहरूलाई पूनर्अभ्यासमा ल्याउन संस्थागत रूपमा बौद्ध क्षेत्र बिकास समिति लगायत गुठी, संघसंस्थाले आवश्यक कदम चाल्नुपर्ने देखिन्छ। पांबु फाँटमा हाल घरहरू निर्माण भईसकेपनि बाँकी खेतहरू, सांस्कृतिक तथा धार्मिक महत्व बोकेका थुम्काहरू र कुवाहरूको संरक्षण गर्ने र प्रतिकात्मक रूपमा साउन १ देखी ३ सम्म उक्त क्षेत्रमा परम्परागत रूपमा हुने रोपाईलाई निरन्तरता दिन रोपाई महोत्सव आयोजन गर्नुपर्ने देखिन्छ।

हाल अभ्यासमा रहेका चाडपर्व, जात्राका साथै परम्परागत रूपमा मनाइने सांस्कृतिक अभ्यासलाई समावेश गरी बौद्ध सम्पदा क्षेत्रको वार्षिक सांस्कृतिक, धार्मिक क्रियाकलापको क्यालेन्डर प्रकाशन गर्ने तथा आगन्तुक पर्यटकहरू तथा तीर्थयात्रीहरूलाई यी अभ्यासहरूको प्रत्यक्ष अनुभव लिन पाउने व्यवस्था गर्न सकिए उनीहरूको बौद्ध बसाईलाई लम्ब्याउन सकिने तथा बौद्धको जीवन्त संस्कृतिको प्रत्यक्ष अनुभूति दिलाउन सकिने देखिन्छ।

पछिल्लो समयमा बौद्धको स्थानीय मौलिक घोनाइ लगायतका जात्रा पर्वहरू विकृतिको रूपमा गाईजात्रा, रोपाँइ जात्राको रूपमा प्रचलित भएको देखिन्छ। घोनाइ पर्व विशेष बौद्धका स्थानीय तामाङ समुदायको मौलिक पर्व रहेकोमा नेवारी समुदायले मनाउने गाईजात्रा, रोपाँइ जात्राको समयमा नै मनाइने हुदाँ संयोग मिलेको मात्र देखिन्छ। तथापि, घोनाइ मनाउनुको विश्वास, मान्यता र अभ्यास विल्कुलै नेवारी पर्वभन्दा फरक रहेको छ। तसर्थ पछिल्लो चरणमा घोनाइलाई गाईजात्रा, रोपाँइ जात्राको रूपमा व्याख्या नगरी मौलिक नामाकरण पुनस्थापित गर्न र त्यससँग सम्बन्धित मौलिक तामाङ मान्यता र अभ्यासको बारेमा प्रचारात्मक सामग्रीमा उल्लेख गर्ने कार्य गर्ने, स्थानीय समुदायमाझ जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ। यसका साथै परम्परागत रूपमा अभ्यासमा रहेको काराङकुरूङ ङ्याह, अक्षय तृतीयाको दिनमा सर्वतपानी वितरण गर्ने चलन, भोइ समयमा वितरण गरिने कोरछयाङ आदि अभ्यासलाई समयसान्दर्भिक परिमार्जन सहित पुनः अभ्यासमा ल्याउन सके बौद्ध सम्पदा क्षेत्रको सांस्कृतिक वैभवतामा टेवा पुग्ने देखिन्छ।

तिब्बती ग्रन्थ र नेपाली समाजमा प्रचलित वंशावलीमा आधारित बौद्ध स्तूप निर्माण सम्बन्धी श्रुती परम्पराका साथै स्थानीय तामाङ समुदायमा प्रचलित जनश्रुती, मौखिक इतिहासलाई बौद्ध सम्पदा क्षेत्रको संवृद्ध सांस्कृतिक धरोहरको रूपमा स्थापित गर्न प्रकाशन तथा संचार माध्यममा प्रचारप्रसार गर्ने कार्य गर्नुपर्ने देखिन्छ।

यस अध्ययनले गरेको मौलिक स्थान नामहरूको दस्तावेजिकरण अनुसार बौद्ध क्षेत्रमा रहेका पुराना तामाङ सम्पदाहरू र मौलिक स्थान नामहरूले समुदायको ऐतिहासिक उपस्थिति र साँस्कृतिक दाबी पुष्टि गर्दछ। मौलिक स्थान नामहरूलाई पुन प्रयोगमा ल्याउन सकियो भने उक्त स्थलहरूको मौलिक पहिचानलाई उजागर गर्न सकिन्छ। अमूर्त संस्कृतिको महत्वपूर्ण तत्वको रूपमा स्थान विशेषसँग जोडिएको स्थान नामलाई अध्ययनको पाटो बनाउनुपर्ने यस अध्ययनले देखाएको छ।

अध्ययनको क्रममा बौद्ध क्षेत्रमा अवस्थित सम्पदाहरू पछिल्लो चरणमा मानव अतिक्रमण तथा संरक्षणको अभावले अस्तित्वमा नै नरहेको तथा संकट अवस्थामा  रहेका सम्पदा स्थलको पहिचान गरी संरक्षण गर्नुपर्ने देखिन्छ

परम्परागत रूपमा बौद्ध घ्याङ गुठीले मात्र जात्रा पर्वहरू संचालन गर्दै आएकोमा पछिल्लो समयमा स्थानीय समुदाय विशेषले पनि व्यवस्थापन लगायका कार्यहरूमा सक्रिय सहभागी राख्दै आएकोमा थप प्रोत्साहन गर्न क्षेत्र विकास समितिको समन्वयकारी भूमिका आवश्यक रहेको देखिन्छ।

**स्रोत सन्दर्भसूची**


तामाङ, म. (२०८१, चैत्र २९)। चैत्र पूर्णिमाको बौद्ध-सिङ्गोन तामाङ जात्रा। *शैलुङ अनलाइन*। https://www.sailungonline.com/127478/11/04/2025

दाहाल, प., र खतिवडा, सो. प्र. (२०५५)। *नेपालको कला र वास्तुकला*. एम. के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स।

पन्त, दि. (सम्पादक)।(२०६५). *संक्षिप्तवंशावली*। काठमाडौँ: खिलशर्मा राजीवलोचन जोशी स्मारक प्रतिष्ठान।

पराजुली, पुण्य प्रसाद। (२०७४)। भोटवासीको नजरमा झ्यारुङ खास्योर। सम्पूर्ण कुमार लामा (प्रधान सम्पादक) र फुबु याङजी लामा (सम्पादक), *बौद्ध दर्पण स्मारिका* (पृ. ४६–५१)। श्री बौद्धनाथ क्षेत्र विकास समिति।

पौडेल, न. (२०२०)। *भाषा वंशावली (भाग १)*। काठमाडौँ: पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय।

बौद्ध महास्तूपको संक्षिप्त इतिहास. (२०६४)। (टी. शेर्पा, स. कुमार लामा, र म. शाक्य [सम्पादक]; म. शाक्य र टी. शेर्पा [अनुवादक])। थुप्तेन काल्साङ, तामाङ, किरण कुमार लामा, र आङ्बाबु शेर्पा।

मानन्धर, त्रि. र. (२०२०)। *मणिशैल महावदान*. बुद्ध धर्म प्रचार समिति, नेपाल। https://archive.org/details/20200822_20200822_0631/mode/2up

रञ्जितकार, ज. वा. (२०६८)। *२३ सय वर्ष पुरानो ऐतिहासिक चारूमती स्तूप: विश्लेषणात्मक अध्ययन*।चारूमती बुद्धिष्ट मिशन नेपाल।

लामा, ख. (२०७८)। बौद्ध स्तूप निर्माणको इतिहास, स्तूप संरक्षणमा तामाङ्को भूमिका, चिनियाँ लामा वंश परम्परा र भविष्य। *स्मारिका २०७८* (टासी कुमार लामा, सम्पूर्ण कुमार लामा र खड्गजीत लामा[सम्पादक], पृ. ८४-९२)। श्री बौद्ध तामाङ कल्याण गुठी।

लामा, टा. (२०८१)। बौद्ध क्षेत्रकी आराध्यदेवीः ममो पुकासी। *गुठी दर्पण, स्मारिका २०८१* (वीरबहादुर वाइबा (मनकाजी), सम्पूर्णकुमार लामा, टासीकुमार लामा, र अमित लामा [सम्पादक], पृ. ७२-७४)। ओम तामाङ सुख-दुःख गुठि।

लामा, मुकेश। (वर्ष अज्ञात)। *पेमा काथाङ: गुरु पद्मसंभवको जीवन र मुक्ति* (अनुवादक तथा प्रकाशक)।

लामा, स. (२०६४)। बौद्ध स्तूपः हिजो, आज र भोलिको सन्दर्भमा। *स्मारिका २०६४* (सम्पूर्णकुमार लामा, सम्पादक, पृ. १-९)। श्री बौद्ध घ्याङ गुठी।

लामा, स.कु. (२०७८)। बौद्धको ऐतिहासिक जात्रा। *स्मारिका २०७८* (टासी कुमार लामा, सम्पूर्ण कुमार लामा र खड्गजीत लामा[सम्पादक], पृ. १२७-१३३)। श्री बौद्ध तामाङ कल्याण गुठी।

शेराब, ग. थुब्तेन. (२०८०)। *नेपालका बौद्ध तीर्थस्थलहरू (अलोक प्रदीप), भाग एक*।अनुसन्धान केन्द्र, लुम्बिनी बौद्ध विश्वविद्यालय, नेपाल बौद्ध महायान केन्द्र।

Bajracharya, M., & Micheals, A. (Eds.). (2016). Nepalikabhupavamsavali: History of the Kings of Nepal. A Buddhist Chronicle. Himal Books for Social Science Baha.

Dhakal, D. (2019). *Historical analysis of Bauddha Stupa, Kassap Buddha and Shringa Rishi*. Research Nepal Journal of Development Studies, 2(2), 63–71. https://doi.org/10.3126/rnjds.v2i2.29278

Douglas, K., & Bays, G. (Translators). (1978). *The life and liberation of Padmasambhava* (Vols. 1–2). Dharma Publishing.

Dowman, K., & Mchog-Gyur-Gliṅ-Pa, G. (1973). *The legend of the Great Stupa : and, the life story of the Lotus Born guru*. Dharma Publishing.

Dowman, K. (2002). *The great stupa of Boudhanath : the Tibetan legend of the Great stupa translated with an introduction*. Robin Books.

Ehrhard, F.-K. (2013). *Buddhism in Tibet and the Himalayas*. Vajra Publications.

Fatima, W. (2024). Architectural history of Stupa. *International Journal of Creative Research Thoughts (IJCRT)*, 12(8), 47-55. https://ijcrt.org/papers/IJCRT2408228.pdf

Karki, B., & Shrestha, S. Y. (2016). *The Great Boudha Stupa*. Shree Boudhanath Area Development Committee.

Lama, M., Church, M., Dunham, C., Dowman, K., & LeClerq, S. (2019). *Boudha: Restoring the Great Stupa* (M. Dowman & P. Ross, Editors). Vajra Books.

Lévi, S. (1990). *Nepal: Historical study of a Hindu kingdom* (Reprinted from *Ancient Nepal* journal, 1973–1990). Department of Archaeology, Nepal.

Oldfield, H. A. (2005). *Sketches from Nepal: Historical and descriptive* (Vol. 2). Asian Educational Services. (Original work published 1880).

Raper, P. E. (2004). *New dictionary of South African place-names.* Jonathan Ball Publishers.

Shrestha, S. R. M. (2001). *Nanyadeva, his ancestors and their abhijana*. Ancient Nepal, (159), 1–12. Retrieved from https://himalaya.socanth.cam.ac.uk/collections/journals/ancientnepal/pdf/ancient_nepal_159_01.pdf

Slusser, M. S. (1982). *Nepal Mandala*. Princeton University Press.

UNESCO. (2003). *Convention for the Safeguarding of the Intangible Cultural Heritage*. Paris: UNESCO. Retrieved from https://ich.unesco.org/en/convention

Vajracharya, D., & Malla, K.P. (1985). The Gopalrajavamsavali, Wiesbaden: Franz Steiner Verlag Gmbh

Wright, D. (1990). *History of Nepal*. Asian Educational Services. (Original work published 1877)

Yeshe Tsogyal. (1999). *Lotus-born: The life story of Padmasambhava* (E. P. Kunsang, Trans.; M. B. Schmidt, Ed.; Revealed by Nyang Ral Nyima Öser; Foreword by Dilgo Khyentse Rinpoche; Clarification by Tsele Natsok Rangdröl). Shambhala Publications. (Original work composed ca. 8th century)

**परिशिष्ट १**

(तिब्बती ग्रन्थ *छ्योर्तेन छेन्पो झ्यारूङ खाश्योर घी लोग्यु थोपे ढोल्बा*को नेपाली अनुवाद)

**प्रथम परिच्छेद**
**स्तूपको निर्माण तथा प्रतिष्ठा**
**ए मा हो !**

अपरिमित आभा भएका धर्मकायस्वरूप अमिताभ तथागतमा

महाकारूणिक सम्भोगकायस्वरूप अवलोकितेश्वरमा

पद्मबाट उत्पन्न भएका निर्माणकायस्वरूप पद्मसंभवमा

र त्रिकायसम्पन्न परम्पराका गुरूहरूमा मेरो दण्डवत् ।

यो बौद्ध महास्तूपको इतिहास हो र सो स्तूप दश दिशाका र तीनै कालका बुद्ध बोधिसत्वहरूको चित्तबाट अभिन्न धर्मकायको केन्द्रविन्दु हो ।

पुरूष अग्नि बाँदर वर्ष, सातौं महिनाको दशौं दिनमा, पल् साम्ये मिग्युर ल्हुन् ग्यी दुव गुम्बा (साम्ये गुम्बा) को बीचको तल्लामा बसी उग्येन रिम्पोछेले धर्मराज ठिसोङ् देउचेन र पच्चीस शिष्यहरूलाई 'गुरू हृदय गुह्य' नामक गुह्याभिषेक दिंदै हुनुहुन्थ्यो । नौवटा तकियाहरू एकमाथि अर्को गरी खप्ट्याइएर राखिएको आसनमा गुरूलाई विराजमान गराइएको थियो । सुनको डाडुले गुरूको पात्रमा मद्य खन्याइँदै गरिएको थियो र थरी थरीका सांसारिक खाद्यवस्तुहरू पनि चढाइएको थियो । यिनका साथै एक्काइस ओटा यूँ (यी मध्ये मुख्य चाहिं राजाले गलामा लगाउने गरेको प्रभा प्रदीप नाम गरेको यूँ थियो), पाँच खल सुनको धूलो, सातवटा सुनौला श्रीवत्स गाँठाहरू, सयौँ मुठा अति उत्कृष्ट रेशमी कपडाहरूका साथै अनगिन्ती अन्य वस्तुहरू पनि चढाइएका थिए ।

राजा ठिसोङ् देउचेनले त्यसपछि हजारौं पटक गुरूलाई दण्डवत् गरी यसरी सम्बोधन गरे :-

“हे परम गुरू ! म जन्मिएको ठाउँ राता अनुहार भएका तिब्बतीहरूको असभ्य भूमि भए तापनि मैले बंगाल साहोर भूमिमा पण्डितको रूपमा प्रकट हुनुभएका र उग्येन (स्वाट उपत्यका) का वज्रगुरुको रूपमा प्रकट हुनुभएका दुई निर्माणकायहरू

क्रमश : शान्तरक्षित र पद्मसंभवलाई यहाँ आमन्त्रण गर्न सफल भएँ। आफूले वाचा गरेबमोजिम पुण्यार्जन गर्ने केन्द्रको रूपमा र त्रिरत्नलाई निवास गराउनको लागि मैले दक्षिणी महाद्वीप जम्बुद्वीपमै अद्वितीय साम्ये महाविहारको निर्माण गर्न लगाएँ । त्यसपछि जुन ठाउँ पहिले अन्धकारमय असभ्य भूमिका रूपमा चिनिन्थ्यो त्यही ठाउँमा त्रिरत्नका उपदेशहरू यसरी फैलिए जसरी सूर्यका किरण हिउँले ढाकेका हिमालमाथि छ। हुँदा हुँदै तिब्बत अहिले आएर मगध जस्तै केन्द्रीय भूमि बन्न पुगेको छ।

म र मेरा साथीहरू कसरी काश्यप बुद्धको समयमा काठमाडौं उपत्यकाको मघुत भन्ने क्षेत्रमा पशुहरू पाल्ने एउटी दरिद्र आइमाईका पुत्रहरू भएर जन्मिए भनेर तपाईंले बताउनुभयो । साथै कसरी हामीले त्यो बेला बौद्धस्तूप निर्माण गर्ने कार्य आफ्नो काँधमा लिएर प्रणिधान गर्यौं। सोही प्रणिधानले गर्दा आज यस अत्युत्तम युगमा हामी सबै सत्वहरूले धर्माभ्यासमा लाग्ने सुवर्ण अवसर प्राप्त गरिराखेका छौं। यी सब कुरा पनि तपाईंले बताउनुभयो। अब, हामीलाई श्रद्धा, विश्वास र प्रणिधि सम्पन्न गराउन कृपया सो स्तूप कसरी निर्माण भयो र कसरी प्रणिधानहरू गरिए सही सहीरूपमा विस्तृत विवरणका साथ बताई दिनुहोस्।"

त्यसपछि महागुरूले जवाफ दिनुभयो, "त्यसो भए राम्रोसित सुन र म जे बताउन गइराखेको छु राम्रोसित सम्झिराख्नु।" अनगिन्ती, असंख्य कल्प अगाडिको कुनै समयमा बोधिसत्व महासत्व आर्य अवलोकितेश्वर तथागत अमिताभको सामु आफूले संसारको दलदलबाट सबै सत्वहरूलाई तार्न सकूँ भनेर प्रणिधान गर्नुभएको थियो । पहिले नै अनगिन्ती सत्वहरूलाई भवसागरबाट तार्न सफल भइसकेका बोधिसत्व अवलोकितेश्वर पोताला पर्वतराजको शिखरमा पुग्नुभयो। अब त तार्न बाँकी एकजना सत्व पनि शेष रहेन भन्ठान्दै उहाँले पूरै षडगतिलाई अन्वेषण गरेर हेर्नुभयो। तर प्राणीहरूको संख्या त अलिकति पनि घटेको रहेनछ। त्यसको उल्टो छयाङ बनाउँदा फिंज निस्केर तल पोखिए झैं झन् झन् बढेको बढ्यै थिए सत्वहरू। यी सब देख्दा अब सत्वहरूको उद्धार गर्ने कार्य मेरो क्षमताभन्दा बाहिर पो हुने हो कि भन्ने हिनताबोधपूर्ण सोचाइले ओतप्रोत भएर उहाँका आँखाबाट अनायास दुई थोपा आँसु निस्के। ती आँसुका थोपालाई बोधिसत्वले दुवै हातका कान्छी औंलाले टिपेर यो दुई थोपा आँसु पनि परकल्याणको लागि उपयोगी बनुन् भनी प्रार्थना गर्दै त्यसलाई हावामा छर्किदिनुभयो। यसको फलस्वरूप त्रयोत्रिंस देवभुवनमा देवराज इन्द्रकी पत्नी शचीको कोखबाट दुई पुत्रीहरूको जन्म भयो। उनीहरू ठूली पूर्णिमा (गाङ् मा) र सानी पूर्णिमा (गाङ् चुङ्ग) नाम गरेका छोरीहरू बने। देवताहरूका फूल चोरेर सानी पूर्णिमाले देवलोकको शील नियमको उल्लंघन गरिन् र सजायस्वरूप उनी स्वर्गलोकबाट च्यूत भई मनुष्य लोकमा पतन भइन् । उनी भालह्युल (काठमाडौ उपत्यका) मा अवस्थित मघुत भन्ने क्षेत्रमा सुखोत्तमादेवीमा अवस्थित मघुत भन्ने क्षेत्रमा सुखोत्तमादेवी (दे छयोगमा) भन्ने केटीको रूपमा जन्मिइन्। उनका पिताको नाम साल्वा थियो र माताको नाम पूर्णा थियो। दुवै पशुपालक थिए। सुखोत्तमादेवीले पनि कुखुरापालन व्यवसायबाटै आफ्नो जीवन धान्न थालिन्।

निम्न आर्थिक स्तरका चारजना पशुपालन व्यवसायीहरूसित शारीरिक सम्बन्ध राखेर उनले चार छोराहरू जन्माएकी थिइन् । ती चार तल्ला जातका मानिसहरू क्रमशः घोडा, सुंगुर, कुकुर र कुखुरा व्यापारी थिए । तैपनि आफूले कमाएका पैसा बचाएर उनी एक्लैले ती चारैजनाबाट प्राप्त छोराहरूलाई राम्ररी पालन पोषण गरी उनीहरूलाई आ-आफ्नै घरमा आरामदायीपूर्वक जीवन यापन गर्न सक्ने तुल्याई दिइन् । त्यसपछि उनले फेरि पैसा जम्मा पारिन् र बचेका केही पैसाले उनी अन्ततः केही मूल्यवान वस्तुहरू किन्न सफल भइन् । त्यसपछि ती चारजना सन्तानका आमाको मनमा यस्तो विचार उत्पन्न भयो - "कुखुरापालन व्यवसायबाट आएको पैसा जम्मा गरेर मेरा छोराहरूलाई हुर्काएर राम्रो अवस्थामा पुऱ्याउन म सफल भएकी छु । अब मैले बचेका पैसाबाट साँच्चै लाभदायक वा किनेका वस्तुहरूको सदुपयोग गर्नुपर्छ जसले गर्दा ती सबैका लागि हितकारी बन्नेछन् । अब मैले एउटा स्तूप बनाउनुपर्छ । सबै बुद्धका चित्त वा धर्मकायको केन्द्रस्वरूप, असंख्य सत्वहरूका लागि पुण्यसम्भार गर्ने क्षेत्र र मेरो व्यक्तिगत ईष्टदेवस्वरूप सो स्तूपको गर्भभित्र सुगतहरूका अस्थिधातुहरू रहनेछन् । यो कार्यलाई सम्पन्न गर्न पहिले म राजालाई भेटेर सो कार्यका लागि केही जग्गा जमीन उपलब्ध गराई दिनुस् भनी विन्ती चढाउनेछु ।"

यस्तो महान सोचाइ लिएर राजाकहाँ गएर उनले दण्डवत् गरिन् । राजालाई प्रदक्षिणा गरिसकेपछि उक्त आइमाईले घुँडा टेकेर दुवै हात जोडी राजासामु यस्तो विनम्र विन्ती चढाइन्, "महाराज, म कुखुरापालन व्यवसाय गर्ने एक अवला आइमाई हुँ । सोही पेशाबाट अलि अलि गर्दै पैसा जम्मा पारी म एक्लैले मेरा चार छोराहरूलाई हुर्काई बढाएँ । मेरा हेरक सन्तानका पिता अलग- अलग छन् । त्यसपछि मैले उनीहरूलाई आफ्नै घरमा आरामपूर्वक जीवन गुजार्न सक्नेसम्म बनाइदिन सकेकी छु । त्यसरी नै आफूले कमाएको केही पैसाबाट मैले विभिन्न मूल्यवान सम्पत्तिहरू जोड्न सफल भएँ । अब म हजुरसामु के विन्ती चढाउँछु भने मलाई एउटा स्तूपको निर्माण गर्न आज्ञा दिइबक्स्योस् । त्यो स्तूप मेरो ईष्ट देव हुनेछ र असंख्य सत्वहरूका लागि पुण्यक्षेत्र बन्नुका साथै सबै बुद्धहरूको चित्तस्वरूपी हुनेछ । सो स्तूपको गर्भभित्र तथागतका अस्थिधातुहरू रहनेछन् ।"

हुन त राजा हतारमा निर्णय लिन चाहँदैनथे । तसर्थ ती आइमाईलाई तुरून्तै जवाफ दिनुको साटो राजा गहिरो सोचमा डुबे । कुखुरा पालेर गुजारा चलाउने एउटी दरिद्र आइमाईले अलि अलि गर्दै पैसा बचाएर आफ्ना चारैजना छोराहरूलाई एक्लैले हुर्काएर सही ठाउँमा पुऱ्याउन सफल भइन् र त्यतिमात्र होइन आफूले वचत गरेकै पैसाले महास्तूप बनाउने जस्तो महान कार्य गर्नसम्म तम्सिएकी छिन् । अहो ! कस्तो आश्चर्य भन्दै राजाले घोर आश्चर्य पनि प्रकट गरे । त्यही कारणले राजाले यस्तो भन्दै आफ्नो अनुमति दिए - "ठीक छ, तिमी जे गर्न खोज्दैछौ, त्यो कार्य अगाडि बढाए हुन्छ, तिमीलाई अनुमति छ ।" राजाबाट स्वीकृति पाउनासाथ ती आइमाई अत्यन्तै खुसी र प्रफुल्ल भइन् र एकचोटि फेरि राजालाई दण्डवत् गरी कैयौँ चोटि प्रदक्षिणा गरी आफ्नो घरतर्फ लागिन् । ती आइमाई र उनका छोराहरू मिलेर एउटा हात्ती र एउटा

गधा किन्न सफल भए। त्यो हात्ती र गधा अनि एउटा काम गर्ने नोकरको सहायताले माटो र इँटा ओसार्दै उनीहरूले राजाबाट प्राप्त जमीनमा स्तूपको लागि शिलान्यास गरे र निर्माण कार्यको सुरूवात पनि गरे ।

यसरी निर्माणकार्य सुचारूरूपले अघि बढ्न थाल्यो। एवंरीतले स्तूपको तल्लो भागको तेश्रो तहको निर्माण सुरू हुन मात्र के लागेको थियो त्यो ठाउँका मानिसहरूमा विभिन्न खैलाबैला मच्चिन थाल्यो। उनीहरूले आफू आफूमा प्रश्न गर्न थाले। यदि यस्तो जाबो कुखुरा पालेर खाने आइमाईलाई यत्रो ठूलो स्तूप बनाउन दिइयो भने हामी यस ठाउँका राजा, मन्त्री, धनाढ्य र गण्यमान्य व्यक्तिहरूले चाहिँ कस्तो स्तूप बनाउने ? यो कार्यले गर्दा सबैजनाको बेइज्जत हुन पुग्नेछ र घातकसिद्ध हुनेछ भनी सबैले ठाने। तसर्थ उनीहरूले सो कुरालाई राजासमक्ष लगेर पेश गर्ने र निर्माणकार्य तत्काल रोक्नको लागि सुझाव दिने निर्णय गरे। त्यही उद्देश्यले सबै राजालाई भेट्न गए र सबैले यस्तो सम्बोधन गरे, "हे महाराज ! हजुरबाट एउटा ठूलो गल्ती हुन पुग्यो। यस्ती दरिद्र कुखुरा पालेर गुजारा चलाउने दरिद्र आइमाई एक्लैलाई यस्तो ठूलो स्तूप निर्माण गर्न दिइयो भने हजुर महाराज, हामी मन्त्री, धनाढ्य वर्गजस्ता प्रभावशाली व्यक्तिहरूका लागि त ठूलो चुनौती सावित हुने भयो, हामीले त झन् स्तूप बनाउँदा ती आइमाईको कार्यलाई तल्लो स्तरको देखाउन कत्रो ठूलो योगदान पुऱ्याउनुपर्ने होला ? यदि हजुरले निर्माण कार्यलाई जारी राखिबक्स्यो भने हामी सबैका लागि सो कार्य घातक सिद्ध हुनेछ। त्यसैले हाम्रो लागि राम्रो उपाय यही हुनेछ कि सबै निर्माण सामग्रीलाई जहाँबाट ल्याइएका हुन् त्यहीं फिर्ता पुऱ्याउन ती आइमाईलाई आदेश दिउँ र निर्माण कार्यलाई यही रोक्न लगाऔं।" तर राजाले यस्तो जवाफ दिए - "तिमीहरू सबैले मेरो कुरा सुन ! ती एक्ली आइमाई, ती दरिद्र आइमाई एक्लैले आफूले कमाएको पैसाले आफ्ना चार चार जना छोरालाई पालेर देखाइन्, त्यति मात्र नभएर त्यत्रो ठूलो स्तूप बनाउने प्रस्ताव समेत राखेकोले म त तीनछक्क परेँ। त्यसैले यस्तो गल्ती हुनपुगेको हो। त्यसैले गर्दा अनायास मेरो मुखबाट तिमीलाई अनुमति छ, निर्माण गर्न थाले हुन्छ भन्ने शब्दहरू निस्किहाले। अब के गर्ने, राजाको वचन अन्तिम हुने गर्छ। त्यसैले त्यसलाई बदल्न सकिन्न।" यसरी मानिसहरूले निर्माण कार्य रोक्ने प्रयास गरे तापनि, स्तूप भने बन्दै गयो। यही कारणले होला यो स्तूप 'वाक भ्रम' को नामले पनि चिनिन थाल्यो।

स्तूप निर्माण कार्य क्रमशः ग्रीष्म र हिउँद याम हुँदै वर्षभरि नै जारी रह्यो। एवंरीतले चार वर्ष बितिसक्दा उनीहरूले स्तूपको अर्धगोलाकार गर्भगृहसम्मका काम सिद्ध्याए। त्यतिबेला सुखोत्तमादेवीलाई आफ्नो तुरून्तै मृत्यु हुने कुरा (च्युत्युत्पत्ति ज्ञान) को आभास हुन थाल्यो। तसर्थ उनले आफ्ना चारैजना छोराहरू र सेवकलाई डाकेर यस्तो आदेश दिइन् - "तिमीहरूले यो कार्य सिद्ध्याउनैपर्छ। यो मेरो प्रातस्मरणीय श्रद्धेय इष्टदेवता हुन्। असंख्य सत्वहरूका पुण्य क्षेत्र अनुत्तर स्तूप हो। यसको गर्भगृहभित्र तिमीहरूले तथागतहरूका केही अस्थिधातुहरू राखी एकदम भव्य प्रतिष्ठा विधि सम्पन्न गर्नु। त्यसो गर्यो भने तिमीहरूले मेरो सपना साकार पार्नेछौं, त्रिकालका बुद्धहरूलाई सन्तुष्ट पार्नेछौ र तिमीहरूले यस जुनी र अर्को जुनीहरूमा पनि केही सार्थक कुरा गरेर जानेछौ। यस्तो उपदेश दिएर उनले देहत्याग गरिन्। त्यो बेला विभिन्न किसिमका दिव्य शब्दहरू सुनिएका थिए, संगीतमय वातावरणको साथसाथै दिव्य पुष्पहरूको वृष्टि भयो र आकाशमा ईन्द्रेणीको प्रभामण्डल देखापर्यो। यही महास्तूप निर्माण गरेको पुण्यले गर्दा सुखोत्तमादेवी बोधि लाभ गरी देवलोकमा

जन्मिएर प्रमुदिता समयदेवी (प्रा मो ह को) नामले परिचित हुन थालिन् । छोराहरूले एक आपसमा आफ्नी दिवंगत आमाका कुराको बारे विस्तृत विचारविमर्श गरे । एकजनाले भन्यो, 'हाम्री आमा कुखुरा पाल्ने तल्लो कुलमा जन्मिएता पनि अगल अलग पिता भएका हामी चारैजना सन्तानलाई हुर्काई बढाई आरामपूर्वक रहन सक्ने बनाइदिनुभयो । अब उहाँले बचाएको पैसाले हामी एक भव्य स्तूप निर्माण गरौं जसको बराबरी कुनै पनि ठाउँमा भेटाउन कठिन होस् । यस्तो स्तूप बनायौँ भने हामीले वहाँका उपकारको बदला चुकाउनेछौं । हाम्री आमाको यो स्तूपमा अब हामीले अर्धगोलाकार गर्भ थप्ने काम गर्नैपर्छ ।" आफू आफू बीच आपसी सहमति भएपछि छोराहरूले पहिले जस्तै लगनका साथ काम गर्न तम्सिए । पहिले जस्तै हात्ती र गधामा राखेर इँटाहरू निर्माणस्थलसम्म ओसार्न थाले । उनीहरूलाई सघाउनका लागि एक जना मात्र सेवक थियो र उही सेवकको भरमा उनीहरूले त्यो बाँकी काम तीन वर्षभित्र सिध्याए । यसरी स्तूप निर्माणको करीब करीब सम्पूर्ण कार्य सात वर्ष भित्र सिध्याएर छाडे । त्यसपछि एक माना परिमाण बराबरका काश्यप बुद्धका अस्तुहरू उनीहरूले ल्याउन सफल भए । ती अस्तुहरू स्तूपको यस्तिदारूभित्र राखिए । तत्पश्चात् उनीहरूले असंख्य पूजा भेटीहरूको बन्दोबस्त गरी राम्ररी सजाएर राखे । सुप्रतिष्ठाको समयमा आकाशमा पुष्पवृष्टि भएको बेला दशै दिशाका बुद्ध बोधिसत्व तथा असंख्य अर्हतहरूका साथमा काश्यप बुद्ध र उहाँका सम्पूर्ण गणसहित उनीहरूको वरिपरि देखापर्न थाले । यसका साथै पञ्चतथागत, त्रिकुल नाथका बोधिसत्वहरू, शान्त र क्रोधी देवताहरू सबै यति असंख्य संख्यामा त्यहाँ अनायाश उत्पन्न भए मानौँ हाँडीमा असंख्य तिलका गेडाहरू पड्केजस्तै नै । सबैले पुष्पवृष्टि गर्दै मङ्गलकारी शब्दहरू उच्चारण गर्दै थिए | दिव्य संगीतको प्रतिध्वनिसँगै आकाशबाट दिव्य पुष्पवृष्टि पनि भयो । जताततै दिव्य धूपको सुगन्ध व्याप्त भयो । पृथ्वी पनि तीनपल्ट कम्पायमान भयो र यहाँ भेला भएका असंख्य तथागतका कायहरूबाट प्रज्ञा ज्योति उत्पन्न भयो । पाँच दिनसम्म त यी सबै घटनाहरू सपनामा हो कि विपनामा ठम्याउनै कठिन थियो । झ्यारुङ खस्योरको इतिहासअन्तर्गत निर्माण र प्रतिष्ठा (निर्माण गर्न थाले हुन्छ, वाक गल्ती, बौद्धको स्तूप) शीर्षकको पहिलो परिच्छेद यही हो । समय ग्या, ग्या, ग्या

## दोस्रो परिच्छेद
## भविष्यवाणी तथा प्रार्थना (प्रणिधान) हरू

फेरि राजा ठिसोङ् देउचेनले सोध्नुभयो, "महागुरू ! झ्यारुङ खस्योर (बौद्ध) को त्यो विशाल तथा आश्चर्यलाग्दो स्तूपको अगाडि के कस्ता प्रणिधानहरू गरिए र ती कसरी पूरा भए कृपया हामीलाई सविस्तार बताइदिनुहोस् ।"

जवाफमा महागुरूले यसरी भन्नुभयो, "सुन हे शक्तिशाली राजा ! प्रतिष्ठाका फूलहरू स्तूपमा अर्पण गरिँदै थिए र विभिन्न महान निमित्त र संकेतहरू स्वयं प्रकट भइराखेका थिए । त्यही बेला त्यहाँ उपस्थित अनगिन्ती बुद्ध तथा बोधिसत्वहरूले एकै स्वरमा एकैसाथ यसरी सम्बोधन गर्नुभयो, "सुन, सौभाग्यशाली कुलपुत्रहरू ! तिमीहरूको आशय विशुद्ध रहेछ । यसैले गर्दा तिमीहरूले जुन धर्मकायस्वरूप त्रिकालबुद्धका चित्तस्वरूप महास्तूप निर्माण गयौ, त्यो हितकारी साबित हुनेछ । तसर्थ तिमीहरूले अहिले जे जे प्रणिधान गर्छौ सबै पूरा हुनेछ । त्यसपछि आफ्नी बूढी आमाले अति नै ठूलो अध्याशय र ठूलो दृष्टि लिएर स्तूपको जग निर्माण गरिन् इत्यादि सबै स्मरण गरेर छोराहरूले एक आपसमा व्यापक छलफल गरे । अहिले आमाको मृत्यु भइसकेको छ र आमाले पहिले नै बनाएर जानुभएको स्तूपमा गर्भगृह राख्ने काम र प्रतिष्ठा गर्ने काम छोराहरूबाट नै भएको हो ।

शायद यसैले गर्दा होला दशै दिशाका सबै बुद्ध र बोधिसत्वहरूले प्रकट भएर आ-आफ्नो उपस्थिति जनाउनुभयो र जे जे प्रणिधान गरिन्छ सबै पूरा हुनेछ भनी जानकारी पनि दिनुभयो । यसरी छलफलको अन्तमा छोराहरू वीचमा उदार चित्तले स्तूप अगाडि प्रणिधान गर्ने भन्ने कुरामा सर्वसम्मत निर्णय भयो ।

सबैभन्दा जेठो छोरा घोडा पालन व्यवसायमा लागेका थिए । उनले यथासंभव आफूलाई उदार चित्तले युक्त पार्ने संकल्प गरे । त्यतिबेला, यस उत्तरी भूमि (तिब्बत) लाई 'दुर्गम्य र हिमाच्छादित भूमि' भन्ने चलन थियो । सबै पहाडहरू हिउँ नै हिउँले ढाकिएका थिए । सबै तल्लो भूमि जलमा चुर्लुम्म डुबेको थियो । गर्मी याममा यो भूमि थुप्रै जल पंक्षीहरूका लागि वासस्थान बन्थ्यो भने हिउँदको समयमा हिउँका पत्रहरूले गर्दा पूरै भूमि सेताम्य हुन्थ्यो । तर पनि यहाँको पानी विस्तारै घट्दै जानेछ र शाक्यमुनि बुद्धको शासन यो भूमि आर्य अवलोकितेश्वर बोधिसत्वका लागि चर्याक्षेत्र बन्नेछ र बुद्ध उपदेश यस भूमिमा व्यापकरूपले फस्टाउनेछ भन्ने भविष्यवाणी पनि गरिएको थियो । यसै भविष्यवाणीलाई ध्यानमा राखी त्यो जेठो छोरोले यसरी प्रणिधान गरेका थिए, 'तिब्बतमा बुद्ध धर्म स्थापना गर्ने व्यक्ति मै बन्न सकूँ । स्तूपमा गर्भगृह थपेर जुन पुण्य आर्जन गरेको छु त्यसले गर्दा म पञ्च कषायको युगमा शाक्यमुनिको बुद्धशासनमा त्यस 'दुर्गम्य र हिमाच्छादित

भूमि मा जन्मिन सकूँ | त्यहाँ, एक महान राजा बनी धर्मको लागि संघर्षशील भई शाक्यमुनि बुद्धको दुर्लभ उपदेश प्रतिस्थापित गर्नमा आफ्नो सहायता पुऱ्याउन सकूँ ।'

त्यसपछि कुखुरा पाल्ने छोराको पालो आयो । उनले यसरी प्रणिधान गरे, "मेरी आमाको स्तूपमा गर्भगृह थपेको पुण्यले मेरा यी तीन दाजुहरूले दुर्गम्य र हिमाच्छादित भूमिमा जन्म लिउन् । एकजनाले बुद्धको उपदेशलाई स्थापित गरून्, अर्कोले त्यसलाई यथावत रूपले कायम राखुन् र तेस्रोले त्यसलाई संरक्षण गरून् । ती सब भनिए तापनि यिनीहरू कहाँ कहाँ जन्मिने हुन् त्यो कुराको निश्चित छैन, त्यसैले म एक राजकीय दूतको रूपमा जन्म लिन सकूँ र त्यस हैसियतले मैले नै यी तीनैजनालाई एकै ठाउँमा ल्याउने कार्यमा सघाउ पुऱ्याउन सन्देशहरू आदान प्रदान गर्न सकूँ ।"

त्यसपछि सबै बुद्ध र बोधिसत्वहरूले एकैसाथ एकै स्वरले भन्नुभयो, "कुलपुत्रहरू, सत्वोत्तम, तिमीहरूका विशाल हृदयले गरेका प्रणिधान अत्युत्तम छन् । सबै बुद्धहरूले यसलाई अनुमोदन गर्नेछन् । तिमीहरूले उत्पाद गरेका सम्पूर्ण पुण्यसंभारको गणना त्रिकालका बुद्धहरूद्वारा पनि हुन सक्दैन । त्यसपछि सबै त्रिकालका बुद्ध तथा बोधिसत्वहरू एउटै ज्योति र रश्मी पिण्डमा एकीकृत भई महास्तूपभित्र विलीन भएर गए । यसै कारणले गर्दा यो स्तूप सर्वबुद्धात्मक स्तूप भन्ने नामले पनि चिनियो ।

यो सब भइरहँदा घोडा पाल्नेको छोरालाई अरिंगालले टोक्यो । उनलाई असह्य पीडा हुन थाल्यो । त्यो पीडा सहन नसकी उनले कीरालाई हातले पञ्छाउन खोज्दा कीरा त्यहीं मऱ्य ।

आफूले गरेको कर्मका कारण उनलाई ठूलो सन्ताप हुनथाल्यो र त्यो अरिँगालमाथि ठूलो करूणा राखी उनले अर्को एउटा प्रणिधान पनि गरे, "दुर्गम्य र हिमाच्छादित भूमिमा म धर्मको रक्षा गर्ने राजाको रूपमा जन्मिसकेपछि यो प्राणीले पनि धर्मलाई बुझ्ने र अभ्यास गर्ने मेरै छोरो भएर जन्म लिओस् ।"

गधाले पनि के सोचेछ भने यदि उसले पनि प्रणिधान गरेको खण्डमा त्यो अवश्य पनि पूरा हुनेछ । तर के का लागि प्रणिधान गर्ने र कुनै सार्थक कुरा सोच्ने गधाको क्षमता भन्दा बाहिर पर्यो । त्यसैले अत्यन्तै हतोत्साहित भएर उसले यस्तो प्रणिधान गर्न पुग्यो, "जब जेठो दाजु दुर्गम्य र हिमाच्छादित भूमिमा बुद्ध धर्मको संरक्षक तथा प्रतिस्थापकको रूपमा जन्मिनेछन्, म राजाकै मुख्य मन्त्रीहरूमध्ये एक भएर जन्मिन सकूँ । त्यो व्यक्ति बुद्धधर्मको उपहास गर्ने होस् र राजाका सबै राम्रा प्रयासलाई बिथोल्ने होस् ।" गधाले यस्तो प्रार्थना गरेको नोकरले सुन्यो र नोकरले त्यसलाई तह लगाउन यस्तो प्रणिधान गयो, "यस्तो धर्मको प्रगतिलाई रोक्नका लागि प्रयास गर्ने दुष्ट मन्त्रीको प्रादुर्भाव हुने बेला म एकदम बुद्धिमान धार्मिक मन्त्री भएर मन्त्रीहरूका दुष्ट षड्यन्त्रलाई परास्त गर्न र उनीहरूलाई शक्तिहीन पार्न सकूँ ।"

निर्माण कार्यमा मद्दत गरिरहेको हात्तीलाई पनि त्यही विचार आयो, "यदि मैले पनि प्रणिधान गरे को खण्डमा त्यो अवश्य पनि पूरा हुने रहेछ । तर कुनै पनि सार्थक कुरा सोच्न नसकेकाले ऊ पनि अत्यन्तै दिक्क भयो र क्रोधित पनि । त्यही बेला उसको मनमा यस्तो विचार आयो, "यतिका ढुङ्गा र माटो ओसारेर पनि यदि मैले पुरस्कारमा प्रणिधान सम्म पनि गर्न

पाउँदिनँ भने म त्यही राजाको भतिजा भएर जन्म लिनेछु र धर्मलाई दमन गर्नेछु ।" यस्तो कुविचार एउटा कागले सुन्यो र यस प्रकारको ठूलो अध्याशयले युक्त प्रणिधान गयो, "म यस दुष्ट राक्षसी राजालाई खत्तम गर्ने महाबोधिसत्व भएर जन्मिन सकूँ । यी सब भइरहँदा दुईजना ब्राह्मण जनै लगाएका अत्यन्तै उज्यालो अनुहार भएका ब्राह्मण केटाहरूले पनि यस्तो प्रणिधान गर्न पुगे, "बुद्धका दुर्लभ धर्म दुर्गम्य र हिमाच्छादित भूमिमा धर्मको स्थापना हुने बेला, हामीहरू अनुवादक बनेर सबै सद्धर्म उपदेशलाई अनुवाद गर्न सक्षम होऔं ।" राजकीय वंशका दुईजना चहकिला पुत्रीहरूले पनि आफ्ना प्रणिधानहरू गरे । ती दुईजनाले यस्तो प्रणिधान गरे, "बुद्धका दुर्लभ धर्म दुर्गम्य र हिमाच्छादित भूमिमा स्थापना हुने बेला हामीहरू लिपि र भाषाका महान विशेषज्ञ भएर सबै सूत्र र शास्त्रहरूलाई लिपिबद्ध गर्न सकौं ।"

सद्धर्मका नाममा र सत्वहरूका नाममा अरू पनि असंख्य प्रणिधानहरू त्यतिबेला गरिएका थिए र सबै प्रणिधानहरू पछि पूरा हुन गए । "म राजा बन्ने छु" भनेर प्रणिधान गर्ने घोडा पाल्नेको छोरो धर्मरक्षक राजा ठिसोङ् देउचेन तिमी आफैँ हौ । उपाध्याय बन्ने प्रणिधान गरेका सुँगुर पाल्नेको छोरा बोधिसत्व उपाध्याय शान्तरक्षित हुन् । मान्त्रिक हुने प्रणिधान गरेका कुकुर पाल्नेको छोरो म पद्मसंभव उग्येनका उपाध्याय हुँ । कुखुरा पाल्नेको छोरो जसले त्यो बेला राजकीय दूत हुने प्रणिधान गरेको थियो, त्यो वर्तमानमा यार्तुङ्गी बामि ठिसेर हुन् । त्यो बेलाको अरिंगाल राजाको छोरोको रूपमा जन्म लिओस् भनी प्रणिधान गरिएको थियो । त्यसै अनुसार त्यो साँच्चिकै वर्तमान

राजाकी दिवंगत छोरी ल्हाचम् पेमा सेल् भएकी थिइन् । दुष्ट मन्त्रीको रूपमा जन्म लिनेछु भनी विघ्नकारी प्रार्थना गर्ने गधा चाहि अहिले माश्याङ् ठोम्पा क्यो हुन् । यस दुष्ट मन्त्रीलाई वशमा पार्ने धर्म मन्त्री म बन्न सकूँ भनी प्रणिधान गर्ने नोकर अहिले धर्म मन्त्री गो पेमा गुङ्चेन बनेका । त्यो बेला धर्मको विनास गर्ने राक्षसी राजाको रूपमा जन्म लिनेछु भनी द्वेषपूर्ण प्रतिज्ञा गर्ने हात्ती चाहिँ पछि यो राजाको तेस्रो पुस्ताका राजा लाङदरमा भएर निस्कनेछ । बौद्ध धर्मको विनास गर्नमा ऊ जिम्मेवार हुनेछ । त्यो राक्षसी राजालाई खत्तम गर्ने अध्याशय चित्त राखेका त्यतिबेलाका काग पछि त्यही बेला बोधिसत्व ल्हालुङ् पल गी दोर्जेका रूपमा जन्मिनेछन् । उनले त्यस दुष्ट राजालाई खत्तम पार्नेछन् । त्यो बेला हामी अनुवादक बन्न पाऔं भनी प्रणिधान गर्ने दुईजना ब्राहम्ण केटाहरू अहिले कावा पल् सचेग् र च्यो ग्रो लुई ग्यल् छेन् हुन् । सद्धर्मलाई जगेर्ना गर्न सक्षम होउन् भनी प्रणिधान गर्ने राजकुलका दुईजना पुत्रीहरू अहिले देन् मा चेमाङ् र लेग् जिन् ञिमा हुन् ।

त्यसबेला त्यो विशेष अवसरमा उपस्थित भएका राजा ठिसोङ देउचेन् लगायत अन्य सबै यस्ता अदभुत कुराहरू सुन्न पाउँदा आश्चर्यचकित हुँदै पूर्णरूपले विश्वस्त भएका थिए । तसर्थ उनीहरूले आफूहरू नथाकुञ्जेल सम्म दण्डवत् गरी नै रहे । उनीहरूका आँखाबाट आँसु अविरल रूपले बगेको थियो र उपस्थित सबैले एकचोटि फेरि सद्धर्म र सत्वहरूको मंगल कामना गर्दै प्रणिधान गरे ।

"झ्यारूङ् खस्योर" बौद्धमहास्तूपको इतिहासअन्तर्गत सबै बुद्ध बोधिसत्वका भविष्य व्याकरण र तिनलाई मूर्त रूप दिने प्रणिधान शीर्षकको दोस्रो परिच्छेद यही हो । समय, ग्या, ग्या, ग्या

## तेस्रो परिच्छेद
## प्रदक्षिणा, पूजा र तिनका अनुशंसा

फेरि राजा ठिसोङ्ले गुरू पद्मसंभवलाई यसो भन्दै सम्बोधन गर्नुभयो, "हे महागुरू ! त्रिकालका बुद्धहरूका प्रतीक यस्तो महान स्तूपको अगाडि विभिन्न उपासनाका क्रियाहरू जस्तै प्रदक्षिणा, पूजा अर्पण इत्यादि गर्नाले के पुण्य पाइन्छ ?"

महागुरूले जवाफ दिनुभयो, "सुन हे प्रतापी राजा ! उत्तम श्रद्धोत्पाद नै मुख्य आवश्यक्ता हो । बुद्ध र बोधिसत्वहरू साँच्चिकै विलीन भएको र उहाँहरूको वासस्थान रहेको अति अद्भुत स्तूप हो यो, उहाँहरू सबैका चित्तको केन्द्रविन्दु हो यो । यो यस्तो चिन्तामणि रत्न हो, जसले आफ्नो अगाडि गरिएका सबै अनुरोध र प्रणिधानहरूलाई स्वतः पूरा गरिदिन्छ । कुनै प्राणीले विशुद्ध मतिले यसको प्रदक्षिणा र पूजा गर्दा उसले कति पुण्य पाउनेछ भन्ने कुरा त्रिकालका बुद्धहरूले पनि गणना गर्न सक्नुहुन्न । तैपनि श्रद्धावानहरूलाई प्रेरणाको श्रोत बनोस् भन्ने हेतुले म संक्षिप्तरूपमा यिनको चर्चा गर्नेछु . ।

यो स्तूप तीनै कालका सबै बुद्धहरूको चित्तको केन्द्र हो । देवलगायत सबै सत्वहरूका पुण्य क्षेत्र हो । यसका अगाडि कुनै प्रार्थना वा प्रणिधान गरियो भने त्यो स्वतः पूरा हुनेछ । यसले सबै

अनुत्तर र साधारण सिद्धिहरू लाभ गराउँदछ । चिन्तामणि रत्नको दन्त्यकथामा भनिएझैँ झ्यारूङ खस्योरको महास्तूपको दर्शन मात्र गर्ने प्राणीले दुर्गतिमा कदापि जन्म लिनेछैन । ज-जसले यस स्तूपको बारे सुन्छ, त्यही सुनेकै भरमा उसले आफ्नो चित्त सन्ततिमा बोधिको बीज उत्पाद गरेको हुन्छ । यसको स्मरण गर्ने सबै पागलपन र पक्षघात जस्ता रोगहरूबाट मुक्त हुनेछन् र विशेषरूपले एकाग्र समाधि प्राप्त गर्नेछन् । आदरस्वरूप दुवै हात जोडेर यसलाई नमस्कार गर्ने सबै सत्मार्गमा लाग्नेछन् । वन्दनास्वरूप दण्डवत् गर्ने जो कोही प्राणी पनि सहस्र लोकधातुका चक्रवर्ती राजा भएर जन्मनेछ । यसको वरिपरि प्रदक्षिणा गर्ने सबैले उच्च गति सुगतिका सात गुणहरू प्राप्त गर्नेछन् । ज-जसले यो स्तूप समक्ष अध्येषणा गर्दछ, उसका दुईवटा स्वार्थ विना परिश्रम सिद्ध हुनेछन् । यसलाई पूजा गर्ने सबै यस्तो ठाउँमा जन्मिनेछन् जहाँ खडेरीको नामनिशान समेत रहनेछैन । ज-जसले यो स्तूपलाई पुष्प चढाउँदछ, उसले सद्धर्म अभ्यासका लागि उपयुक्त धनसम्पत्तिले परिपूर्ण भएको दुर्लभ मनुष्य शरीर पाउने निश्चित छ । धूप चढाउने सबैले विशुद्ध शील प्राप्त गर्ने निश्चित छ । घ्यू बत्ती चढाउनेहरूको अज्ञानरूपी अन्धकार नाश भएर जानेछ । सुगन्धित जल चढाउने सबै ले सबै प्रकारका मानसिक अशान्ति र पीडाबाट छुटकारा पाउनेछन् । खाद्यवस्तु चढाउने प्राणी समाधिको आहारले पोषित हुनेछ । संगीत अर्पण गर्ने सबैले धर्म गीतले दशै दिशा प्रतिध्वनित भएको अवश्य पाउनेछन् । झ्याली वाद्य चढाउनेले गम्भीर तथा धर्मको आन्तरिक ज्ञान प्राप्त गरी सर्व सम्पत्तिले परिपूर्ण हुनेछ । ठूलो र सानो आकारका घण्टा चढाउने सबैले ब्रह्माघोष जस्तो सुन्दा मनोरम लाग्ने स्पष्ट र पवित्र स्वर पाउनेछन् । मण्डल चढाउनेले दुई सम्भार (पुण्य सम्भार र ज्ञान सम्भार) गर्दा गर्दै सांवृतिक (लौकिक) र परमार्थ लक्ष्यहरू प्राप्त गर्नेछन् । पाँच दुर्लभ पदार्थका मण्डलहरू चढाउने सबैले कदापि दरिद्रता वा गरीबीबाट ग्रसित

हुनुपर्ने छैन बरू उनीहरूले देवभुवनमा जस्तै अपार धनसम्पत्तिको निधि नै प्राप्त गर्नेछन् । सात दुर्लभ पदार्थका मण्डलहरू चढाउने सबैले सांवृतिक फलको रूपमा राज्यका सप्तरत्नको सुखभोग गर्न पाउनेछन् भने परमार्थ फलका रूपमा सप्त अंगले युक्त भएको बोधि ज्ञान काय प्राप्त गर्नेछन् । पंचऔषधि मण्डलहरू चढाउने सबै चार तरल पदार्थको असन्तुलनबाट उत्पन्न हुने रोग, सबै दीर्घ रोग तथा अन्य रोगहरू जुन कर्म र क्लेशले गर्दा प्राणीहरू यस संसारमा भोग्न वाध्य हुने सबैबाट मुक्त हुनेछन् । पञ्चरसका मण्डलहरू चढाउनेहरूले पाँच गतिका प्राणीले भोग्ने सबै प्रकारका दुःखबाट मुक्त भएर पञ्चकुलको काय प्राप्त गर्नेछन् । पञ्चअन्नका मण्डल चढाउनेले आफूले रोपेका सबै अन्नले निश्चितरूपले अति उन्नत बाली प्राप्त गर्नेछन् र विना परिश्रम पनि यिनीहरूले बाली भित्र्याउनेछन् । पाँच प्रकारका धूप चढाउने सबै सुगन्धित, आकर्षक र सबैका लागि प्रिय हुने निश्चित छ । पाँच सुगन्धित द्रव्यको घोल चढाउने सबैले पाँच शुद्धभूमिमा जन्मेर आफ्ना सारा क्लेशलाई अन्त्य गर्नेछन् । पञ्च दृष्टि द्रव्य चढाउने सबैका पुण्य, शक्ति, अर्थ, भौतिक सुविधा र सुखभोग निश्चितरूपले बढ्नेछ । जसले पवित्र पताका र विजयचिन्हहरू चढाउँछ, उसका भ्रान्तिरूपी ताप सेलाएर जानेछ र पछि ऊ पूजा उपासनाको पात्र बन्नेछ । आलंकारिक छत्र तथा ध्वजा चढाउने हरू सबैले एक भौतिकरूपले सुखसुविधा सम्पन्न जीवन बिताउन चाहिने सबै थोक प्रचुरमात्रामा पाउनेछन् र अष्ट महाभयले उनीहरूलाई छुन सक्नेछैन । माला र मुकुट अलंकार चढाउनेले सप्तरत्न सम्पन्न दिव्य र मनुष्यहरूका विशुद्ध सुख प्राप्त गर्नेछन् । दियो चढाउनेहरू सबैले दशै दिशाका सबै बुद्ध र बोधिसत्वहरूको मुखमण्डल प्रत्यक्षरूपले दर्शन गर्न पाउनेछन् । तेलको बत्ती चढाउने व्यक्तिका सबै ज्ञेयावरणहरू नष्ट भएर जानेछन् । घ्यु बत्ती चढाउनेहरूले धर्मज्योति दशै दिशामा फैलाउनेछन् । चक्ररत्न चढाउने आफैले पनि धर्मचक्र प्रवर्तन गर्न पाउनेछ । मणिरत्न चढाउनेहरू सबैका जे जे इच्छा गरिएका हुन् सबै उनीहरूका सामु बर्सिन्छन् । स्त्री रत्न चढाउने व्यक्तिले विशुद्ध ज्ञान आफ्नो मनभित्र उदय भएको पाउनेछन् । मन्त्री रत्न चढाउने व्यक्ति विभिन्न कार्यपद्धति र रणनीति रच्नमा सिपालु हुनेछ र सबैलाई सागरबाट तार्ने एक कुशल नाविक बन्नेछ । हस्ति रत्न चढाउने व्यक्तिले अनुत्तर महायानको लक्ष्य हासिल गर्ने निश्चित छ । अश्व रत्न चढाउने हरूले जस्तो सुकै लडाईंमा पनि आफू विजय हुने निश्चित छ । सात राजकीय रत्न चढाउने व्यक्तिहरूले निश्चितरूपले धर्मको महाराज्यमाथि शासन गर्नेछन् । अष्ट मङ्गल चिन्हहरू चढाउने व्यक्तिहरू बत्तीस लक्षण र अस्सी अनुव्यञ्जनले युक्त काय धारण गर्ने निश्चित छ । आठ माङ्गलिक वस्तुहरू चढाउने व्यक्तिले अरूप्रति ठूलो सकारात्मक प्रभाव पार्न सक्नेछन् र देव तथा मनुष्यका भव्य रत्नहरूको उपभोग गर्न सक्नेछन् । थरी थरीका वस्त्रहरू चढाउनेहरूले निश्चितरूपमा पाञ्चलिक (पंचरंगी) धर्म चीवर प्राप्त गर्नेछन् र छँदा नरम र मनोरम लाग्ने वस्त्रहरू पहिरिन पाउनेछन् । रेसादार आलंकारिक वस्तु चढाउने र स्तूपलाई सेतो रंगले पोत्नेहरूका शरीरबाट आभा र तेज निस्कनेछ र उनीहरू देव र दानवहरूमाथि प्रभुत्व जमाउन सफल हुनेछन् । तीन श्वेत भेटी सामग्रीहरू चढाउनेहरूले कामधेनु र दिव्य झुण्डको उपयोग गर्न पाउनेछन् । तीन गुलिया सामग्रीहरू चढाउनेहरूले आफूले सपनामा चिताएका असंख्य दिव्य सामग्रीहरू प्राप्त गरेर आफ्ना जीवन धन्य बनाउनेछन् । भोजनका परिकार चढाउनेहरू सबै कदापि भोकमरीको दुःखबाट पीडित हुनुपर्ने छैन र प्रेत भएर पनि कदापि जन्म लिनुपर्ने छैन । अन्न सार चढाउने व्यक्तिहरूले तयार पारी राखिएका अमृतमय अन्नको सागर नै उपभोग गर्न पाउनेछन् । फल, सुख्खा गेडागुडी, इत्यादि चढाउने व्यक्तिले अति नै धेरै स्वाद भएका थरी-थरीका भोजनहरू ग्रहण गर्न पाउनेछन् । पूजावृत अर्पण गर्ने व्यक्तिले सबै महान र सामान्य लाभहरू पाउनेछन् र साथै आफूले इच्छा गरेका सबै प्राप्त गर्नेछन् । पञ्चगन्धले युक्त

स्नान जल चढाउनेहरूका सबै मल र आवरण शुद्धीकरण भएर जानेछन् र उनीहरू शुद्ध, सफा र मनोरम मुहारले युक्त हुनेछन्। महापद्मासन चढाउनेहरू कोमल वस्त्रद्वारा निर्मित अभय सिंहासन र आफैं पद्ममाथि औपपादुक तरीकाले स्वयम् जन्मिने छन्। स्तूपमा चढाइएका वस्तुहरूको रेखदेख गर्ने र हेरचाह गर्ने सबै व्यक्ति तीन दुर्गतिका दुःखबाट मुक्त हुनेछन् र अति उत्तम गुणले युक्त हुनेछन्। पूजा भेटी चढाउन अरूलाई मद्दत गर्नेहरू आफैँले सबै बुद्धहरूलाई पूजा चढाउनेछन् र पछि उहाँहरूका जस्तै नै सबै बुद्धचर्या गर्न सक्नेछन्। स्तूपमा लागेका धूलो तथा दागहरू सफा गर्नेहरूले अत्यन्तै आकर्षक शारीरीक रूप पाउनेछन्। स्तूपमा लागेका चिल्ला पदार्थ तथा फोहरहरू हटाउनेहरू सबै अकुशल तथा आवरणहरूबाट मुक्त हुनेछन्। स्तूपलाई ध्यानको इष्ट देवताका रूपमा पुज्नेहरूले महामुद्रा विद्याधर भूमि प्राप्त गर्नेछन्। स्तूपलाई प्रार्थनाको आलम्वनका रूपमा प्रयोग गर्नेहरूले फल विद्याधरको भूमि प्राप्त गर्नेछन् र यसलाई उपासनाको महान वस्तुको रूपमा लिनेहरू 'अनाभोग विद्याधर' को भूमिमा स्थित हुनेछन्। पूजाभेटीहरू स्तूपमा चढाउनेहरू 'जीवन र मृत्युमा नियन्त्रण प्राप्त गरेका' विद्याधर हुनेछन् भने स्तूपको जीर्णोद्धार गर्नेहरूले यही जुनीमा चार प्रकारका बोधिचर्या गर्न सक्नेछन् र आफूले चिताएका सबै प्राप्त हुने मात्र होइन अनुत्तर बोधि पनि लाभ गर्नेछन्। स्तूपलाई फेरि रंग पोतेर जीर्णोद्धार गर्नेहरू चक्रवर्ती राजा भएर जन्मिनेछन् र त्यस रंगमा प्रयोग भएका चुनका कण बराबर अनेकौ लोकधातुमा राज्य गर्नेछन्। जीर्णोद्धारकै लागि माटा र पत्थरहरू ओसार्नेहरूका दीर्घायु र उनीहरूको जीवनमा बाधा बनिरहेका तत्वहरू सबै नाश भएर जानेछन् र उनीहरूले कुनै पनि रोग विनाको दीर्घायु जीवन बाँच्न पाउनेछन् र आफ्नो रूप पनि सुन्दर र शुद्ध हुनेछ। स्तूपको लागि काय, वाक र चित्तले कर्ममा लाग्ने सबैले बुद्धको काय, वाक, चित्त आफ्नै काय, वाक र चित्तमा विलीन भई धन्य भएको अनुभूति गर्नेछन्। यसको हित वा सहयोगमा पुण्य कार्य गर्नेहरू आफ्ना सबै भावी जन्महरूमा कुशल कर्मको सही मार्गमा निर्देशित हुनेछन् र मार्गदर्शक कल्याणमित्रबाट कदापि छुटिनु पर्नेछैन। आफूले लक्षित गरेका जुनसुकै लाभ पनि प्राप्त गर्न सक्नेछन्। स्तूपको जीर्णोद्धार कार्यक्रमलाई निर्देशन गर्ने व्यक्ति दश दिशाका बुद्धहरूको प्रमुख पुत्रका रूपमा उत्पन्न हुनेछन् र सबै प्रकारका बोधिचर्या गर्नेछन्। स्तूप निर्माणमा काम गर्ने कालिगढका रूपमा आफ्ना सीप लगाउने व्यक्तिहरू सबै यस र सबै भावी पुनर्जन्महरूमा पाँच महाविद्यामा निपुण भई निस्कनेछन्। स्तूपको दिशातिर सात पाइला बढाउनेहरूले सात जुनीसम्म दुर्लभ मनुष्य शरीर प्राप्त गरेर आफ्ना पूर्व जन्मका कुराहरू सम्झन सक्ने हुन्छन्। स्तूपको स्तुति गान गर्नेहरूले शिक्षाको पदवी पाउनेछन् भने स्तुति नै रच्ने व्यक्तिको लागि के कुरा निश्चित हुनेछ भने पुनर्जन्ममा उनका जस्तोसुकै कुराहरू पनि ध्यान दिएर सुनिनेछ र उनले बोल्ने सबै कुरा सारयुक्त हुनेछ। स्तूपमा देखापरेका चिरामात्र पुर्ने जीर्णोद्धारकले पनि भविष्य जन्ममा देवपुरूष र मनुष्य भएर जन्म लिई सद्धर्म श्रवण गर्ने अवसर हासिल गर्दछ। स्तूप चिरकालसम्म अक्षुण्ण रहिरहोस् भनी प्रार्थना गर्नेहरूले 'अमर' विद्याविहारको शक्ति प्राप्त गर्नेछन्। स्तूपमा प्रतिष्ठा मन्त्र जप गर्ने व्यक्तिका लागि के कुराको निश्चित हुनेछ भने तीनै कालमा कुनै पनि युद्ध र अनिकाल हुनेछैन। सबै महामारी टरेर जानेछन् र भूमिमा शान्ति र खुसी फैलिनेछ। यसलाई हानि नोक्सानीबाट बचाउने व्यक्ति सो कार्य गरेबापत अकाल मृत्युका सबै भयबाट मुक्त हुनेछ | स्तूपको गुण शब्दमा व्यक्त गरे अरूलाई पनि सुनाउने व्यक्तिहरूले तीनै कालका सबैबुद्ध र बोधिसत्वहरूका गुणगान गरिरहेका हुन्छन्। यसको बारे अध्ययन गरेर जानिसकेपछि अरूलाई पनि यसको ज्ञान दिलाउने व्यक्तिहरू त्रिकालका सबै बुद्धहरूको बोधिचर्या गरिरहेका हुनेछन्। चित्रमा भए पनि वा कुनै ढलान गरिएको मृत्मय आकृतिकै रूपमा भए पनि यसको प्रतीक बनाउने सबै बुद्धको मार्गमा प्रतिष्ठित हुनेछन् र मार्ग पछयाउँदा पछयाउँदै

अन्ततः उनीहरू मिलन र बिछोडबाट परको भूमिमा पुग्नेछन् अर्थात् परमार्थ ज्ञानधातुमा प्रवेश गर्नेछन् । सम्बन्धित इतिहास वा धार्मिक पुरूषहरूको जीवनकथालाई लिखित अभिलेखमा साँचेर राख्नेहरू त्रिकाल र दश दिशाका सबै बुद्धहरूका सम्पूर्ण वचनको लिखित अभिलेख बनाई राख्न सक्षम हुनेछन् । स्तूपको अस्तित्वमा खुसी मनाउनेहरू वा अनुमोदन गर्नेहरू आफ्ना चित्त सन्तानमा पछि बुद्धका सबै गुणहरू उत्पाद गर्नेछन् । स्तूपबाट अधिष्ठान लिने सबै पछि दश दिशाका सबै बुद्धहरूबाट अभिषिक्त हुनेछन् । मरण समयमा यस स्तूपलाई स्मरण गर्नेले पश्चिमी सुखवती भुवनमा पद्मको बीच भागमा औपपादुक किसिमले जन्मिन पाउनेछन् । तर स्तूपलाई हानि नोक्सानी गर्ने व्यक्ति यही जुनीमा सबै खालका अकुशल कर्मको पात्र बन्नेछ भने भविष्य जुनीमा पनि ऊ अविचि नरकमा पतन हुनेछ । अविचि नरकमा परेपछि त्यहाँबाट उम्कने कुनै सम्भावना हुँदैन र त्यहाँ पुऱ्याउने कर्मको पश्चात्ताप सम्म पनि गर्न सक्दैन ।

सारांशमा भन्नुपर्दा, यो महास्तूप कथामा बताइएको चिन्तामणि रत्न जस्तै नै हो । यसमा ठूलो सानो जस्तोसुकै सिद्धि लाभ गराउने र जस्तोसुकै प्रार्थनाको पनि जवाफ दिने प्रबल शक्ति निहित रहेको छ । यसै कारणले गर्दा यस स्तूपलाई सबै प्रार्थना पूरा गरिदिने स्तूप भनेर पनि चिनिन्छ ।

यी सब कुराहरू सुनेर राजा लगायत सबै गण आश्चर्यचकित भए । उनीहरूको मनमा गहिरो आश्चर्यको आभास भयो । सबैले यति ठूलो श्रद्धा प्रकट गरे कि उनीहरूका आँखाबाट अनायास आँसु नै झयो । सबैले भूमिमा लम्पसार परेर हजारौं पटक दण्डवत गरे ।

उनीहरूले भने, "ए मा हो ! यस महास्तूपका यस्ता आश्चर्यलाग्दा कुराहरू र यससँग सम्बन्धित अनुशंसाहरूका बारे बुद्धहरूले पनि अभिव्यक्ति दिन सक्नुहुन्न र यस्ता चीजहरू हाम्रो बुझाइ भन्दा बाहिरका कुराहरू हुन् भने झन् हामी जस्ताले यस्ता कुराहरूलाई शब्दमा ढाल्ने प्रयत्न नै गरेमा सफल होउँला त ?

त्यसपछि सबैले प्रार्थना गरे, "सबै जन्म र जुनीहरूमा हामीले चढाउँदै आएको पूजा भेटीहरूको संग्रह असीम भए झैँ पछि पनि यस्ता पूजा भेटीहरू प्रचुरमात्रामा अनवरतरूपले बढ्दै जाउन् ।"

"झ्यारूङ् खस्योर" बौद्ध महास्तूपको इतिहास अन्तर्गत प्रदक्षिणा, पूजा र तिनका अनुशंसा (फाइदा) शीर्षकको तेस्रो परिच्छेद यही हो । समय, ग्या, ग्या, ग्या

## चौथो परिच्छेद

## जीर्णोद्धार अगाडिका निमित्तहरूको अनावरण तथा जीर्णोद्धार हुने युग

फेरि राजा ठिसोङ् देउचेनले गुरू पद्मसंभवलाई सम्बोधन गर्दै भन्नुभयो, "महागुरू ! कषाय र विनासको युग (कलि युग) आउँदा के यसले यस चिन्तामणि सरहको महास्तूपलाई प्रभावित पार्न सक्ला, के यो स्तूप पनि जीर्ण नष्ट पो हुने हो कि ? यदि जीर्ण भइहाल्यो भने त्यतिबेला कस्ता विघ्नका संकेत यस लोकमा देखापर्ने छन्? यदि त्यस्ता संकेत देखापरे भने फेरि जीर्णोद्धार होला कि नहोला ? यदि हुन्छ भने कुन तरीकाले र कस्तो रूपबाट होला ?"

त्यसपछि महागुरूले जवाफ दिनुभयो, "सुन, हे प्रतापी राजा ! परमार्थरूपमा यो महास्तूप सबै बुद्धहरूका धर्मकायबाट अभिन्न छ र त्यस अर्थमा यो नष्ट र जीर्ण इत्यादि कुनै पनि हुन सक्दैन । यति भनिसकेपछि पनि व्यावहारिक प्रतिभासका भ्रान्तिमय दृष्टिकोणले सोच्दा चतुर्महाभूतद्वारा यो स्तूप प्रभावित हुँदै विनास र प्रलयका विभिन्न संकेतहरू देखापरेको जस्तो मात्र लाग्ने हो । यस्तो समयमा त्रिकुलनाथका अनेक निर्माणकायहरू, भृकुटी र आर्यतारा उत्पन्न भएर फेरि जीर्णोद्धार कार्य सम्पादन हुनेछ । त्यसपछि कलियुग आउनेछ । त्यतिबेला मनुष्यको आयु पचास वर्षमा झर्नेछ र शाक्यमुनि बुद्धका उपदेशहरू लोप भएर जानेछन् । सबै विहारहरूमा गृहस्थहरू मात्र रहनेछन् । सबै मन्दिरहरू कलहका अखडा बन्नेछन् र अध्ययन केन्द्रहरू पनि वधशालामा परिणत हुनेछन् । सन्यासीहरू एकान्त ठाउँमा बस्नुका साटो मानिसहरूको बस्ती भएका उपत्यकामा ओर्लनेछन् । ध्यानीहरू खेती गर्नतिर लाग्नेछन् र विनयको उल्लंघन गरेकाहरू वाणिज्य व्यापार गरेर आफ्नो जीवन धान्नेछन् । भिक्षुहरू विवाह गरेर गृहस्थी जस्तै रहन थाल्नेछन् भने अन्य प्रव्रजितहरू डाँकू र लुटेरा बन्नेछन् । आँधीको वेगमा एक आपसमा झैँ-झगडाहरू भइरहन्छन् र केन्द्रीय क्षेत्रबाटै यी सबै झगडा कलह फैलिन थाल्नेछ र जताततै उत्पात, कलह मच्चिरहनेछन् । मठाध्यक्षहरू नै सेनापति भएर युद्धलाई निर्देशन गर्नेछन् भने भिक्षुहरू सबै सैनिक क्रियाकलापहरूमा तल्लीन हुनेछन् । भिक्षुणीहरूले आफ्ना नाजायज सन्तानहरूको हत्या गर्नेछन् । जग्गा जमीन जायजेथाहरू हडप्ने काम बढ्न थाल्नेछन् र तिनलाई मालिकले नभएर अर्कैले उपभोग गर्नेछन् । आफ्नै पुर्ख्यौली घरहरूमा छोराहरूले कुनै अधिकार दावी गर्न सक्नेछैनन् । बाहिरका व्यक्तिहरू र विदेशीहरू स्वदेशी अधिकृतका रूपमा काम गर्नेछन् । विहारभित्र पनि तरूनी केटीहरूको बास हुनेछ । ध्यानागारहरू पूरै 'सो, सो' भन्ने शब्दहरू उच्चारण गर्ने झाँक्री (वोन्पो ) हरूले खचाखच भरिनेछ । मन्दिर र विद्याकेन्द्रका धनसम्पत्ति लुट्न मानिसहरूको तछाडमछाड हुनेछ । सुगतका पवित्र ग्रन्थ र पूजा सामग्रीहरू बन्धक र सुरक्षणका रूपमा प्रयोग गरिनेछन् । बुद्धका काय, वाक र चित्तका प्रतीकहरू चोरेर लगिनेछन् र तिनका महत्व क्रमशः हराउँदै जाँदा ती प्रतीकहरूलाई व्यापारका वस्तुका रूपमा मात्र हेरिनेछन् । मन्दिरभित्र मन्दिरको पवित्रतालाई नै नाश गर्ने किसिमले घोडा र पशुहरू पालिनेछन् ।

यस्तो युगमा, भिक्षुहरूका हृदयभित्र ग्याल्पोले वास गर्नेछ र तान्त्रिकहरूभित्र मारले वास गने `छ । बोन्पोभित्र चेन्ले, युवा

पुरूषभित्र गोङ्पो, भिक्षुणीहरूभित्र डाम् सी, तरूणी युवतीका हृदयभित्र ड्रेमोले वास गर्नेछन् । अर्को शब्दमा भन्ने हो भने हरेक तिब्बती जनताको हृदयमा भिन्दाभिन्नै पिशाचहरूको वास हुनेछ । यो घटना घट्ने संकेतका रूपमा मानिसहरूले अनौठा भद्दा कपडा लगाउन थाल्नेछन् । भिक्षुहरू आफूलाई सुन्दर र आकर्षक बनाउन र सिंगार्नमा समय बिताउनेछन् भने भिक्षुणीहरू ऐनामा हेर्दै नक्कल पार्दै बस्नेछन् । आफ्नो व्यक्तिगत सुरक्षाको लागि उनीहरू सबैले हतियारमै मोहित हुन थाल्नेछन् र एक अर्कालाई हानि नोक्सानी गर्न विषको सहारा लिनेछन् । हानिकारक वा व्यापादले भरिएको चिन्तन गर्नमा अर्ती दिने उपाध्याय र शील गुरूहरू नै हुनेछन् । क्षेत्रीय मुखिया र नाइकेहरूलाई कसैले विश्वास गर्ने छैनन् । सबै लाज र संयम मानिसमा हर ाउँदै जानेछ भने आइमाईहरू बेइमान र लोग्नेहरूप्रति बेवफादारी भई निस्कनेछन् । भिक्षुहरू संवर बाट च्यूत हुनेछन् र मान्त्रिकहरू आफ्ना समयबाट च्यूत हुनेछन् । विष्णु ग्याल्पो, डोन्पो र टे ऊ जस्ता भूमि पिशाचको व्यापक उपस्थितिले कुरा गर्ने तरीका, आफूलाई सिंगार्ने तरिका र पहिरिने तरिकामा ठूलो परिवर्तन आउनेछ । बौद्ध दर्शनबाट प्रभावित भएर बोल्ने तरिका हराउँदै जानेछ । आइमाईहरूले छलकपटले भरिएको निगाहले हेर्न थाल्नेछन् । लामा पुरोहितहरूले अयोग्य व्यक्तिहरूलाई अभिषेक दिनेछन् र छलकपट भएकाहरू आफूलाई ध्यानी भनेर हिंड्नेछन्, शब्दाडम्वरमा रम्ने र कुरौटेहरू आफूलाई विद्वान ठान्दै हिंड्नेछन् । आफ्ना शील विनयबाटै च्यूत भएका व्यक्तिहरू आफैलाई महान ठान्नेछन् । प्रजाहरूले राज्य शासनको वागडोर छिनेर लिनेछन् र राजा पदच्यूत भएर साधारण नागरिकसरह भएपछि कसाहीहरूले जनतालाई नेतृत्व प्रदान गर्नेछन् । सबैभन्दा कुत्सित, भ्रष्ट किसिमले काम गर्ने व्यक्तिहरूलाई अत्यन्तै ठूला नायकहरूलाई झैँ सम्मान गरिनेछ । गम्भीर तन्त्रका बारे देशना गर्ने लामा (गुरू) हरू घरेलु कुकुरझैँ यताउता भौतिरन बाध्य हुनेछन् तर उनीहरूका समयभ्रष्ट शिष्यहरू भने सिँह झै ठाँटले हिंड्नेछन् । पिशाचका अवतारहरूले पाखण्डपूर्ण विभिन्न शिक्षाहरूका प्रतिपादन त गर्नेछन् तर ती शिक्षाहरू भने आफैँले पालना गरेर देखाउने छैनन् र खालि आफ्नै सर्वोच्चता हासिल गर्ने होडबाजीमा तल्लीन भै रहनेछन् । बुद्धको उपदेश अनुसार चर्या गर्न खोज्ने वा आफ्ना अभ्यासलाई आफूमा मात्र सीमित राख्ने सिद्ध तथा विद्वानहरू सबैले सबै प्रकारका उपहास र तिरस्कार खेप्नु पर्नेछ ।

पृथग्जनहरू (सामान्य मानिसहरू) आफैँलाई नरम सुतीको कपडामा बेर्न थाल्नेछन् वा प्रव्रजित भिक्षुका चीवर लगाउन थाल्नेछन् तर साँच्चिकै प्रव्रजितहरू भने भड्किलो बाहिरी मंगोली वस्त्र पहिरिएर हिंड्न थाल्नेछन् । हत्याराहरू गेरू धर्म चीवर लगाएर घुम्नेछन् । गृहस्थ उपासक उपासिकाहरूले विध्वंसात्मक जादूका शक्तिहरू र पापमय मन्त्रहरू सिक्नेछन् भने प्रव्रजितहरूले विष बनाएर, छलकपटपूर्वक व्यवहार गर्दै लाभका लागि व्यापारमा आफूलाई संलग्न पार्नेछन् । आफैँले गलत उपदेशहरू बनाएर किताबमा पनि छाप्नेछन् । यसले गर्दा जिन बुद्धका प्रामाणिक बज्रगुरूहरूका शब्दहरू एकातिर पर्न गई व्यापक भ्रम फैलिनेछ । उनीहरूले सबै खाले नयाँ कृत्रिम धर्म पद्धतिहरू प्रतिपादन गरेर सबै प्रकारका अनौठा अभ्यासहरूलाई बढावा दिनेछन् । पहिले सुन्दै नसुनिएका, हुँदै नभएका अभ्यासहरू कहाँ कहाँबाट उनीहरूले ल्याउनेछन् । सबै प्रशंसनीय परम्पराहरू, प्रचलनहरूलाई लत्याएर तिनका ठाउँमा सबै खाले विनयबाट च्यूत हुने कार्यकलापहरू चित्तले दान चढाउनेछन् तर त्यो गरेबापत आफ्ना नामहरू भने सबैलाई फैलाउँदै हिडिनेछन् ।

मान्छेहरूले एवंरीतले कुत्सित र गलत कुराहरू मात्र अपनाउँदै जानेछन्। सबै प्रकारका कलंकित कार्यहरूमा आफूलाई संलग्न गरिसकेपछि सद्धर्मको रक्षा गरिरहेका धर्मपाल देवताहरूले पनि उनीहरूको साथ छोड्नेछन् र आपतविपद् आइलाग्दा रक्षा गर्ने छैनन्। काल, ग्रह र नक्षत्रहरू पूर्ववत् निर्विघ्नरूपमा चल्न छोड्नेछन्। 'पो छेन' भन्ने एउटा स्थायी नक्षत्र देखापर्नेछ जसको कारणले समयमा पानी पर्नेछैन तर पानी परिहाले पनि माथिल्लो उच्च भूमि र उपत्यकामा बाढी पहिरो आएर दुवै ठाउँ डुबानमा पर्नेछन्। अनिकाल, हिमपात, असिना वर्षा र बालीको नाश इत्यादि प्रकोपहरू त एक पछि अर्को हुँदै अनन्तकालसम्म झेलिनुपर्नेछ। ममो र तेन्माहरू कुपित भएर नामै लिन गाह्रो महामारी पशु र मनुष्यमा देखापर्नेछ। अकस्मात भूकम्पहरू आइरहनेछन्, नदीका किनाराहरूमा जलमग्न हुनेगरी बाढी आउनेछ। डढेलो, तूफानले गर्दा मन्दिर, शिक्षालय, स्तूप र शहरहरू एकछिनमै तहसनहस हुनेछन्।

यस्तो समयमा, यस स्तूप पनि क्षतिग्रस्त हुनेछ र यसमा पनि चिरा पर्नेछ। यस्तो क्षतिको फलस्वरूप यस्तो काल पनि आउनेछ जब बोधगयामा प्रवर्तन गरिएको धर्मचक्र जीर्ण भएर जानेछ। त्यस्तो समय जब अकस्मात् नेपालमा हिंसात्मक द्वन्द्वको सुरूआत हुनेछ र अनवरतरूपले चलिनै र हनेछ। त्यस्तो समय जब अनिकालले भारत वर्षका सबै पुस्ताहरूलाई सखापै पार्नेछ, त्यस्तो समय जब नेपाल केन्द्रमै महामारी फैलिएर सम्पूर्ण पुस्ता (नश्ल) लाई विनास गर्नेछ, त्यस्तो समय जब त्यो ङरीमा भूकम्प आएर सम्पूर्ण पुस्ता सखाप हुनेछ, त्यस्तो समय जब उचको केन्द्रमै महामारी र अनिकाल लागेर पूराका पूरा पुस्ता नाश हुनेछ, त्यस्तो समय जब किस्योको भूमि भास्सिन थाल्नेछ, त्यस्तो समय जब मोनमा पहिरो जानेछ, जब तिब्बतको पाँच शीर्ष पर्वतमा तीनवटा गढहरू उत्पन्न हुनेछन्, त्यस्तो समय जब मोनका डोम्चाङ् उपत्यकामा विहारहरू आफैँ बन्नुपर्नेछ, त्यस्तो समय जब खाममा दुईटा सूर्यहरू देखापर्न थाल्नेछन्, त्यस्तो समय जब चीनका शासकले अकस्मात् मृत्युवरण गर्नेछ | त्यस्तो समय सेनाका चार गण तिब्बतमा केन्द्रिकृतरूपले जम्मा हुन थाल्नेछन्, त्यस्तो समय जब मुदुर मंगोलहरूले डारीलाई पूरै सखाप पारिदिनेछन्, त्यस्तो समय जब जाङ् का सेनाहरू खामभित्र प्रवेश गर्न थाल्नेछन्, त्यस्तो समय जब तुर्कीका सेनाहरूले भारतलाई क्षतविक्षत पारिदिनेछन्, त्यस्तो समय जब गार्लेगका सेनाहरूले बुद्ध धर्मको नाश गरिरहेका हुनेछन्, त्यस्तो समय जब बाढीले गर्दा रासा ठुल्नाङको मन्दिर संकटग्रस्त हुनेछ, त्यस्तो समय जब साम्ये ध्वस्त हुनेछ। त्यस्तो समय जब ठाङुग् स्तूपको धर्मचक्र बाङ्गिएको अवस्थामा रहनेछ, त्यस्तो समय जब तिब्बतका पावन दृश्यहरू रित्तिनेछन्, त्यस्तो समय जब एकान्तवासका ठाउँहरू बोन्पोका 'सो' शब्दले व्यापक गुञ्जायमान हुनेछन्, त्यस्तो समय जब सबै माननीय व्यक्तिहरूलाई विष प्रयोग गरेर मारिएका हुनेछन, त्यस्तो समय जब कलह झैँझगडा र मतभेदले गर्दा आगम र अधिगम बौद्ध परम्परा कैंचीले काटेसरह खण्डित हुनेछ, त्यस्तो समय जब सद्धर्म धारकहरूको अप्रत्यासितरूपले मृत्यु हुन थाल्नेछन्, त्यस्तो समय जब समयबाट च्यूत भएकाहरू आफ्नो चातुर्यले अरूलाई ठग्दै हिंड्छन्। त्यस्तो समय जब टाढा-टाढा पहेंलो पिँठ्यू भएका ब्वाँसाहरूको उराँठ लाग्दो भुकाइ सुनिनेछ, त्यस्तो समय जब तिब्बतको भूमि मारका रूपहरूले भरिभराउ हुनेछ, त्यस्तो समय जब दिव्य धर्मलाई

एक सूत्रमा बाँधेर राखेको रेशमी गाँठो फुकिनेछ, त्यस्तो समय जब मानव धर्मकामञ्जरीलाई बाँधेरे राखेको डोरी चुँडालिनेछ, त्यस्तो समय जब राष्ट्रका कानूनरूपी स्वर्ण जुवा भाँचिनेछ र स्थानीय कानूनरूपी रमणीय तलाउका पानी सुकेर जानेछ। त्यस्तो समय जब शील पालनलाई पुरस्कृत गर्ने अन्तिम अवशेषरूपी चलन पनि पर फालिनेछ, त्यस्तो समय जब साँच्चिकै अभ्यास गर्ने व्यक्तिहरूका आवाजहरू सबै मौनतामा परिणत हुनेछन्, त्यस्तो समय जब अधर्मी र लाज सरम पचेकालाई उक्साइनेछ र प्रोत्साहित गरिनेछ, त्यस्तो समय जब उनीहरू नै उपाध्याय, धर्मगुरू र गेश्ये (कल्याणमित्र) नाइके बन्नेछन्, त्यस्तो समय जब साधारण मानिसहरूले धार्मिक समारोहको नेतृत्व गरेर धर्म प्रवचन तथा अभिषेकहरू दिन थाल्नेछन्, त्यस्तो समय जब पुण्य संचयलाई नै चाप्लुसी इत्यादिको माध्यम र प्रशंसा इत्यादिलाई फलको रूपमा हेरिनेछ, त्यस्तो समय जब सन्किएको कसाही मनुष्यको नाइके बन्नेछ, त्यस्तो समय जब भञ्ज्याङ्ग उपत्यका, पखेरा इत्यादि डाँकूहरूले भरिनेछन्, त्यस्तो समय जब तिब्बतका आशा सबै चकनाचूर हुनेछ र जो जसको हातमा शक्ति आउँछ ऊ नै यसको भाग्यविधाता बन्नेछ, सबै खण्डित हुने समय जब धार्मिक अस्तित्वका कुनै पनि अवशेष रहनेछैन, कुनै पनि कानून, नियम र नेतृत्व रहने छैन, त्यस्तो समय जब तिब्बत उसकै मानिसहरूको आचरणले गर्दा विनासोन्मुख हुनेछ। यस लोकमा हुने सबै भयावह घटनाहरू यही महास्तूप क्षतिग्रस्त हुनाले र मासिनाले घटित हुनेछन्। यी सबै स्तूपलाई अब जीर्णोद्धार र पुनर्निर्माणको खाँचो छ भन्ने संकेत पनि हुन्। यदि त्यसबेला सौभाग्यशाली र त्यही कार्य गर्ने संस्कार पाएका व्यक्तिले यस जीवनको आसक्तिबाट मुक्त भई बहादुरीताका साथ जीर्णोद्धार कार्य गर्छन् भने उनी सफल नै हुनेछन्।

यस्तो कुरा सुनेर राजा ठिसोङ् देउचेन र त्यहाँ उपस्थित सबै आतंकित र भयभीत भएर लामो सुस्केरा हाले। त्यसपछि धर्ममन्त्री पेमा गुङ् चेन् आफ्नो आसनबाट उठेर सयौं चोटि साष्टाङ्ग दण्डवत् गर्दै रहे। पछि उनले गुरूलाई यस्तो भन्दै सम्बोधन गरे, ‘‘हे महागुरू, त्यस्तो क्षति र जीर्णको युगमा यस अद्भुत स्तूपमा जे जे क्षति हुनेछ ती सबैको जीर्णोद्धार गर्ने व्यक्ति म बन्न सकूँ।’’

महागुरूले यस्तो प्रार्थनाका साथ उनको जवाफ दिनुभयो, "तथास्तु ! तिमी जे चाहन्छौ त्यही होस् !’’ यसमा उपाध्याय र लोचावाहरूले पनि आफ्ना साथ र समर्थन जनाए। त्यसपछि धर्मराजले पनि प्रसन्न भएर उनको सहायता गर्न आफूले पनि केही गर्न सकूँ भनी प्रणिधान गर्नुभयो।

"झ्यारूङ खस्योर" बौद्ध महास्तूपको इतिहास अन्तर्गत पूर्ण प्रलयका युगमा जब मान्छेको आयु पचास वर्षको मात्र हुनेछ कुनै निश्चित निमित्तहरू देखापरी जीर्णोद्धार कार्यको तत्काल आवश्यक्तालाई इंगित गर्ने र सो समयको आगमनका बारे भविष्यवाणी समावेश भएको चौथो परिच्छेद यही हो। समय, ग्या, ग्या, ग्या

## पाँचौ परिच्छेद
## जीर्णोद्धारक र जीर्णोद्धारका अनुशंसाहरू

फेरि राजा ठिसोङ् देउचनले गुरू पद्मसंभवलाई सम्बोधन गर्दै भन्नुभयो, "हे परम गुरू ! जीर्णको युग (कलि युग) मा जब मान्छेको आयु पचास वर्षमा झर्नेछ तब कसरी यस अद्भुत स्तुपको जीर्णोद्धार हुनेछ भनी भविष्यवाणी त तपाईंले गर्नुभयो । मेरा मन्त्री स्थविर गो पेमा गुङ् छेनको त्यो बेलाको परिचय के हुने होला ? उहाँको नाम के हुनेछ र उहाँको जन्म हुँदा के के निमित्तहरू देखापर्नेछ ? उहाँका कतिजना सज्जन मित्रहरू हुनेछन् र उक्त जीर्णोद्धार कार्यबाट के के लाभहरू हुनेछन् ? कृपया यी सबै कुरा हामीलाई बताई दिनुपर्यो ।

यसको जवाफमा महागुरूले भन्नुभयो - "सुन्नुहोस्, हे प्रतापी राजा ! तपाईंले उचित प्रश्न गर्नु भयो । भविष्यमा पूर्ण विनासको समयमा जब मान्छेको आयु तल झरेर पचास वर्षको हुनेछ, त्यो युग जुनबेला विनासका एक सय एक विभिन्न निमित्तहरू र संकेतहरू देखापर्नेछन्, त्यो बेला एक जना व्यक्ति चाङ ङिमा त्यो क्षेत्रमा जन्मिनेछ र उसले पेमा गुङ्चेन् गो धर्ममन्त्रीका प्रणिधान पूरा गर्नेछ । उनको मातापिता र गुरूहरू सबै मान्त्रिक परम्पराका हुनेछन् । उनी सुँगुर वर्षमा जन्मिछन् र पेल् लाम् साङ्पोको नामले प्रसिद्ध हुनेछन् । उनी बहादुर, असल आचरणका धनी र तीक्ष्ण बुद्धिका हुनेछन् । उनी त्यही व्यक्ति बन्नेछन् जसबाट उक्त जीर्णोद्धार कार्य हुने पूर्वनिर्धारित थियो, त्यस्तो व्यक्ति जसले पहिले गरिएका पावन प्रणिधान पूरा गर्नेछन् । यसै कारणले बाल्यकाल देखिनै उनमा त्रिरत्नप्रति, सद्धर्मका शिक्षालयहरूप्रति, बुद्धका काय, वाक र चित्तका प्रतीकहरूप्रति गहिरो श्रद्धा विश्वास हुनेछ । सबै प्राणीहरूप्रति अन्धा र माग्नेहरूप्रति दयालु हुनेछन् । ठूलो वीर्यसम्पन्न महायान आशयका हुनेछन् । गम्भीर कुराहरूमा मात्रै उनको रूचि हुनेछ । क्रोधी स्वरूपका बोधिचर्याको सम्पदानमा निपुणता हासिल गरेका कारण उनले अत्यन्तै भयंकर क्रोधले युक्त नादहरू (गर्जन) गर्न सक्नेछन् । ईष्टदेवताहरूको ध्यानी पुरश्चरण सम्पन्न गरेकाले धर्मपाल र लोकपाल देवताहरूले उनको आदेश मान्नेछन् र उनीद्वारा ती देवताहरू शासनरक्षाका लागि प्रतिज्ञाबद्ध हुनेछन् । उनी त्यस्ता व्यक्तिका रूपमा जन्मिनेछन् जसको ममाथि एकाग्र श्रद्धा विशेषरूपले अटल र निष्कपट हुनेछ ।

पच्चीस वर्षको पुग्दा पनि उनीबाट आफ्ना (समय) तान्त्रिक शीलबाट च्यूत भएको रहेनछ र बाह्य आपत्ति वा प्रदूषणबाट प्रभावित भएको रहनेछ भने, उनले यो महास्तूपको अवश्य जीर्णोद्धार गर्नेछ । जीर्णोद्धार कार्यमा यो भन्दा बढी ढिलाई हुन गयो भने, उनले तेत्तीस वर्षको उमेरमा आएर जीर्णोद्धार कार्य सम्पन्न गर्नेछन् । यदि यो भन्दा पनि ढिलाई भयो भने तिब्बत र नेपालबीच द्वन्द्वको अकस्मात आँधी आउनेछ । त्यसपछि रोग र अनिकाल जुन अन्यथा उत्पन्न हुने नै थिएन तिनको प्रकोपमा तीन गुनाले अभिवृद्धि हुनेछ । जसको कारण बहुसंख्यक प्राणीहरूको मृत्यु हुनेछ र व्यापक क्षति हुनेछ । पाँच मुरी परिमाणमा सेतो तिलको गेडाको संख्या जति हुन्छ त्यति नै संख्यामा मिदुर मंगोली सेनाहरू अत्यन्तै भयानक

आवाजका साथ त्यो क्षेत्रभित्र पस्नेछन् । यति भयावह कि मानौ आकाशै फाटेजस्तो । यसरी नै केही वर्षहरू बितिसकेपछि नौ मुरी सेतो सलगमका बीउको संख्या बराबर सेनाहरू ड्रागनको जस्तो भयावह गर्जनका साथ "मे" क्षेत्रभित्र पस्नेछन् । उनीहरूका संघात फौजहरूले चट्टयाङ् परे जस्तै हमला गर्नेछन् । जसको फलस्वरूप छोगासम्मको भूमि जतातत्तै क्षतविक्षत भएर नष्ट हुनेछ । त्यसपछि सेनाहरू त्यहाँबाट अघि बढेर चीनसम्मका भूमिहरूलाई क्षतिग्रस्त पार्नेछन् । त्यतिबेला दुई तिहाई तिब्बतीहरूलाई तरबारले काटिनेछ । अति पावन शिक्षालय तथा त्रिरत्नका प्रतीकहरूलाई माटोमै मिसाइनेछ वा विलीन पारिनेछ । तिब्बतको भूमिबाट त्यसकै बासिन्दाहरू रित्तिदैँ जानेछन् । हत्या हिंसाबाट जोगिएका बचेका तिब्बतीहरू पनि ल्होक, मोन र पवित्र विराना उपत्यकाहरूतर्फ भाग्नेछन् । तैपनि आफ्नो भूमिप्रति आसक्त हुनेहरू कोही त्यसै स्थानमा बसिरहनेछन् र ती तिब्बतीहरूलाई विदेशी होर सेनाहरूले सखाप पार्नेछन् ।

यदि तिमीहरू यस्ता भयंकर विपत्तिहरूबाट बच्न चाहन्छौ भने मबाट अधिष्ठित व्यक्ति विशेषरूपले ठूलो धैर्य धारण गर्न सक्ने हुनुपर्छ । अरूका सेवामा उसले आफ्नै ज्यानै र अङ्गप्रत्यङ्ग नै उत्सर्ग गर्नुपर्नेछ । भारत, नेपाल, मोन र तिब्बतका जनताहरूलाई धर्ममा प्रोत्साहित गर्नका निमित्त उसले निकै ठूलो परिश्रम गर्नुपर्ने हुन्छ । तर उसलाई सहायता गर्ने तिब्बतका धार्मिक साधकहरूले पनि त्यतिबेला एकजुट भएर काम गर्नुपर्ने देखिन्छ । तर त्यस समयताकाका तिब्बती मानिसहरू मिथ्यादृष्टिरूपी मारको पञ्जामा फस्ने हुनाले त्यस व्यक्तिमाथि अनन्य दुर्लभ भएजस्तै उनीहरू पनि दुर्लभ नै हुनेछन् । ती सबै हुने भए तापनि १,३०,००० जना व्यक्तिहरू ऊसित विशुद्ध कार्मिक सम्बन्ध राख्ने हुन्छन्, १०२६ जना व्यक्तिहरू आफ्ना पूर्वका प्रणिधानहरूद्वारा ऊसित अनुबन्धित हुनेछन्, समयका कुट उपदेशले परिपाक हुनेहरू १०८ जना हुनेछन्, कार्मिक सम्बन्ध भएका सोइ जना पुरूष र सात जना महिला गरेर तेइस जना कार्मिक सम्बन्ध भएकाहरू हुनेछन् । आठ बोधिसत्व, पच्चीस श्रद्धावान शिष्यहरू र पाँच डाकिनीहरूका निर्माणकायरूपी कल्याणमित्रहरू हुनेछन् । आर्य कुलबाट आएका पच्चीस स्त्रीहरूसित उनीहरूको भेट हुनेछ र उनीहरूले बाधा व्यवधान सबै पन्छाउनेछन् । यिनमध्ये कोही विशेषरूपले चिनिनेछन् । एकजना त त्यस्तो कुलपुत्र हुनेछ जो मेरो चित्तकै निर्माणकाय हो । त्यसपछि उपाध्याय र धर्मराज पनि हुनेछन् । उनीहरूले तिमी सबैका निर्माणकायलाई भेट्नेछन् र ती निर्माणकायबाट अधिष्ठित भएर तिनीहरूले यो महास्तूपको व्यापक जीर्णोद्धार कार्य सम्पन्न गर्नेछन् ।

यदि यो कार्य सफल हुन्छ भने पच्चीस वर्षसम्म दक्षिणी जम्बुद्वीपमा अति उत्कृष्ट एवं उन्नत बाली प्रचुर मात्रामा भित्रिनेछन् र जतातत्तै खुसी नै खुसीको वातावरण हुनेछ । विशेष गरी भारत, नेपाल र मोन देशमा तेत्तीस वर्षसम्म अति उन्नत बाली उत्पादन भएर खुसी छाउनेछ भने तिब्बतमा त के भन्ने, हिमदेश तिब्बतमा मिदुर होरका आक्रामक फौजहरू साठी वर्षसम्मका लागि पछि हट्नेछन् र चालीस वर्षसम्म उन्नत बाली र सुख हुनेछ । तिब्बतको सद्धर्म साधकहरूले जे चिताएका सबै पूरा हुन्छन् । बोधगया र साम्ये जस्ता धार्मिक अध्ययन केन्द्र र धर्मचक्रका पवित्र स्थलहरू प्राकृतिक प्रकोप र महाभूतका क्षतिले कुनै प्रभाव नपार्ने हुनेछन् । उन्नति र प्रगतिका सबै तगाराहरू पन्छिई शिक्षा र अभ्यासका बौद्ध परम्पराहरू व्यापक रूपले फस्टाउनेछन् । सद्धर्मलाई धारण गरिराख्ने सबै पावन व्यक्तिहरू लामो समयसम्म

बाँच्नेछन् र ठूल्ठूला अध्याशयले युक्त भएका चर्याहरू गर्नेछन् । जसका प्रभाव टाढा टाढासम्म फैलिनेछ । सबै तिब्बती मन्त्रधरहरू आफ्ना ईष्टदे वताको ध्यानमा सम्पन्न क्रमसम्म पुग्नेछन् र अतिशीघ्र सफलताका संकेतहरू प्राप्त गर्नेछन् । राजा ठिसोङ् देउचेनका सन्तान दरसन्तान र सद्धर्मलाई आदर गर्ने सबै नाइकेहरूले ठूलो प्रगति गर्नेछन् । उनीहरूका शक्ति, धन र पुण्य सबैमा बृद्धि हुनेछ । तिब्बतलाई तहस नहस पारिराखेका गोम्पो र मारहरूका दुःशक्ति र दुःसाहस सबै पूर्णरूपले नष्ट हुनेछन् । कुनै न कुनै रूपले यस जीर्णोद्धार कार्यमा संलग्न हुने व्यक्तिहरूले तीन भावी जुनीसम्म देव र मनुष्यका शुद्ध रूप पाइराख्नेछन् । त्यसपछि अन्ततोगत्वा पश्चिमी सुखवती भुवनमा उनीहरूले बुद्धत्व प्राप्त गर्नेछन् । यस जीर्णोद्धार कार्यप्रति अगाध श्रद्धा, आस्था राख्ने, प्रशंसा-सराहना गर्ने र अनुमोदन गर्ने सबै सात जुनीसम्म पेलरीस्थित पेमा ओका शोभायमान कूटागारमा आफूलाई विद्याधरहरूका माझमा पाउनेछन् ।

ज-जसले यस जीर्णोद्धार कार्यका बारे सुन्छन्, स्मरण गर्छन् वा शारीरिकरूपले सम्पर्कमा आउँछन् उनीहरू सबैले पहिला छ हजार महाकल्पसम्म संग्रह गरिएका क्लेशावरणहरूलाई शोधन गर्न सक्नेछन् । यस महान जीर्णोद्धार कार्य गर्ने व्यक्तिसँग संगत गर्ने सबैले आ-आफ्ना प्रणिधि र श्रद्धानुसार अनुत्तर र सामान्य विभिन्न सिद्धिहरू लाभ गर्नेछन् । अन्ततोगत्वा उनीहरू म उग्येन रिम्पोछेकै उपस्थितिमा विद्याविहारको भूमिसम्म पुग्नेछन् ।

जहाँसम्म यस महास्तूपलाई पूजा र प्रणिधि अर्पण गर्दा के लाभ हुन्छ भन्ने कुरा छ ती सबै पूर्वोक्ति 'लाभ' दफामा व्याख्या गरिसकिएका छन् । त्यसैले त्यहाँ उल्लेख गरिए अनुसार नै बुझ्नुपर्छ । ती अनुशंसाहरूलाई दश दिशा र त्रिकालका बुद्धहरूले नै लाखौं कल्पसम्म पनि अविच्छिन्नरूपले व्याख्या गरिरहने हो भने पनि तिनको व्याख्या सकिनेछैन । किनभने धर्मकायको लक्षण गुण शब्दले व्यक्त गरिने कुरा भन्दा माथि छन् ।

जे जे माथि भनिए, ती सबै सुनेर उपस्थित सबै आश्चर्य चकित भए । यस्तो कषायको युगमा पनि आफूहरूबाट महान पुण्य आर्जन हुनसक्ने सम्भाव्यताले अधिष्ठित भएकोमा, संलग्न सबैको भविष्य जान्न पाएकोमा सबैले धेरै धेरै धन्यवाद दिए । उग्येन महागुरूको मुखारविन्दबाट उत्पन्न भएको वचनलाई सबैले स्तुति गरे ।

"झ्यारूङ् खस्योर" बौद्ध महास्तूपको इतिहास अन्तर्गत जीर्णोद्धारक र जीर्णोद्धारका अनुशंसाहरू समेटिएको पाँचौं परिच्छेद यही हो । समय, ग्या, ग्या, ग्या

**पुनश्चः**

खान्डोमा येशे छोग्यालले त्यसबेला उग्येन रिम्पोछेले भन्नुभएका शब्दहरूलाई अक्षरसः लेखेर अभिलेखका रूपमा तयार

पार्नुभएको थियो। त्यही अभिलेखलाई त्यसपछि निधि ग्रन्थ (तेर्मा) का रूपमा 'गुरूका हृदयोपदेश लाभ गर्ने धर्मचक्र' नामक उपदेशका साथमा शोभायमान "मिग्युर ल्हुन ग्यी डुबपा' को माथिल्लो तल्लामा रहेको वैरोचन बुद्धको ठूलो प्रतिमा पछाडि लुकाउनु भएको थियो। साथसाथै त्यो लुकाउने बेला यसलाई पछि उचित कार्मिक सम्बन्ध हुनेले अनावरण गरोस् भनी प्रार्थना पनि गरिएको थियो। समय, ग्या, ग्या, ग्या।

श्रवण महामुक्ति नामक बौद्धस्तूपको इतिहास समाप्त भयो।

निधि मुद्रा, गुह्यकृत मुद्रा, आज्ञा मुद्रा र वचन मुद्रा गरी चार मुद्राले अंकित गरियो।

**निधि भेट्टाउने पहिलो व्यक्ति (तेर्तोन) को लेखोट**

म तेर्तोन ल्हाचुन ङोन्मो (ल्हावाङ् ग्याछो लोड्रो) हुँ। साँच्चिकै मैले यो वैरोचन बुद्धको प्रतिमा पछाडिबाट यो निधि ग्रन्थ फेला पारेको हुँ। उग्येन रिन्पोछेको भविष्यवाणीमा दिइएको निर्देशनअनुसार यसको एउटा प्रतिलिपि बनाइनुपर्छ र त्यसलाई एकपटक फेरि निधिकै रूपमा लुकाइनुपर्छ भन्ने थियो र मैले त्यसै अनुसार गरे। मैले पहेंलो कागजमा लेखिएको तेर्मा यथास्थानमै राख्दै एकचोटि फेरि त्यसको प्रतिलिपिलाई साम्येको रातो स्तूपको दक्षिण-पश्चिम दिशातर्फ अवस्थित सिँहासनमा लुकाइदिएँ। सही कर्म सम्बन्ध हुनेको हातमा यो तेर्मा परोस् भनी मैले प्रार्थना पनि गरे को थिएँ। समय, ग्या, ग्या, ग्या

**निधि भेट्टाउने दोस्रो व्यक्ति (तेर्तोन) को लेखोट**

म ङाग्छ्याङ् साक्य साङ्पोले गुरु रिन्पोछेको कृपालु अधिष्ठान पाएर सपनामार्फत पछि हुने कुराको मेरै बारे गरिएको भविष्यवाणी प्राप्त गरेको थिएँ। त्यसपछि मैले सो निधि ग्रन्थ (तेर्मा) पुरूष जल बाँदर वर्षको भेंडा महिनाको अठारौ तिथिमा प्राप्त गरें।

यसले सबै जगत प्राणीको मनमा हित गरोस्।

**परिशिष्ट २**

(बौद्धस्तूपको नित्य पूजामा पाठ गरिने मामो पुकासिको स्तुती स्तोत्रको अनुवाद।)

༔ མ་མོ་ཆེན་ མོ་པུཀྐ་སིདྡྷིའི་མཆོད་སྲིད་བཞུགས་སོ།།

ཨོཾ་སྭ་བྷཱ་ཝ་ཤུདྡྷཱ་སརྦ་དྷརྨཱ་སྭ་བྷཱ་ཝ་ཤུདྡྷོ྅ཧཾ། སྟོང་པ་ཉིད་དུ་གྱུར། སྟོང་པའི་ངང་ལས་ མ་བུ་གསུམ་པའི་ནང་དུ་གདུག་པ་ཅན་གྱི་ཁྲག་ཉུས་པ་རིན་པོ་ཆེའི་རི་བོ་མཆོག་རབ་དང་མཉམ་པ་ཟག་པ་མེད་ པའི་ཡེ་ཤེས་ཀྱི་བདུད་རྩིའི་རྒྱ་མཚོ་ཆེན་པོ་ཉིད་དུ་གྱུར། :ཨོཾ་ཨཱཿཧཱུྃ། ལན་གསུམ། མདུན་གྱི་ནམ་མཁར་ཁྲག་ཆེན་རྒྱ་ མཚོའི་དབུས་སུ་མ་མོ་ཆེན་མོ་པུཀྐ་སིདྡྷི་སྐུ་མདོག་དམར་སེར་ཞལ་གཅིག་ཕྱག་གཉིས་མཆེ་བ་གཙིགས་ཤིང་སྲུན་དམར་

**महामो पुक्का सिद्धिको स्तुती स्तोत्र यसरी सुरु हुन्छ।**

यो भागमा पुक्का सिद्धि देवीको ध्यान गरिएको छ —उहाँ शून्यताबाट उत्पन्न भएकी, ज्ञान-अमृतको महासागरस्वरूप, रातो–पहेंलो वर्णकी एक मुख दुई हात भएको अति प्रचण्ड शक्ति सम्पन्न देवी हुनुहुन्छ।

༄༅། བ་ཕྱག་གཡོན་ཞིང་བཅུ་ཚང་པའི་བམ་རོ་ཐུགས་ཀར་འཛིན་ཅིང་། གཡས་ཀྱིས་རྒྱ་མ་དྲངས་ཤིང་ ཞལ་དུ་གསོལ་བ་མེ་དཔུང་འབར་བའི་དབུས་སུ་ཞབས་གཉིས་བརྐྱང་ཞིང་རལ་པ་ནག་པོས་རང་གི་རྒྱབ་ནོན་པ་རང ཉིད་ པདྨ་འབྱུང་གནས་སུ་གསལ་བའི་ཐུགས་ཀ་ནས་འོད་ཟེར་འཕྲོས་པས་ལྷུན་གྲུབ་བཀྱེགས་པའི་དུར་ཁྲོད་ཆེན་པོ་ ནས་འཇིག་རྟེན་དྲེགས་པའི་འཁོར་ཚོགས་མ་མོ་འབུམ་ཕྲག་དང་བཅས་པ་མཆོད་སྤྲིན་གཏོར་མའི་མགྲོན་དུ་སྤྱན་དྲངས་བཛྲ་ས་ མ་ཡ་ཛཿཛཿཧཱུྃཿ ཡུལ་གྱི་མིང་ནི་བལ་པོའི་ཡུལ། །མཆོད་རྟེན་བྱ་རུང་ཁ་ཤོར་སྐྱོངས། །གྲུབ་ཆེན་ནཱ་གརྫུ་ནར་

देवी पुक्का सिद्धिले एउटा राक्षसको टाउको समातिरहनुभएको छ। उहाँ आगो झार्ने स्वरूपमा हुनुहुन्छ र रक्तको महासागरमाथि विराजमान हुनुहुन्छ। उहाँका आँखाबाट र पद्मसम्भवको हृदयबाट प्रकाशित भएको ज्योति सारा श्मशानभूमिमा फैलिएको छ। एक लाख महिला आत्माहरूको समूह उहाँको आमन्त्रणमा पूजामा सहभागी छन्। यो पूजास्थल नेपाल हो—खाशोर स्तूप (स्वयम्भू) र नागार्जुनको तपोभूमि।

གྲགས། །མ་མོ་ཆེན་མོ་པུཀྐ་སི། །སློབ་ཆེ་པདྨ་འབྱུང་གནས་ཀྱིས། །བཀའ་བསྒོས་དམ་ལ་བཏགས་པའི་ཚེ། །སྲུང་ མར་ཁས་བླངས་སྲོག་སྙིང་ཕུལ། མཆོད་རྟེན་ཆེན་པོའི་བདག་མོར་བཀོད། །དེ་རིང་སྒྲུབ་ཅིང་སྤྱན་འདྲེན་གྱིས། བསྟན་པ་བསྲུང་ཕྱིར་གཤེགས་སུ་གསོལ། །ཧཱུྃ ཁྱེད་ལ་དགྱེས་པའི་དམ་རྫས་ནི། ཤ་ཁྲག་ཉུས་པའི་གཏོར་མ་ དང་། །བདུད་རྩི་སྨན་དང་རཀྟའི་ཚོགས། །ཐུགས་

དང་ཕྱག་རྒྱས་བྱིན་བརླབས་ཤིང་། །འཁོར་དང་བཅས་པའི་ ཐུགས་དམ་བསྐང་། །གནམ་ལྕགས་མཆུ་སྲེར་ལྡན་པ་ཡི། །ཁྱུང་དང་བྱ་རོག་ཐུགས་དམ་བསྐང་། །བཻ་ཌཱུ་ཡེ་ར་

देवी पुक्का सिद्धि, अतीतमा गुरु पद्मसम्भवबाट गोप्य कार्यको आज्ञा पाएपछि, उहाँको सेवा गर्दै तपाईँले आफ्नो जीवन समर्पण गर्नुभयो। तपाईंलाई पूजनीय स्तूपको मुख्य संरक्षक देवीको रूपमा स्थापित गरियो। आज हामी तपाईलाई आमन्त्रण गर्छौं—धर्मको रक्षा गर्न। तपाईंको मनपर्ने बलि वस्तुहरू, अमृत भैषज्य, र मन्त्रद्वारा आशीर्वाद गरिएको सम्पूर्ण चढावहरू समर्पित गरिएका छन्। तपाईं गरुड र बाघिनीहरूको रूपमा गोप्य शक्तिहरूको प्रतिनिधि हुनुहुन्छ, र तपाईं बैडार्य सम्प्रदायको मुकुट धारण गर्नुहुन्छ।

།ལྡན་པ། །གཡག་དང་མ་ཧེས་ཐུགས་དམ་བསྐང་། །རྟ་མཆོག་གསེར་གྱི་དངུལ་སྲབ་ཅན། །སྟག་ གཟིག་དོམ་དྲེད་ཐུགས་དམ་བསྐང་། །ལྷ་མིའི་རིན་ཆེན་ལ་སོགས་པའི། །སྤྱན་གཟིགས་སྣ་ཚོགས་ཐུགས་དམ་བསྐང་། ཁྲབ་རྨོག་བེར་ཆེན་གྱི་དང་མདུང་། །གོ་ཁྲབ་བཙན་པོས་ཐུགས་དམ་བསྐང་། །གཞན་ཡང་མཆོད་རྫས་སྣ་ཚོགས་ཀྱིས། ༢ འཁོར་དང་བཅས་པའི་ཐུགས་དམ་བསྐང་། ལ་།དགྲ་བགེགས་མུན་པའི་དམག་ཚོགས་ལ། །འཇིགས་རུང་ཚ་ཟེར་རབ་ སྟོན་པའི། །ཐུགས་དམ་པད་ཚལ་རྒྱས་པ་དང་། །གནོད་བྱེད་དགྲ་བོ་བད་མའི་མཁར། །ཁྲོ་གདུམ་སྒྲུལ་པའི་སྤྲིན་

तपाईं याक, महिष, बाघ, चितुवा, भालु, बँदेल, र घोडा जस्ता पशुहरूबाट लिइएका गोप्य प्रतिज्ञासँगै विविध पूजासामग्री र दिव्य वस्तुहरूबाट पनि तृप्त हुनुहुन्छ। शक्तिशाली खड्ग, भाला, कवचधारी द्वारपालहरू र पूजा सामग्रीद्वारा तपाईंको सम्पूर्ण मण्डलका प्रतिज्ञा पूरा गरियो। तपाईं क्रुद्ध रूपमा प्रकट भएर विघ्न र अन्धकार शक्तिहरूको सेनालाई परास्त गर्न सक्नुहुन्छ। तपाईंको कमलजस्तो हृदयले सबै गोप्य प्रतिज्ञालाई समेटेको छ।

ཕུང་གིས། །མཚོན་ཆ་སྣ་ཚོགས་ཆར་རྒྱུན་ཕབ། །རྡུལ་ཕྲན་བཞིན་དུ་བརླག་པར་མཛོད། ..།གདོད་ནས་མཆོད་རྟེན་ ཆེན་པོ་དང་། །རྣལ་འབྱོར་དཔོན་སློབ་ཡོན་བདག་ལ། །གནོད་ཅིང་འཚེ་བའི་དགྲ་བགེགས་ཀུན། །སྨུར་དུ་བསྒྲལ་ བའི་འཕྲིན་ལས་མཛོད། །མནྟ་བ་ལིང་ཏ་ཁ་ཧི། མ་ནྟ་རཀྵ་ཁ་ཧི། མ་ནྟ་པཉྩ་ཨ་མྲི་ཏ་ཁ་ཧི་ཁ་ཧི། ཧཱུྃ༔ འཆི་ མེད་གྲོང་གི་བལྦུ་ནེ་པལ་ཡུལ། །ཡོན་ཏན་དུ་མས་བརྒྱན་པའི་རྫོགས་བཟང་མོ། །རང་བྱུང་མཆོད་རྟེན་བྱ་རུང་ཁ་ཤོར་ སྐྱོངས། །ལྷུན་གྲུབ་བརྩེགས་པའི་དུར་ཁྲོད་ཆེན་མོ་རུ། །འཇིག་རྟེན་འདས་ཀྱང་འཁོར་བའི་ཆ་ལུགས་འཛིན། །སྲུང

तपाईं, जसले विविध हतियार र आभूषणहरू धारणा गर्नुभएको छ, हानिकारक शक्ति र विघ्नहरूलाई धुलोझैं विलीन पार्न सक्नुहुन्छ। आदिकालदेखि पूजित देवीको रूपमा, तपाईंले स्तूप, योगी, गुरु र धर्मदाताहरूको रक्षाका लागि विघ्नहरू नाश गर्न सक्नुहुन्छ। तपाईं अमर नगरी नेपाल देशमा, गुणले भरिएको, स्वतः उत्पन्न चैतन्य स्तूपमा निवास गर्नुहुन्छ, जहाँ चिताशाल छ, मयूर र तोताले रक्षा गर्छन्। तपाईं संसारभन्दा पर हुनुहुन्छ, तर संसारकै स्वरूप सम्हाल्नुहुन्छ — कृपया रक्षा गर्नुहोस्।

༄༅། །མཚམས་བྲལ་ཡང་དམ་ཚིག་ཕྱིར་རྗེས་སློགས། །འདོད་ཆགས་བྲལ་ཀྱང་དགའ་བསྐྱེད་པུཀྐ་སི། ཐུགས་དམ་གནད་ནས་བསྐུལ་ཞིང་གནས་འདིར་གཤེགས། །ཧཱུྃ༔ རྣམ་དག་གཙང་སྦྲར་སྤོས་ཀྱི་ཆབ། །མ་དག་དྲི་མ་ཀུན་བྲལ་ནས། །དྲི་མ་བྲལ་ནས་ཕྱག་ཞབས་བསིལ། །དགྱེས་པའི་གདན་ལ་བཞུགས་སུ་གསོལ། །ཧཱུྃ་བལྟ་ན་སྡུག་པ་མཆོད་པའི་སྤྲིན། །དབང་པོ་ཀུན་ཚང་མཆོད་པའི་ཚོགས། །དངོས་འབྱོར་ཡིད་སྤྲུལ་ནམ་མཁའ་གང་། སྔགས་དང་ཕྱག་རྒྱས་རབ་སྤེལ་ཞིང་། །མཆོད་པ་འབུལ་ལོ་བཞེས་སུ་གསོལ། །སྒྲུབ་མཆོག་རྣལ་འབྱོར་སྐྱོང་བ་

प्रतिबद्धता नतोडी उच्च प्रतिज्ञालाई पछि नछोड। इच्छा–वासना नहुनुका बाबजुद पनि आनन्द उत्पन्न गर – पुक्का सि! गुरुको हृदय प्रतिज्ञाबाट प्रेरित भई यहाँ आउनुहोस् – हुँ! पूर्ण शुद्धता र पवित्रता मिसिएको धूपको जल। अशुद्धता र सबै दोषहरूबाट रहित भएर। शुद्ध भई तिमीलाई नुहाउने पानी अर्पण गरिन्छ। कृपया रमणीय सिंहासनमा विराजमान हुनुहोस्। हुँ! हेर्दा यो पिडादायक संसार पनि त अर्पणको बादल जस्तो छ। सम्पूर्ण इन्द्रियहरू (आँखा, कान, आदि) अर्पण गर्ने पूजा बनून्। भौतिक सम्पत्ति र कल्पनाको धनी नभन्नसक्ने आकास समान होस्। मन्त्र र समर्पणको माध्यमबाट अत्यन्त प्रसारित गरियोस्। यी अर्पणहरू ग्रहण गरिदिनुहोस्, म प्रार्थना गर्दछु। सर्वोच्च सिद्धि प्राप्त योगीहरूका रक्षक!

དང་། །བསྟན་པ་བསྲུང་ཕྱིར་བཞེས་སུ་གསོལ། །ཧཱུྃ ཆོས་ཀྱི་དབྱིངས་ནས་སྒྱུ་མའི་སྐུར་བཞེངས་པ། །ཐུབ་ མཚམས་ལི་ཁྲིའི་མདངས་ལྡན་ཀྱོས་ལྡན་མ། །ཅིར་ཡང་བསྒྱུར་བའི་སྐུ་ཅན་འཕྲུལ་མོ་ཆེ། །རྫོགས་ན་ཀྐི་པུཀྐ་སི་ལ་ བསྟོད། །བྱུང་བ་གཞོན་ནུའི་ཚོགས་རྣམས་འོད་པ་བཞིན། །འོད་ཟེར་ཀུན་ལ་འཕྲོས་པ་ཉིད་ལ་བསྟོད། །བལྟ་བས་མི་ ངོམ་བཞིན་གྱི་ཟླ་བ་གང་། །བསིལ་ཟེར་འོད་སྟོང་འགྱེད་པའི་ཟུར་མིག་གིས། །མདངས་ངེས་བསྡུན་པས་ཐུབ་པའི་ དཀའ་ཐུབ་ཀྱང་། །འཕྲོག་བྱེད་དཔལ་གྱི་ལྷ་མོ་ཉིད་ལ་བསྟོད། །སྙན་འཕྲུལ་མཉེན་ཆགས་འཁྲིལ་པའི་རྫུ་འཕྲུལ་གྱིས།

हे चमत्कारी देवी ! तपाईं धर्मको रक्षाका लागि उत्पन्न हुनुभएको हो। धर्मधातुबाट प्रकट भएर मायावी रूप धारण गर्नुभएकी, चञ्चल र तेजोमयी स्वरूपधारिणी। तपाईंले अनेक रूप धारण गर्न सक्नुहुन्छ, डाकिनीहरूको समष्टिमा, शक्तिशाली 'पुक्कसि' देवीको रूपमा प्रकट हुनुहुन्छ। तपाईं प्रेमको प्रकाश फैलाउने शक्ति हो, चन्द्रमाजस्तै उज्यालो। तपाईंको दृष्टिमा हजारौं शीतल किरणहरू छन् जसले अति कठिन पथमा पनि सन्तहरूलाई प्रेरित गर्छ। समस्त ऐश्वर्यको अधिपति देवी! तपाईं स्वर, संगीत र प्रेमको अलौकिक आकर्षणले भरिपूर्ण हुनुहुन्छ। हामी तपाईंलाई नमन, स्तुति र समर्पण गर्छौं।

།རྒྱལ་བ་དགྱེས་པར་མཛད་པའི་རྡོ་རྗེ་ཡུམ། །ཧེ་རུ་ཀ་དཔལ་སྐུར་བསྟན་པོ་ཉ་མོ། །པུཀྐ་སིདྷ་གྲགས་པ་ཉིད་ལ་བསྟོད། །སྔོན་ཚེ་ཧེ་རུ་ཀ་ཡི་སྤྱན་སྔ་དང་། །པད་འབྱུང་རིག་འཛིན་རྒྱལ་བའི་བཀའ་བཞིན་དུ། བསྟན་དང་དེ་འཛིན་སྐྱོང་ཞིང་དགྲ་བགེགས་ཐུལ། །བརྩོལ་བའི་ཕྲིན་ལས་ཡིད་བཞིན་འགྲུབ་པར་མཛོད། ༈ གསེར་སྐྱེམས་བཞུགས་སོ། ཨོཾ་ཨཱཿཧཱུྃ༔ གང་ཞིག་ཡིད་ལ་དྲན་པ་ཙམ་གྱིས་ཀྱང་༔ འདོད་པའི་དངོས་གྲུབ་སྩོལ་བར་མཛད་པ་ཡི༔ བཀའ་སྲུང་བསྟན་བསྲུང་ཡོངས་རྫོགས་ཁྱེད་རྣམས་ལ༔ བདུད་རྩི་སྨན་གྱི་མཆོད་པ་འདི་འབུལ་ལོ༔

महान् शान्तिदाता बुद्धको स्मरणले प्रेरित भएको उत्तम सिद्धिपुजा (डीप) होस्। हे पेम्पो निमविनायक (हे पेम्पो गुरु), शोभित रूपले संसारमा प्रसारित भइदिनुहोस्। पुक्कसिङ्घ (पूज्य गुरुमध्ये एक) जसमध्ये श्रेष्ठको प्रशंसा गरियोस्। पूर्वकालदेखि नै पेम्पो निमविनायकको अनुयायी र चिन्नेजाने सबै… पदमजन्म गुरु पद्मसंभवको शिक्षामा आधारित, धर्मको संरक्षण र पालन गर्दै, सबै बाधा र अज्ञान हटोस्। योगमार्गीय

अभ्यासबाट मन पूर्णरूपले दृढ होस् र सिद्धि प्राप्त होस्। सो धुप–दीपले सुनौलो किरण फैलाओस्। हुं आ हुँ! जो कोहीले मात्र यसलाई एकपटक स्मरण गरे पनि उसे पनि इच्छानुसार आत्मिक सिद्धि प्राप्त होस्। धर्मरक्षक गुरु तथा तिनीहरूसँग सम्पूर्ण तपस्वीहरू, यस अमृत भैषज्य–पूजा–सामग्रीलाई अर्पण गरियोस्। ॐ स्वभाव शुद्धे सर्व धर्म स्वभाव शुद्धो हुम्। "सबै धर्महरू स्वभावले शुद्ध छन्, म पनि शुद्ध नै हुँ।" सबै कुरा शून्यताको स्वरूपमा परिणत होस्। खालीपनबाट उत्पन्न सबै योग्य कर्मफल (सिद्धि) प्राप्त होस्।

རྣལ་འབྱོར་བཅོལ་པའི་ཕྲིན་ལས་སྒྲུབ་པར་མཛོད༔ གང་ཞིག་ཡིད་ལ༑ འདོད་པའི་དངོས་གྲུབ༑ དཔལ་ཡེ་ཤེས་ མགོན་པོ་ཡབ་ཡུམ༑ བདུད་རྩི་སྨིན་གྱི་རྣལ་འབྱོར་བཅོལ་པའི༑ གང་ཞིག་ཡིད་ལ༑ འདོད་པའི་དངོས་གྲུབ༑ བཀའ་སྲུང་ཨེ་ཀ་ཛ་ཏི་ཁྱེད་རྣམས་ལ༔ བདུད་རྩི་སྨན་གྱི༑ རྣལ་འབྱོར་བཅོལ་པའི༑ གང་ཞིག་ཡིད་ལ༑ འདོད་ པའི་དངོས་གྲུབ༑ དམ་ཅན་རྡོ་རྗེ་ལེགས་པ༑ བདུད་རྩི་སྨན་གྱི༑ རྣལ་འབྱོར་བཅོལ་བའི༑ གང་ཞིག་ཡིད་ལ༑ འདོད་པའི་དངོས་གྲུབ༑ དམ་ཅན་དམག་ཟོར་རྒྱལ་མོ༑ བདུད་རྩི་སྨན་གྱི༑ རྣལ་འབྱོར་བཅོལ་པའི༑ གང་ཞིག

योगको समर्पणद्वारा उत्पन्न पुण्यकर्महरू संकलन गर्न होस्। जो कोहीले यो कार्यमा मन लगाउँछ, उसलाई इच्छित सिद्धि प्राप्त होस्। महान् बुद्ध ज्ञानका रक्षक, पवित्र पिता र माता (याब युम), अमृत भैषज्यको रूपमा योगको अर्पण, तपाईहरूलाई समर्पित छ। जो कोहीले योमा मन राख्दछ, त्यसले इच्छानुसार फल प्राप्त गरोस्। कथन र धर्मको रक्षक एका-जति (Ekajati) आदिको निम्ति, अमृत भैषज्यको रूपमा योग समर्पित गरिएको छ। प्रतिज्ञा गरिएका वज्र सत्पुरुषहरूप्रति, अमृत भैषज्यको रूपमा योग समर्पित छ। प्रतिज्ञा बद्ध देवी दिक्पाल तथा विजयी देवता–देवीहरूलाई, अमृत भैषज्य स्वरूपको योग-समर्पण अर्पण गरिन्छ।

།ཡིད་ལ༑ འདོད་པའི་དངོས་གྲུབ༑ ལྷ་མིན་ཇོ་མོ་རྒྱ་གར་མ༑ བདུད་རྩི་སྨན་གྱི༔ རྣལ་འབྱོར་ བཅོལ་པའི༑ གང་ཞིག་ཡིད་ལ༑ འདོད་པའི་དངོས་གྲུབ༑ བོད་སྐྱོང་བསྟན་མ་བཅུ་གཉིས༑ བདུད་རྩི་སྨན་གྱི༑ ཧཱུྃརྣལ་འབྱོར་བཅོལ་པའི༑གང་ཞིག་ཡིད་ལ༑ འདོད་པའི་དངོས་གྲུབ༑ མོ་མོ་པུཀྐ་སིདྡྷི༑ བདུད་རྩི་སྨན་གྱི་རྣལ་འབྱོར་བཅོལ་བའི༑ གང་ཞིག་ཡིད་ལ༑ འདོད་པའི་དངོས་གྲུབ༑ བེན་ཐང་ཨརྱ་ཆེན་པོ :བདུད་རྩི་སྨན་ གྱི༑ རྣལ་འབྱོར་བཅོལ་བའི༑ གང་ཞིག་ཡིད་ལ༑ འདོད་པའི་དངོས་གྲུབ༑་པོ་དཀར་ ལྷ་ཆེན་ཆེན་པོ

जो कोहीले मनले चाहन्छ, उसले इच्छित सिद्धि प्राप्त गरोस्। देवता तुल्य असुरहरूको अधिपति—भारतीय देवी जोमो ग्यागर्मा (Gya Garma) लाई अमृत भैषज्य स्वरूपको योग समर्पण अर्पण गरिन्छ। जो यस योगमा मन लगाउँछ, उसले इच्छाएको सिद्धि प्राप्त गरोस्। तिब्बत र धर्मको रक्षक, बाह्रजना तेनमा (धर्मरक्षक देवता) हरूलाई "हूँ" ध्वनिसहित अमृत भैषज्य स्वरूपको योग अर्पण गरिन्छ। जो यसमा मन केन्द्रित गर्छ, उसले आफ्नो इच्छा अनुसारको सिद्धि प्राप्त गरोस्। शक्तिशाली सिद्ध महिला—पुक्का सिद्धीलाई समर्पित। अमृत भैषज्यजस्तो योग-समर्पण अर्पण गरिन्छ। जो कोही यसमा श्रद्धा गर्छ, उसले इच्छित फल पाओस्। महान आर्य बेन्थाङ्ग (Benthang Arya Chenpo)—एक दिव्य साधक वा रक्षकलाई अमृत भैषज्यजस्तो योग समर्पित छ। मनले आस्था राख्नेले इच्छानुसारको सिद्धि प्राप्त गरुन्। श्वेत भगवान—महान् देवता वा रक्षकलाई।

བདུད་རྩི་སྨན་གྱི༑ རྣལ་འབྱོར་བཅོལ་པའི༑ གང་ཞིག་ཡིད་ལ༑ འདོད་པའི་དངོས་གྲུབ༑ ཀླུ་སྒྲུབ་དགེ་བསྙེན་ ཆེན་པོ༑ བདུད་རྩི་སྨན་གྱི༑ རྣལ་འབྱོར་བཅོལ་པའི༑ གང་ཞིག་ཡིད་ལ༑ འདོད་པའི་དངོས་གྲུབ༑ ཇོ་མོ་ དབྱངས་རི་རྒྱལ་མོ་ཁྱེད་རྣམས་ལ༔ བདུད་རྩི་སྨན་གྱི་མཆོད་པ་འདི་འབུལ་ལོ༔ རྣལ་འབྱོར་བཅོལ་བའི་ཕྲིན་ལས་ འགྲུབ་པར་པར་མཛོད༔ གང་ཞིག་ཡིད་ལ་དྲན་པ་ཙམ

གྱིས་ཀྱང་༔ འདོད་པའི་དངོས་གྲུབ་སྩོལ་བར་མཛད་པ་ཡི༔ ཛ་པོ་ཕྲུག་ཧེ་ཆེན་པོ་ཁྱེད་རྣམས་ལ༔ བདུད་རྩི་སྨན་གྱི་མཆོད་པ་འདི་འབུལ་ལོ༔ རྣལ་འབྱོར་བརྩོལ་བའི་ཕྲིན་ལས་

अमृत भैषज्यजस्तो योग समर्पण अर्पण गरिन्छ, जो कोही यसप्रति मनसाथ छन्, उनले इच्छित सिद्धि प्राप्त गरुन्। महान नागसाधक गेवन् (साधक भिक्षु) लाई। देवी जाङरि ग्याल्मो (स्वर–पहाडकी रानी) तपाईंहरूलाई समर्पित। अमृत भैषज्यको रूपमा यो पूजा अर्पण गरिन्छ। यो योग समर्पणको दिव्य कर्म सधैं सफल होस्। जो कोही केवल सम्झनाले पनि योमा मन लगाउँछन्, उनीहरूले पनि आफ्नो चाहेको सिद्धि प्राप्त गरुन्। महान् भगवान चक्रसंपन्न तपाईहरूलाई, यो अमृत भैषज्यको पूजा अर्पण गरिन्छ। यो योग समर्पणको कार्यले

༄༅། །འགྲུབ་པར་མཛོད༔ གང་ཞིག་ཡིད་ལ་དྲན་པ་ཙམ་གྱིས་ཀྱང་༔ འདོད་པའི་དངོས་གྲུབ་སྩོལ་བར་ མཛད་པ་ཡི༔ མཚོ་དཀར་མཚོ་ནག་ཆེན་པོ་ཁྱེད་རྣམས་ལ༔ བདུད་རྩི་སྨན་གྱིས་མཆོད་པ་འདི་འབུལ་ལོ༔ .རྣལ་ འབྱོར་བརྩོལ་བའི་ཕྲིན་ལས་འགྲུབ་པར་མཛོད༔ གང་ཞིག་ཡིད་ལ་དྲན་པ་ཙམ་གྱིས་ཀྱང་༔ འདོད་པའི་དངོས་གྲུབ་ སྩོལ་བར་མཛད་པ་ཡི༔ སྟེང་ལྷ་འོག་ཀླུ་བར་བཙན་ཁྱེད་རྣམས་ལ༔ བདུད་རྩི་སྨན་གྱི་མཆོད་པ་འདི་འབུལ་ལོ༔ རྣལ་འབྱོར་བརྩོལ་བའི་ཕྲིན་ལས་འགྲུབ་པར་མཛོད༔ གང་ཞིག་ཡིད་ལ་དྲན་པ་ཙམ་གྱིས་ཀྱང་༔ འདོད་པའི་དངོས་

पूर्ण होस्, सफल होस् यो कार्य। जो कोही यसलाई सम्झन्छन्, केवल मनमा सम्झना गर्दा पनि, तिनीहरूलाई इच्छाएको सिद्धि प्रदान गर्ने तपाईं महान् हुनुहुन्छ। शुद्ध सेतो ताल र गहिरो कालो समुद्रका महान आत्माहरू तपाईंहरूलाई, अमृत भैषज्यको रूपमा यो पूजा समर्पण गरिन्छ। योग समर्पणको दिव्य कार्य सफल रहोस्। जो कोही यसमा केवल सम्झनाले पनि जोडिन्छन्, उनीहरूलाई तपाईंले इच्छित वस्तुको सिद्धि प्रदान गर्नुहुन्छ। माथिका देवता, तलका नाग, बीचका शक्तिशाली आत्माहरू तपाईंहरूलाई, अमृत भैषज्यको यो पूजा अर्पण गरिन्छ। योग समर्पणको फलदायी कार्य सफल होस्। जो कोही केवल सम्झनाले पनि, *"इच्छाको सिद्धि…"*

གྲུབ་སྩོལ་བར་མཛད་པ་ཡི༔ སྣང་སྲིད་ལྷ་སྲིན་སྡེ་བརྒྱད་ཁྱེད་རྣམས་ལ༔ བདུད་རྩི་སྨན་གྱི་མཆོད་པ་འདི་འབུལ་ ལོ༔ རྣལ་འབྱོར་བརྩོལ་བའི་ཕྲིན་ལས་འགྲུབ་པར་མཛོད༔ གང་ཞིག་ཡིད་ལ་དྲན་པ་ཙམ་གྱིས་ཀྱང་༔ འདོད་པའི་ དངོས་གྲུབ་སྩོལ་བར་མཛད་པ་ཡི༔ ཁྲོ་མོ་ཧཱུག་ཧེ་ཆེན་པོ་ཁྱེད་རྣམས་ལ༔ བདུད་རྩི་སྨན་གྱི་མཆོད་པ་འདི་འབུལ་ལོ༔ རྣལ་འབྱོར་བརྩོལ་བའི་ཕྲིན་ལས་འགྲུབ་པར་མཛོད༔ གང་ཞིག་ཡིད་ལ་དྲན་པ་ཙམ་གྱིས་ཀྱང་༔ འདོད་པའི་ དངོས་གྲུ་སྩོལ་བར་མཛད་པ་ཡི༔ ཡུལ་ལྷ་གནས་བདག་གཞི་བདག་ཁྱེད་རྣམས་ལ༔ བདུད་རྩི་སྨན་གྱི་མཆོད་པ་འདི་

तपाईंहँरूले सिद्धि प्रदान गरिदिनुहोस्। दृश्य र अस्तित्वको आठवटा देवता र नागाहरू सबै तपाईंहरूलाई अमृत भैषज्यको यो पूजा अर्पण गरिन्छ। योगको अभ्यासमा आधारित कार्य सिद्ध होस्।  जसले मनमा केवल सम्झनाको अंश मात्र राख्दछ । त्यसले पनि इच्छित सिद्धि प्राप्त गर्न सक्नेछ। हे महान आक्रोशित देवी हाकटी, तपाईंलाई अमृत भैषज्यको यो पूजा अर्पण गरिन्छ। योगिक अभ्यासद्वारा सञ्चालित कार्य पूर्ण होस्।  केवल सम्झनाले पनि यदि कोही मनमा उसले पनि इच्छित फल प्राप्त गरोस्।  स्थानीय देवता, स्थानका संरक्षक र आधारस्वरूप शक्ति तपाईंहरूलाई पनि, अमृतमय भैषज्यको यो पूजा अर्पण गरिन्छ।

།འབུལ་ལོ༔ རྣལ་འབྱོར་བརྩོལ་བའི་ཕྲིན་ལས་གྲུབ་པར་མཛོད༔ ཨོཾ་ཨཱཿཧཱུཾ༔ སྐྱེས་མཆོག་བླ་མ་ རྣམས་ཀྱི་ཐུགས་དམ་བསྐང་༔

ཡི་དམ་ལྷ་ཚོགས་རྣམས་ཀྱི་ཐུགས་དམ་བསྐང་༔ མ་དང་མཁའ་འགྲོ་རྣམས་ཀྱི་ ཐུགས་དམ་བསྐང་༔ གཏེར་བདག་གཏེར་སྲུང་རྣམས་ཀྱི་ཐུགས་དམ་བསྐང་༔ གཞི་བདག་གཞི་སྲུང་རྣམས་ཀྱི་ ཐུགས་དམ་བསྐང་༔ མཆོད་ཡུལ་གོང་མ་རྣམས་ཀྱི་ཐུགས་དམ་བསྐང་༔ སྦྱིན་ཡུལ་འོག་མ་རྣམས་ཀྱི་ཐུགས་དམ་ བསྐང་༔ རིགས་དྲུག་ཕ་མ་རྣམས་ཀྱི་ཐུགས་དམ་བསྐང་༔ ལན་ཆགས་མགྲོན་འགྱུར་རྣམས་ཀྱི་ཐུགས་དམ་བསྐང་༔

**यो चढाइ अर्पण गरियो । योग अभ्यासको माध्यमबाट गरिएका कार्यहरू सफल होउन्। ओँ आ हुँ जन्मसिद्ध गुरुहरूको गहिरो प्रतिज्ञा परिपूर्ण होस्। संकल्प देवता तथा देवसमूहहरूको प्रतिज्ञा पूरा होस्। मातृदेवीहरू र आकाशगामी देवीहरूको संकल्प पूर्ति होस्। गुप्तधनका संरक्षक र रक्षकहरूको प्रतिज्ञा परिपूर्ण होस्। भूमिका संरक्षक र रक्षकहरूको गहिरो संकल्प पूरा होस्। पूजाको उच्च क्षेत्रका देवताहरूको प्रतिज्ञा पूर्ति होस्। दक्षिणतर्फ रहेका दान दिने क्षेत्रका देवताको प्रतिज्ञा पूर्ति होस्। छ वटा जातिका पिता–माताको प्रतिज्ञा पूर्ण होस्। पुनः जन्मिने अतिथि बन्ने सबै प्राणीहरूको प्रतिज्ञा पूर्ति होस्।**

ཐམས་ཅད་ཐུགས་དམ་གཉན་པོ་བརྩེར་དགོངས་ལ༔ གཡར་དམ་སོར་ཆུད་དངོས་གྲུབ་རྩལ་དུ་གསོལ༔ ཀྱེ༔སངས་ རྒྱས་བསྟན་བསྲུང་དཀོན་མཆོག་དབུ་འཕང་བསྟོད༔ དགེ་འདུན་སྡེ་སྐྱོངས་རྣལ་འབྱོར་ཚེ་དཔག་སྤེལ༔ སྙན་པའི་དར་ཕྱར་གྲགས་པའི་དུད་འབུད་ལ༔ འཁོར་དང་ལོངས་སྤྱོད་རྒྱས་པ་ཉིད་ལ་མཛོད༔ རྒས་མེ་ལངས་ཚོ་རྒྱས་ཤིང་ ལུས་སྟོབས་སྐྱེས༔ མིག་ལ་ཡ་མཚན་ལྟད་མོ་དགའ་བ་དང་༔ རྣ་བར་རྟག་ཏུ་སྙན་པའི་གཏམ་ཐོས་ཤིང་༔ དྲི་ཞིམ་ངད་པ་ནམ་ཡང་མི་འབྲལ་ཞིང་༔ ཟས་ སྐོམ་འབྱོར་བའི་རྟག་ཏུ་ཚིམ་བྱེད་ནས༔ ལུས་ལ་ནད་མེད་བདེ་བ་ཁོ་ན་གྱི

**सबैको लागि, करुणाभावयुक्त गोप्य बुद्धिको सम्झनामा ध्यान दिउँ। प्रणिधान, समर्पण र गहिरो अङ्गीकारबाट सिद्धिहरू प्रदान गरिदिनुहोस्। हाय! बुद्ध धर्मको संरक्षण गर्ने दुर्लभ र महान व्यक्तित्वको प्रशंसा गरिन्छ। संघ (संघीय समुदाय) लाई सम्हाल्ने, योगमार्गमा चल्नेहरूको आयु अनन्त होस्। शुभकीर्ति र ज्ञानको सुगन्ध संसारभरि फैलियोस्। कुटुम्ब र भौतिक सम्पत्तिमा वृद्धि होस्। बुढेसकाल पनि खुशी र स्वस्थ रहोस्, शरीरमा बल र ऊर्जा भरिपूर्ण होस्। आँखाले सुन्दर दृश्य हेर्न पाओस्, रमाइलो अनुभव गरियोस्। कानले सधैँ मधुर र ज्ञानमय कुरा सुन्न पाओस्। सुगन्धित बास्नाले भरिएको वातावरण कहिल्यै नछोडोस्। भोजन र पानीमा समृद्धि होस्, सधैँ सन्तुष्टि मिलोस्। शरीरमा रोग नहोस्, केवल सुख र स्वास्थ्य मात्र रहोस्।**

༄༅། །ཡིད་ལ་རྣམ་པར་བཀྲ་བའི་ཤེས་རབ་ཀྱིས༔ ཟག་མེད་བདེ་བས་ནམ་ཡང་ཚིམ་པར་མཛོད༔ རྟག་ཏུ་ཁྱེད་སྒྲུབ་ཁྱེད་མཆོད་ ཁྱེད་བརྟེན་ནས༔ མཐུན་རྐྱལ་མ་ཆུང་བརྩེ་གདུང་ཆེ་བ་དང་༔ གཞི་ལ་བཀྲ་ཤིས་ལོངས་སྤྱོད་ཕུན་སུམ་ཚོགས༔ བྱེས་སུ་ལམ་ འཕྲང་ཆུ་ལས་འདོན་པར་མཛོད་ འཇིགས་པར་དགྲ་ཇག་ཚོམ་རྐུན་འཆེ་བ་སྐྱོབས༔ མདོར་ན་བསམ་དོན་ཡིད་བཞིན་འགྲུབ་ པ་དང་༔ བདག་དང་མཐའ་ཡས་སེམས་ཅན་ཐམས་ཅད་ཀྱི༔ བླ་མེད་རྫོགས་པའི་བྱང་ཆུབ་བསྒྲུབ་པ་དང་ འགལ་རྐྱེན་བར་ ཆད་མ་ལུས་ཞི་བ་དང་ མཐུན་རྐྱེན་མ་ལུས་ལྷུན་གྱིས

**मनमा पूर्णरूपले उज्यालो हुने ज्ञानबाट, अदूषित सुखदशाबाट सदा सन्तुष्ट रहोस्। सधैं तपाईंको साधना गरुँ, पूजा गरुँ, तपाईंमै आश्रित रहुँ। अनुकूल शक्ति कम नहोस्, माया र करुणा महान रहोस्। आधारमा शुभता, भौतिक सुख-सुविधा पूर्णतासाथ रहोस्। छिटो, नदीको धाराजस्तै गतिशील मार्गतर्फ बढ्न पाउ। डर, शत्रु, कष्ट, बाधा र हिंसाबाट रक्षा गर। सारांशमा, जेसुकै सोचें पनि मन अनुसार सिद्धि प्राप्त होस्। म स्वयं र अनन्त जीवहरू सबैका लागि पनि, अतुलनीय परिपूर्ण बुद्धत्व प्राप्त होस्, सबै बाधा र अवरोध शान्त रहून्, केहीले पनि छेक्न नसकून्, र सबै अनुकूल कारणहरू बिना प्रयास पनि सहज रूपमा मिलून्।**

གྲུབ་པར་མཛོད༔ བསྟན་པའི་དཔལ་གྱུར་བླ་མའི་ཞབས་པར་བརྟེན༔ བསྟན་འཛིན་སྐྱེས་བུའི་ས་སྟེང་ཡོངས་ལ་ཁྱབ༔ བསྟན་པའི་སྦྱིན་བདག་མངའ་ཐང་འབྱོར་བ་རྒྱས༔ བསྟན་པ་ཡུན་རིང་གནས་པའི་བཀྲ་ཤིས་ཤོག༔ ཁྱོད་ལ་མོ་གུས་གསོལ་བ་བཏབ་པའི་མཐུས༔ བདག་སོགས་གང་དུ་གནས་པའི་ས་ཕྱོགས་དེར༔ ནད་དང་དབུལ་འཕོང་འཐབ་རྩོད་ཞི་བ་དང་༔ ཆོས་དང་བཀྲ་ཤིས་འཕེལ་བར་མཛད་དུ་གསོལ༔ དེ་ནས་ཚོགས་འབུལ་བ་ནི། .ཨོཾ་སྭ་བྷཱ་ཝ་བཏྡྷོ༔སབ་དྷརྨ་སྭ་བྷཱ་ཝ་ཤུདྡྷོ྅ཧཾ༔ སྟོང་པ་ཉིད་དུ་གྱུར༔ སྟོང་པའི་ངང་ལས༔ ཀྱི་ལས་རིན་པོ་ཆེ་ལས་གྲུབ་པའི་

सिद्ध होस्। धर्मको शोभा बनिसकेका गुरुको पावन चरणमा भर पारी, धर्मको धारणा गर्ने सन्तानहरूको भूमिमा सम्पूर्ण रूपमा व्याप्त होस्। धर्मका दाताहरूको शक्ति, सम्पत्ति र ऐश्वर्य वृद्धिको मार्गमा लागोस्। धर्म दीर्घकालसम्म टिकिरहोस्, त्यसको शुभताले सबैलाई छुन जाओस्। तपाईंप्रति सच्चा श्रद्धा र भक्ति अर्पण गरेकाको सामर्थ्यद्वारा, म स्वयं र जहाँजहाँ मानिसहरू रहेका छन् ती सबै स्थानमा, रोग, गरिबी, झगडा तथा विवाद शान्त होउन्, धर्म र शुभतामा वृद्धि होस् भनी तपाईंले कृपा गर्नुहोस्। *(सर्व तत्व शुद्ध हुन्।)* *(सबै धर्महरू आफ्नो स्वभावबाटै शुद्ध हुन्।)* शून्यता नै मेरो वास्तविक स्वरूप होस्। शून्यता (रिक्तता) को अवस्थाबाट, कर्मको परिपाकस्वरूप मूल्यवान फलहरू प्राप्त होउन्।

བདག་སོགས་རྟོག་ཚོགས་རྒྱལ་བའི་གནས་དག་ནས༔ དམ་པ་རིགས་བརྒྱུད་ཞིང་དུ་སྐྱེ་བར་ཤོག༔ ཡེ་ཤེས་འོད་སྟོང་འབར་བའི་མར་མེ་འདི༔ ཕྱོགས་བཅུ་དུས་གསུམ་སངས་རྒྱས་ཞིང་དུ་འབུལ༔ བདག་སོགས་རྟོགས་ཚོགས་མ་ལུས་གནས་དག་ནས༔ ཕྱོགས་བཅུའི་སངས་རྒྱས་ཞིང་དུ་སྐྱེ་བར་ཤོག༔ འགྲོ་བའི་མར་མེ་ཡེ་ཤེས་སྒྲོན་མེ་འདི༔ པདྨ་འོད་འབར་རྒྱལ་བའི་ཞིང་དུ་འབུལ༔ བདག་སོགས་ཡེ་ཤེས་སྣང་བ་ལམ་མེ་འབར༔ མར་མེ་མཛད་ཀྱི་སྨོན་ལམ་འགྲུབ་པར་ཤོག༔ ཧཱུྃ༔ སྟོང་གསུམ་འདི་འམ་གཞན་དག་ན༔

म स्वयं लगायत सम्पूर्ण प्राणीहरू बुद्धको शुद्ध भूमिबाटै जन्म लिऊन्। सयौं पुण्यशील महान बौद्ध वंशका क्षेत्रहरूमा पुनर्जन्म होस्। यो बुद्धिमत्ताको ज्योति फैलाउने दीप दश दिशाका तीन कालका बुद्धभूमिहरूमा अर्पण गरियोस्। म तथा सबै प्राणीहरू सबै प्रकारका सम्पूर्ण ठाउँबाट, दश दिशाका बुद्धभूमिमा पुनर्जन्म पाऊन्। प्राणीहरूको निमित्त यो प्रज्ञाको दीप, बुद्धत्वको प्रकाश, पदमप्रभा (कमल-ज्योति) बुद्धभूमिमा अर्पण गरियोस्। हामी सबैमा बुद्धत्वप्राप्त ज्ञानको प्रकाश फैलियोस्, यो दीप अर्पण गर्ने प्रार्थना पूर्ण होस्। हुं यी तीन हजार विश्वहरू वा अन्य सम्पूर्ण स्थानहरूमा पनि,

ལྷ་རྫས་བཟང་པོའི་མར་མེ་ནི༔ ཉི་ཟླ་འོད་ཀྱི་བཀྲག་མདངས་དང༔ རང་གསལ་རིག་པའི་རྩལ་མདངས་མཆོག༔ དཀྱིལ་འཁོར་ལྷ་ཚོགས་ཐུགས་དམ་བསྐང་༔ སྐོང་གྱུར་དབང་དང་དངོས་གྲུབ་སྩོལ༔ བདག་སོགས་འཁོར་བའི་སེམས་ཅན་རྣམས༔ མར་མེ་འདི་ཡི་བསོད་ནམས་ཀྱིས༔ མ་རིག་མུན་པ་སེལ་བར་ཤོག༔ ཡེ་ཤེས་སྤྱན་དང་ལྡན་པར་ཤོག༔ ཤེས་རབ་རྩལ་ཁ་བྱེ་བར་ཤོག༔ མཚན་དང་དཔེ་བྱད་ལྡན་པར་ཤོག༔ ཉམས་ཆག ཐམས་ཅད་སྐོང་གྱུར་ཅིག༔ རྟོག་སྒྲིབ་ཐམས་ཅད་སྦྱང་གྱུར་ཅིག༔ ལས་ངན་སྡིག་སྒྲིབ་དག་གྱུར་

देवद्रव्यबाट निर्मित शुभ दीप यसोस्, सूर्य र चन्द्रमाको जस्तो उज्यालो र कान्ति भएको, स्वप्रकाशित ज्ञानको अद्वितीय तेज भएको, मण्डलका समस्त देवता र समर्पणयोग्य हृदयको इच्छालाई पूर्ण गर्ने, पूर्णता, शक्ति र सिद्धिको अनुग्रह प्रदान गर्ने, म र मेरो चक्रभित्रका सबै प्राणीहरूका निम्ति, यो दीप अर्पणको पुण्य शक्तिको माध्यमबाट, अज्ञानको अन्धकार हटोस्, प्रज्ञाको दृष्टिसम्पन्न बनोस्, बुद्धिमत्ताको शक्ति फैलियोस्, गुण र उदाहरणले युक्त बनोस्, सबै दोष र अपूर्णता पूर्ण रूपमा हटून्, सबै मानसिक व्याकुलता र बाधाहरू शुद्ध होउन्, अशुभ कर्म, पाप, र तिनीहरूको प्रभाव पूर्ण रूपमा शुद्ध होस्।

༄༅། །ཅིག༔ ཁམས་གསུམ་འཁོར་བ་སྟོང་གྱུར་ཅིག༔ འབྲས་བུ་སྐུ་གསུམ་ཐོབ་གྱུར་ཅིག༔ སྐོང་གྱུར་དབང་དང་དངོས་གྲུབ་སྩོལ༔

एक होस्! तीन धातु (काम, रूप, अरूप) का समस्त संसार शून्य बनून्। फलस्वरूप बुद्धको तीन शरीर प्राप्त होस्। पूर्णता, शक्ति, र सिद्धिहरूको प्राप्ति होस्।

**स्रोतव्यक्तिहरूको नामावलीः**

टासी कुमार लामा, बौद्ध

माइली लामा, बौद्ध

मणी लामा, बौद्ध

रत्नबज्र लामा, बौद्ध

ग्यागर लामा बोम्जन, बौद्ध

नरे लामा, बौद्ध

जयमंगल लामा, बौद्ध

सुकदेव बज्यू, तीनचुली

दिपक लामा, बौद्ध

नेपालजीत लामा, बौद्ध

मोहन कुमार लामा

डा. गणेश योञ्जन, बौद्ध

रोशन मिश्र, महाँकाल

पुण्यप्रसाद पराजुली, बौद्ध

आचार्य थुप्तेन, बौद्ध

बीर बहादुर लामा, बौद्ध

माया लामा, बौद्ध

रती लामा, बौद्ध

नविन लामा, बौद्ध

रामकुमार तामाङ, बौद्ध

भुवन लामा, बौद्ध

सुरज रुम्बा, बौद्ध

दिपक शाक्य, बौद्ध

खोजराज गोले, सिन्धुली

चन्द्रजीत लामा, बौद्ध

साङ्गे लामा, बौद्ध

शम्भु लामा, बौद्ध

भुपती बज्र लामा, बौद्ध

इन्द्र लामा, बौद्ध

कृष्ण बा थिङ, बौद्ध

केबी लामा लो, बौद्ध

रेणुका लामा, बौद्ध

साङ्गे लामा, बौद्ध

धरम लामा, बौद्ध

ज्योति लामा, तीनचुली

राजकुमार भज्यू लामा, तीनचुली

ओम भज्यू लामा, तीनचुली

लामा अनुप, तीनचुली

माइली पातली भज्यू, तीनचुली

आङा माम, तीनचुली

खड्गजीत लामा, बौद्ध

माया तामाङ, बौद्ध

सुरेन्द्र बज्रचार्य, बौद्ध

विरध्वज थिङ, नुवाकोट

तेजराज बज्रचार्य, साँखु, काठमाडौं

प्रकाशमान श्रेष्ठ, साँखु, काठमाडौं

जोन कार, बेलायत

देवेन्द्र ढुंगाना, महाँकाल

**अध्ययन कार्यदल**

उदय थिं, अनुसन्धान संयोजक
पेमा छिरिङ तामाङ, अनुसन्धाता
सन्त बहादुर तामाङ, अनुसन्धाता
बिनु थोकर, अनुसन्धान साहयक
रमिता थिङ, अनुसन्धान साहयक